विश्वासीहरूका निम्ति लेखिएको
पवित्र बाइबलको टिप्पणी

# मर्कूसको सुसमाचारको टिप्पणी

विलियम म्याक डोनाल्ड

Title of the English Original:
**Believer's Bible Commentary by William MacDonald**

Indian Publisher of the English Original:
**Authentic Media, Medchal Road, Suchitra Junction, Secunderabad – 500 067, India**

ISBN of the English Original: ISBN 9789381905593

Copyright of the English Original: © 1995 by Christian Mission in Many Lands, Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Copyright of the Nepali translation: © 2015 by Christian Mission in Many Lands, , Inc. P.O. Box 13, Spring Lake, NJ 07762, USA www.cmml.us

Publisher of the Nepali translation:

जीवन मार्ग प्रकाशन
पी.ओ. बोक्स नं. २३
पी.ओ. कालिम्पोङ्ग - ७३४३०१
दार्जीलिङ्ग, पश्चिम बंगाल
भारत

अनुवादकः श्री मोहन राई र श्री थोमस काउफ्मन

Printed at:

# मर्कूसको सुसमाचारको पुस्तकको भूमिका

*'मर्कूसको सुसमाचारमा यस्तो ताजापना, ओज र फूर्ति छ, जसले यो पुस्तक पढ्ने हरेक इसाई पाठकलाई पक्रन्छ, उसको ध्यान आकर्षित गर्छ, र उसभित्र केही हदसम्म आफ्नो सर्वधन्य प्रभुको नमुनाअनुसार परमेश्वरको सेवा गर्ने उत्साह पैदा गर्छ, अँ, जागृत गराउँछ।'*

अगुस्ट वॅन रीन्

## क) नयाँ नियमको कानुनमा त्यस पुस्तकको अद्वितीय स्थान

मर्कूसको सुसमाचारको पुस्तक सबभन्दा छोटो सुसमाचारको पुस्तक हो, र यसमा समावेश भएको नब्बे प्रतिशत मत्ती र लूकाको सुसमाचारका पुस्तकहरूमा पनि पाइन्छ। यसर्थ हामीमा प्रश्न उठ्छः 'मर्कूसको सुसमाचार लेख्ने के दरकार थियो र? यस पुस्तकबाट हामीले के कुरा प्राप्त गर्न सक्छौं त? यसको देन के होला?'

यसको उत्तरमा हामी सर्वप्रथम यो भन्छौंः मर्कूसको सुसमाचार छोटो र पत्रकारको शैलीमा लेखिएको हुनाले यो पुस्तक इसाई विश्वासको परिचय दिने उपयोगी माध्यम बनेको छ। कुनै नयाँ सुसमाचार प्रचार गर्ने मिशन-क्षेत्रमा प्रायः मर्कूसको सुसमाचारको पुस्तक पहिले अनुवाद गरिन्छ र त्यस क्षेत्रका वासिन्दाको भाषामा छापिन्छ।

तर यस पुस्तकको सरल र फुर्तिलो शैलीले मात्र होइन, तर यसको विषयवस्तुले पनि त्यस पुस्तकलाई रोमी नागरिकहरूका निम्ति, साथै रोमीहरूको प्रतिरूप लिने आधुनिक मानिसहरूका निम्ति रोचक तुल्याएको छ। मर्कूसको सुसमाचारको पुस्तकको विशेषता यसैमा छ।

मर्कूसको सुसमाचारभित्र केही अद्वितीय खण्डबाहेक प्रायः मत्ती र लूकाले लेखेका कुराहरू उल्लेख गरिएका ता पनि यस पुस्तकमा अरू

लेखकहरूले नलेखेका सानातिना सजीव वर्णनहरू छन्। उदाहरणका निम्ति, मर्कूसले मात्र प्रभु येशूले कसरी चेलाहरूतिर हेर्नुभएको, रिसाउँदा उहाँको मनमुद्रा कस्तो भएको र यरूशलेममा उक्लेर जाँदाखेरि उहाँ कसरी अरू सबै मानिसहरूको अघि हिँड्नुभएको कुराहरू लेखे। यी विस्तृत वर्णनहरू तिनले प्रेरित पत्रुसबाट पाएको हुनुपर्छ; किनभने पत्रुसको जीवनको अन्तमा मर्कूस उनीसँग रहेका थिए। परम्पराले बताउँछ कि मर्कूसको सुसमाचारचाहिँ पत्रुसको स्मरण-सँगालो हो। अनि परम्पराले यो ठीक भनेको होला। यसो हुँदा त्यस पुस्तकमा पाइने व्यक्तिगत वर्णनहरू, त्यसको फूर्ति र प्रत्यक्ष साक्षीले मात्र दिन सक्ने त्यसको प्रभाव कहाँबाट आएको बुझिन्छ।

जनविश्वासअनुसार मर्कूसचाहिँ त्यही जवान मानिस हुन्, जो मर्कूस १४:५१ पदमा नाङ्गो भागे। अनि यही सानो वर्णन त्यस पुस्तकमा लगाइएको तिनको हस्ताक्षर/सही मानिन्छ। किनकि शुरुमा सुसमाचारका पुस्तकहरूसित कुनै नाम जोड़िएको थिएन। परम्परा किन सत्य नठहरिला, जब यूहन्ना मर्कूसले, जो यरूशलेमको वासिन्दा थिए, यो छोटो वर्णन आफ्नो सुसमाचारको पुस्तकमा लगाउँछन्। तिनको सम्बन्ध त्यस सुसमाचारको पुस्तकसित नहुँदा तिनले यो किन बताउँछन् त?

## ख) त्यस पुस्तकका लेखक

प्रायः सबै ग्रन्थकारहरूले यूहन्ना मर्कूस दोस्रो सुसमाचारको पुस्तकको लेखक हुन् भन्ने कुरा मान्छन् र शुरुको मण्डलीको यस रायसित मिल्छन्, जसको खण्डन अहिलेसम्म कसैले गरेको छैन। मर्कूस यरूशलेमकी मरियमका छोरा थिए, जसको घरमा ख्रीष्ट-विश्वासीहरू भेला हुन्थे।

यस रायका निम्ति बाहिरी प्रमाणहरू शुरुदेखि थुप्रै छन्, जो रोमी साम्राज्यका विभिन्न भागहरूमा पाइए। इस्वी संवत् ११० तिर पापियस्ले एल्डर यूहन्नाको कुरा उद्धृत गरेका छन्, जो प्रेरित यूहन्ना वा अरू कुनै यूहन्ना हुन सक्छन्, जसले मर्कूस, पत्रुसको सहयोगी, त्यस सुसमाचारका लेखक हुन् भनी बताएका छन्। जस्टिन मार्टर (इस्वी संवत् १५०-१५५), इरेनेयुस् (इस्वी संवत् १३०-२०२), तेर्टुलिअन् (इस्वी संवत् १५०-

२२०), अलेक्सन्द्रियाका क्लेमेण्ट (इस्वी संवत् १५०-२१५), ओरिगेनले (इस्वी संवत् १८५-२५४) अनि एन्टि-मार्कोनाइट प्रस्तावनाले (इस्वी संवत् १५०-२५५) समेत मर्कूस नै त्यस पुस्तकका लेखक हुन् भन्ने सहमति दिन्छन्।

मर्कूसले त्यस सुसमाचार लेखेको भित्री प्रमाण धेरै नभए पनि शुरुका इसाईहरूले स्थापित गरेको विश्वव्यापी परम्परारूपी बाहिरी प्रमाणहरूसित मेल खान्छ।

लेखकले इस्राएल देशलाई, अँ, विशेष गरी यरूशलेमलाई राम्ररी चिनेका थिए। (माथिल्लो पाहुना-कोठाको बयान यति विस्तृत छ, अरू सुसमाचारका पुस्तकहरूमा भन्दा बढ़ी; यसैले मर्कूस आफ्नो बालककालमा त्यसमा रहेको अनुमान गर्न सकिन्छ।) त्यस सुसमाचारको पुस्तकमा हामी केही अरामी पृष्ठभूमि र यहूदी रीतिहरू बताइएका पाउँछौं; बयानको फूर्तिले त्यस पस्तकका लेखक कुनै प्रत्यक्ष साक्षीसितको नजिक सम्पर्क भएको सङ्केत गर्छ। प्रेरित पत्रुसले प्रेरितको पुस्तकको दस अध्यायमा प्रचार गरेको सन्देशको रूपरेखा र मर्कूसको सुसमाचारको पुस्तकका विषयवस्तुहरूको रूपरेखा मिल्छन्।

मर्कूसले रोममा प्रभु येशूको सुसमाचार लेखे भन्ने परम्परित अनुमानलाई तिनले चलाएका ल्याटिन भाषाका शब्दहरूले पुष्टि गर्दछन्; किनकि तिनले अरू लेखकहरूले भन्दा बढ़ी ल्याटिन शब्दहरू प्रयोग गरे, जस्तै 'सेन्टुरियोन्' (सुबेदार), 'सेन्सस्' (जनगणना), 'डेनारियुस्' (दीनार), 'लेगियोन्' (फौज) र 'प्राईटोरियोन्' (गभर्नर-भवन, राजभवन) आदि।

दस पल्ट तिनको 'मर्कूस' भन्ने ल्याटिन नाम, अर्थात् अन्यजातिको नाम नयाँ नियममा उल्लेख गरिएको छ भने तिनको 'मर्कूस यूहन्ना' भन्ने यहूदी र ल्याटिन दुवै मिलेर लेखिएको नाम तीन पल्ट प्रयोग गरिएको छ। 'मर्कूस' नामको अर्थ दास वा सेवक हो। तिनीचाहिँ पहिले प्रेरित पावलका, त्यसपछि तिनका नातेदार बर्नबासका सेवक भए। अनि भरपर्दो परम्पराअनुसार पत्रुसको मृत्युको केही समयअघि तिनी उनका पनि सेवक थिए। यसैले तिनी आफ्नो सुसमाचारको पुस्तकमा प्रभु येशूलाई परमेश्वरका सिद्ध दासको चित्रण दिएर कोर्ने उपयोगी लेखक बने।

## ग) त्यस पुस्तकको लेख्ने मिति

मर्कूसको सुसमाचारको पुस्तक लेख्ने मितिको बारेमा वादविवाद चल्दैछ, अँ, संरक्षी बाइबलप्रेमी विद्वान्हरू पनि यसमा एक मतका छैनन् । मितिको निश्चयता दिन नसके ता पनि त्यसको लेख्ने समय यरूशलेमको विनाश हुन अगाड़ि भएको हो भन्ने सङ्केतकहरू छन् । मर्कूसले पत्रसको मृत्युभन्दा अगाड़ि, अर्थात् इस्वी संवत् ६४-६८ सालको अघि कि त उनको मृत्युको पछि मात्र पत्रुसको मुखबाट सुनेको कुरा लिएर प्रभु येशूको जीवनी लेखेको कुरामा पनि दुई मत छन् ।

विशेष गरी यदि मर्कूसले अरू सबैले भन्दा पहिले सुसमाचारको पुस्तक लेखेको कुरा सत्य ठहरियो भने, जसरी आजभोलि प्रायः सबैले सिकाउँछन्, तब मर्कूसको सुसमाचार लेख्ने मिति लूकाको भन्दा निक्कै अगाड़ि भएको हुनुपर्छ, नत्र ता लूकाले मर्कूसको सुसमाचार आफ्नो सुसमाचारको पुस्तक लेख्नलाई प्रयोग गर्न सकेनन् । केही विद्वानहरूले यसैले होला, त्यसको लेख्ने मिति इस्वी संवत् ५० सालतिर पार्छन् भने त्यसको खास मिति इस्वी संवत् ५७-६० सालतिर लगाउँदा ठीक भएको देखिन्छ ।

## घ) सन्दर्भ र विषयवस्तु

यस सुसमाचारको पुस्तकमा हामी हाम्रा प्रभु येशूको अद्‌भुत जीवनी पाउँछौं; यसमा उहाँले परमेश्वरका सिद्ध दास र सेवकको रूप लिनुभएको छ । यो उहाँकै सत्य कथा हो, जसले आफ्नो स्वर्गीय वैभव त्यागेर र यस धरतीमा एक सेवक बन्नुभयो (फिलिप्पी २:७) । यो उहाँको कहानी हो, जो ***'सेवा गरिनलाई होइन, तर सेवा गर्न र धेरैको सट्टामा छुटकारा दामका निम्ति आफ्नो प्राण दिन'*** आउनुभयो (मर्कूस १०:४५) ।

अनि याद गरौंः यी सिद्ध सेवक परमेश्वरका पुत्र हुनुहुन्थ्यो, जसले आफ्नो जीउमा दासको तौलिया बाँधेर हामी मानिसहरूको सेवा पुऱ्याउने सेवक बन्नुभयो । यदि त्यस दृष्टिकोणले हामीले यो पुस्तक पढ्यौं भने हामी त्यसमा सधैं उहाँको गौरव चम्किरहेको देख्छौं । यहाँ हामी

परमेश्वरका पुत्रलाई मानिसको रूप धारण गर्नुभएको र यस संसारमा आश्रित मानिस हुनुभएको देख्छौं। प्रभु येशूले जे गर्नुभयो, त्यही सबै उहाँले पिता परमेश्वरको इच्छाअनुसार र पूर्ण रूपले आज्ञाकारी भएर गर्नुभयो। अनि उहाँले गर्नुभएका सबै सामर्थ्यका कामहरू पवित्र आत्माको शक्तिको प्रदर्शन थिए।

मर्कूस यूहन्नाचाहिँ प्रभुका सेवा गर्ने दास थिए। तिनले सेवा राम्ररी शुरु गरे, तर पछि केही समयका निम्ति तिनी लुप्त/गायब भए (प्रेरित १५:३८)। अन्तमा तिनी सेवामा पुर्नस्थापित भई प्रभुको उपयोगी सेवक बने (२ तिमोथी ४:११)।

मर्कूसको लेख्ने शैलीको कुरा गरौं भने त्यो फुर्तिलो, जोश र रसले युक्त, साथै सङ्‌किप्त पनि छ। प्रभु येशूका वचनहरूमा तिनले जोड़ गर्दैनन्, तर तिनले प्रभुका कामहरूलाई मुख्य स्थान दिन्छन्। तिनले उन्नाइसवटा अचम्मका कामहरूको विवरण दिएका छन्, तर चारवटा दृष्टान्त मात्र समावेश गरेका छन्।

मर्कूसको सुसमाचारको पुस्तक अध्ययन गर्दै जाँदा हामीले तीनवटा कुरा पत्ता लगाउने प्रयास गर्नेछौंः **क)** यस खण्डले हामीलाई के भन्न चाहन्छ? **ख)** यस उल्लेख गरिएको कुराको अर्थ के हो? अनि **ग)** मेरा निम्ति यहाँ मैले सिक्नुपर्ने पाठ के छ? किनकि प्रभु येशूका सच्चा र विश्वासी सेवक बन्न चाहनेहरूका निम्ति मर्कूसको सुसमाचारचाहिँ सेवाको सम्बन्धमा उपयोगी नियम-पुस्तक ठहर्छ।

# रूपरेखाः

१) **मर्कूस १ः१-१३ः** परमेश्वरका दासको तयारी

२) **मर्कूस १ः१४- ३ः१२ः** शुरुका दिनहरूमा गालीलमा परमेश्वरका दासको सेवकाइ

३) **मर्कूस ३ः१३- ८ः३८ः** परमेश्वरका दासले आफ्ना चेलाहरूलाई बोलाउनुहुन्छ र तालिम दिनुहुन्छ

४) **मर्कूस ९-१०ः** यरूशलेमतर्क परमेश्वरका दासको यात्रा

५) **मर्कूस ११-१२ः** यरूशलेममा परमेश्वरका दासको सेवकाइ

६) **मर्कूस १३ः** परमेश्वरका दासले जैतुन डाँड़ामा उपदेश दिँदै हुनुहुन्छ

७) **मर्कूस १४-१५ः** परमेश्वरका दासको कष्ट र मृत्यु

८) **मर्कूस १६ः** परमेश्वरका दासको विजय

# मर्कूसको सुसमाचारको

# टिप्पणी

## १) मर्कूस १:१-१३: परमेश्वरका दासको तयारी

### क) परमेश्वरका दासका अग्रदूतले उहाँका निम्ति बाटो तयार पार्दैछन् (मर्कूस १:१-८)

**मर्कूस १:१:** लेखक मर्कूसको विषयवस्तुचाहिँ एउटा सुसमाचार, एउटा शुभ सन्देश हो, जो परमेश्वरका पुत्र येशू ख्रीष्टमा केन्द्रित रहन्छ। तिनले येशूको वंशावलीबाट आफ्नो लेख्ने क्रम शुरु गर्दैनन्, तर मुक्तिदाता प्रभुको सार्वजनिक सेवकाइबाट लेख्न थाल्छन्; किनभने प्रभु येशूचाहिँ सेवक हुनुहुन्थ्यो भन्ने भूमिकामा जोड़ दिनु नै तिनको लेख्ने उद्देश्य थियो। बप्तिस्मा दिने यूहन्ना उहाँको अग्रदूत थिए, जसले उहाँको शुभ आगमनको पूर्वघोषणा गरेका थिए।

**मर्कूस १:२-३:** मसीह आउनुभन्दा अघि एकजना अग्रदूत आउनेछन्, जसले उहाँको आगमनका निम्ति नैतिक र आत्मिक हिसाबले तयार होओ भनेर मानिसहरूलाई आह्वान दिनेछन् भन्ने कुरा मलाकीले, र यशैयाले* पनि, पहिल्यै भविष्यवाणी गरेका थिए (मलाकी ३:१ र यशैया ४०:३)। बप्तिस्मा दिने यूहन्नामा यी भविष्यवाणीहरू पूरा भए। तिनी-चाहिँ त्यो 'दूत' थिए; तिनीचाहिँ त्यो 'उजाड़स्थानमा कराइरहनेको आवाज' थिए।

**मर्कूस १:४:** यूहन्नाको केवल एउटै सन्देश थियोः मानिसहरूले पश्चात्ताप गर्नुपर्छ, अर्थात् तिनीहरूको मन बदलिनुपर्छ र तिनीहरूले आफ्ना पापहरू छोड्नुपर्छ; तब तिनीहरूले आफ्ना पापहरूको क्षमा पाउनेथिए; नत्रभने तिनीहरूले कुनै हालतमा पनि ख्रीष्ट प्रभुलाई स्वागत् गर्न सक्दैनथिए। किनकि पवित्र मानिसहरूले मात्र परमेश्‍वरका पवित्र पुत्रको गुणग्रहण गर्न सक्छन्।

**मर्कूस १:५:** जब यूहन्नाको सन्देश सुन्ने मानिसहरूले पश्चात्ताप गरे, तब तिनले तिनीहरूलाई बप्तिस्मा दिए; बप्तिस्माचाहिँ तिनीहरूको मन फर्काएको/फिराएको बाहिरी चिन्ह थियो। यस बप्तिस्माले उनीहरूलाई इस्राएली जातिका अरू सबै मानिसहरूबाट खुल्लमखुल्ला अलग पाऱ्यो; किनकि प्रायः सबै इस्राएलीहरूले परमप्रभुलाई त्यागेका थिए। यही बप्तिस्माले उनीहरूलाई त्यस बाँकी रहेको भागसित गाँस्यो, अर्थात् ती मानिसहरूसित गाभ्यो, जो ख्रीष्ट/मसीहलाई स्वागत् गर्न तयार थिए। पाँच पद पढ्दाखेरि सबै मानिसहरूले यहून्नाको प्रचारको प्रभावमा बप्तिस्मा लिएका लाग्न सकिन्छ; तर यसो भएको थिएन। शुरु-शुरुमा उमङ्गको तरङ्गले प्रेरित भएका भीड़ैभीड़ मानिसहरू यस उजाड़स्थानमा निस्केर यी जोशिला प्रचारकको प्रवचन सुन्न धुइरिए। तर तिनीहरूमध्ये साँचो हृदयले आफ्ना पापहरू मानिलिएर तिनलाई छोड़िदिने व्यक्तिहरू कम हुन्थे। यस पुस्तकको बयानमा अघि बढ्दै हामीले यो थाहा पाउनेछौं।

**मर्कूस १:६:** यूहन्ना कस्तो किसिमका मानिस थिए? आजभोलि हामीले तिनलाई हठधर्मी भन्थ्यौं वा तपस्वी भन्थ्यौं। किनकि मरुभूमिचाहिँ तिनको वासस्थान थियो। तिनको पहिरन खस्रो, साधारणभन्दा साधारण थियो, भविष्यवक्ता एलियाको जस्तै। तिनको खानेकुराले तिनको पेट भर्थ्यो र तिनलाई शारीरिक पुष्टि दिन्थ्यो, तर रजोगुणी/स्तरीय थिएन। तिनले यी सबै कुराहरू ख्रीष्ट/मसीहलाई चिनाउने महिमित सेवकाइको अधीनमा सुम्पिदिए। हुन सक्छ, तिनले चाहेका भए तिनी धनी हुन सक्नेथिए होला, तर तिनले गरिब हुन रोजे। अनि यसरी नै तिनी उहाँकै सुयोग्य अग्रदूत बने, जसको शिर राख्ने

ठाउँधरि थिएन। प्रभु येशूका सबै दासहरूलाई यही भोलापनरूपी सद्‌गुणले चिनाइदिन्छ र यसैबाट उनीहरूलाई चिन्न सक्नुपर्छ भन्ने कुरा हामीले तिनीबाट सिक्छौं।

**मर्कूस १ः७ः** तिनको सन्देशमा प्रभु येशूले सर्वोच्च स्थान पाउनुहुन्थ्यो। यूहन्नाले स्वीकार गरेर भन्ने गर्थेः प्रभु येशू शक्तिमा, चरित्र र सेवकाइमा तिनीभन्दा महान् हुनुहुन्थ्यो। तिनले आफूलाई मुक्तिदाता प्रभुका जुत्ताको फिता फुकाउने जस्तै दासले गर्ने कामको अयोग्य ठान्थे। याद गरौंः आत्माले भरपूर भएका प्रचारकले सधैं प्रभु येशूलाई उच्च पार्छन् र आफूलाई होच्च्याउँछन्।

**मर्कूस १ः८ः** यूहन्नाको बप्तिस्मा पानीको बप्तिस्मा थियो; यो एउटा बाहिरी चिन्ह मात्र थियो, जसले कुनै व्यक्तिको जीवनमा कुनै आत्मिक परिवर्तन ल्याउन सक्दैनथियो। तर प्रभु येशूले तिनीहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेथियो; उहाँको यस बप्तिस्माले चाहिँ व्यक्ति-व्यक्तिको मनमा आत्मिक शक्तिको ठूलो प्रवाह पैदा गर्नेछ (प्रेरित १ः८), साथै हरेक विश्वासीलाई ख्रीष्टको शरीरमा अर्थात् उहाँको मण्डलीमा एक अङ्गको रूपमा गाभ्नेछ (१ कोरिन्थी १२ः१३)।

## ख) अग्रदूतले परमेश्वरका दासलाई बप्तिस्मा दिन्छन् (मर्कूस १ः९-११)

**मर्कूस १ः९ः** अब नासरतमा बितेका प्रभुका *'मौनताका तीस वर्ष'* सिद्धिए/टुङ्गिए; अब प्रभु येशू आफ्नो सार्वजनिक सेवकाइ शुरु गर्न तयार हुनुहुन्थ्यो। पहिले नासरतदेखि यरिहोसम्म साठी माइलभन्दा बढ़ी लामो पैदल यात्रा गरेर उहाँ यर्दन नदीनेर आउनुभयो, एउटा जग्गामा, जो यरिहो शहरको छेउमा थियो। त्यहाँ उहाँले यूहन्नाको हातबाट बप्तिस्मा लिनुभयो। उहाँले पश्चात्ताप गर्नुपरेन; किनभने उहाँमा कुनै पाप नै थिएन, जसलाई उहाँले मानिलिनुपर्नेथियो। उहाँका निम्ति यो बप्तिस्मा-चाहिँ गलगथामा हुने उहाँको मृत्युरूपी बप्तिस्माको नक्सा र मरेकाहरूबाट बौरेर आउने उहाँको पुनरुत्थानको चित्र कोरिदिने सङ्केतात्मक काम

थियो । यसरी नै जनताको बीचमा हुने उहाँको सेवकाइको आरम्भमा नै उहाँको क्रूस र त्यस रित्तो चिहानको सुस्पष्ट पूर्वसङ्केत दिइएको थियो ।

**मर्कूस १:१०-११: 'अनि पानीबाट माथि निस्कनसाथ उहाँले स्वर्ग खोलिएको र आत्मालाई ढुकुरझैं आफूमाथि ओर्लंदै गर्नुभएको देख्नुभयो ।'** परमेश्वर पिताको सोर सुनियो, जसले येशूलाई चाहिँ आफ्ना प्रिय पुत्रको रूपमा स्वीकार गर्नुभयो ।

हाम्रा प्रभुको जीवनमा कुनै यस्तो क्षण नै थिएन, जुन समयमा उहाँ पवित्र आत्माले भरिनुभएको थिएन; तर अब पवित्र आत्मा उहाँमाथि उत्रनुभयो, र उहाँलाई सेवकाइका निम्ति अभिषेक गर्नुभयो अनि उहाँलाई शक्तिले सुसम्पन्न गर्नुभयो । यो पवित्र आत्माको विशेष सेवा थियो, जसले प्रभु येशूलाई उहाँको सामु राखिएका तीन वर्षको सेवकाइका निम्ति तयार पार्नुभयो । पवित्र आत्माको शक्ति नभई नहुने कुरा हो । एउटा व्यक्ति जति शिक्षित, जति निपुण र उसको बोली जति धाराप्रवाही किन नहोस्, तर त्यस रहस्यमय गुणविना, त्यस अभिषेकविना उसको सेवामा जीवन हुँदैन, त्यो प्रभावरहित, फलरहित हुनेछ । आफूलाई सोध्नुपर्ने आधारभूत प्रश्न यस प्रकारको छः 'के मैले कहीं पवित्र आत्माको यस्तो अनुभव गरेको छु ? के उहाँले मलाई प्रभुको सेवा गर्न बलवान् तुल्याउनुभयो ?'

## ग) शैतानद्वारा परमेश्वरका दासको परीक्षा (मर्कूस १:१२-१३)

चालीस दिनसम्म शैतानले परमप्रभुका सेवकलाई उजाड़स्थानमा परीक्षा गऱ्यो । परमेश्वरका आत्माले उहाँलाई यस भिड़ने ठाउँमा ल्याइ-पुऱ्याउनुभयो; कतै प्रभु येशूले पाप गर्नुहुन्छ कि, सो हेर्नलाई होइन, तर उहाँले कदापि कुनै पाप गर्न सक्नुहुन्न भन्ने प्रमाण पो दिनलाई आत्माले यसो गर्नुभयो । प्रभु येशूले यस संसारमा मानिस भएको नाताले पाप गर्न सक्नुभएको भए मानिस हुनुहुने येशू स्वर्गमा कुनै पनि पाप गर्नुहुन्न नै भन्ने निश्चयता कसले वा केले हामीलाई दिन सक्छ र ?

**'उहाँ वनपशुहरूसित रहनुभयो'** भनेर लेखक मर्कूसले हामीलाई किन बताएका छन् ? के शैतानले यी पशुहरूमा प्रभु येशूलाई नाश गर्ने

शक्ति हाल्यो कि? अथवा के आफ्ना सृष्टिकर्ताको उपस्थितिमा तिनीहरूले उहाँको आज्ञा माने कि कसो? यस प्रकारका प्रश्नहरू मनमा उठ्छन्, तर यिनको जवाफ कसले दिन्छ?

चालीस दिन पूरा भएपछि **'स्वर्गदूतहरूले उहाँको सेवा गरे'** (मत्ती ४:११ हेर्नुहोला); किनभने परीक्षा भइरहेको पूरा समयमा उहाँले केही खानुभएन (लूका ४:२)।

ख्रीष्ट-विश्वासीका निम्ति परीक्षहरू आउँछन्-आउँछन्। प्रभुलाई पछ्याउँदा हामी उहाँसित जति नजिक आफ्नो सम्बन्ध राख्छौं, त्यत्ति नै ती परीक्षाहरू कठिन, झन् कठिन हुँदै जानेछन्। शैतानले नामधारी इसाईहरूमा आफ्नो 'बारुद' खर्चा गर्दैन, तर आफ्ना ठूला-ठूला बन्दुक-हरूले उनीहरूलाई हान्न खोज्छ, जसले आत्मिक लड़ाइँमा शैतानबाट त्यसकै केही क्षेत्र कब्जा गरेका छन्। परीक्षामा पर्नु पाप होइन; तर परीक्षामा परेको बेलामा परीक्षासित हार्नुचाहिँ पाप हो। हामीले आफ्नै शक्तिले परीक्षाको सामना गर्न सक्दै-सक्दैनौं; तर हरेक ख्रीष्ट-विश्वासीभित्र वास गर्नुहुने पवित्र आत्माले हामीलाई हामीमा उठ्न खोज्ने हर किसिमका दुष्ट अभिलासाहरू दमन गर्ने शक्ति दिनुहुन्छ।

## २) मर्कूस १:१४-३:१२: शुरुका दिनहरूमा गालीलमा परमेश्वरका दासको सेवकाइ

### क) परमेश्वरका दासले आफ्नो सेवकाइ शुरु गर्नुहुन्छ (मर्कूस १:१४-१५)

लेखक मर्कूसले आफ्नो बयानमा यहूदामा भएको प्रभुको सेवकाइ पूरा छोड़ेर (यूहन्ना १:१४:५४) सीधै उहाँको विस्तृत गालीली सेवकाइ-बाट आफ्नो लेख्ने क्रम उठाउँछन्। यस सेवकाइको दुरी एक वर्ष र नौ महिना थियो (मर्कूस १:१४-९:५०)। तिनले पेरियाको सेवकाइको अन्तमा घटेका घटनाहरूको सङ्क्षिप्त वर्णन दिएपछि (मर्कूस १०:१-

४५) अघि बढ्दै यरूशलेममा प्रभु येशूको जीवनको अन्तिम हप्तामा ध्यान दिन्छन् ।

**'येशू परमेश्वरको राज्यको[ख] सुसमाचार प्रचार गर्दै गालीलमा आउनुभयो ।'** उहाँको सन्देशका बुँदाहरू यस प्रकारका छन्ः

**अ) 'समय पूरा भएको छ।'** भविष्यवाणीहरूमा प्रकट गरिएको समय-तालिकाअनुसार मसीह राजा देखा पर्ने दिनका निम्ति एउटा समय तोकिएको थियो । अनि यो समय अहिले नै थियो ।

**आ) 'परमेश्वरको राज्य नजिकै आएको छ।'** मसीह राजा स्वयम् तिनीहरूको सामु उपस्थित हुनुहुन्थ्यो, र सद्भावनाले इस्राएली जातिलाई त्यो राज्य प्रदान गर्दै हुनुहुन्थ्यो । राज्य नजिकै थियो; किनकि त्यसका राजा घटनास्थलमा आइसक्नुभएको थियो ।

**इ)** मानिसहरूका निम्ति **'पश्चात्ताप गर, र सुसमाचारमा विश्वास गर !'** भन्ने आह्वान आएको छ। परमेश्वरको राज्यभित्र प्रवेश गर्न पाउनका निम्ति तिनीहरूले पापदेखि फर्केर परमेश्वरतिर आफ्नो मन फिराउनुपर्‍यो, र प्रभु येशूको विषयमा हुने उहाँको सुसमाचार विश्वास गर्नुपर्‍यो ।

## ख) चारजना जलारीहरूको बोलावट

**(मर्कूस १ः१६-२०)**

**मर्कूस १ः१६-१८ः 'गालीलको समुद्रको किनारा हिँड्दै हुनुहुँदा उहाँले शिमोन र उनका दाजु अन्द्रियासलाई समुद्रमा जाल हानिरहेका देख्नुभयो ।'** उहाँले अघि उनीहरूलाई भेट्नुभएको थियो। वास्तवमा प्रभुको सेवकाइको शुरुमै उनीहरू उहाँका चेलाहरू भएका थिए (यूहन्ना १ः४०-४१) । अब उहाँले उनीहरूलाई उनीहरू उहाँको साथमा रहिरहून् भन्ने हेतुले बोलाउँदै हुनुहुन्थ्यो। उहाँले उनीहरूलाई मानिसहरूका जलारीहरू तुल्याउनेछु भन्ने प्रतिज्ञा दिनुभएको छ। तुरुन्तै उनीहरूले आफ्नो माछा मार्ने लाभकर व्यवसाय छोड़ेर उहाँको पछि लागे। उनीहरूको आज्ञाकारिता त्यत्तिखेरको, त्यागले पूर्ण र सिद्ध, अखण्डनीय थियो ।

माछा मार्ने काम एउटा कला हो, अनि ठीक त्यस्तै आत्माहरू जित्ने काम पनि एउटा कला नै हो ।

**अ)** यसमा धीरजको खाँचो छ। यसमा धेरैजनाको अनुभव के छ भने, एकलै तिनीहरूले फलको आशा राखी यसका निम्ति घण्टैघण्टा पर्खनुपर्‍यो ।

**आ)** यसमा सीपको खाँचो छ। कुनचाहिँ माछाका निम्ति कुनचाहिँ जाल, कुनचाहिँ बल्छीमा कुनचाहिँ लोभ्याउने चारो चलाऔं, यसको विषयमा सीपै चाहिन्छ।

**इ)** यसमा समझशक्ति र सामान्य बुद्धिको खाँचो छ; किनकि माछा मार्न हामी माछा भएकै ठाउँमा जानुपर्छ।

**ई)** यसमा लगनशीलताको खाँचो छ। सिपालु/कुशल जलारी हतपत निराश हुँदैन।

**उ)** यसमा शान्तिपूर्वक काम गर्नु खाँचो छ। यस काममा कुनै गड़बड़ आउन दिनुहुँदैन; यस कामको सबैभन्दा उत्तम नीति यो हो। आफूलाई अगाड़ि होइन, तर पछिल्तिर राख्नुहोस् !

ख्रीष्ट येशूको पछि-पछि लाग्दै गर्दा हामी मानिसहरूका जलाहारी बन्नेछौं। जति बढ़ी हामी उहाँजस्तै हुँदै जानेछौं, त्यत्ति नै बढ़ी हामी उहाँका निम्ति मानिसहरूलाई जित्नमा सफल/निपुण हुनेछौं, र रहनेछौं। उहाँको पछि लाग्नु नै हाम्रो कर्तव्य हो; बाँकी सबै उहाँको जिम्मामा रहन्छ।

**मर्कूस १ः१९-२०ः** त्यहाँबाट अलि पर गएपछि प्रभु येशूले जब्दीका छोरा याकूब र उनका भाइ यूहन्नालाई देख्नुभयो; उनीहरूले आफ्ना जालहरू तुनिरहेका थिए। प्रभु येशूले उनीहरूलाई बोलाउने बित्तिकै उनीहरूले आफ्ना बुवालाई छोड़े, र उहाँको पछि लागे।

ख्रीष्ट येशूले सबै थोक छोड़ेर उहाँको पछि लाग्न भनी अझै पनि मानिसहरूलाई बोलाउँदै हुनुहुन्छ (लूका १४ः३३)। उहाँको यस बोलावटप्रति आज्ञाकारी बन्नलाई हामीले न धनसम्पत्तिलाई न बुवा-आमालाई यसमा हामीलाई बाधा दिने मौका दिनु हुन्छ।

## ग) अशुद्ध आत्मा निकालिएको (मर्कूस १:२१-२८)

मर्कूस १:२१ पददेखि १:३४ पदसम्म यस खण्डले प्रभु येशूको जीवनको एकदिने सेवकाइको बयान गरेको छ। महावैद्यले दुष्ट आत्मा लागेको मानिसलाई निको पार्दै र अरू बिरामीहरूलाई पनि चङ्गा गर्दै यसरी एक अचम्मको कामको पछि अर्को अचम्मको काम हुँदै गयो।

मुक्तिदाता प्रभुले यी बिरामीहरूलाई निको पार्दा गर्नुभएका अचम्मका कामहरूले उहाँले मानिसहरूलाई पापका भयानक नतिजा-हरूबाट कसरी छुटकारा गर्नुहुन्छ, सो कुराको चित्रण गर्छन्। यो कुरा निम्न सूचिबाट देखाइएको छ।

आश्चर्य कर्मः

*१) अशुद्ध आत्मा लागेको मानिस निको पारिएको (मर्कूस १:२३-२६)*
*२) शिमोनकी सासू निको पारिएकी (मर्कूस १:२९-३१)*
*३) एउटा कोरी शुद्ध भएको (मर्कूस १:४०-४५)*
*४) पक्षाघाती निको पारिएको (मर्कूस २:१-१२)*
*५) हात सुकेको मानिसले चङ्गाइ पाएको (मर्कूस ३:१-५)*
*६) दुष्ट आत्माहरू लागेको मान्छेले छुटकारा पाएको (मर्कूस ५:१-२०)*
*७) रगत बहने स्त्री निको पारिएकी (मर्कूस ५:२५-३४)*
*८) याइरसकी छोरी मरेको अवस्थाबाट बौराइएकी (मर्कूस ५:२१-२४ र ३५-४३)*
*९) सुरोफोनिसी स्त्रीकी छोरी निको पारिएकी (मर्कूस ७:२४-३०)*
*१०) बहिरो र गुँगो मानिसको चङ्गाइ (मर्कूस ७:३१-३७)*
*११) अन्धा मानिस निको पारिएको (मर्कूस ८:२२-२६)*
*१२) दुष्ट आत्माले सताइएको केटा निको पारिएको (मर्कूस ९:१४-२९)*
*१३) अन्धा बर्तिमैको चङ्गाइ (मर्कूस १०:४६-५२)*

यी चङ्गाइले सङ्केत गरेका आत्मिक छुटकाराहरूः

*१) पापको अशुद्धताबाट*

*२) पापका व्यकुलता र बेचैनबाट*

*३) पापको सिकसिकोपनबाट*

*४) पापको असहाय अवस्थाबाट*

*५) पापको बेकम्मे अवस्थाबाट*

*६) पापका दुर्दशा, अत्याचार र त्रासबाट*

*७) जीवन-शक्ति सुकाउने पापको प्रभावबाट*

*८) पापको आत्मिक मृत्युबाट*

*९) पाप र शैतानको हर बन्धन र दासत्वबाट*

*१०) परमेश्वरको वचन सुन्न नसकिने र आत्मिक कुराहरू बोल्न नसकिने अवस्थाबाट*

*११) सुसमाचारको ज्योति देख्न नसकिने अन्धोपनबाट*

*१२) शैतानको राज्यभित्र चलिरहेको क्रूरताबाट*

*१३) पापबाट पैदा हुने अन्धो र दरिद्र अवस्थाबाट*

सुसमाचारका प्रचारकले आज यस प्रकारका शारीरिक चङ्गाइ गरेर अचम्मका कामहरू गर्नुपर्दैन, तर यी शरीरका रोगहरूका आत्मिक प्रतिरूपहरूसित निरन्तर व्यवहार गर्न तिनको बोलावट भएको हो । के यस प्रकारका आत्मिक चङ्गाइहरू यी ठूला कामहरू होइनन्, जसको विषयमा प्रभु येशूले यसो भन्दै यूहन्ना १४ः१२ पदमा बोल्नुभएको थियोः ***'जसले ममाथि विश्वास गर्छ, उसले पनि जुन कामहरू म गर्दछु, यी कामहरू गर्नेछ, र यीभन्दा ठूला कामहरू गर्नेछ'*** ?

**मर्कूस १ः२१-२२ः** आउनुहोस्, हामी मर्कूसको बयानमा फर्कौं ! कपर्नहुममा प्रभु येशू विश्राम-दिनमा त्यहाँको सभाघरभित्र जानुभयो, र त्यहाँ उहाँले शिक्षा दिँदै हुनुहुन्थ्यो । यहाँ साधारण शिक्षक हुनुहुन्न रहेछ भनेर मानिसहरूले बुझे । उहाँको एक-एक वचनमा अलौकिक शक्ति

थियो, यो कुरा तिनीहरूले मान्नुपऱ्यो; उहाँको शिक्षा शास्त्रीहरूको जस्तो कदापि थिएन; किनकि आफ्नो पाठ घोकेर-रटेर तिनीहरूले केवल फट-फटाउँथे। उहाँका शब्दहरूचाहिँ सर्वशक्तिमान्ले हान्नुभएका वाणहरू/काँड़हरू हुन्थे। उहाँले सिकाउनुभएका पाठहरू प्रभावशाली हुन्थे, कायल पार्थे र चुनौतीपूर्ण हुन्थे। शास्त्रीहरूले सुनेको सुनाउँथे; तिनीहरूले दिएको शिक्षामा गहकिलो, गहन केही पनि थिएन। प्रभु येशूको शिक्षामा वास्तविकता हुन्थ्यो। उहाँले जे-जे भन्नुहुन्थ्यो, उहाँले त्यो अधिकारको साथ भन्न सक्नुहुन्थ्यो; किनकि उहाँले जस्तै सिकाउनुहुन्थ्यो, त्यस्तै उहाँ सधैं जिउनुहुन्थ्यो।

हरेक जसले परमेश्वरको वचन सिकाउँछन्, तिनले पनि कि त अधिकारसित बोल्नुपर्छ, कि त चुप लाग्नुपर्छ। भजनका लेखकले यसो भन्छन्: ***'मैले विश्वास गरें; यसैले म बोलेको हुँ'*** (भजन ११६:१०)। यी शब्दहरू प्रेरित पावलले २ कोरिन्थी ४:१३ दोहोऱ्याएका छन्; किनभने उनले बोलेको सन्देशचाहिँ गहन विश्वासको पूरा निश्चयताबाट उत्पन्न भएको थियो।

**मर्कूस १:२३:** तिनीहरूको सभाघरमा अशुद्ध आत्मा लागेको एउटा मानिस थियो, अर्थात् त्यस मानिसभित्र एउटा दुष्ट आत्माले वास गरेको थियो। त्यो दुष्ट आत्माचाहिँ एक अशुद्ध आत्मा थियो; यसर्थ त्यस दुष्ट आत्माले त्यस मानिसको शरीर र मनलाई अशुद्ध पार्ने गर्थ्यो। यसरी नै त्यस दुष्ट आत्मालाई चिनिन्थ्यो। यहाँ कसैले दुष्ट आत्मा लागेको कुरा र विभिन्न बहुलाउने रोगहरू एउटै कुरा सम्झने भूल गर्नुहुँदैन। यी कुराहरू भिन्नै हुन्, र यिनलाई छुट्ट्याउन सक्नुपर्छ। वास्तवमा दुष्ट आत्मा लागेको व्यक्तिभित्र दुष्ट आत्माले वास गर्छ र उसलाई नियन्त्रण गर्छ। दुष्ट आत्मा लागेको व्यक्तिमा प्रायःजसो अलौकिक शक्तिहरूले काम गर्छन्। यस्तो व्यक्ति धेरैजसो अपकारी/खुँखार हुन्छ, अथवा त्यसलाई प्रभु येशू ख्रीष्टसित, उहाँको नाम र त्राणको कामसित परिचय गराउँदा त्यसले ईश्वरनिन्दा गरेर उहाँलाई पूरा निन्दा गर्छ।

**मर्कूस १:२४:** याद गर्नुहोस्! यहाँ, त्यस दुष्ट आत्माले प्रभु येशूलाई चिन्यो, र उहाँलाई 'नासरतका येशू' र 'परमेश्वरका पवित्र जन'

भनेर सम्बोधन गऱ्यो। तपाईं सर्वनामहरूको ख्याल गर्नुहोला, जो बहुवचनबाट एकवचनमा बदलिए; जस्तै **'तपाईंसँग *हाम्रो* के काम ? … के तपाईं *हामीलाई* नष्ट गर्न आउनुभएको हो ?' '*म* तपाईंलाई चिन्छु, … ।'** पहिले दुष्ट आत्माले मानिससँगै एक भएर 'हामी' बोल्यो भने पछिचाहिँ दुष्ट आत्माले आफ्नो विषयमा मात्र बोलेर 'म' भन्यो ।

**मर्कूस १ः२५-२६ः** दुष्ट आत्माको गवाही सत्य भए पनि येशूले यस प्रकारको साक्षी ग्रहण गर्नुहुन्न । यसैले उहाँले दुष्ट आत्मालाई 'चुप लाग्, र त्यसबाट निस्की' भनेर आज्ञा गर्नुभयो। दुष्ट आत्माको प्रभावमा मड़ारमुडुर पारिएको मानिसलाई देख्दा सबैलाई अनौठो लाग्थ्यो होला, अनि जब त्यस दुष्ट आत्माले आफ्नो वशमा पारेको यस मानिसलाई छोड्यो, तब त्यस दुष्ट आत्माको भयानक चिच्च्याहट सुन्दा तिनीहरू कति चकित हुन्थे होला ।

**मर्कूस १ः२७-२८ः** सबै मानिसहरू छक्क परे; अरे ! यहाँले दिनुभएको एउटै आदेशमा त्यो दुष्ट आत्मा निस्केको ! यो तिनीहरूका निम्ति नौलो थियो, तिनीहरूलाई आश्चर्य लाग्दथियो । 'यो के हो ?' भन्दै तिनीहरूले आपसमा सोधासोध गरे; के यो एउटा नयाँ धार्मिक शिक्षाको शुरुआत थियो ? तुरुन्तै यस अचम्मको कामको खबर, उहाँको कीर्ति सारा गालीलभरि फैलियो ।

तर यो खण्ड छोड्नुभन्दा पहिले हामीले तीनवटा कुरा याद गरौंः

**अ)** ख्रीष्ट येशूको पहिलो आगमनले दुष्ट आत्माहरूलाई पृथ्वीमाथि अति क्रियाशील तुल्याएको हुनुपर्छ; नत्र यत्रो शैतानिक प्रकोप कहाँबाट आएको ?

**आ)** यी दुष्ट आत्माहरूमाथि ख्रीष्ट येशूको यस अधिकारले शैतान र त्यसको सारा फौजमाथि हुन आउने उहाँको सुनिश्चित विजयको पूर्वाभास दिलाउँछ ।

**इ)** जहाँ परमेश्वरले काम गर्दै हुनुहुन्छ, त्यहाँ शैतानले विरोध गर्छ । सबैजना, जसले प्रभुको सेवा गर्न केही कदम उठाउँछन्, उनीहरूले यसो हुँदा कदम-कदममा शैतानले विरोध गरेको आशा राख्न सक्छन् । ***'किनकि हामी मासु र रगतको विरोधमा कुस्ती लड्दैनौं, तर***

***प्रधानताहरूको विरोधमा, अधिकारीहरूको विरोधमा, यस संसारको अन्धकारका शासकहरूको विरोधमा, आकाशी/स्वर्गीय स्थानहरूमा भएका आत्मिक दुष्टताको विरोधमा/दुष्टका आत्मिक सेनाहरूको विरोधमा लड्दछौं'*** (एफेसी ६ः१२)।

## घ) पत्रुसकी सासू निको पारिएकी (मर्कूस १ः२९-३१)

'तुरुन्तै' वा 'हुनेबित्तिकै' भन्ने शब्दचाहिँ यस सुसमाचारका चिनापर्ची गर्ने शब्दहरूमध्ये एक हो; यो शब्द यस मर्कूसको सुसमाचारलाई अति सुहाउँछ; किनकि यहाँ प्रभु येशूलाई परमेश्वरका दासको रूप दिएको र यस कुरामा जोड़ गरेको पाइन्छ।

**मर्कूस १ः२९-३०ः** सभाघरबाट निस्कनासाथ हाम्रा प्रभु शिमोनको घरमा पस्नुभयो। यस घरमा पस्नेबित्तिकै उहाँले शिमोनकी सासू बिरामी भएकी कुरा चाल पाउनुभयो। किनकि तीस पदअनुसार तिनीहरूले उहाँलाई तुरुन्तै तिनको विषयमा बताइदिए। तिनीहरूले महावैद्यको ध्यान तिनको खाँचोमाथि खिच्न एक क्षण पनि ढिलो गरेनन्।

**मर्कूस १ः३१ः** केही नबोलीकन प्रभु येशूले तिनको हात समात्नुभयो र तिनलाई उठाउनुभयो। तुरुन्तै तिनी निको भइन्। अरू बेला हो भने ज्वरोले मानिसलाई शिथिल पारेर छोड्छ। तर यहाँ हाम्रा प्रभुले तिनको ज्वरो मात्र जाती पार्नुभएन, तर पत्रुसकी सासूलाई तत्कालै सेवा गर्ने शक्ति पनि दिनुभयो। अनि तिनले उहाँहरूको सेवा गरिन्।

श्री जे. आर. मिलरले यसो भन्छन्ः

*'जब कुनै साधारण तरिकाले अथवा कुनै असाधारण तरिकाले कुनै बिरामी व्यक्ति निको हुन्छ, तब उसले तुरुन्तै प्रभुबाट फिर्ता पाएको आफ्नो यो जीवन परमेश्वरको सेवामा समर्पण गर्नुपर्छ। ... । "उफ् ! मौका पाए मैले यो गरेर वा त्यो गरेर ख्रीष्ट येशूको सेवा गर्नेथिएँ" भनेर धेरैजसो मानिसहरूले सेवा गर्ने अवसरहरू खूब लालसा गर्दा रहेछन्, तर तिनीहरूले सेवाको सम्बन्धमा केही विशेष र उच्च काम गर्छु भन्ने कल्पना गरेका हुनाले तिनीहरूलाई दिइएका*

*अवसरहरू आफ्नो हातबाट उम्काइपठाउँछन्; किनकि ख्रीष्ट येशूले तिनीहरूलाई तिनीहरूले यिनैमा उहाँको सेवा गरून् भनेर दिनुभएका कामकुराहरू तिनीहरूले वास्तै गर्दैनन्। सर्वप्रथम आफ्ना दैनिक कर्तव्यहरू पूरा गर्दा र तिनलाई राम्ररी पूरा गर्दा हामी ख्रीष्ट येशूको साँचो सेवातर्फ पहिलो कदम चलेका छौं।' "*

यहाँ ध्यान गर्नु लायक के छ भने, प्रभु येशूले चङ्गाइको हरेक आश्‍चर्य कर्ममा अर्को तरिका अपनाउनुभयो। यस कुराले कुनै दुईजना व्यक्तिहरूले उस्तै प्रकारले प्रभुलाई पाउँदैनन्, प्रभुकहाँ आउँदैनन् भन्ने याद दिलाउँछ। हरेक व्यक्तिसित हामीले उसकै व्यक्तिगत परिस्थिति-अनुसार व्यवहार गर्नुपर्छ।

पत्रुसकी सासू थिइन्; तब पाद्रीहरूको विवाह हुनुहुँदैन भन्ने कुरा कहाँबाट आयो त? त्यति बेला यस्तो प्रथा छँदैथिएन। यो ता मानिसहरूको एउटा रीति मात्र हो, जसको पुष्टि/समर्थन परमेश्‍वरको कुनै वचनले गर्दैन, तर यस व्यर्थको रीतिले अनेक खराब कुराहरू पैदा गरेको छ।

## ङ) घाम अस्ताएपछि विभिन्न चङ्गाइका कामहरू (मर्कूस १ः३२-३४)

मुक्तिदाता प्रभुको कीर्ति यस दिनभरि फैलिइरह्यो; तर विश्राम-दिन समाप्त नभएसम्म मानिसहरूले बिरामीहरूलाई येशूकहाँ ल्याउन आँटै गरेनन्। तर घाम अस्ताउनेबित्तिकै विश्राम-दिन खतम भयो; अनि पत्रुसको घरको दैलोमा मानिसहरूको धुइरो लाग्दैथियो। त्यस ठाउँमा बिरामीहरू र दुष्ट आत्मा लागेकाहरू निको भए; तिनीहरूले उहाँको अलौकिक शक्ति अनुभव गरे, जसले तिनीहरू जुनसुकै खराब हालतमा किन नहोऊन्, तिनीहरूलाई पापको हरेक रूप र प्रभावबाट छुटकारा दिनुभएको थियो।

## च) सारा गालीलभरि सुसमाचारको प्रचार
## (मर्कूस १ः३५-३९)

**मर्कूस १ः३५ः** बिहान, उज्यालो हुनुभन्दा धेरै पहिले नै उठेर येशू बाहिर निस्कनुभयो र एउटा एकान्त ठाउँमा जानुभयो। त्यहाँ उहाँले प्रार्थनामा समय बिताउन चाहनुभयो; किनकि त्यहाँ उहाँको ध्यान भङ्ग गर्ने कुनै कुरा थिएन। प्रत्येक बिहान परमप्रभुका सेवकले त्यस दिनका निम्ति परमेश्वर पिताबाट आदेशहरू पाऊँ भनेर उहाँतिर आफ्ना कान लगाउनुहुन्थ्यो (यशैया ५०ः४-५)। प्रभु येशूलाई हरेक बिहान सुनसानमा परमेश्वर पितासित केही समय बिताउनु खाँचो थियो भने हाम्रो विषयमा के-कसो ? हामीले झन् बढ्ता गरी यस प्रकारले सुनसानमा परमेश्वरसित समय बिताउनुपर्छ। उहाँले प्रार्थना त्यत्ति बेला गर्नुभयो, जब उहाँ यसका निम्ति मीठो निद्राका केही क्षणरूपी मूल्य चुकाउनु-पर्थ्यो। उहाँ उज्यालो हुनुभन्दा धेरै पहिलो उठेर निस्कनुभयो। प्रार्थना गर्ने समय हाम्रा सुविधाहरू खोजेको फल हुन दिनुहुँदैन, तर यसका निम्ति हामी आत्मसंयमी हुनुपर्छ, र कुनै न कुनै कुराको त्याग गर्नुपर्छ। हामीले गरेको प्रायः सबै सेवा किन प्रभावकारी नभएको ? के हामीले यसको खास कारण यसमा खोज्नुपरेको होइन र ? आफ्नो स्पष्टीकरण तपाईं आफैले दिनुहोला !

**मर्कूस १ः३६-३७ः** जति बेला पत्रस र उनको साथमा भएकाहरू उठे, त्यति बेला पत्रसको घरको वरिपरि फेरि पनि भीड़ लागिरहेको थियो। तब प्रभुका चेलाहरू उहाँलाई खोज्न निस्के, र 'सबैले तपाईंलाई खोजिरहेका छन्' भन्ने कुरा उहाँलाई जनाए।

**मर्कूस १ः३८ः** अचम्म ! उहाँ शहरमा फर्केर जानुभएन, तर आफ्ना चेलाहरूलाई लिएर उहाँ वरिपरिका गाउँहरू हुँदो जानुभयो; किनकि त्यहाँ पनि उहाँले प्रचार गर्नुपर्नेथियो। उहाँ कपर्नहुममा किन फर्कनुभएन त ?

**अ)** प्रभु येशूले भर्खरै प्रार्थनामा समय बिताउनुभएको थियो। त्यस दिनमा परमेश्वरको इच्छा के रहेछ अर्थात् उहाँले के गर्नुपर्छ, सो ज्ञान

उहाँले त्यत्ति बेला पाउनुभएको हुनुपर्छ। कपर्नहुममा नफर्केको प्रथम कारण यो हो।

**आ)** उहाँलाई थाहै थियोः कपर्नहुमका मानिसहरूमा उहाँको लोकप्रियता एकदम फिक्का रहेछ। भीड़ैभीड़ मानिसहरूदेखि हाम्रा मुक्तिदाता प्रभु कहिल्यै आकर्षित हुनुभएन; किनकि उहाँले मानिसहरूको मुख हेर्नुहुँदैनथियो; तर मानिसहरूको हृदयभित्र के हुन्छ, सो कुरा उहाँलाई थाह थियो।

**इ)** लोकप्रियताबाट खतरा आउँछ भन्ने कुरा उहाँले जान्नुभएको थियो। यसैले उहाँले यस सम्बन्धमा आफ्नै उदाहरण दिएर आफ्ना चेलाहरूलाई के सिकाउनुभयो भने, सबै मानिसहरूले उनीहरूको विषयमा राम्रो कुरा गरे भने उनीहरू होशियार बस्नुपर्छ।

**ई)** क्रूसभन्दा पहिले उहाँलाई मुकुट लगाउन खोज्ने जुनसुकै हल्का/फिक्का, आवेगपूर्ण प्रयासदेखि उहाँले आफूलाई सधैं बचाइराख्नुभयो।

**उ)** वचनको प्रचारमा उहाँले ठूलो महत्त्व दिनुभएको थियो। अचम्मका कामहरूद्वारा बिरामीहरूलाई चङ्गा पारेर उहाँले मानिसहरूका दुःखहरू हरण गर्दाहुँदि पनि उहाँले सधैं आफ्नो प्रचारप्रति मानिसहरूको ध्यान आकर्षण गर्न चाहनुहुन्थ्यो।

**मर्कूस १:३९:** यसरी नै प्रभु येशू जानुभयो, र उहाँले सारा गालीलभरि तिनीहरूका सभाघरहरूमा प्रचार गर्नुभयो र दुष्ट आत्माहरू निकाल्नुभयो। उहाँले आफ्नो प्रचार व्यवहारसँग मिलाउनुभयो। उहाँले भन्नुभयो र आफूले भनेको कुरा पूरा गर्नुभयो। चाखलाग्दो कुरा के हो भने, प्रभु येशूले धेरैपल्ट सभाघरहरूमा दुष्ट आत्माहरू निकाल्नुहुन्थ्यो। तब मेरो एउटा प्रश्न छः के अचेलका उदारवादी मण्डलीहरू ती सभाघरहरूसित मेल खाँदैनन् र?

## छ) एउटा कोरी शुद्ध पारिएको (मर्कूस १:४०-४५)

परमेश्वरले कुनचाहिँ प्रार्थनाको उत्तर दिनुहुन्छ, सो सम्बन्धमा एउटा कोरी शुद्ध पारिएको यस घटनाबाट हामीले निम्न नमुनारूपी शिक्षा पाउँछौंः

**अ) 'उहाँलाई विन्ती गर्दै ...'**; यसर्थ उसको प्रार्थनामा गम्भीरता थियो; उसको विन्ती आग्रहले पूर्ण थियो ।

**आ) 'उहाँको सामु घुँड़ा टेक्दै ...'**; उसको प्रार्थना श्रद्धा र भक्तिपूर्वक थियो ।

**इ) 'तपाईंले इच्छा गर्नुभयो भने ...'**; यो एक विनम्र प्रार्थना थियो, आफूलाई प्रभुको इच्छामा सुम्पिदिने किसिमको प्रार्थना थियो ।

**ई) 'तपाई सक्नुहुन्छ'**; यस प्रार्थनामा प्रभुमाथिको विश्वास थियो ।

**उ) 'मलाई शुद्ध पार्न'**; यो आफ्नो खाँचो पेस गर्ने खालको प्रार्थना थियो ।

**ऊ) '*मलाई नै* शुद्ध पार्न'**; यो प्रार्थना व्यक्तिगत थियो ।

**ए)** यो प्रार्थना छोटो थियो; मूलभाषामा यसका पाँच शब्दहरू मात्र छन् ।

तब के भयो, हेर्नुहोस् !

प्रभु येशूले टिठ्याउनुभयो । यस्ता शब्दहरू पढ्न पाउँदा हामी सदा हर्षले उल्लसित हौं र उहाँलाई धन्यवाद चढ़ाऔं; किनभने उहाँ आज अझ टिठ्याउँदै हुनुहुन्छ ।

उहाँले आफ्नो हात बढ़ाउनुभयो । याद गर्नुहोस् ! विश्वासको साथ चढ़ाइएको एउटा विनम्र प्रार्थनाको उत्तरमा परमेश्वरले आफ्नो हात चलाउनुभयो ।

उहाँले उसलाई छुनुभयो । व्यवस्थाको समयमा जुन व्यक्तिले कुनै कोरीलाई छोयो, त्यो औपचारिक हिसाबले अशुद्ध भइहाल्थ्यो । निस्सन्देह, कोरीलाई छुँदाखेरि रोग सर्ने डर पनि थियो । तर परमेश्वरका पवित्र पुत्रले आफूलाई मानव जातिका दुःखकष्टहरूसित एक तुल्याउनुभयो । यसो गर्दा उहाँलाई अलि कति पनि यसको पापको कलङ्क लाग्दैनथियो; उहाँले पापका विनाशकारी प्रकोपहरू सबका सब हटाउनुभयो ।

उहाँले भन्नुभयोः 'म इच्छा गर्दछु ।' हाम्रो निको हुने चाहनाभन्दा उहाँको निको पार्ने इच्छा ठूलो हुन्छ । त्यसपछि 'शुद्ध होऊ !' भन्ने आदेश आयो, अनि तत्कालै त्यस कोरीको छाला चिल्लो र साफ भइहाल्यो ।

'कसैलाई केही नभन्नू !' भनेर प्रभु येशूले त्यसलाई यस आश्चर्य कर्मको विषयमा खुलस्त पार्न मनाही गर्नुभयो । पहिले त्यो पूजाहारीकहाँ गएर आफूलाई देखाउनु थियो र व्यवस्थाअनुसार आफ्ना निम्ति निर्धारित भेटी चढ़ाउनु थियो (लेवी १४:२ पददेखिको खण्ड) । यसो भन्दाखेरि प्रभुले त्यस मानिसको जाँच लिनुभयोः के त्यो आज्ञाकारी हुन्छ कि हुँदैन ? के त्यसले त्यसलाई भनेको कुरा मान्छ कि मान्दैन ? त्यो आज्ञाकारी भएन; त्यसले आफै कोरबाट कसरी निको भएको, सो कहानी खुला रूपले प्रचार गऱ्यो । फलस्वरूप त्यसले प्रभुको काममा बाधा ल्यायो (मर्कूस १:४५) ।

यसो गर्दा प्रभुले त्यस कोरीलाई जाँच गर्ने पूजाहारीको पनि परीक्षा लिनुहुनेथियो; के तिनमा खुट्ट्याउने शक्ति छ कि छैन ? उहाँले त्यस कोरीलाई शुद्ध पार्दै त्यसमाथि देखाउनुभएको आश्चर्य कर्मबाट के तिनले यहूदीहरूले लामो समय अघिदेखि आशा गरिरहेका मसीह/ख्रीष्ट आउनुभएको कुरा पत्ता लगाउँछन् कि ? तिनी इस्राएली जातिका ठेट मानिस हुँदा हुन् ता पक्का पनि तिनले उहाँलाई ठम्याउन/चिन्न सक्नेथिएनन्, कि क्या हो ?

प्रभु येशू भीड़हरूबाट हट्नुभएको र उजाड़ ठाउँहरूमा रहनुभएको, त्यहाँ मानिसहरूको सेवा गर्नुभएको कुरा यहाँ फेरि पढ्छौं । मानिसहरूका ठूला-ठूला सङ्ख्यामा उहाँले आफ्नो सफलता नापजोख गर्नुभएन ।

## ज) पक्षाघात भएको मानिस निको पारिएको

**(मर्कूस २:१-१२)**

**मर्कूस २:१-४:** केही दिनपछि उहाँ फेरि कपर्नहुममा पस्नुभयो; यसो हुनेबित्तिकै उहाँ बस्नुभएको घरको वरिपरि धेरै मानिसहरू भेला भइगए। छिटो-छिटो खबर चारैतिर पुग्यो, अनि सबै मानिसहरू आश्चर्यकर्मी चङ्गाइदातालाई उहाँले काम गरिरहनुहुँदा देख्न पाऊँ भनेर खूब उत्सुक भए। जहाँ परमेश्वरले शक्तिको काम गर्नुहुन्छ, त्यहाँ मानिसहरूको ध्यान आकर्षित हुन्छ। मुक्तिदाता प्रभुले त्यस घरको दैलोको वरिपरि भुम्मिएका मानिसहरूलाई विश्वासयोग्यताको साथ

वचन प्रचार गर्नुभयो। यस भीड़को पल्लो छेउमा एक पक्षाघात भएको मानिस थियो, जसलाई चारजनाले एउटा जसोतसो बनाइएको डोलीमा बोकिरहेका थिए। भीड़को कारणले तिनीहरूले प्रभु येशूकहाँ पुग्न सकेनन्। याद राखौंः मानिसहरूलाई प्रभु येशूकहाँ ल्याउँदा बाधाहरू आउँछन्-आउँछन्। तर विश्वासले जित्छ; विश्वासले कुनै न कुनै उपाय निकालिछोड्छ। त्यस बिरामीलाई बोक्ने यी चारजना यस घरको छतमाथि पुगे, तिनीहरूले छानाको छेउको भाग उघारे र छेड़ पारिएको ठाउँबाट त्यस पक्षाघातको रोगीलाई तल ओराले। हुन सक्छ, त्यस घरको चोक थियो। जे होस्, तिनीहरूले त्यस बिरामीलाई ठीक परमेश्वरका पुत्रको सामु राखे। कसैले त्यस बिरामीका यी चारजना असल मित्रहरूलाई निम्न उपनाम दिएका छन्ः सहानुभूति, सहयोग, मौलिकता र दृढ़ता। हामी हरेकले यस्ता सद्गुणले युक्त साथी बनिनका निम्ति हर तरहले प्रयास गर्नुपर्छ।

**मर्कूस २ः५ः** तिनीहरूको विश्वासले प्रभावित हुनुभएको प्रभु येशूले त्यस पक्षाघातको रोगीलाई भन्नुभयोः 'हे छोरा, तिम्रा पापहरू तिमीलाई क्षमा भए।' प्रभुले यसो भन्नुभएकोमा कसैलाई अनौठो लाग्न सकिन्छ; किनकि यहाँ पक्षाघातको मामिला/सवाल थियो, पापको होइन। हो नै हो; तर हाम्रा प्रभुले लक्षणहरूलाई छोड़ेर त्यस मानिसको समस्याको मूलकारणमा जानुभयो। उहाँले शरीरलाई निको पारेर अमूल्य आत्मालाई छोड्न सक्नुहुन्न। उहाँले अनन्त अवस्थालाई नछोईकन अल्पकालिक अवस्था सुधार गर्ने नै होइन। यसैले उहाँले भन्नुभयोः 'तिम्रा पापहरू तिमीलाई क्षमा भए।' कत्रो अद्‌भुत घोषणा ! अहिले, यस धरतीमा, यही जीवनकालमा पापहरूको क्षमा पाउने ! ! पापको क्षमा पाउन त्यस मानिसले न्यायको दिनसम्म पर्खनुपरेन। उत्तिखेरै उसले आफ्ना पापहरूको क्षमा पाएको निश्चयता पाइहाल्यो। ठीक त्यस्तै प्रभु येशूमाथि विश्वास राख्नेहरू सबैले पापको क्षमा पाएको निश्चयता प्राप्त गर्छन्।

**मर्कूस २ः६-७ः** तुरुन्तै शास्त्रीहरूले प्रभुको भनाइको महत्त्व बुझिहाले। किनकि तिनीहरू बाइबलको शिक्षामा तालिम प्राप्त गरेका मानिसहरू थिए; यसैले परमेश्वरले मात्र पापहरू क्षमा गर्न सक्नुहुन्छ भन्ने

कुरा तिनीहरूले जाने। यसकारण पापको क्षमा गर्ने अधिकार अँगाल्ने व्यक्तिले आफू परमेश्वर हुने दाबी गर्छ। यहाँसम्म तिनीहरूको सोचविचार ठीक थियो। तर प्रभु येशूलाई परमेश्वर भनी मान्नु/मानिलिनुको सट्टामा तिनीहरूले आ-आफ्नो मनमा उहाँलाई ईश्वरनिन्दा गरेको दोष लगाए।

**मर्कूस २:८-९:** प्रभु येशूले तिनीहरूको मनभित्रका विचारहरू थाहा पाउनुभयो; उहाँसँग अलौकिक शक्ति हुँदो रहेछ भनी यही कुराले प्रमाणित गर्छ। उहाँले तिनीहरूको सामु यो प्रश्न तेर्साउनुभयो: 'कुनचाहिँ सजिलो छ: कसैका पापहरू क्षमा भए भन्नु वा त्यसको पक्षाघातको रोग निको भयो भन्नु ?' यो भन्नु वा त्यो भन्नु उत्तिकै सजिलो पर्छ; तर यो *गर्नु* वा त्यो *गर्नु* उत्तिकै असम्भव छ, मानिसको दृष्टिमा।

**मर्कूस २:१०-१२:** प्रभुले त्यस मानिसका पापहरू क्षमा भए भन्ने कुरा अघि भनिसक्नुभएको थियो। तर के त्यस्तै भइसकेको थियो त ? ती शास्त्रीहरूले त्यस मानिसका पापहरू क्षमा भएको कुरा *देख्नै* सकेनन्; यसकारण तिनीहरूले यो कुरा विश्वास गर्न चाहेनन्। त्यस मानिसका पापहरू साँच्ची नै क्षमा भइसके भन्ने कुरा प्रमाणित गर्न मुक्तिदाता प्रभुले ती शास्त्रीहरूलाई तिनीहरूले देख्न सक्ने प्रमाण दिन चाहनुभयो। यसैले उहाँले त्यस पक्षाघातको रोगीलाई भन्नुभयो: 'उठ, आफ्नो ओछ्यान उठाएर लैजाऊ र घरतिर गइहाल !' त्यस मानिसले तत्कालै ठीक त्यही गर्‍यो। सबै मानिसहरू छक्क परे। अघि कहिल्यै तिनीहरूले यस प्रकारको कुरा देखेका थिएनन्। तर ती शास्त्रीहरूले तिनीहरूलाई यत्रो हार खुवाउने साक्षात् प्रमाण देखेर पनि विश्वासै गरेनन्। विश्वास गर्ने इच्छाविना विश्वास गर्न सकिँदैन; अनि तिनीहरूको विश्वास गर्ने चाहना नै थिएन।

## फ) लेवीको बोलावट (मर्कूस २:१३-१७)

**मर्कूस २:१३-१४:** समुद्रको किनारामा मानिसहरूलाई शिक्षा दिनुहुँदा प्रभु येशूले लेवीलाई महसूल उठाइरहेको देख्नुभयो। लेवीचाहिँ मत्ती थिए, जसले पछि नयाँ नियमको मत्तीको सुसमाचार नामक पहिलो पुस्तक लेखे। तिनी यहूदी थिए; तर तिनको व्यवसाय यहूदीलाई

असुहाउँदो काम थियो; किनकि तिनले तुच्छ मानिएको रोमी सरकारका निम्ति कर उठाउँदथे। कर उठाउनेहरू त्यति इमानदार मानिसहरू थिएनन्। यसैले तिनीहरूको नाम प्रचलित थिएन, तर तिनीहरूलाई वेश्याहरूको स्तरमा राखिन्थ्यो, र तिनीहरूलाई समाजका सबभन्दा नीच व्यक्तिहरूको रूपमा मानिन्थ्यो र तुच्छ ठानिन्थ्यो। तर लेवीले अनन्त लाभ कसरी उठाए त? जब तिनले ख्रीष्ट येशूको बोलावट सुने, तब तिनले सबै थोक छोड़ेर प्रभु येशूको पछि लागे। हामीमध्ये हरेक तिनी झैं आनाकानी नगरीकन खुरुक्कै मानिहाल्ने उहाँका आज्ञाकारी अनुयायी बनौं। अनि जुन कुरा हालैमा ठूलो त्याग देखिन्छ, त्यो कुरा अनन्त महिमामा अलि कति पनि त्याग नभएको जस्तै देखा पर्नेछ। शहीद भएका मिशनरी श्री जिम एलियटले भनेः *'त्यो मानिस मूर्ख होइन, जसले कहिल्यै हराउन नसकिने थोक प्राप्त गर्नलाई गुमाउनुपर्ने कुरा दिइहाल्छ।'*

**मर्कूस २:१५ः** लेवीको घरमा प्रेमभोजको बन्दोबस्त गरियो; यही अवसरमा तिनले आफ्ना साथीहरूलाई प्रभु येशूसँग परिचय गराउन खोजे। तिनका साथीहरूमध्ये धेरजसो तिनीजस्तै महसूल उठाउनेहरू र पापीहरू थिए। तिनीहरूसँग उपस्थित हुने निम्तो प्रभु येशूले स्वीकार गर्नुभएछ।

**मर्कूस २:१६ः** यो देखेर शास्त्रीहरू र फरिसीहरूले उहाँको ठूलो गल्ती पक्र्यौं भन्ठाने। तर सीधा प्रभुकहाँ नगएर तिनीहरू उहाँका चेलाहरूकहाँ गए। तिनीहरूले उनीहरूका प्रभुप्रतिको विश्वास/भरोसा र स्वामीभक्तिमा क्षति पुर्‍याउन खोजे। 'तिमीहरूका स्वामी महसूल उठाउनेहरू र पापीहरूसँग खानपान गर्छन्, कसरी?'

**मर्कूस २:१७ः** प्रभु येशूले यो सुन्नुभयो, र तिनीहरूलाई सम्झाउँदै भन्नुभयोः निरोगी, स्वस्थ्य मानिसहरूलाई डाक्टरको खाँचो पर्दैन, तर रोगीहरूलाई मात्र डाक्टरको जरुरत पर्छ। शास्त्रीहरूले आफूलाई निरोगी, स्वस्थ्य सम्झे; यसैले तिनीहरूलाई महावैद्यको खाँचो पर्दैन झैं लाग्दथियो। महसूल उठाउनेहरू र पापीहरूले आफ्नो दोष मानिलिए र तिनीहरूलाई सहायताको जरुरत पर्छ भन्ने कुरा स्वीकार गरे। आफूलाई

धर्मी ठान्नेहरूलाई होइन, तर महसूल उठाउनेहरूले जस्तै आफूलाई पापी सम्झनेहरूलाई बोलाउन प्रभु येशू यस संसारमा आउनुभयो ।

यसमा हाम्रा निम्ति एउटा शिक्षा छः हामी आफूलाई इसाई समाजहरूभित्र थुनिराख्नुहुँदैन। होइन, तर हामीले भक्तिहीन मानिस-हरूलाई हाम्रा प्रभु र मुक्तिदातासित परिचय गराउन पाऔं भनेर तिनीहरूलाई साथी तुल्याउनुपर्छ। पापी मानिसहरूलाई आफ्ना साथी बनाउँदाखेरि हामीले कुनै यस्तो काम गर्नुहुँदैन, जसले गर्दा हाम्रो साक्षी बिग्रिन्छ, अनि अइसाईहरूलाई हामीलाई तल तिनीहरूको स्तरमा तान्न दिनुहुँदैन। होइन, हामीले असल प्रकारको मित्रतामा सकरात्मक रूपले कदम चाल्नुपर्छ र तिनीहरूलाई आत्मिक सहायता मिलोस् भन्ने हेतुले उपायहरू खोजिनिकाल्नु र तिनीहरूलाई आत्मिक कुराहरूतिर डोऱ्याउनुपर्छ। आफूलाई यस दुष्ट संसारबाट अगल राख्नु सजिलो छ; तर प्रभु येशूले यसो गर्नुभएन, र उहाँका अनुयायीहरू भएका नाताले हामीले पनि यसो गर्नुहुँदैन ।

शास्त्रीहरूले प्रभु येशूलाई 'पापीहरूका मित्र' भन्ने नाम दिँदा उहाँको बदनामी गर्न चाहे। तर यसो भन्दाखेरि तिनीहरूले जे उहाँको अपमान गर्ने शब्द सम्झे, त्यो उहाँको सम्मान बढ़ाउने प्रशंसा पो भएछ। मुक्ति पाएकाहरू सबैले खुशीसाथ प्रभु येशूलाई 'पापीहरूका मित्र' भनेर सम्बोधन गर्छन्, र उहाँ 'पापीहरूका मित्र' हुनुभएको हुनाले उहाँलाई अनन्तसम्म प्रेम गर्नेछन् ।

## ञ) उपवासको सम्बन्धमा उठेको वादविवाद (मर्कूस २:१८-२२)

**मर्कूस २:१८:** बप्तिस्मा दिने यूहन्नाका चेलाहरूले र फरिसीहरूका चेलाहरूले धर्मपालनको रूपमा उपवास बस्दथे। पुरानो नियममा उपवासचाहिँ प्रगाढ़ शोक प्रकट गर्ने माध्यमको रूपमा स्थापित गरिएको थियो। तर उपवास बस्दा-बस्दै त्यो आत्मिक अभ्यासचाहिँ अर्थहीन हुन गयो, र एउटा ड्यूटीरूपी रीतिमा परिणत भएको थियो। येशूका चेलाहरू उपवास नबसेका कुरा तिनीहरूले चाल पाए। अनि जब तिनीहरूले

प्रभुलाई यसको स्पष्टीकरण मागे, तब शायद डाहा र आत्मदयाले तिनीहरूको हृदय छेडूथे होला ।

**मर्कूस २:१९-२०:** त्यसको उत्तरमा प्रभु येशूले आफ्ना चेलाहरूलाई दुलहाका साथीहरूसित अर्थात् जन्तीसित तुलना गर्नुभयो । उहाँचाहिँ दुलहा हुनुहुन्थ्यो । अनि उहाँ उनीहरूको साथमा रहुन्जेल उनीहरूलाई आफ्नो शोक प्रकट गर्ने जरुरत परेको थिएन । तर दिनहरू आउनेछन्, जब दुलहा उनीहरूबाट लगिनुहुनेछ; तब उनीहरूले उपवास बस्नेछन् ।

**मर्कूस २:२१:** लगत्तै प्रभु येशूले दुईवटा उदाहरण दिनुभयो, जसले एउटा नयाँ युग शुरु भएको कुरा अवगत गराउन खोजे; किनकि त्यो नयाँ युगचाहिँ पुरानो युगसँग मेल खाँदैनथियो । पहिलो उदाहरण त्यो नयाँ कपड़ाको टालो थियो, जो चुमिएर छोटिएको थिएन । त्यो नयाँ टालो कुनै पुरानो लुगामा टाल्दा त्यो नयाँ टालो पक्का पनि चुम्किनेछ, र यस तन्काइमा कुनै न कुनै थोक त च्यातिनेछ । पुरानो लुगा नयाँ टालोभन्दा कच्चा भएकोले त्यो नै च्यातिनेछ र टालेकै ठाउँमा फेरि फाटिहाल्नेछ । प्रभु येशूले पुरानो नियमचाहिँ यस पुरानो लुगासँग तुलना गर्नुभएको छ । पुरानो लुगारूपी यहूदी धर्ममा नयाँ टालोरूपी इसाई विश्वास टाल्नुचाहिँ कदापि परमेश्वरको इच्छा र उद्देश्य होइन । इसाई विश्वासचाहिँ पुरानो युगलाई छोड़िजाने एक नयाँ प्रस्थान हो । पुरानो युगको उपवासरूपी शोकले नयाँ युगको आनन्दका निम्ति आफ्नो ठाउँ छोड्नुपर्छ ।

**मर्कूस २:२२:** दोस्रो उदाहरण पुराना मशकहरूमा हालिएको नयाँ दाखमद्य हो । मशकहरू छालाका हुन्थे, जसले पुराना हुँदा तन्किन छोड़े । नयाँ दाखमद्य ती पुराना मशकहरूमा हाल्दा के हुन्थ्यो भने, ती मशकहरूभित्र दाखको रस गलाएर रक्सी पार्दाखेरि प्रेसर बढ्दै जान्थ्यो, र ती मशकहरू फाट्थे । नयाँ दाखमद्यले इसाई विश्वासको आनन्द र शक्तिलाई सङ्केत गर्छ । पुराना मशकहरूले यहूदी धर्म र त्यसका रीति-थितिहरूलाई सङ्केत गर्छन् । नयाँ दाखमद्यका निम्ति नयाँ मशकहरू चाहिन्छ नै । यूहन्नाका चेलाहरूले र फरिसीहरूले येशूका अनुयायी-हरूलाई शोकरूपी उपवासको बन्धनमा ल्याउन खोज्ने प्रयास व्यर्थै हो । त्यो त तिनीहरूकै पुरानो चलन थियो । ख्रीष्टमा नयाँ जीवन छ; यसका

आनन्द र उमङ्ग/फूर्तिलाई चाहिँ आफैंआफ प्रकट हुन दिनुपर्छ। इसाई विश्वासमा कर्मकाण्डवाद मिसाउन खोज्दा त्यसमा ठूलो हानि पुऱ्याइएको हुन्छ। प्रभु येशूको शिक्षाअनुसार यी दुवै कुराले कहिल्यै मेल खाँदैनन्। मोशाको व्यवस्था र ख्रीष्टमा भएको अनुग्रहको बीचमा आकाश-पातालको भिन्नता छ।

## ट) विश्राम-दिनको सम्बन्धमा उठेको वादविवाद (मर्कूस २ः२३-२८)

**मर्कूस २ः२३-२४ः** यहाँ घटेको घटनाचाहिँ प्रभु येशूले अघिल्लो खण्डमा यहूदी धर्मका रीतिथितिहरू र सुसमाचारले ल्याउने स्वतन्त्रताको बीचमा भइरहेको परस्पर विरोधको विषयमा दिनुभएको शिक्षाको स्पष्ट उदाहरण हो।

विश्राम-दिनमा प्रभु येशू अन्नका बारीहरूबाट भएर जानुभयो; त्यत्ति बेला उहाँका चेलाहरूले खानलाई केही अन्नका बाला टिप्न थाले। यसो गर्दा उनीहरूले परमेश्वरको कुनै आज्ञा उल्लङ्घन गरेनन्। तर बूढ़ा प्रधानहरूका वितण्डा रीतिहरूअनुसार उहाँका चेलाहरूले विश्राम-दिन पवित्र मानेनन्; किनभने उनीहरूले अन्नका बाला टिप्दा 'कटनी गरे' र हातमा माड़ेर 'अन्न झाँटे' होलान्।

**मर्कूस २ः२५-२६ः** तिनीहरूलाई जवाफ दिँदा प्रभु येशूले पुरानो नियमको एउटा घटनाको सहायता लिनुभयो। दाऊदलाई राजाको अभिषेक गरिसकिएको बेलाको कुरा होः शासन गर्नुको सट्टामा दाऊद तिरस्कृत भएका थिए, र सिकारीले बट्टाइ चरालाई/भ्याकुरोलाई खेदेझैं तिनी एक ठाउँदेखि अर्को ठाउँमा खेदिएका थिए। एक दिन तिनको खानेकुरा सकेको थियो; अनि तिनी परमेश्वरको भवनमा गए, र त्यहाँका भेटीका रोटीहरू लिए, खाए र आफ्नो साथमा भएका पुरुषहरूलाई पनि खान दिए। अरू बेला हो भने पूजाहारीहरूले बाहेक अरू कसैले पनि यी भेटीका रोटीहरू खानुहुँदैनथियो। तर दाऊदले यी रोटीहरू खाएकोमा तिनले परमेश्वरबाट कुनै हप्की पाएनन्। किन? किनकि इस्राएलमा कतिपय कुराहरू मिलेका थिएनन्। तिनीहरूले दाऊदलाई राजा

तुल्याएनन्, र तिनलाई तिनले पाउनुपर्ने स्थान दिएनन् । यसैले परमेश्वरले दाऊदलाई यस्तो एउटा काम गर्न दिनुभयो, जुन काम अरू बेला हो भने नियम-विरुद्ध ठहरिनेथियो ।

अनि प्रभु येशूलाई पनि ठीक यस्तै भएको थियो । उहाँ परमेश्वरका अभिषिक्त जन हुनुहुन्थ्यो; तर यहूदीहरूले उहाँलाई राज्य गर्न दिएनन् । इस्राएलमा कुरा कहाँसम्म बिग्रेको थियो, सो उहाँका चेलाहरूबाट स्पष्ट बुझिन्छः उनीहरूले प्रभुको साथमा यात्रा गर्दा आफ्नो भोक मेटाउन अन्नका बाला टिप्नुपरेको थियो । फरिसीहरूले येशूका चेलाहरूलाई दोष लगाउनुको सट्टामा बरु उहाँलाई र उहाँका चेलाहरूलाई पाहुना सत्कार पो गर्नुपर्नेथियो ।

लौ मानिलिऔंः भेटीका रोटीहरू खाएर दाऊदले व्यवस्थाको कुनै नियम भङ्ग गरे अरे; यसो भए पनि परमेश्वरले तिनमा कुनै दोष पाउनुभएन, तिनलाई हप्काउनुभएन । कति बढ़ता गरी येशूका चेलाहरू निर्दोष थिए; किनभने उनीहरूले उस्तै-उस्तै परिस्थितिमा केवल बूढ़ा प्रधानहरूका रीतिथिति भङ्ग गरेका थिए ।

छबीस पदले भन्छः महापूजाहारी अबियाथारका दिनहरूमा दाऊदले यी भेटीका रोटीहरू खाए । तर १ शामूएल २१ः१ पदअनुसार अहिमेलेक-चाहिँ ती पूजाहारी थिए; अनि अबियाथारचाहिँ अहिमेलेकका बुवा थिए । ती महापूजाहारीले दाऊदप्रति विश्वासी रहन चाहन्थे होला, र त्यस कुराले तिनलाई यस अनौठा परिस्थितिमा एकै क्षण व्यवस्थाको यस नियमबाट हट्ने वाध्यतामा पारेको होला ।

**मर्कूस २ः२७-१८ः** आफ्नो स्पष्टीकरणको अन्तमा प्रभु येशूले परमेश्वरले मानिसलाई बन्धनमा पार्नलाई होइन, तर मानिसको भलाइका निम्ति विश्राम-दिन स्थापित गर्नुभएको हो भन्ने सम्झना फरिसीहरूलाई दिलाउनुभयो । अनि यसमा थपेर उहाँले भन्नुभयोः मानिसका पुत्र विश्राम-दिनको पनि प्रभु हुनुहुन्छ । यो विश्राम-दिनको नियम बनाइदिनुहुने उहाँ नै हुनुहुन्छ । यसैले विश्राम-दिनमा कुन कुरा गर्नु उचित छ र कुन कुरा गर्नु मनाही छ, सो ठहराउने अधिकार उहाँको हो । निस्सन्देह, विश्रामको दिनमा नभई नहुने आवश्यक कामहरू नगर्नू वा

उपकारका कामहरू नगर्नू भन्ने उद्देश्यले विश्राम-दिन कदाचित स्थापित भएकै होइन। याद गर्नुहोस्! इसाईहरूले विश्राम-दिन पालन गर्नुपर्दैन। विश्रामको दिनचाहिँ इस्राएली जातिलाई दिइएको दिन हो। प्रभुका जनहरूले कुनै विशेष दिन मान्ने हो भने हप्ताको पहिलो दिन अर्थात् प्रभुको दिन मान्नुपर्छ। तर प्रभुको दिन भन्दाखेरि त्यस दिनमा गर्न हुने र गर्न नहुने थुप्रै नियमहरूयुक्त दिन सम्झनुहुँदैन। प्रभुको दिन बरु सौभाग्ययुक्त दिन हो, जब सांसारिक कामधन्दाबाट छुट्टी पाएर ख्रीष्ट-विश्वासीहरूले सेवा-आराधना गर्ने गर्छन्, र आफ्नो आत्माको पालन-पोषणमाथि ध्यान लगाउँछन्। 'प्रभुको दिनमा यो गर्नुहुन्छ र त्यो गर्नुहुँदैन' भन्ने प्रश्नअनुसार होइन, तर 'परमेश्वरको महिमा, मेरा छिमेकीहरूको भलाइ र मेरो आत्मिक उन्नतिका निम्ति म प्रभुको दिन कसरी प्रयोग गरूँ' भन्ने सोचविचारअनुसार चल्नु बेस हो।

## ठ) परमेश्वरका दासले विश्राम-दिनमा निको पार्ने काम गर्दै हुनुहुन्छ (मर्कूस ३:१-६)

**मर्कूस ३:१-२:** विश्राम-दिनमै अर्को जाँचरूपी निहुँ उठ्‍यो। प्रभु येशू फेरि सभाघरभित्र पस्नुभयो। त्यहाँ उहाँले हात सुकेको मानिसलाई देख्नुभयो। तब प्रश्न उठ्‍योः 'के प्रभु येशूले विश्राम-दिनमा कहीं त्यस मानिसलाई निको पार्नुहुन्छ कि?' उहाँले त्यसलाई निको पार्नुभयो भने फरिसीहरूको विचारअनुसार आफ्नो हातमा उहाँको विरोधमा चलाउन सक्ने ठोस कारण पर्नेथियो। तिनीहरूका कत्रो छलकपट र झूटो व्यवहार! एक क्षण विचार गर्नुहोस्! तिनीहरूले त्यस मानिसलाई अलि कति पनि सहायता गर्दैनथिए, र त्यसलाई सहायता गर्न चाहने जुनसुकै व्यक्तिसित नाराज थिए। जीवनका स्वामी प्रभुलाई दोष लगाउन सकौं भनेर तिनीहरूले कुनै निहुँ खोजिरहेका थिए। विश्राम-दिनमा प्रभु येशूले निको पार्ने काम गर्नुभएमा तिनीहरू ब्वाँसाहरूले आफ्नो सिकारमाथि जाइलागेझैं उहाँमाथि जाइलागेका थिए।

**मर्कूस ३:३-४:** प्रभु येशूले त्यस हात सुकेको मानिसलाई बीचमा खड़ा हुने आज्ञा गर्नुभयो। यो कस्तो कुतूहलयुक्त क्षण थियो! तब उहाँले

फरिसीहरूलाई सोध्नुभयोः 'विश्राम-दिनहरूमा भलाइ गर्नु उचित छ कि खराबी गर्नु उचित छ? ज्यान बचाउनु उचित छ कि मार्नु उचित छ?' उहाँको यस प्रश्नले फरिसीहरूको दुष्ट्याइँ प्रकट गर्‍यो। तिनीहरूको विचारमा, विश्राम-दिनमा उहाँले कसैलाई निको पारेर आश्‍चर्य कर्म गर्नुचाहिँ अनुचित थियो; तर तिनीहरूका निम्ति विश्राम-दिनमा उहाँलाई मार्ने युक्ति रच्नुचाहिँ बेठीक थिएन।

**मर्कूस ३ः५ः** तिनीहरूले कुनै जवाफ दिएनन्। यसको कारण बुझ्नु सजिलो छ। यस सन्नाटाले छाया परेको लज्जित क्षणपछि उहाँले त्यस मानिसलाई 'तिम्रो हात बढ़ाऊ' भन्ने आज्ञा गर्नुभयो। उसले आफ्नो हात पसारेको मात्र के थियो, उसको सुकेको हातमा बल पस्यो, उसको हात मासुले भरियो, चाउरीहरू सब हटिगए, त्यो हात अर्कोजस्तै स्वस्थ्य भइहाल्यो।

**मर्कूस ३ः६ः** फरिसीहरूले यो सहन सकेनन्। तिनीहरू बाहिर निस्के, र उहिलेदेखिकै तिनीहरूका शत्रु हेरोदीहरूसँग भेट भए; यिनी-हरूसँग मिलेर तिनीहरूले येशूलाई मार्ने मतो गरे। विश्राम-दिन अझ चल्दैथियो, अझ सिद्धिएको थिएन। हेरोदले बप्तिस्मा दिने यूहन्नाको हत्या गरेका थिए; हुन सक्छ, अब तिनका मानिसहरू येशूको हत्यामा पनि उत्तिकै सफल हुनेछन् होला भन्ने आशा फरिसीहरूले लिइराखेका थिए।

## ड) मानिसहरूका ठूला-ठूला भीड़हरू परमेश्‍वरका दासको वरिपरि धुइरे (मर्कूस ३ः७-१२)

**मर्कूस ३ः७-१०ः** सभाघरबाट निस्केपछि प्रभु येशू हटेर गालीलको समुद्रतिर जानुभयो। परमेश्‍वरको वचनमा समुद्रले प्रायः अन्यजाति-हरूलाई सङ्केत गर्दछ। यसैले हामी भन्न सक्छौंः उहाँ समुद्रतिर जानुभएको अर्थचाहिँ यहूदीहरूबाट फर्केर उहाँ अन्यजातिहरूकहाँ जानुभयो। गालीलबाट, अँ, गालीलबाट मात्र होइन, तर टाढ़ा-टाढ़ा ठाउँहरूबाट पनि मानिसहरूको ठूलो भीड़ उहाँकहाँ आयो। यति ठूलो भीड़ लागेको थियो, कि निको हुन चाहना लिएर आउने मानिसहरूले

उहाँलाई नमिच्लान् भन्ने हेतुले प्रभु येशूले समुद्रमा किनारादेखि अलि परसम्म हट्न भनी एउटा सानो डुङ्गा माग्नुभयो ।

**मर्कूस ३ः११-१२ः** जब दुष्ट आत्माहरूले उहाँलाई देख्थे, तब तिनीहरू 'तपाई परमेश्वरका पुत्र हुनुहुन्छ' भन्दै कराउँथे । तर उहाँले तिनीहरूलाई 'एई, यसो नभन्' भनेर कड़ा आज्ञा गर्नुभयो । पहिले हामीले भनिसक्यौंः उहाँले दुष्ट आत्माहरूको साक्षी ग्रहण गर्नुहुन्न नै । परमेश्वरका पुत्र हुनुभएको कुरा उहाँले इन्कार गर्नुभएन, तर परमेश्वरका पुत्र भईकन प्रकट हुने आफ्नो समय र आफ्नो परिचय दिने तरिका उहाँ आफैले रोज्न चाहनुभएको थियो । येशूसँग सबैलाई निको पार्ने शक्ति थियो, तर उहाँले आफ्नो शक्ति तिनीहरूका निम्ति मात्र प्रयोग गर्नुभयो, जो सहायता पाउन उहाँकहाँ आएका थिए। अनि मुक्तिको सम्बन्धमा कुरा पनि यस्तै छ। सबका सबैलाई बचाउने उहाँको शक्ति पर्याप्त हुन्छ, तर उहाँको शक्ति उनीहरूमा मात्र कार्यकारी हुन्छ, जसले उहाँमाथि भरोसा राख्छन् ।

मुक्तिदाता प्रभुको सेवकाइबाट हामी के सिक्छौं भने, खाँचो परेको परिस्थिति र बोलावट एउटै कुरा होइनन्। येशूको चारैतिर सर्वत्र खाँचैखाँचो थियो, तर कहिले र कहाँ सेवा गरूँ भन्ने विषयमा उहाँले परमेश्वर पिताका आदेशहरूमा भर पर्नुभयो । तब हामीले पनि उहाँका आदेशहरूमा भर पर्नुपर्छ ।

## ३) मर्कूस ३ः१३- ८ः३८ः परमेश्वरका दासले आफ्ना चेलाहरूलाई बोलाउनुहुन्छ र तालिम दिनुहुन्छ

### क) बाह्र चेलाहरू अर्थात् प्रेरितहरू चुनिए (मर्कूस ३ः१३-१९)

**मर्कूस ३ः१३-१८ः** सारा संसारभरि नै सुसमाचार प्रचार गर्ने नियत कामसित मुखामुख हुनुभएको प्रभु येशूले बाह्र चेलाहरूलाई नियुक्त

गर्नुभयो । उहाँले नियुक्त गर्नुभएका पुरुषहरूमा कुनै विशेषता थिएन । तर येशू प्रभुसँगको उनीहरूको घनिष्ट सम्बन्धले नै उनीहरूलाई महान् तुल्याएको हो ।

उनीहरू जवान मानिसहरू थिए । श्री जेम्स् ई. स्टूवर्टले प्रभुका चेलाहरूको युवा अवस्थाको सम्बन्धमा निम्न उत्तम टिप्पणी गरेका छन्ः

*'इसाई धर्म जवान मानिसहरूको अभियानबाट शुरु भएको हो । ... । तर दुःखलाग्दो कुरा के हो भने, यो वास्तविकताचाहिँ धेरैजसो इसाई चित्रकलामा र इसाई प्रचारमा धमिलो पारिएको हो । तर यो कुरा निश्चित छः शुरुका चेलाहरूको झुण्डमा प्रायः सबैजना जवान थिए । यसैले ती जवान मानिसहरूको अभियानको रूप लिएको इसाई धर्मले संसारमा प्रवेश गरेको कुरामा अचम्म मान्नुहुँदैन । येशूको पछि लाग्दाखेरि प्रेरितहरूमध्ये प्रायः सबैजनाको उमेर बीसबाइस भएको थियो । ... । हामीले कहिल्यै भुल्नुहुँदैन, प्रभु येशू आफूमाथि 'जवानीको शीत' छँदै सेवकाइमा उत्रनुभयो (भजन ११०ः३; यही भजन प्रभु येशूले आफूमा लागू गर्नुभयो, अनि पछि प्रेरितिक मण्डलीले पनि यो पद यही अर्थमा प्रयोग गऱ्यो) । पछिबाट ख्रीष्ट-विश्वासीहरूले रोमका 'क्यातकोम्बस्' नामक सुरुङ्गहरूका भित्ताहरूमा आफ्ना स्वामीको नक्सा कोर्दाखेरि उहाँलाई वृद्ध, थकित र पीड़ित हुनुभएको रूप दिएनन्, तर उहाँलाई जवान गोठालाको रूप दिए, जसले बिहानीको नौलो किरणले पोतिएको मनोहर डाँड़ाहरूहुँदो आफ्नो बगाल चराउँदै गर्नुभएको थियो । श्री आइजक वट्सको प्रख्यात स्तुतिगानको मौलिक रूपमा हामीले यस सत्यताको साक्षी पाउँछौंः*

*जब म त्यस अचम्भित क्रूसलाई हेर्दछु,*
*जसमाथि महिमित युवक राजकुमारले त्याग्नुभयो प्राण ।*

*अनि प्रभु येशूबाहेक अरू कसैले युवकको हृदयमा कत्रो उमङ्ग, वीरता, उदारता र आशा बसेको हुन्छ, सो बुझेको छैन । जवान-हरूमाथि अचानक आइपर्ने एकलोपन, तिनीहरूलाई सताउने*

*स्वप्नाहरू, गुप्तमा चलिरहेका संघर्षहरू र ठूला-ठूला परीक्षाहरूको विषयमा कसैले पनि जान्दैन, प्रभु येशूले मात्र जान्नुहुन्छ। किशोर अवस्थाचाहिँ परमेश्वरका निम्ति कसैको आत्मालाई प्रभावित पार्न सबभन्दा उत्तम अवसर हो भन्ने कुरा प्रभु येशूले छरलङ्गै बुझ्नुभएको हो; किनकि यही अवस्थामा मनमा अघि सुतिरहेका नौला-नौला कल्पना र भावनाहरू उठिरहेका हुन्छन्, र आफ्नो सामु एउटा नयाँ संसार खोलेको महसुस गरिन्छ। ... । बाह्र प्रेरितहरूको कहानी पढ्दा हामीले जवान मानिसहरूका वीरताको वर्णन अध्ययन गर्न पाउँछौं। हामी उनीहरूलाई आफ्ना स्वामीको पछि लागेका र एउटा अज्ञात भविष्यतिर अघि बढ़िरहेका देख्दैछौं, जब उहाँ को हुनुहुन्छ, उनीहरूले किन उहाँलाई पछ्याइरहेका वा उहाँले उनीहरूलाई कहाँ लानुभएको, सो उनीहरूलाई राम्ररी थाहै थिएन। तर उहाँमा एउटा यस्तो अलौकिक आकर्षण थियो, जसले उनीहरूलाई मोहित पारेको थियो; उहाँको मनमा एउटा अप्रतिरोध्य कुरा थियो, जसले उनीहरूलाई पक्रिराखेको थियो, र जसले उनीहरूलाई फेरि छोड्दैनथियो। साथीसङ्गीहरूले उनीहरूको दिल्लगी गर्दा, शत्रुहरूले उनीहरूको विरोधमा षड्चन्त्रहरू रच्दा, उनीहरूको मनमा कहिलेकहीं उनीहरूको विश्वास हल्लाउने शङ्काहरू उठ्दा यस धन्दाबाट फुट्ट निस्कन पाऊँ हुने गरी झिजो/झर्को लागेर पनि उनीहरू लीन भएर येशूसित टाँसिरहे। यी निराशाहरूबाट भएर जाँदा उनीहरू विजयी बने; उनीहरूको विश्वास झन् दह्रो भयो; अन्तमा उनीहरूले ठूलो सम्मान कमाए, जसरी 'टे डेउम'ले उनीहरूको नाम यसो राख्छः 'प्रेरितहरूको महिमित दल'। प्रेरितहरूको जीवनमा ध्यान दिनु लाभदायक कुरा हो; किनकि हुन सक्छ, यसो गर्दा हामी पनि उनीहरूलाई प्रेरित पार्ने आत्माको प्रभावमा पर्छौं कि, र येशूको जीवन-शैलीरूपी चालमा चल्न थाल्छौं कि ?'* [४]

ती बाह्रजनालाई बोलाउनुमा प्रभुका तीनवटा उद्देश्यहरू थिएः **अ)** उनीहरू उहाँको साथमा रहून्, **आ)** उहाँले उनीहरूलाई पचार गर्न पठाउन सकून्, अनि **इ)** उनीहरूले रोगहरू निको पार्ने र दुष्ट आत्माहरू निकाल्न सक्ने अधिकार पाऊन्।

तर पहिले उनीहरूको तालिमको समय आइरहेको थियो। पहिले व्यक्तिगत रूपले उनीहरूलाई गुप्तमा तयार गराउनु थियो; त्यसपछि उनीहरू खुला रूपले प्रचार गर्न सक्षम हुनेथिए। यो सेवाको एक आधारभूत नियम हो। पहिले हामीले प्रभुको साथमा समय बिताउनुपरेको छ, त्यसपछि मात्र हामी उहाँका प्रतिनिधि भएर सेवामा निस्कन सक्छौं।

दोस्रो, उनीहरूलाई प्रचार गर्न पठाइयो। परमेश्वरको वचनको प्रचारचाहिँ उनीहरूको सुसमाचार फैलाउने मौलिक प्रविधि/तकनिकी थियो; वचनको प्रचारमा नै उनीहरूको सेवा केन्द्रित रहनु थियो, र अरू कुनै कुराले पनि यसको ठाउँ लिनुहुँदैनथियो।

अन्तमा, उनीहरूलाई अलौकिक शक्ति दिइयो। परमेश्वरले यी प्रेरितहरूमार्फत बोल्नुभएको हो भन्ने कुरा मानिसहरूको सामु प्रमाणित गर्नलाई उनीहरूलाई दुष्ट आत्माहरू निकाल्ने शक्ति दिइएको थियो। पवित्र बाइबल लेख्ने काम अझ सकिएको थिएन। यसैले आश्चर्य कर्महरूले परमेश्वरका सन्देशवाहकहरूलाई सिफारिस गर्दथे। हामीसँग पूर्णतया परमेश्वरको वचन छ। आजका मानिसहरूले परमेश्वरको सम्पूर्ण वचन पाएका छन्। प्रमाण-स्वरूप अचम्मका कामहरू नदेखीकन मानिसहरूले परमेश्वरको वचनमा विश्वास गर्नुपर्छ। यो सबै मानिसहरूको कर्तव्य हो।

**मर्कूस ३:१९:** अरू प्रेरितहरूका नामको बीचमा यहूदा इस्करयोतीको नाममाथि हाम्रो ध्यान पर्छ; किनभने प्रेरित हुनलाई चुनिएको त्यस व्यक्तिमा एउटा रहस्य लुकेको छ। त्यो कसरी प्रभुलाई विश्वासघात गरेर सुम्पने व्यक्ति बन्यो ? कुनै प्रतिभावान्, गम्भीर र भक्त मानिसलाई केही समयपछि आफ्ना मुक्तिदाता प्रभुबाट पछि हटेर उहाँलाई क्रूसमाथि झुन्ड्याएर मार्ने त्यस संसारमा फर्केको देख्नु नै प्रभुको सेवामा सबभन्दा नमीठो, मुटु छेड्ने अनुभव हो।

एघारजनाचाहिँ प्रभुप्रति विश्वासी बनिरहे, अनि उनीहरूद्वारा प्रभु येशूले संसारलाई उथलपुथल पार्नुभयो। उनीहरू एउटा क्षेत्रदेखि अर्को क्षेत्रमा सुसमाचार प्रचार गरेर सुसमाचार अझ अरू क्षेत्रहरूतिर बढ़ाउँदै सुसमाचार रिङ्गै/चारैतिर फैलाउँदै रहे र यसो गर्दा उनीहरूले सबै

ठाउँहरूमा नयाँ ख्रीष्ट-विश्वासीहरूलाई जन्माउँदैथिए। एक प्रकारले, हामी पनि, जसले आज प्रभु येशूमा मुक्ति पाएका छौं, उनीहरूको सेवाबाट पैदा भएका, उनीहरूको समयदेखि लगातार फलिरहेका फलका फलहरू हौं। ख्रीष्ट येशूका निम्ति हाम्रो प्रभाव टाढ़ा-टाढ़ासम्म पुग्दैछ, आखिर कहाँसम्म पुग्ने हो, यसको साध्य छैन।

## ख) पवित्र आत्माको निन्दाचाहिँ क्षमा नहुने पाप हो (मर्कूस ३:२०-३०)

**मर्कूस ३:२०-२१:** जुन पहाड़मा प्रभु येशूले आफ्ना प्रेरितहरूलाई बोलाउनुभयो, त्यस पहाड़बाट फर्केपछि उहाँहरू गालीलको कुनै एउटा घरमा पस्नुभयो। त्यहाँ एउटा ठूलो भीड़ फेरि भेला भइगयो, यहाँसम्म कि उहाँ र उहाँका प्रेरितहरू यति व्यस्त भइरहे, कि उहाँहरूले खाना खाने समय पाउनुभएन। येशू अति उद्यमी हुनुभएको कुरा सुनेर उहाँका आफन्तहरूले उहाँलाई समातेर साथमा लैजान खोजे, किनकि उहाँको होस ठेगानमा छैन भन्ने तिनीहरूलाई लागेको थियो। आफ्नो परिवारमा यस्तो पगला धर्मोन्मत्त व्यक्ति हुनुचाहिँ तिनीहरूका निम्ति शर्मको कुरा थियो; यसमा शङ्का छैन।

श्री जे. आर. मिलरले यसको व्याख्यान यसो गरेका छन्:

*'प्रभुको कहिल्यै कम नहुने अटुट जोश देखेर उहाँका आफन्तहरूले एउटै निष्कर्षमा पुगेः उहाँ बौलाउनुभएको हुनुपर्छ। आजकल आफ्ना स्वामीप्रतिको प्रेमले प्रेरित भएर प्रभुको कुनै भक्त अनुयायीले आफूलाई पूरा बिर्स्यो भने हामीले उसको विषयमा प्रायः उस्तै-उस्तै कुरा गरेको सुन्दछौं। मानिसहरूले भन्छन्ः 'ऊ पगला भएको हुनुपर्छ।' तिनीहरूको विचारमा, आफ्नो विश्वासले प्रेरित भई आफ्नो जीवनमा असाधारण जोश देखाउने जो पनि व्यक्ति पागल हुनुपर्छ। प्रभुका सेवामा अरू सामान्य इसाईहरूभन्दा बढ़ी गम्भीर वा ज्यादा दिलोज्यान भएको भाइबहिनीको होस ठेगानमा नरहेको ठानिन्छ। ...। तर यस प्रकारको पागलपन बढ़िया हो। तर दुःखलाग्दो कुरा के छ भने, यस्तो असामान्य जोश प्रायः पाइँदै पाइँदैन। बढ़ी मात्रामा यस*

*प्रकारको जोश भएका भाइबहिनीहरू भएका भए हाम्रा गिर्जाघरहरूको वरिपरि जिउने मानिसहरूमध्ये यति धेरैजना मुक्ति नपाई मर्नुपर्ने-थिएनन्; तब आत्मिक अन्धकारले छाया परेका देशहरूमा सुसमाचार पुऱ्याउन मिशनरीहरूको रूपमा पठाउन सकिने मानिसहरू र पैसा पाउन गाह्रो हुनेथिएन; तब हाम्रा मण्डलीहरूमा यति धेरै ठाउँहरू खाली रहनेथिएनन्; तब हाम्रा प्रार्थना-सभाहरूमा अन्तर्विन्ती चढ़ाउने क्रम बीच-बीचमा लामा-लामा विरामहरूद्वारा रोकिनेथिएन; तब सण्डे स्कूलहरूमा पढ़ाउने शिक्षक-शिक्षिकाहरूको अभाव हुनेथिएन। हाम्रा प्रभुझैं अथवा प्रेरित पावलझैं सबै इसाईहरू आत्मिक उन्मादले भरिनुचाहिँ के साह्रै सुन्दर, महिमित कुरा हुनेथियो !*

*हामीलाई यहाँ यस ठाउँमा भन्न करै लाग्छः यस संसारमा जिएर अर्को संसारमा एकैक्षणसम्म पनि कुनै विचार नपुऱ्याउनु नै खास पागलपन मानिनुपर्छ। मुक्ति नपाई दिनदिनै मरिरहेका आत्माहरूको माझमा लगातार जिएर तिनीहरूमाथि कहिल्यै नटिठ्याउनु, तिनीहरूको हराएको अवस्थामा कुनै विचार नपुऱ्याउनु र तिनीहरूलाई बचाउन कुनै कदम नउठाउनु, कुनै कोशिश नगर्नु ? योभन्दा ठूलो पागलपन के हो त ? हो, ठण्डा मगज र सेलाएको मन लिएर नाश भइरहेका आत्माहरूको कुनै परवाह नराख्नु कसैलाई सजिलो लाग्ला; तर याद गर्नुहोस्ः हामी आफ्ना समाजका दाजुभाइहरूका गोठाला हौं ! ! तिनीहरूको अनन्त मुक्तिको केही वास्ता नराख्नु – योजस्तै ठूलो दुर्व्यवहार, योजस्तै ठूलो भूलचूक कुनै पनि हुँदैन।'* [ङ]

परमेश्वरका निम्ति जोशले आगैआगो भएको मानिस सधैं आफ्ना दौंतरहरूको दृष्टिमा पगला वा अनौठो देखा पर्छ; यो साँचो छ। ख्रीष्ट येशूसित जति बढ़ी हाम्रो चरित्र मिल्न जान्छ, त्यत्ति नै बढ़ी हाम्रा आफन्त र इष्टमित्रहरूले हाम्रो कुरा बुझ्दैनन् भन्ने तीतो अनुभव हामीले गर्नुपर्दछ। हामीले धन कमाउने कुनै प्रयास गरेका भए संसारका मानिसहरूले हामीलाई वाह-वाह गर्नेथिए। तर येशू ख्रीष्टका निम्ति हामी जोसिला भएका छौं भने तिनीहरूले हामीलाई अवश्य छिःछि-दूरदूर गर्नेछन्।

**मर्कूस ३ः२२ः** शास्त्रीहरूले उहाँलाई पगला हुनुभएको सम्झेनन्। तर तिनीहरूले उहाँलाई 'यसले ता दुष्ट आत्माहरूको शासक बेल्जेबुलको शक्तिले दुष्ट आत्माहरू निकाल्छ' भन्ने दोष लगाए। बेल्जेबुलको शाब्दिक अर्थ 'जेबुब'बाट 'गोबरका झिङ्गा' र 'बाल'बाट 'मालिक वा देवता'को अर्थ आउँछ, यी शब्द जोड्दा 'गोबरका झिङ्गाको मालिक' वा 'घुरानको मालिक/देवता' भन्ने अर्थ निस्कन्छ। तिनीहरूको यो आरोप कति गम्भीर, कति दुष्ट, कति निन्दात्मक थियो।

**मर्कूस ३ः२३ः** पहिले प्रभु येशूले तिनीहरूले लगाएको दोषको खण्डन गर्नुभयो, त्यसपछि उहाँले यस्तो आरोप लगाउनेहरूमाथि आइपर्ने अनन्त विनाशको घोषणा गर्नुभयो। बेल्जेबुलको सहायता लिएर उहाँले दुष्ट आत्माहरू निकाल्नुभयो भने शैतानले आफ्नै विरोधमा काम गर्दैथियो, र आफ्नै उद्देश्यहरू विफल तुल्याउँदैथियो। किनकि दुष्ट आत्माहरूबाट मानिसहरूलाई छुटकारा दिनु होइन, तर तिनीहरूको सहायताले मानिसहरूलाई वशमा पार्नु शैतानको उद्देश्य हो।

**मर्कूस ३ः२४-२६ः** यस्तो कुनै राज्य, कुनै घर-परिवार, वा कुनै व्यक्ति छैन, जसले आपसी फाटो भएको अवस्था सहन सक्दछ। दिगो रहनु हो भने भित्री एकता र सहकारिता चाहिएको छ, फुट र विरोध होइन।

**मर्कूस ३ः२७ः** शास्त्रीहरूले लगाएको दोष आधारहीन, अर्थहीन थियो। वास्तवमा, तिनीहरूले भनेको ठीक उल्टो काम प्रभु येशूले गर्नुभयो। उहाँले गर्नुभएका अचम्मका कामहरूचाहिँ शैतान जागेर उठेको, त्यसको शक्ति बढ़ेको चिन्ह होइन, तर शैतान हारेको, त्यो पतित भएको चिन्ह पो थिए। **'कसैले बलियो मानिसलाई पहिले बाँधेन भने त्यसले त्यसको घरभित्र पस्न र त्यसका मालसामान लुट्न सक्दैन; त्यसपछि मात्र त्यसले त्यसको घर लुट्नेछ'** भनेर मुक्तिदाता प्रभुले भन्नुभएका शब्दको अर्थ यही थियो।

शैतान त्यो बलियो मानिस थियो। अनि त्यसको घर त्यसले आफ्नो शासन चलाएको क्षेत्र अर्थात् त्यसको राज्य हो। शैतान यस संसारको देव हो। त्यसको वशमा भएका मानिसहरू त्यसका मालसामान हुन्। प्रभु येशू

ती मानिस हुनुहुन्छ, जसले शैतानलाई बाँधेर त्यसको घर लुट्नुहुन्छ। ख्रीष्ट येशूको दोस्रो आगमनमा शैतान बाँधिनेछ र एक हजार वर्षसम्म अथाह कुण्डमा फालिनेछ। यस पृथ्वीमा मुक्तिदाता प्रभुले आफ्नो सेवकाइभरि दुष्ट आत्माहरू निकाल्नुभएको कार्यले उहाँले शैतानलाई सम्पूर्ण रूपले बाँध्नुहुने कुराको पूर्वजानकारी दिएको थियो।

**मर्कूस ३ः२८-३०ः** ती शास्त्रीहरूमाथि प्रभु येशूले अनन्त दण्डको फैसला घोषणा गर्नुभयो, किनकि तिनीहरूले कहिल्यै क्षमा नहुने पाप गरेका थिए। उहाँले तिनीहरूलाई दोषी ठहऱ्याउनुभयो; किनभने प्रभु येशूले पवित्र आत्माको शक्तिले दुष्ट आत्माहरू निकाल्नुभएको कुरा तिनीहरूले शैतानको शक्तिले गरेको काम हो भनेर उहाँलाई झूटो दोष लगाएका थिए। यसो गर्दा तिनीहरूले खास गरी पवित्र आत्मालाई दुष्ट आत्मा भनेका थिए। यो हो पवित्र आत्माको विरोधमा गरिने निन्दा। सबै प्रकारका पापहरूको क्षमा हुन सक्छ, तर पवित्र आत्माको निन्दा कहिल्यै क्षमा नहुने पाप हो; यो अनन्त पाप हो।

तर के अचेलका मानिसहरूले यो पाप गर्न सक्छन् के? शायद गर्न सक्दैनन्; किनकि योचाहिँ प्रभु येशू यस पृथ्वीमा उपस्थित हुनुहुँदा उहाँले अचम्मका कामहरू गर्नुभएको बेलामा गरिएको पाप हो। अनि आज उहाँ संसारमा शरीरमा उपस्थित हुनुहुन्न, उहाँ स्वयम्ले दुष्ट आत्माहरू निकाल्नुहुन्न; यसैले त्यत्ति बेलामा भएझैं पवित्र आत्माको निन्दा गर्ने परिस्थिति नमिल्ला। 'अहह, मैले पवित्र आत्माको निन्दा गरेछु-गरेछु' भनेर जति मानिसहरूले चिन्ताफिक्री गर्छन्, तिनीहरूले यो पाप गरेकै हुँदैनन्; तिनीहरूको मनको खेदले नै यो कुरा देखाउँदछ; किनभने पवित्र आत्माको निन्दा गर्ने मानिसको मनमा पश्चात्तापको कुनै पनि लक्षण देखा पर्दैन।

## ग) परमेश्वरका दासकी खास आमा र उहाँका खास भाइहरू को-को हुन्? (मर्कूस ३ः३१-३५)

येशूकी आमा उहाँका भाइहरूको साथमा उहाँसँग कुरा गर्न आइन्। भीड़ले गर्दा उनीहरू उहाँकहाँ पुग्न सकेनन्। यसैले उनीहरूले 'हामी

तपाईंका निम्ति बाहिर पर्खिरहेका छौं' भन्ने खबर पठाए। 'हेर्नुहोस्, तपाईंकी आमा र तपाईंका भाइहरूले[च] तपाईंलाई खोज्दै हुनुहुन्छ' भन्ने खबर उहाँलाई सुनाइएपछि उहाँले वरिपरि आफ्नो चारैतिर बस्नेहरूलाई हेर्नुभयो, र परमेश्वरको इच्छा पूरा गर्नेहरू नै उहाँकी आमा र उहाँका भाइहरू हुन् भनेर बताउनुभयो।

हाम्रा निम्ति यहाँबाट हामीले सिक्नुपर्ने कति पाठहरू उठेका छन्ः

**अ)** प्रथम, प्रभु येशूका यी शब्दहरूले मरियमको पूजा गर्नेहरूलाई हप्काउँछन्। मरियमचाहिँ उहाँकी शारीरिक आमा थिइन्; र उहाँले यही स्तरमा नै तिनलाई आमा भनेर आदर गर्नुहुन्थ्यो भन्ने कुरा कसैले इन्कार गर्दैन। तर उहाँले यस खण्डमा के भन्नभयो भने, शरीरको नाताभन्दा आत्मिक नाता ठूलो हो। माता मरियमले परमेश्वरको इच्छा पूरा गरेर नै आफ्नो इज्जत बढ़ाउनेछिन्, येशूकी माता भएकी नाताले होइन।

**आ)** प्रभुका यी शब्दहरूले माता मरियम सदा कन्या रहिरहिन् भन्ने शिक्षा झूटो ठहराउँछन्; किनभने येशूका भाइहरू भएका रहेछन्। उहाँ मरियमका जेठा छोरा हुनुहुन्थ्यो, तर पछिबाट तिनका अरू छोराहरू र छोरीहरू जन्मे (मत्ती १३ः५५, मर्कूस ६ः३, यूहन्ना २ः१२ र ७ः३, ५ र १०, साथै प्रेरित १ः१४ र १ कोरिन्थी ९ः५, गलाती १ः१९ र भजन ६९ः८ पनि हेर्नुहोला)।

**इ)** प्रभु येशूले शरीरका स्वाभाविक सम्बन्धहरूभन्दा परमेश्वरका इच्छाका कुराहरू उच्च स्थानमा राख्नुभयो। उहाँले आफ्ना अनुयायीहरूलाई अझै यसो भन्दै हुनुहुन्छः ***'कोही मानिस मकहाँ आउँछ र आफ्ना बुवा, आमा, पत्नी, छोराछोरीहरू, दाजुभाइहरू र दिदी-बहिनीहरूलाई, अँ, आफ्नै प्राणलाई पनि घृणा गर्दैन भने त्यो मेरो चेला हुनै सक्दैन'*** (लूका १४ः२६)।

**ई)** यस खण्डले हामीलाई के सम्झना गराएको छ भने, ख्रीष्ट-विश्वासीहरूचाहिँ रगतको नाताले बाँधिने साइनुभन्दा अझ बलिया डोरीहरूले अरू सङ्गी-विश्वासीहरूसँग बाँधिएका हुन्छन्; विशेष गरी जब हाम्रा आफन्तहरू प्रभुमा छैनन्, तब यो कुरा झन् बढ़ी सत्य ठहर्छ।

**ङ)** अन्तमा, प्रभु येशूले यस खण्डमा परमेश्वरको इच्छा पूरा गर्ने कुरामा बढ़ी महत्त्व दिनुभएको छ र यस कुरामा बढ़ी जोड़ दिनुभएको छ। 'के म यस आत्मिक मापदण्डमनिबाट चिर्छु कि ? के यस दृष्टिकोणले म उहाँकी खास आमा, वा उहाँको खास भाइ हुँ त ?' भन्ने पश्न आफूलाई सोधौं।

## घ) बीउ छर्नेको दृष्टान्त (मर्कूस ४:१-२०)

**मर्कूस ४:१-२:** यहाँ प्रभु येशूले फेरि पनि समुद्रको किनारामा शिक्षा दिनुभयो। भीड़को कारणले उहाँ फेरि पनि एउटा डुङ्गामा चढ़्नुभयो र समुद्रमा किनारादेखि अलि पर गएपछि त्यहाँबाट आफ्नो सिकाउने काम शुरु गर्नुभयो। अनि आफ्नो वरिपरि भएको प्रकृतिबाट फेरि पनि कति उदाहरणहरू लिएर उहाँले आत्मिक पाठहरू सिकाउनुभयो। उहाँले भौतिक जगतमा आत्मिक वास्तविकताहरू देख्नुहुन्थ्यो। ती वास्तविकताहरू त्यहाँ छन्, हामी सबैका निम्ति त्यहाँ छन्; देख्नेले तिनलाई देख्छ।

**मर्कूस ४:३-४:** यो दृष्टान्त बीउ छर्नेको दृष्टान्त हो। यसमा एकजना बीउ छर्ने छ, बीउ छ र किसिम-किसिमको माटो छ। बाटोको किनाराको माटो चार्मो छ; यसमा बीउ उम्रन सक्दैन, त्यसले जरा हाल्न सक्दैन। चराहरू आए र यो बीउ खाइदिए।

**मर्कूस ४:५-६:** ढुङ्गेनी माटो भन्नाले पहरामाथि-माथि पातलो हुने गरी एक तहको माटो मात्र छ। माटोको गहिराइ नभएको हुनाले बीउले गहिरो हुने गरी जरा गाड्न पाएन।

**मर्कूस ४:७:** काँड़ाको घारीरूपी जमिनमा काँड़ाका झाङहरू थिए, जसले बीउलाई निस्सासिदिए; किनकि यी काँड़ाहरूले गर्दा बीउले न पोषण, न घामको उज्यालो पाउन सक्यो।

**मर्कूस ४:८-९:** असल जमिनमा गहिराइ थियो; यसको माटो मलिलो थियो। त्यो बीउका निम्ति साह्रो उपयोगी थियो। यसैले कुनै बीउले तीस गुणा, अरू बीउले साठी गुणा, फेरि अरू बीउले सय गुणा फल फलायो।

**मर्कूस ४ः१०-१२ः** जब चेलाहरू प्रभुसँग एकलै भए, तब उनीहरूले उहाँलाई 'तपाईंले दृष्टान्तहरूमा किन बोल्नुभयो' भनेर सोधे। जवाफमा उहाँले यसो भन्दै यसको कारण बताउनुभयोः परमेश्वरको राज्यको रहस्य जान्नका निम्ति ग्रहण गर्ने हृदय भएको व्यक्ति हुनुपर्छ। यस्ताहरूले मात्र बुझ्नेछन्। नयाँ नियमभरि नै रहस्य भन्दाखेरि के बुझिन्छ भने, रहस्यचाहिँ अहिलेसम्म नजानिएको एउटा सत्यता हो, जो मानिसहरूले दिव्य प्रकाश नपाएसम्म कहिल्यै जान्नेछैनन्। तब परमेश्वरको राज्यको रहस्य निम्न सत्यताहरू समावेश छन्ः

**अ)** इस्राएलको राजाको रूपमा आफूलाई तिनीहरूकहाँ प्रकट गर्नुहुँदा प्रभु येशू तिनीहरूद्वारा इन्कार हुनुभयो।

**आ)** यस संसारमा उहाँको राज्य देख्ने गरी स्थापित हुनुभन्दा अघि एउटा अन्तराल अवधि बीचमा आउँछ।

**इ)** यस अन्तरिम अवधिभरि यस राज्यले एक आत्मिक रूप धारण गर्नेछ। राजाको अनुपस्थितिमा जत्तिले येशूलाई राजा भनी स्वीकार गर्नेछन्, उनीहरू सबै राज्यभित्र आइसकेका हुन्छन्।

**ई)** यस सारा अन्तरिम अवधिभरि नै परमेश्वरको वचनरूपी बीउ छरिनेछ। यसको नतिजा भिन्नभिन्न हुनेछ। कति मानिसहरूले साँचो तवरले प्रभुलाई अपनाएका हुन्छन्, तर अरू मानिसहरू नामधारी इसाई मात्र हुन्छन्। इसाई नाम भएका सबैजना राज्यको 'स्वीकार गर्नेहरूको बाहिर क्षेत्र'मा पर्नेछन्, तर राज्यको 'वास्तविकताको भित्री क्षेत्र'मा उनीहरूले मात्र प्रवेश गर्नेछन्, जसको विश्वास साँचो विश्वास ठहरिनेछ।

एघार र बाह्र पदहरूले यो सत्यता किन दृष्टान्तहरूमा प्रस्तुत गरियो, सो कुरा स्पष्ट पारेका छन्। परमेश्वरले आफ्ना घरपरिवारलाई मात्र हुने रहस्यहरू अरू कसैलाई प्रकट गर्न चाहनुहुन्न, तर उहाँले केवल उनीहरूलाई प्रकट गर्नुहुन्छ, जसका हृदय खुला, ग्रहण गर्न तयार र आज्ञाकारी हुन्छन्। जतिजनाले तिनीहरूलाई दिइएको प्रकाश इन्कार गर्छन्, तिनीहरूबाट उहाँले आफ्नो सत्यता लुकाइराख्नुहुन्छ। यस्ता

मानिसहरूलाई प्रभु येशूले 'बाहिर हुनेहरू'को नाम दिनुभयो। **'हेर्दाखेरि तिनीहरूले देखून् तर चाल नपाऊन्, सुन्दाखेरि तिनीहरूले सुनून् तर नबुझून्; नत्र ता कतै तिनीहरू फर्कलान्, र तिनीहरूका पाप तिनीहरूलाई क्षमा होलान्'** – बाह्र पदका यी शब्दहरूको भाषा अनियत पाठकलाई निक्कै रूखो र पक्षपाती लाग्न सक्छ।

तर हामीले यी मानिसहरूले पाएको अति ठूलो सौभाग्य भुल्नुहुँदैन। परमेश्वरका पुत्र तिनीहरूको माझमा रहनुहुन्थ्यो र उहाँले तिनीहरूलाई सिकाउनुभएको र तिनीहरूको सामु थुप्राथुप्रै अचम्मका र सामर्थ्यका कामहरू गर्नुभएको थियो। उहाँलाई वास्तविक मसीहको रूपमा स्वीकार गर्नुको सट्टामा तिनीहरूले हालैमा उहाँलाई इन्कार/तिरस्कार गरिरहेका थिए। तिनीहरूले संसारको ज्योतिमा लात हानेका हुनाले तिनीहरू उहाँका शिक्षारूपी प्रकाशदेखि वञ्चित भए। अबदेखि उसो तिनीहरूले उहाँका अचम्मका कामहरू देख्न त देख्नेछन्, तर तिनको आत्मिक महत्त्व बुझ्नेछैनन्; तिनीहरूले उहाँको प्रवचनहरू सुन्न त सुन्नेछन्, तर तिनमा भएका गहिरा-गहिरा अर्थ र शिक्षाको गुण ग्रहण गर्न सक्दैनन्।

अन्तिम पल्ट सुसमाचार सुनेको कुरा हुन्छ है। पाप गर्दै बस्दा अनुग्रहको समयचाहिँ बितिजानु सम्भव हुन्छ नि। कति मानिसहरू मुक्ति पाउन सकिने सीमा नाघेका छन्। मुक्तिदाता प्रभुलाई इन्कार गर्ने यस्ता पुरुष र स्त्रीहरू छन्, जसले कहिल्यै फेरि पश्चात्ताप गर्ने कुनै पनि मौका पाउनेछैनन्, जसका पापहरू कहिल्यै क्षमा हुनेछैनन्। हुन सक्छ, तिनीहरूले सुसमाचार सुन्ने मौका फेरि पाउलान्, तर शुभ सन्देशचाहिँ तिनीहरूका बोधा कानमा र तिनीहरूको कठोर मनभित्र पस्नै सक्दैन। हाम्रो भनाइ छः 'जबसम्म एउटा मानिस जीवित छ, तबसम्म आशा छ।' तर पवित्र बाइबलले यस्ता मानिसहरूको विषयमा बताउँछ, जो जिउँदा हुँदाहुँदै पनि पश्चात्ताप गर्ने मौका पाउने सीमा नाघेका छन् (उदाहरणका निम्ति हिब्रू ६ः४-६ हेर्नुहोला)।

**मर्कूस ४ः१३ः** लौ, हामी बीउ छर्नेको यस दृष्टान्तमा फर्कौं! प्रभु येशूले आफ्ना चेलाहरूलाई सोध्नुभयोः उनीहरूले यति सरल दृष्टान्त बुझ्न सकेनन् भने उनीहरूले यसभन्दा गाह्रा दृष्टान्तहरू कसरी बुझ्न सक्नेथिए त?

**मर्कूस ४:१४:** बीउ छर्ने को थियो, सो कुरा मुक्तिदाता प्रभुले बताउनुभएन। बीउ छर्नेचाहिँ कि त उहाँ स्वयम् हुनुहुन्छ, कि त सुसमाचार प्रचार गर्ने उहाँका प्रतिनिधिहरू हुन्। उहाँले भन्नुभएअनुसार बीउचाहिँ वचन हो।

**मर्कूस ४:१५-२०:** किसिम-किसिमको जमिनले मानिसहरूका हृदय कस्ता-कस्ता हुन्छन् र ती हृदयहरूले छरिएको वचन कुन-कुन प्रकारले ग्रहण गर्छन्, सो कुरा सङ्केत गरेको छ। वचन निम्न चार प्रकारले ग्रहण गरियोः

*पन्ध्र पदः* बाटोको किनाराको चाम्रो माटो। त्यस्तो हृदय कड़ा/कठोर हुन्छ। त्यस्तो व्यक्ति ढिँड़ छ, त्यसको मन चूर्ण भएको छैन। त्यसले प्रभु येशूलाई बिलकुलै अस्वीकार गर्छ। चराहरूले शैतानलाई सङ्केत गर्छन्, जसले वचनरूपी बीउ खोसेर लैजान्छ। पापी मानिसले सन्देश सुन्छ, तर वचनले त्यसको मनमा कुनै असर पार्दैन। त्यसलाई कुनै घत लाग्दैन, त्यो विचलित हुँदैन। त्यसलाई विरक्त लाग्दैन, पछि पनि त्यसलाई कुनै अनुभूति/अनुभव हुँदैन।

*सोह्र र सत्र पदः* ढुङ्गेनी माटो। त्यस व्यक्तिले हल्का पाराले वचन ग्रहण गर्छ। हुन सक्छ, सुसमाचारको प्रचार सुन्दा प्रभुलाई ग्रहण गर्ने कुनै आवेगपूर्ण निम्तो पाएर त्यसले ख्रीष्ट येशूलाई विश्वास गरेको कुनै भावात्मक अङ्गीकार गर्छ। हुन सक्छ, यो एक दिमागी सहमति मात्र थियो; यसमा त्यस मानिसले आफूलाई वास्तविक रूपले ख्रीष्ट येशूको हातमा समर्पण गरेको देखिँदैन। त्यसले वचन खुशीसाथ ग्रहण गर्छ; खुशी नभईकन तर बरु पूरा पश्चात्तापी र चूर्ण भएर त्यसले वचन ग्रहण गरेको भए बढ़ियो हुनेथियो। केही समयसम्म त्यो विश्वासमा राम्ररी बढ़ेको देखिन्छ, तर आफ्नो विश्वासको अङ्गीकारले गर्दा कष्ट र खेदोमा पर्दाखेरि त्यसले प्रभुलाई पूरा त्याग्छ; किनभने त्यो यसको दाम चुकाउन तयार छैन। जबसम्म लोकलाई मन परेको छ, तबसम्म त्यसले 'म इसाई हुँ' भन्छ, तर सतावटले त्यसको साँचो रूप जाहेर गर्छ।

*अठार र उन्नाइस पदः* काँड़ाहरूको बीचमा। यी मानिसहरूले पनि असल प्रकारले विश्वासमा शुरु गर्छन्। बाहिर हेर्दाखेरि तिनीहरू बिलकुल

साँचो ख्रीष्ट-विश्वासीहरूजस्तै देखा पर्दछन् । तर त्यसपछि तिनीहरूको ध्यान आफ्नो कामधन्धामाथि र सांसारिक चिन्ताफिक्रीका विषयहरूमाथि पर्न जान्छ । तिनीहरू धनी हुने अभिलासाले तल्लीन हुन्छन् । तिनीहरूले विस्तारै आत्मिक कुराहरूमा चासो राख्न छोड्छन् । अन्तमा तिनीहरू 'म ख्रीष्ट्यान होइनँ' धरि भन्न पुग्छन् ।

*बीस पदः* असल जमिन । यहाँहरूले जति मूल्य चुकाउनुपरे पनि पक्का गरी वचन ग्रहण गर्छन् । उनीहरू नयाँ जन्म पाएका व्यक्तिहरू हुन् । उनीहरू ख्रीष्ट राजाका भक्त प्रजा हुन् । न संसारले, न शरीररूपी उनीहरूको पापी स्वभावले, न शैतानले ख्रीष्ट येशूमाथि राखेको उनीहरूको भरोसा हल्लाउन सक्दछन् ।

तर वचन सुन्नेहरूमा असल जमिन ठहरिएकाहरूको बीचमा पनि फल फलाउने सम्बन्धमा भिन्नता पाइन्छ । कसैले तीस गुणा, कसैले साठी गुणा, कसैले सय गुणा फल फलाउँछ । कम्ती फल वा बढ़ी फल फलाउने कुरा केमा भर पर्छ ? जसले वचन तत्कालै पालन गर्छ, शङ्का र वादविवाद नगरी वचन पालन गर्छ, आनन्दसाथ वचन पालन गर्छ, उसले बढ़ी फल फलाउने नै छ ।

## ङ) वचन सुन्नेहरूको जिम्मेवारी (मर्कूस ४ः२१-२५)

**मर्कूस ४ः२१ः** बत्तिले यहाँ ती सत्यताहरूलाई सङ्केत गर्छ, जो प्रभु येशूले आफ्ना चेलाहरूलाई सुम्पिदिनुभयो । ती सत्यताहरू पाथीमनि वा खाटमनि राख्नुहुँदैन; तर सबैले देख्ने गरी ती सत्यताहरू प्रकाशमा आउनैपर्छ । यस पाथीमा के अर्थ लगाऔं ? यो पाथी हाम्रो व्यवसाय हुन सक्छ, जसले त्यसलाई मौका दियो भने प्रभुलाई दिनुपर्ने समय खाइदिन्छ । खाटले कुन कुरा सङ्केत गर्ला ? त्यसले ऐस-आराम वा अल्छीपनको चित्रण गर्छ; यी दुवै कुराहरू सुसमाचारको कामका शत्रु हुन् ।

**मर्कूस ४ः२२ः** प्रभु येशूले दृष्टान्तहरू लिएर भीड़हरूसित बोल्नुभयो; यी दृष्टान्तहरूभित्र कुनै न कुनै सत्यता लुकेको थियो । तर चेलाहरूले यिनमा लुकिराखेका सत्यताहरू इच्छुक व्यक्तिहरूलाई अर्थ

खोलेर बताइदिऊन् भन्ने परमेश्वरको इच्छा थियो। तर यो पनि बाइस पदको अर्थ हुन सक्छः एक दिन आउनेछ, जब गुप्त राखिएका र लुकेका सबै कुराहरू प्रकट हुनेछन्; सबै कुराहरू प्रकट गर्ने त्यस दिनको निरन्तर सम्झना गरेर चेलाहरूले प्रभुको सेवा गर्नुपर्छ; किनभने त्यस दिनले मुक्तिदाता प्रभुका निम्ति साक्षी भएर जिउनुको सट्टामा हामीले व्यवसायलाई वा सुखविलासलाई हाम्रो ध्यान र मन खिच्न दिएको कुरा प्रकट गर्नेछ।

**मर्कूस ४:२३ः** अघिल्ला शब्दहरूमा ठूलो गम्भीरता छ। यस कुरामा प्रभु येशूले जोड़ लगाउन चाहनुभयो; यसैले उहाँले यहाँ यस ठाउँमा **'कसैका सुन्ने कानहरू छन् भने त्यसले सुनोस्!'** भन्ने अर्तीपूर्ण वचन थप्नुभयो।

**मर्कूस ४:२४ः** प्रभु येशूले अझै गम्भीर चेताउनी थपेर यसो भन्नुभयोः **'तिमीहरूले के सुन्दछौ, यसको विषयमा होशियार होओ!'** हामीले परमेश्वरको वचनमा कुनै आज्ञा देख्छौं, सुन्छौं, पढ्छौं, तर त्यसलाई पालन गर्दैनौं भने मैले अरू कसैलाई पनि 'फलाना आज्ञा पालन गर' भनेर आदेश दिन सक्दिनँ। मानिसहरूले प्रचारकको जीवनमा उतारेको सत्यता देख्नुपर्छ; तब उनको शिक्षामा सिकाउने शक्ति, अधिकार र उनको सेवा गर्ने क्षेत्र पनि बढ्छ।

जुन सत्यता हामी अरू मानिसहरूसित बाँड़चूड़ गर्छौं, त्यो हाम्रो नाप हो; त्यस हाम्रो नापअनुसार हामी साउँ र त्यसको सुद त्यसको सुदसित फिर्ता पाउँछौं। शिक्षकले आफ्नो पाठ तयार गर्दा शुष्यहरूले भन्दा धेरै कुरा सिकेका हुन्छन्। अनि यसो गर्दा लागेको हाम्रो थोरै खर्चले भविष्यमा ठूलो इनाम कमाउनेछ।

**मर्कूस ४:२५ः** हरेक पल्ट जब हामीले हाम्रा निम्ति नयाँ, हामीलाई ताजा लाग्ने कुनै सत्यताको प्रकाश प्राप्त गर्छौं र त्यो प्रभुबाट पाएको ज्ञान हाम्रो जीवन र व्यवहारमा उतार्छौं, तब पक्का पनि हामीलाई फेरि अझ अरू सत्यताहरू दिइनेछ। तर जुन सत्यतारूपी ज्ञान हामीले प्राप्त गर्‍यौं, तर त्यस कुराले हाम्रो जीवनमा कुनै प्रतिक्रिया ल्याउँदैन भने त्यो कुरा हामी गुमाउँछौं।

## च) बढ्ने बीउको दृष्टान्त (मर्कूस ४ः२६-२९)

यहाँ प्रस्तुत गरिएको दृष्टान्त मर्कूसको सुसमाचारको पुस्तकमा मात्र पाइन्छ। यसको अर्थ हामी कम्तीमा दुई किसिमले बुभ्न सक्छौं। पहिलो अर्थ लगाउमा, बीउ छर्ने व्यक्ति प्रभु येशू हुनुहुन्छ, जसले यस संसारमा आफ्नो सेवकाइभरि नै बीउ छर्नुभयो, त्यसपछि उहाँ स्वर्गमा फर्कनुभयो; तब त्यो बीउचाहिँ रहस्यमय तरिकाले, थाहा नपाउने गरी, तर रोक्न नसकिने गरी बढ्न थाल्छ। जुन कुरा सानो शुरुवात मात्र देखिन्थ्यो, त्यो साँचो विश्वासीहरूरूपी ठूलो फसल बन्यो। तब अन्नरूपी फल पाक्छ, तब फसलचाहिँ उठाइन्छ र स्वर्गीय ढुकुटीमा राखिन्छ।

अथवा दोस्रो अर्थअनुसार, यस दृष्टान्तबाट उहाँका चेलाहरूलाई उत्साह मिलोस् भन्ने उद्देश्यले दिइएको हुन सक्छ। बीउ छर्ने जिम्मेवारी उनीहरूको हो। राति सुत्ने र बिहान उठ्ने व्यक्तिहरूचाहिँ उनीहरू हुन्; किनकि परमेश्वरको वचन परमेश्वरकहाँ त्यसै, रित्तो फर्किने होइन, तर त्यसले उहाँ जे चाहनुहुन्छ, सो पूरा गर्नेछ भन्ने कुरा उनीहरूले जान्दछन्। त्यो वचनरूपी बीउ रहस्यमय ढङ्गले बढ्छ, अँ, अचम्म प्रकारले बढ्छ; यसमा न मानिसको बल, न मानिसको सीप, न त्यसको बुद्धि चाहिन्छ। परमेश्वरको वचनले आफैआफ मानिसको हृदयमा काम गर्दछ र परमेश्वरका निम्ति फल उत्पादन गर्दछ। मानिसले रोप्छ र पानी हाल्छ, तर परमेश्वरले त्यसको वृद्धि गराउनुहुन्छ। यस प्रकारको अर्थ लगाउमा उनन्तीस पदले समस्या ल्याउँछ; किनकि फसल काट्ने बेलामा परमेश्वरले मात्र हँसिया लगाउन सक्नुहुन्छ। तर यस दृष्टान्तमा बीउ छर्ने मानिसले नै फसल पाक्ने बेलामा हँसिया लगाउँदो रहेछ।

## छ) रायाको बीउको दृष्टान्त (मर्कूस ४ः३०-३४)

**मर्कूस ४ः३०-३२ः** यस दृष्टान्तले परमेश्वरको राज्यको वृद्धि कुन प्रकारले हुँदछ, सो चित्रण गर्छ; शुरुमा त्यसको रूप रायोको दानाजत्रो अति सानो हुन्छ, तर बढेपछि त्यो एउटा रूख वा ठूलो पोथ्रा बन्छ, यति ठूलो कि चराहरू आएर त्यसका हाँगाहरूमा वास बस्छन्। परमेश्वरको

राज्य सानो भएर सतावटमा परेको अल्प सङ्ख्यक झुण्डबाट शुरु भएकै हो । तर त्यसपछि त्यो निक्कै लोकप्रिय बन्यो, र कति सरकारहरूले इसाई धर्म आफ्नो राष्ट्र धर्म तुल्याए । यस प्रकारको वृद्धि अद्‌भुत, तर हानिकर थियो; किनकि धेरै मानिसहरूले मुखले ख्रीष्ट राजालाई स्वीकार गरे, तर त्यो प्रायः केवल ओठको भक्ति थियो; तिनीहरूले साँचो तवरले प्रभुलाई अपनाएका थिएनन् ।

श्री वान्स हव्नरले भन्छन्ः

*'ख्रीष्टको मण्डलीका विश्वासीहरूको जीउमा घाउका दागहरू जबसम्म आलै थिए, तबसम्म ख्रीष्टको मण्डली बढ्दैथियो । तर जुन बेलादेखि इसाईहरूले तक्माहरू पाउन थाले, त्यस बेलादेखि अवस्था बिग्रियो र आत्मिक क्षीणता आउन थाल्यो । इसाईहरूले रङ्गशालाहरूमा टिकट काटेर मुख्य मञ्चमा बसीकन रमिता हेर्ने दिनहरूभन्दा उनीहरू सिंहहरूको मुखमा फ्याँकिएका दिनहरूचाहिँ मण्डलीका निम्ति उत्तम दिनहरू भएका रहेछन् ।'* [छ]

यसकारण रायाको रूखले इसाई धर्मको नक्सा कोर्छ, जो किसिम-किसिमका झूटा शिक्षकहरूको वास बस्ने विश्रामस्थल भएको छ । त्यस रूखले परमेश्वरको राज्य त्यसको हालैमा भइरहेको बाहिरी रूपमा दर्साएको हो ।

**मर्कूस ४ः३३-३४ः** तेतीस र चौतीस पदमा शिक्षा दिने तरिकाको सम्बन्धमा हाम्रा निम्ति केही मुख्य कुराहरू पेस गरिएका छन्ः प्रभु येशूले मानिसहरूलाई तिनीहरूको सुन्ने क्षमता भएअनुसार सिकाउनुहुन्थ्यो । मानिसहरूले अगाड़ि पाइसकेको ज्ञानमाथि उहाँले आफ्नो शिक्षा निर्माण गर्दै लानुहुन्थ्यो । पहिलो पाठ नपचेसम्म उहाँले अर्को पाठ सिकाउनुहुन्नथियो; यसरी उहाँले तिनीहरूलाई ज्ञान पच्ने समय दिनुहुन्थ्यो । उहाँको वचन सुन्नेहरूको सुन्ने शक्ति मध्यनजर राखेर उहाँले तिनीहरूको मगजमा पस्न सक्ने मात्रामा तिनीहरूलाई सिकाउनुहुन्थ्यो (यूहन्ना १६ः१२, १ कोरिन्थी ३ः२ र हिब्रू ५ः१२ पद पनि हेर्नुहोला) । हाम्रो विचारमा, कतिपय प्रचारकहरूले यस्ता कुराहरू नबुझीकन प्रभु येशूले 'मेरा भेड़ाहरू चराऊ' नभनेर 'मेरा जिराफहरू चराऊ' भन्नुभएझैं एकै चोटि

भक्कु दिने प्रभुको पद्धतिसित नमिल्दो सिकाउने तरिका अपनाएका हुन्छन्।

प्रभुको सर्वसाधारण शिक्षा दृष्टान्तहरूयुक्त भए पनि उहाँ आफू आफ्ना चेलाहरूसँग एकलै हुँदा उहाँले उनीहरूलाई तिनको अर्थ बताउनुभयो। इमानदारसाथ प्रकाशको चाहना गर्नेहरूलाई उहाँले ज्ञानको प्रकाश दिनुहुन्छ।

## ज) आँधी र छालहरूसमेत परमेश्वरका दासको अधीनमा हुन्छन् (मर्कूस ४:३५-४१)

**मर्कूस ४:३५-३७:** त्यही दिन, साँझ परेपछि प्रभु येशू र उहाँका चेलाहरूले गालीलको समुद्रको पारिपट्टिको पूर्वीय किनारातिर समुद्र यात्रा गर्न थाल्नुभयो। उहाँहरूले अगाड़ि कुनै तयारी गर्नुभएन। त्यहाँ अरू ससाना डुङ्गाहरू पनि उहाँहरूलाई पछ्याउँदै आइरहेका थिए। अचानक ठूलो आँधी चल्न थाल्यो, अनि अग्ला-अग्ला छालहरू त्यस डुङ्गामाथि बजारिए, र त्यसलाई डुबाउलान् जस्तै गरे।

**मर्कूस ४:३८-४१:** त्यति बेला प्रभु येशू डुङ्गाको पछिल्लो भागमा सुतिरहनुभएको थियो। डरले आत्तिएका चेलाहरूले उहाँलाई ब्यूँझाए। 'हामी नष्ट भइरहेछौं, र के तपाईं वास्ता गर्नुहुन्न?' भन्दै उनीहरूले उहाँलाई हप्काए। तब प्रभु उठ्नुभयो, अनि उहाँले बतास र छालहरूलाई हकार्नुभयो। तुरुन्तै सब वातावरण बिलकुल शान्त भइगयो। चेलाहरू डराइरहेका र उनीहरूले उहाँमाथि भरोसा नराखेको हुनाले उनीहरूले उहाँको एकैक्षणको हप्की खानुपर्‍यो। यो अचम्मको काम देखेर उनीहरू तीनछक परे। उनीहरूले प्रभु येशूलाई चिन्दथे; ता पनि उहाँले प्रकृतिलाई आफ्नो वशमा पार्नुभएको शक्तिको काम देखेर उनीहरू फेरि पनि प्रभावित भए।

यस घटनाले प्रभु येशू मानिस हुनुहुन्थ्यो र परमेश्वर पनि हुनुहुन्थ्यो भन्ने कुरा प्रमाणित गरेको छ। मानिस भई उहाँ डुङ्गाको पछिल्लो भागमा सुतिरहनुभएको थियो; उहाँ बोल्नुभयो, र समुद्र शान्त भइहाल्यो; त्यो उहाँको ईश्वरत्वको प्रदर्शन हो।

यस घटनाले प्रकृतिमाथि प्रभु येशूको अधिकारको प्रदर्शन गरेको छ, जसरी यसभन्दा अघिका अचम्मका कामहरूले रोगहरूमाथि र दुष्ट आत्माहरूमाथि उहाँको अधिकार देखाएका थिए।

अन्तमा, यस घटनाले हामीलाई हाम्रा जीवनमा आँधीहरू चलेका सब समयमा हामी प्रभुकहाँ जानुपर्छ र उहाँमा शरण लिनुपर्छ भन्ने उत्साह दिन्छ, यो जानेर कि जुन डुङ्गामा प्रभु हुनुहुन्छ, त्यो डुङ्गा कहिल्यै डुब्नै सक्दैन।

*तपाईंचाहिँ ती प्रभु हुनुहुन्छ, जो त्यस डुङ्गाभित्र त्यस सिरानीमाथि आफ्नो शिर राखेर सुत्नुभएको थियो;*

*तपाईंचाहिँ ती प्रभु हुनुहुन्छ, जसले उर्लिरहेको समुद्रलाई शान्त पार्नुभएको थियो।*

*तब हुत्त्याउने बतासहरू र उर्लिरहेका छालहरूको के मतलब?*

*डुङ्गामा तपाईंको साथमा रहन पाए बस, भइगयो!!*

सुश्री एमी करमाइकल

## ञ) दुष्ट आत्माहरू लागेको गादारेनी निको भएको (मर्कूस ५:१-२०)

**मर्कूस ५:१-५:** गादारेनीहरूको[ञ] देश गालीलको समुद्रको पूर्व-पट्टिको मुलुक हो। त्यस जग्गामा प्रभु येशूको भेट एउटा अति डरलाग्दो मानिससित भयो, जो धेरै दुष्ट आत्माहरूको वशमा थियो, र जो समाजलाई आतङ्कित पार्ने त्रासको पात्र थियो। बितेका दिनहरूमा त्यसलाई ऐंचमा पार्ने जुनै पनि प्रयत्न विफल भएको थियो। त्यो मानिस चिहानहरूहुँदो बस्थ्यो, र पहाड़हरूतिर सधैं ठूलो, झर्को सोरले चिच्च्याउँदै हिँड्थ्यो, र तीखा-तीखा ढुङ्गाहरूले आफूलाई चिराचिरै पार्थ्यो।

**मर्कूस ५:६-१३:** जब त्यस दुष्ट आत्माहरू लागेको मानिसले प्रभु येशूलाई देख्यो, तब त्यो आएर प्रभु येशूलाई आदरसाथ ढण्डवत् गर्‍यो, तर त्यसपछि 'तपाईंसँग मेरो के काम छ' भनेर कटु सिकायत गर्‍यो।

स्क्रिप्चर यूनियनको दैनिक टिप्पणीमा यसो लेखिएको छः *'त्यस मान्छेले चाहिँ साँच्चै कति सोच्नीय र भयानक चित्र दिन्छः एकपट्टि भक्तिसाथ झुकेर त्यसले विश्वाससाथ प्रभुको सामु आफ्नो विन्ती चढ़ाएको थियो, तर अर्कोपट्टि त्यसले उहाँलाई घृणा गर्थ्यो, उहाँको निन्दा गर्थ्यो, र उहाँसँग डराउँथ्यो – त्यो दुईसुरे, स्वतन्त्र हुन खोज्ने, तर आफ्नो कुलतमा पनि लीन हुने चाहने ! !'*

घटनाहरूको क्रममा हेरफेर हुन सक्छ, तर यस प्रकारको भएको हुन सक्छः

**अ)** *छ पदः* त्यस दुष्ट आत्माहरू लागेको व्यक्तिले प्रभु येशूलाई दण्डवत् गर्‍यो ।

**आ)** *आठ पदः* प्रभु येशूले अशुद्ध आत्माहरूलाई त्यस व्यक्तिबाट निस्कने आज्ञा गर्नुभयो ।

**इ)** *सात पदः* दुष्ट आत्माले त्यस मानिसको मुखबाट बोलेर प्रभु येशूलाई 'परमप्रधान परमेश्‍वरका पुत्र येशू' भनेर सम्बोधन गर्‍यो; त्यसले 'तपाईंसँग मेरो के काम छ' भनेर प्रभुको हस्तक्षेप गर्ने अधिकारको विषयमा प्रश्‍न उठायो, अनि कसम खाईकन 'मलाई पीड़ा नदिनुहोस्' भनेर उहाँलाई विन्ती गर्‍यो ।

**ई)** *नौ पदः* प्रभु येशूले त्यस मानिसको नाम सोध्नुभयो । उहाँले 'मेरो नाम फौज हो' भन्ने जवाफ पाउनुभयो । त्यसको मतलब, धेरै दुष्ट आत्माहरूले त्यस मानिसभित्र वास गरेका रहेछन् । यस कुराले दुई पदसित मेल नखाने होइन, जहाँ लेखिएको छः त्यसलाई अशुद्ध आत्मा (एकवचन) लागेको थियो ।

**उ)** *दसदेखि बाह्र पदः* त्यो अशुद्ध आत्माचाहिँ शायद त्यो बोल्ने आत्मा थियो, जसले दुष्ट आत्माहरूको प्रवक्ता भएर 'सुँगुरहरूको बगालभित्र पस्न पाऔं' भनेर प्रभुलाई विन्ती गरेको थियो ।

**ऊ)** *तेह्र पदः* प्रभुले तिनीहरूलाई ती सुँगुरहरूभित्र पस्ने अनुमति दिनुभयो । फलस्वरूप ती दुई हजार सुँगुरहरू वेगले ओरालै-ओरालो दगुरेर समुद्रमा खसे र पानीमा डुबेर मरे ।

प्रभुले ती सुँगुरहरू किन बित्थैमा नाश गर्नुभयो भन्ने गुनासो धेरैपल्ट सुनिएको छ। यसैले यस सम्बन्धमा निम्न कुराहरूमा ध्यान दिनुपर्छः

**अ)** प्रभु येशूले ती सुँगुरहरू नाश गर्नुभएन; तर उहाँले केवल यसो हुने अनुमति दिनुभयो। सुँगुरहरूलाई नष्ट पार्नेहरू ता दुष्ट आत्माहरू पो हुन्; यसैले यो कार्य शैतानको विनाशक काम थियो।

**आ)** सुँगुरहरूका मालिकहरूले न उहाँमा, न यस काममा कुनै दोष पाए। यसको सबै अभिलेखन हेर्नुहोला, तपाईंले कहीं पनि कुनै दोष-आरोपण लगाएको वर्णन पाउनुहुन्न। हुन सक्छ, यी सुँगुर पाल्नेहरू यहूदी थिए, जसलाई सुँगुर पाल्नु मनाही गरिएको थियो।

**इ)** सारा संसारका सुँगुरहरूको भन्दा एकजना मानिसको आत्माचाहिँ अति बहुमूल्य हुन्छ।

**ई)** प्रभु येशूसित भएको ज्ञान हामीसँग भएको भए हामीले पक्का पनि उहाँले गर्नुभएजस्तै त्यही काम गर्नेथियौं।

**मर्कूस ५ः१४-१७ः** आफ्नै आँखाले सुँगुरहरू नाश भएको कुरा देख्ने ती सुँगुर चराउनेहरू भागे, र त्यो खबर आफ्नो शहरमा सुनाए। मानिसहरू सबैजना हेर्न निस्के, र दुष्ट आत्मा लागेको मानिसलाई, जसभित्र अघि त्यस शैतानी फौजले वास गरेको थियो, येशूको छेउमा बसिरहेको, लुगा पहिरेको र ठीक होशमा भएको भेट्टाए। तिनीहरू डराए। कसैले टिप्पणी गरेर भनेः *'अघि प्रभुले समुद्रमा चलिरहेको आँधी शान्त पार्दा मानिसहरू डराएका थिए, र अहिले उहाँले मानिसको मनमा चलिरहेको आँधी शान्त पार्दा तिनीहरू फेरि डराइरहेका छन्।'*

आफ्नै आँखाले देख्नेहरूले पछिबाट आउने मानिसहरूलाई यो सम्पूर्ण घटनाको बेलीबिस्तार गरे। मानिसहरूले यो लिन सकेनन्। तिनीहरूले उहाँलाई 'हाम्रा इलाकाहरूबाट गइदिनुहोस्' भनी विन्ती गरे। हो, थुप्रै सुँगुरहरू नाश भए; तर त्योचाहिँ धक्का लाग्ने कुरा होइन, तर प्रभु येशूलाई पठाइहालेको कुरा नै यस घटनाअन्तर्गत खास धक्का लाग्ने कुरा पो रहेछ। तिनीहरूका निम्ति ख्रीष्ट येशूलाई अतिथिसत्कार गर्ने दाम ज्यादा भएछ।

आज जिइरहेका अनगिन्ती मानिसहरूको चाहना पनि यस्तै छः तिनीहरूले प्रभु येशूलाई तिनीहरूको नजिकै आउन दिँदैनन्, तर आफूबाट टाढ़ा राख्छन्; किनकि उहाँसितको सँगतिले गर्दा कतै तिनीहरूले कनै सामाजिक, आर्थिक वा व्यक्तिगत हानि उठाउनुपर्छ कि भन्ने डर तिनीहरूलाई लागिरहेको छ। आफ्नो धनसम्पत्ति जोगाउन खोज्दा-खोज्दै यस्ता मानिसहरूले आफ्नो अमूल्य आत्मा गुमाइपठाउँछन्।

**मर्कूस ५:१८-२०:** प्रभु येशू डुङ्गा चढून आँट्नुभएको बेलामा अघि दुष्ट आत्माहरू लागेको, तर अब निको भएको मानिसले चाहिँ 'तपाईंसँग रहन/जान पाऊँ' भन्ने विन्ती गर्‍यो। त्यो एक उत्तम अनुरोध थियो, जसले उसले नयाँ जीवन पाएको प्रमाण दिन्छ। तर प्रभु येशूले उसलाई उसकै घरमा पठाउनुभयो; त्यहाँ ऊ परमेश्वरको महान् शक्ति र ठूलो अनुग्रहको जिउँदो साक्षी हुनु थियो। त्यस मानिसले उहाँको आज्ञा मान्यो, र यो सुसमाचार बोकी डेकापोलिसमा प्रचार गर्‍यो; डेकापोलिस अन्तर्गत दसओटा शहरहरू थिए।

'घरमा, आफ्ना मानिसहरूकहाँ जाऊ, र प्रभुले तिम्रा निम्ति कति महान्-महान् कामहरू गर्नुभयो, र तिमीप्रति कत्रो दया देखाउनुभयो, सो तिनीहरूलाई बताइदेऊ' भन्ने आज्ञा परमेश्वरको मुक्ति दिने अनुग्रह अनुभव गरेका सबैजनाका निम्ति हो। किनकि सुसमाचारको प्रचार-प्रसारको कामचाहिँ घरबाट शुरु हुन्छ।

## ट) निको नहुने रोग निको भएको र मरिसकेकी केटी बौरिउठी (मर्कूस ५:२१-४३)

**मर्कूस ५:२१-२३:** गालीलको समुद्रको पश्चिमपट्टि फर्केपछि किनारामा उत्रनसाथ उहाँकहाँ एउटा ठूलो भीड़ भेला भयो। अति आकुल-व्याकुल भएका एकजना बुवा दौड़ेर उहाँकहाँ आए; तिनको नाम याइरस थियो; तिनी सभाघरका शासक थिए। तिनकी सानी छोरी मरिरहेकी थिई। 'आउनुहोस्, उसमाथि आफ्ना हात राखिदिनुहोस्; तब ऊ निको हुनेछ' भनेर तिनले उहाँलाई विन्ती गरे।

**मर्कूस ५ः२४ः** प्रभु येशू 'ल हिँड़' भन्नुभयो र तिनको घरतर्फ लाग्नुभयो। एउटा ठूलो भीड़ले उहाँलाई पछ्यायो; मानिसहरूले उहाँलाई ठेल्न लागे। मानिसहरूको यत्रो खचाखच भइरहेको बेलामा कसैले उहाँलाई विश्वासको साथ छोएको वर्णन पढ्न पाउँदा हामीलाई पूरा चाख लागिरहेको छ।

**मर्कूस ५ः२५-२९ः** एउटी हैरान भएकी स्त्री बीचमा आई याइरसको घरतर्फ जाँदै गर्नुभएको प्रभुलाई रोकी। हाम्रा प्रभुले एकक्षण पनि दिक्क मान्नुभएन; यस्तो रोकावट वा बाधा आइपर्दा उहाँ अलि कति पनि चिढ़िनुभएन। अवरोधहरू आइपर्दा हाम्रो प्रतिक्रिया के-कस्तो हुन्छ होला ?

*'मेरो विचारमा, जब आफूले योजना गरेको, आफ्ना निम्ति तयार गरेको काममाथि आइपर्ने सबै रोकावट र बाधाहरूचाहिँ परमेश्वरबाट पठाइएका जाँचहरू र मलाई शिक्षा दिने माध्यमहरू सम्झन्छु, तब तिनैबाट मलाई सबभन्दा बढ़ी लाभ र सहायता हुँदो रहेछ; किनभने यी रोकावटहरूले मलाई आफ्नो स्वार्थसिद्धिका निम्ति मात्र काम गर्ने खतरादेखि जोगाउने गर्छन्। यिनमा समय मात्र खेर गएको नसम्झौं; यस्तो सोचविचार लिने व्यक्तिले ठूलो भूल गर्छ। होइन, यो ता त्यस दिनको सबभन्दा महत्त्वपूर्ण क्षण/मुहूर्त रहेछ; यही अंश मैले परमेश्वरलाई दिनुपर्ने मेरो सर्वोच्च बलिदान पो सम्झनुपर्छ।'*

चोइस ग्लीनिङ्ग्स् नामक क्यालेण्डरबाट उद्धृत गरिएको

बाह्र वर्षदेखि नै त्यो स्त्रीचाहिँ रगत बग्ने रोगले ग्रस्त भएकी थिई। अनेकौं वैद्यहरूले उसलाई कड़ा दवाईपानी दिएर र विभिन्न उपचारहरूद्वारा उसलाई धेरै दुःखकष्ट दिएका थिए, उसका सबै पैसा सकिएको थियो, तर ऊ बिसेक भइन, तर उसको हालत झन् खराब भएको थियो। उसमा निको हुने आशा मरिरहेको बेलामा कसैले उसलाई येशूको विषयमा बताइदियो। ढिलो नगरीकन उसले उहाँको खोजी गरी। भीड़को बीचबाट चिरेर उसले उहाँको वस्त्रको किनाराको छेउ मात्र छोई, तब उसको रगतको धारा सुकिहाल्यो। आफू निको भएको कुरा उसले आफ्नो शरीरमा थाहा गरी।

**मर्कूस ५ः३०ः** त्यस स्त्रीले आफू सुटुक्क गइहाल्ने विचार गरेकी थिई, तर प्रभु येशूले उसलाई यसो गर्न दिनुभएन। खुल्लमखुल्ला येशूलाई आफ्नो मुक्तिदाताको रूपमा स्वीकार गर्ने मौका दिएर उहाँले ऊ यस आशिषदेखि वञ्चित नहोस् भन्ने चाहना गर्नुभयो। उसले उहाँलाई छुँदाखेरि येशूले आफूबाट दिव्य शक्ति निस्केको चाल पाउनुभयो। उसलाई निको पार्न उहाँले आफ्नो केही थोक खर्च गर्नुपर्‍यो। यसैले उहाँले सोध्नुभयोः 'कसले मेरो लुगा छोयो?' उहाँले यस प्रश्नको उत्तर अघिबाटै जान्नुभएको थियो, तर यस प्रश्नद्वारा उहाँले त्यस स्त्रीलाई भीड़को माझमा उहाँको अगाड़ि आउने मौका दिनुभयो।

**मर्कूस ५ः३१ः** उहाँका चेलाहरूले यो कस्तो मूर्ख प्रश्न सम्झे। धेरै मानिसहरूले उहाँलाई ठेलेका-ठेलेकै गर्छन्। तब 'कसले मलाई छोयो' भन्ने प्रश्न किन सोध्नु? तर शारीरिक स्पर्ष र त्यस साहसी स्त्रीको विश्वासको छुवाइको बीचमा ठूलो भिन्नता छ। शरीरमा प्रभु येशूको अति नजिकै हुनु, तर उहाँमाथि विश्वास नगर्नु सम्भव रहेछ। तर कसैले उहाँलाई विश्वासको साथ छोयो भने प्रभुले यो नजान्नु असम्भव छ, र उहाँलाई छुने व्यक्ति निको नहुनु पनि असम्भव छ।

**मर्कूस ५ः३२-३३ः** डराउँदै र काम्दै त्यो स्त्री अगाड़ि आई, र उहाँको सामु घोप्टो परी। सबै मानिसहरूको सामु उसले प्रभु येशूलाई पहिलो पल्ट स्वीकार गरी।

**मर्कूस ५ः३४ः** त्यसपछि उहाँले ऊसित ढाड़स दिने शब्दहरू बोल्नुभयो। खुल्लमखुल्ला ख्रीष्ट येशूलाई स्वीकार गर्नु अति महत्त्वपूर्ण कुरा हुन्छ; योविना आत्मिक जीवनमा अगाड़ि बढ्न सकिँदैन। साहससित उहाँको पक्ष लिएर उभिँदा उहाँले हाम्रो मन विश्वासको पूरा निश्चयताले भरिदिनुहुन्छ। प्रभु येशूले आफ्ना शब्दहरूले त्यस स्त्रीको शारीरिक चङ्गाइ पुष्टि गर्नुभएन, तर निस्सन्देह, उसलाई उसको आत्माले मुक्ति पाएर यस महान् आशिषमा सहभाही भएकी आश्वासन पनि गर्नुभएको हो।

**मर्कूस ५ः३५-३८ः** यति बेला याइरसकी छोरी मरी भन्ने खबर ल्याउनेहरू आइपुगे। अब गुरुज्यूलाई ल्याउने दरकार भएन। तर

अनुग्रहकारी प्रभुले तत्कालै याइरसलाई विश्वास दिलाउनुभयो। पत्रुस, याकूब र यूहन्नालाई साथमा लिएर उहाँ सभाघरका शासकको घरमा पस्नुभयो। उहाँहरूले त्यहाँ खैलाबैला, अनि रुने र भारी विलाप गर्नेहरूलाई भेट्टाउनुभयो। शोकको बेलामा पूर्वीय घरहरूमा यस्तै हुन्छ। कहिलेकहीं विलाप गर्नेहरूले भाड़ा लिएर यसो गर्छन् रे।

**मर्कूस ५:३९-४२:** जब प्रभु येशूले 'यो ठिटी मरेकी छैन, तर निदाएकी छ' भनेर तिनीहरूलाई भन्नुभयो, तब तिनीहरूले रुन छोड़े र उहाँलाई खिसी गरेर हाँसिदिए। उहाँले त्यस ठिटीका बुवाआमालाई लिएर त्यस निश्चल केटी भएको ठाउँमा जानुभयो। उहाँले उसलाई हातमा समातेर अरामी भाषामा उसलाई भन्नुभयोः 'हे सानी केटी, म तिमीलाई भन्छुः उठ!' तुरुन्तै त्यो बाह्र वर्षको उमेर भएकी ठिटी उठी, र हिँड्न थाली। त्यो देखेर आफन्तहरू आश्चर्यचकित भए; तिनीहरूको खुशीको सीमा रहेन।

**मर्कूस ५:४३:** 'कसैसँग यस अचम्मको कामको चर्च गर्नुहुँदैन' भनेर प्रभु येशूले तिनीहरूलाई कड़ा आज्ञा गर्नुभयो। उहाँले भीड़ैभीड़का मानिसहरूको प्रशंसा/जयघोषमा अलि कति पनि चासो लिनुभएन। होइन, उहाँको लक्ष्यचाहिँ क्रूसमा जानु थियो। यस दृढ़ संकल्पले प्रेरित भई उहाँ क्रूसतिर अघि बढ्नु थियो।

यस अध्यायमा हामीले दुष्ट आत्माहरूमाथि, रोगमाथि र मृत्युमाथि प्रभु येशूको शक्ति भएको कुरा देख्यौं; किनकि त्यो ठिटी वास्तवमा मरेकी थिई। बाइबलका सबै विद्वानहरूले त्यो ठिटी मरेकी मान्दैनन्। किनभने प्रभु येशूले 'यो ठिटी मरेकी छैन, तर निदाएकी छ' भन्नुभयो। यसो भए हुन सक्छ, शायद ऊ पूरै अचेत अवस्थामा थिई होली। ठिटीलाई अचेत अवस्थाबाट उठाउनु वा उसलाई मरेकोबाट उठाउनु – प्रभुका निम्ति के गाह्रो? तर आफै विचार गर्नुहोस्! के प्रभुले त्यस ठिटीलाई मरेकोबाट उठाएको तारिफ ग्रहण गर्नुहुनेथियो, जब उहाँले उसलाई केवल अचेत अवस्थाबाट उठाउनुभएको थियो?

यस अध्यायका अन्तिम शब्दहरूमा ध्यान नलगाई हुँदैन। उहाँले भन्नुभयोः **'उसलाई खान केही दिनू!'** आत्मिक सेवकाइको दृष्टिकोण

लिएर यस कुरालाई 'अनुवर्ती कार्यक्रम' भनिन्छ। नयाँ जीवनको स्फुरण/ढुकढुकीको अनुभव गरेको मानिसलाई खुराकको खाँचो पर्दछ। मुक्तिदाता प्रभुलाई प्रेम गरेको प्रमाण हामीले कसरी दिऔं? उहाँका भेड़ाहरूलाई चराएर नै! उहाँका चेलाहरूका निम्ति यो उहाँलाई प्रेम गर्ने एउटा असल तरिका हो।

## ठ) नासरतमा परमेश्वरका दासको तिरस्कार

**(मर्कूस ६:१-६)**

**मर्कूस ६:१-३:** प्रभु येशू आफ्ना चेलाहरूको साथमा नासरतमा फर्कनुभयो। यो उहाँकै निजी मुलुक थियो। यहाँ उहाँले सिकर्मीको काम गर्नुभएको थियो। विश्राम-दिनमा उहाँले सभाघरमा शिक्षा दिनुभयो। मानिसहरू छक्क परे, र तिनीहरूले उहाँको शिक्षामा प्रकट भएको बुद्धि र उहाँका अचम्मका कामहरूमा देखा परेको अलौकिक शक्ति इन्कार गर्न सकेनन्। तर उहाँलाई परमेश्वरका पुत्रको रूपमा स्वीकार गर्नु, अहँ, त्यो त तिनीहरूले पटक्कै गर्न चाहेनन्। तिनीहरूका निम्ति येशूचाहिँ मरियमका पुत्र, सिकर्मीका छोरा हुनुहुन्थ्यो, जसका भाइबहिनीहरू तिनीहरूको बीचमा जिउँथे। उहाँ पराक्रमी शूरवीर/हीरो भई तिनीहरूकहाँ फर्कनुभए भए शायद तिनीहरूले उहाँलाई सहर्षसाथ स्वागत गर्नेथिए होलान्। तर उहाँ अनुग्रहले पूर्ण भई नम्रता र दीनताले शुसोभित भई तिनीहरूकहाँ आउनुभयो; यसैले तिनीहरूले उहाँमा ठेस खाए।

**मर्कूस ६:४-६:** यही समयमा येशूले स्पष्ट पारेर भन्नुभयोः आफ्नो गाउँघरमा भन्दा अन्य ठाउँहरूमा भविष्यवक्तालाई बढ़ी आदरको साथ स्वागत गरिन्छ। उहाँका आफन्त र इष्टमित्रहरूले उहाँबाट र उहाँको सेवकाइबाट गुण ग्रहण गर्न सकेनन्; किनभने उहाँ तिनीहरूको नजिकका नातेदार हुनुहुन्थ्यो। आफ्नो घरआँगनमा भन्दा प्रभुको सेवा गर्ने अरू कठिन ठावै हुँदैन।

नासरतका मानिसहरू आफैचाहिँ अवहेलित मानिसहरू थिए। 'के नासरतबाट कुनै असल कुरा आउन सक्छ र' भन्ने धारणा व्यापक थियो। तर यहूदी समाजमा तुच्छ ठानिएका यी मानिसहरूले प्रभु येशूलाई नीच

दृष्टिले हेरेका थिए। मानिसको हृदयभित्र गाड़ेको घमण्ड र अविश्वासको कस्तो नमीठो वर्णन ! नासरतमा मुक्तिदाता प्रभुलाई काम गर्न नदिने मुख्य बाधा तिनीहरूको अविश्वास थियो। उहाँले केही बिरामीहरूलाई निको पार्नुभयो; बस यति। तिनीहरूको अविश्वासको कारण उहाँ छक्क पर्नुभयो।

श्री जे. जी. मिलरले भन्दछन्ः

*'यत्रो अविश्वासका खराब नतिजाहरू धेरै छन्। त्यसले परमेश्वरका अनुग्रह र कृपा बग्ने नालीहरू यतिसम्म ठ्याम्म थुन्छ, कि खाँचो परेको मानिसको जीवनकहाँ तपतप आशिषका केही छिटा मात्र पुग्दा रहेछन्।'* [ᵖ]

फेरि पनि प्रभु येशूले आफूचाहिँ एकलो पारिनुभएको, गलत सम्झिनुभएको र तुच्छ ठानिनुभएको नमीठो अनुभव गर्नुपर्‍यो। उहाँका अनुयायीहरूमध्ये धेरैजना यस प्रकारको दुःखपूर्ण, तिक्त अनुभवमा सहभागी भएका हुन्छन्। प्रभुका दासहरू प्रायः विनम्र भेषमा देखा पर्दछन्। के हामी मानिसहरूको बाहिरी रूप मात्र देख्ने आफ्नो आदत नाघेर कसैको साँचो आत्मिकता चाल पाउन र त्यसको सठीक मूल्याङ्कन गर्न सक्छौं ? नासरतमा प्रभुको तिरस्कार भयो; तर निर्भीक येशूचाहिँ वरिपरिका गाउँहरूहुँदो घुम्नुभयो र परमेश्वरको वचन सिकाउनुभयो।

## ड) परमेश्वरका दासले आफ्ना चेलाहरूलाई पठाउनुभयो (मर्कूस ६ः७-१३)

**मर्कूस ६ः७ः** ती बाह्रजनाको प्रचारमा निस्कने समय आएको थियो। अहिलेसम्म उनीहरू अद्वितीय अध्यापकको शिक्षण र अनुशासनको अधीनमा रहेका थिए। अब उनीहरू महिमित शुभ सन्देशका वाहकहरू भई निस्कन लागेका थिए। प्रभुले उनीहरूलाई दुई-दुईजना हुने गरी पठाउनुभयो। यसरी नै परमेश्वरको शुभ सन्देश पुष्टि गर्न दुईजना साक्षीको मुखको गवाही हुने भयो। दुईजना सँग यात्रा गर्दा उनीहरूसँग जुनै पनि परिस्थिति सामना गर्ने शक्ति हुने भयो र उनीहरूले एक-

अर्कालाई सहायता गर्न सक्ने भए। अनि नैतिक हिसाबले गिरेको समाजको बीचमा प्रभुको सेवा गर्नुपरेको बेलामा पनि दुईजनाको उपस्थितिले पनि मद्दत पुऱ्याउनेथियो। त्यसपछि उहाँले उनीहरूलाई अशुद्ध आत्माहरूमाथि अधिकार दिनुभयो। दुष्ट आत्माहरू निकाल्नु एउटा कुरा हो; तर यस्तो शक्ति/अधिकार अरूलाई दिनु अर्को कुरा हो; परमेश्वर मात्र यसो गर्नुहुन्छ र यसो गर्न सक्नुहुन्छ।

**मर्कूस ६:८:** ख्रीष्टको राज्य यस संसारको हुँदो हो ता हाम्रा प्रभुले ८-११ पदमा पढ़िने नियमहरू कहिल्यै दिनुहुनेथिएन; किनकि उहाँका यी नियमहरूचाहिं कुनै सांसारिक नेताले अपनाउने नियमहरूसित बिलकुल मिल्दैनन्। उहाँका चेलाहरूले कुनै बन्दोबस्त नगरी प्रचारको काममा निस्कनुपरेको थियो। उनीहरूसँग न झोला, न रोटी, न ता पटुकीमा पैसा हुनु थियो। उनीहरूले आफ्नो खाँचो कसरी पूरा हुने हो, सो सम्बन्धमा प्रभुमाथि पूरा भरोसा गर्नुपर्‍यो।

**मर्कूस ६:९:** उनीहरूले चप्पल/चट्टी र एउटा लौरो साथमा लैजान पाए। प्रभुले उनीहरूलाई लौरो किन लान दिनुभएको ? बाटोमा कुकुर, सर्प आदि जनावरहरूबाट आफूलाई रक्षा गर्नलाई होला। अनि उनीहरूसँग दौरा पनि एउटा मात्र हुनु थियो। पक्का पनि चेलाहरूको यस छुद्र सम्पत्तिमाथि कसैको आँखा जल्नेथिएन; न उनीहरूको यस धनमा 'ओहो, इसाई धर्ममा पस्दा उनीहरूजस्तै धनी होइन्छ' भन्ने आशा देखेर कोही पनि आकर्षित भएन। होइन, विश्वास दिलाउन उनीहरूसँग जेजति शक्ति थियो, त्यो सबका सब परमेश्वरबाट आएको हुनुपर्छ। आफ्नो सेवकाइमा उनीहरूले पूरा रूपले उहाँमाथि भर पर्नुपरेको थियो। साधारणभन्दा साधारण परिस्थितिहरूको सामना गर्न उनीहरूलाई पठाइन्थ्यो। यसो भए पनि उनीहरू परमेश्वरका पुत्रका प्रतिनिधिहरू हुन्थे, जसले उहाँको अधिकार धारण गरेका थिए।

**मर्कूस ६:१०:** जहाँ-जहाँ उनीहरूलाई पाहुना सत्कार गरिन्थ्यो, त्यस ठाउँबाट नहिड़ेसम्म उनीहरूले त्यो सत्कार स्वीकार गरीकन त्यस घरमा बस्नु थियो। यस आदेशले उनीहरूलाई आफ्ना निम्ति अझ सुविधापूर्ण बस्ने ठाउँहरू खोजिहिँड़्न मनाही गरेको छ। उनीहरूको

कामचाहिँ उहाँकै सन्देश प्रचार गर्नु थियो, जसले कहिल्यै आफूलाई खुशी पार्नुहुन्नथियो, र कहिल्यै आफ्नै खोज्नुहुन्नथियो। यसैले आफ्ना निम्ति सुख, सुविधा वा आराम खोज्दाखेरि उनीहरूले यस सन्देशमा बाधा पुर्‍याउनेथिए, यसको प्रभावित पार्ने शक्ति घट्नेथियो।

**मर्कूस ६:११:** कुनै ठाउँका मानिसहरूले प्रभुका चेलाहरू र उनीहरूको सन्देश इन्कार गरे भने उनीहरूलाई त्यस ठाउँमा बसिरहनु दरकार थिएन। यो ता सुँगरहरूको अघि मोतीहरू छर्नुसित बराबर हुनेथियो। त्यहाँबाट निस्कँदाखेरि चेलाहरूले आफ्ना पाउमनिका धूला टकटक्याइराख्नु थियो, जसको सङ्केतात्मक अर्थ थियोः जस-जसले परमेश्वरका प्रिय पुत्रलाई इन्कार गर्दछन्, तिनीहरूलाई चाहिँ परमेश्वरले पनि इन्कार गर्नुहुनेछ।

यहाँ प्रस्तुत गरिएका कति नियमहरू अल्पकालीन थिए, र प्रभु येशूले तिनलाई पछि खारिज/रद्द गर्नुभयो (लूका २२:३५-३६); यसो भए पनि यी आदेशहरूमा प्रभु येशूका दासदासीहरूका निम्ति हर समय सदा लागू हुने आधारभूत नियमहरू प्रस्तुत गरिएका छन्।

**मर्कूस ६:१२-१३:** चेलाहरू गए, र मानिसहरूले पश्चात्ताप गर्नुपर्छ भन्ने प्रचार गरे; उनीहरूले धेरै दुष्ट आत्माहरू निकाले, र धेरै बिरामीहरूलाई तेल घसिदिएर निको पारे। तेल घस्ने काम एक सङ्केतात्मक कार्य थियो भन्ने हाम्रो विश्वास छ। पवित्र आत्माको शक्तिले कसरी मलहमपट्टिको काम गर्छ र बिरामीको पीड़ा कम गरीकन उसलाई रोगमुक्त पार्छ, सो कुरा यस कार्यले चित्रण गर्दछ।

## ढ) परमेश्वरका दासका अग्रदूतको हत्या (मर्कूस ६:१४-२९)

**मर्कूस ६:१४-१६:** जब एक चङ्गाइकर्ता मुलुकभरि घुमिहिँड़ेको खबर राजा हेरोदको कानमा पुग्यो, तब तिनले तत्कालै 'पक्का पनि बप्तिस्मा दिने यूहन्ना मरेकाहरूबाट बौरेर उठेछन्' भन्ने अड्कल काटे। अरू मानिसहरूले 'तिनी एलिया हुन्' भने; अरूले 'होइन, तिनी भविष्यवक्ताहरूमध्ये एक हुन्' भने; तर हेरोद निश्चित थिएः यिनी

बौरिउठेका यूहन्ना हुनुपर्छ, जसको टाउँको तिनी आफैले काटेका थिए। बप्तिस्मा दिने यूहन्ना परमेश्‍वरको आवाज थिए, जुन आवाज हेरोदले चुप पारेका थिए। तर अब हेरोदले गरेको यो अधर्म/अपराध औंल्याउँदै तिनको विवेकले जन्माउने स्त्रीलाई व्यथा लागेझैं घरिघरि तिनलाई घोंचिरहेको थियो। अपराधीले अपनाएको बाटोचाहिँ कठिन् र कष्टकर हुन्छ भन्ने कुरा तिनले अबदेखि सिक्नुपरेको थियो।

**मर्कूस ६:१७-२०:** अब मर्कूसको वृतान्तको तरङ्गचाहिँ बप्तिस्मा दिने यूहन्नाको हत्या भएको समयमा फर्कन्छ। आफ्नो भाइ फिलिपकी पत्नीलाई लगेर हेरोदले अवैध विवाह गरेका थिए; यसैले बप्तिस्मा दिने यूहन्नाले तिनलाई हप्काए, र तिनको दोष देखाइदिए। यही कारणले तिनकी पत्नी हेरोदियास रिसले चूर भइन्, र यूहन्नासित बदला लिन दागिन्। तर हेरोदले चाहिँ यूहन्नालाई पवित्र जन ठानेर उनलाई सम्मान गर्थे, र हेरोदियासका ती योजना/प्रयत्नहरू विफल तुल्याएका थिए।

**मर्कूस ६:२१-२५:** अन्तमा हेरोदको जन्मदिवसमा हेरोदियासको मौका आयो। जन्मदिनको उपलक्ष्यमा हेरोदले एउटा भोज लाए, जसमा तिनले स्थानीय गण्यमान्य व्यक्तिहरूलाई निम्त्याएका थिए। तिनीहरूको उपस्थितिमा हेरोदियासले आफ्नी छोरीलाई नाच्न लगाइन्। उसको नृत्यले हेरोदलाई यति साह्रो मन परेको थियो, कि तिनले यस युवतीलाई आधा राज्यसम्म उसलाई जे इच्छा लागे पनि दिन्छु भन्ने प्रण गरे। आफ्नी आमाले सिकाएअनुसार उसले एउटा थालमा बप्तिस्मा दिने यूहन्नाको टाउको मागी।

**मर्कूस ६:२६-२८:** अब राजा हेरोद जालमा फसे-फसे। आफ्नो इच्छा र विचारको विरोधमा गएर तिनले उसको माग पूरा गरे। पापले तिनको वरिपरि आफ्नो जाल बुनेको थियो। एउटी दुष्ट जाली स्त्री र एक विलासपूर्ण नृत्यको दाउमा परीकन राजा आफ्नो पापको सिकार बने।

**मर्कूस ६:२९:** यो सुनेर यूहन्नाका चेलाहरू आए, र तिनको लास मागेर त्यसलाई एउटा चिहानमा राखे; त्यसपछि तिनीहरू गएर यो कुरा प्रभु येशूलाई बताइदिए।

## ण) परमेश्वरका दासले पाँच हजारलाई खुवाउनुभयो (मर्कूस ६:३०-४४)

**मर्कूस ६:३०:** यस अचम्मको कामको बयान हामीले चारै सुसमाचारका पुस्तकहरूमा पढ्छौं। यो प्रभु येशूको सेवकाइको तेस्रो वर्षको शुरुमा घटेको घटना हो। प्रेरितहरूचाहिँ भर्खरै आफ्नो प्रथम प्रचार-धावाबाट कपर्नहुममा फर्केका थिए (मर्कूस ६:७-१३ पद हेर्नुहोस् !)। हुन सक्छ, उनीहरू सफलताले चमक्क चम्केका थिए; हुन सक्छ, उनीहरू थाकेका थिए, र आफ्ना पाउभरि पिलाहरू उठेका थिए होला। जे होस्, उनीहरूलाई आराम गर्नु खाँचो छ भन्ने देखेर प्रभु येशूले उनीहरूलाई डुङ्गामा गालीलको समुद्रको किनारामा स्थित भएको एउटा एकान्त ठाउँमा लानुभयो।

**मर्कूस ६:३१-३२:** इसाईहरूको बीचमा हामी घरिघरि **'अलग भएर एउटा एकान्त स्थानमा आओ, र केही समय विश्राम गर !'** भन्ने वचनको कुप्रयोग गरेको पाउँछौं; यो पद लिएर तिनीहरूले आफ्ना छुट्टीका दिनहरूमा महङ्गा-महङ्गा थकाइ मार्ने विश्रान्तिका योजनाहरू सठीक हुन् भन्ने कुरा सिद्ध गर्न खोज्दैछन्। यस विषयमा श्री विलियम केल्लीले यसो भन्छन्ः

> *'निश्चय नै यस प्रकारको विश्राम बढ़ी मात्रामा चाहेमा हाम्रा निम्ति बढ़िया हुनेथियो, अर्थात् प्रभुका निम्ति हाम्रा परिश्रमहरू यति अधिक र अरू मानिसहरूको कल्याण र उपकार गर्नुमा हाम्रा निस्वार्थी प्रयत्नहरू यति अथक भएका भए, तब पो यो हाम्रा निम्ति प्रभुको वचन हो रहेछ भनेर हामी निश्चित हुन सक्नेथियौं।'* [ञ]

**मर्कूस ६:३३-३४:** उहाँहरूलाई जाँदै गर्नुभएको देखेर भीड़हरूले समुद्रको किनार-किनार भएर प्रभु र उहाँका चेलाहरूलाई पैदलै पछ्याइरहेका थिए। तिनीहरूप्रति उहाँ दयाले भरिनुभयो; किनकि तिनीहरू आत्मिक मार्गदर्शन दिने अगुवाविहीन थिए; तिनीहरू पथभ्रष्ट भई भौतारिएका, भोकै र सुरक्षाविना थिए। यसैले उहाँले तिनीहरूलाई धेरै कुराहरूको विषयमा शिक्षा दिन थाल्नुभयो।

**मर्कूस ६:३५-३६:** त्यो दिन जति ढल्कँदै गयो, त्यत्ति नै भीड़को कारणले चेलाहरू भुटभुटिए; किनभने तिनीहरू धेरै थिए, तर खानेकुरा भने केही पनि थिएन। यसैले उनीहरूले प्रभुलाई यस भीड़लाई बिदा गर्ने आग्रह गरे। मुक्तिदाता प्रभुको मनमा दया पैदा गराउने यो भीड़चाहिँ चेलाहरूका निम्ति झिजो मान्ने कारण पो भएछ। के मानिसहरूचाहिँ हाम्रा निम्ति भित्र घुस्न खोज्ने झिजोको कारण मात्र हुन्, कि के हामी तिनीहरूलाई प्रेमका पात्र ठान्दैछौं ?

**मर्कूस ६:३७-३८:** प्रभु येशू चेलाहरूतिर फर्केर भन्नुभयोः **'तिमीहरूले नै यिनीहरूलाई खान देओ!'** उता स्त्रीहरू र केटा-केटीहरूलाई छोड़ेर पाँच हजार पुरुषहरू थिए, तर यता आफूसँग पाँच रोटी र दुई माछा छोड़ेर अरू खानेकुरा केही पनि थिएन – सारा कुरा असङ्गत देखिन्थ्यो, परमेश्वर आफ्नो साथमा नभएदेखि।

**मर्कूस ६:३९-४४:** अब हुन लागेको अचम्मको काममा चेलाहरूले के आत्मिक चित्रण देखे भने, संसारका भोकले आकुल भएका मानिसहरूका निम्ति मुक्तिदाता प्रभुले अब आफूलाई जीवनको रोटीको रूपमा दिँदै हुनुहुन्छ। अरू मानिसहरूले अनन्त जीवन पाऊन् भन्ने हेतुले उहाँकै शरीर तोड़िनुपरेको थियो। वास्तवमा, उहाँले लिनुभयो, उहाँले आशिष दिनुभयो, उहाँले भाँच्नुभयो, उहाँले बाँड़िदिनुभयो – यहाँ प्रयोग गरिएका यी अर्थ गर्भित शब्दहरूले प्रभुको मृत्युको सम्झना गराउने प्रभु-भोजमा चलाएका शब्दहरूसित यति साह्रै मिल्छन् कि यी दुई कुराको बीचमा कुनै सम्बन्ध छैन भन्न सकिँदैन।

यहाँ प्रभुका चेलाहरूले उहाँको सेवा गर्ने सम्बन्धमा निम्न अमूल्य पाठहरू सिक्न सकेः

**अ)** प्रभु येशूका चेलाहरूले प्रभुमा र उहाँको प्रबन्ध गर्ने क्षमतामा कहिल्यै कुनै हालतमा पनि शङ्का गर्नुहुँदैन। उहाँले उनीहरूका आवश्यकताहरू पूरा गर्नुहुने नै छ। उहाँले पाँच रोटी र दुई माछा लिएर पाँच हजार मानिसहरूलाई अघाउन्जेल खुवाउन सक्नुभयो भने, उहाँले प्रभुमाथि पूरा भरोसा राख्ने आफ्ना सेवकहरूका खाँचोहरूका निम्ति जुनै परिस्थितिमा प्रबन्ध गर्नुहुन्छ नै। हाम्रो भोजन कहाँबाट आउँछ होला भन्ने

कुनै फिक्री नगरीकन ढुक्कै भएर उनीहरूले उहाँका निम्ति परिश्रम गर्न सक्छन्। उनीहरूले पहिले परमेश्वरको राज्य र उहाँको धार्मिकताको खोजी गर्नुपर्छ; खोजे भने उनीहरूको हरेक खाँचो पूरा भइहाल्नेछ।

**आ)** यस संसारका नाश हुन लागेका मानिसहरूले कसरी र कहिल्यै प्रभुको सुसमाचार सुन्न पाउलान् भन्ने प्रश्नको उत्तर निम्न शब्दहरूमा पाइन्छः **'तिमीहरूले नै यिनीहरूलाई खान देओ !'** हामीसँग भएका जम्मै थोक हामीले प्रभुलाई दियौं भने, ती थोकहरू जति साना, क्षुद्र किन नहोऊन्, उहाँले ती थोकहरू बढ़ाएर तिनलाई भीड़का भीड़ मानिसहरूका निम्ति आशिषको कारण तुल्याउन सक्नुहुन्छ।

**इ)** भीड़का मानिसहरूलाई दल-दल हुने गरी सय-सयजना र पचास-पचासजनाका लहरहरूमा बसाउँदा उहाँले सुव्यवस्थित, क्रमबद्ध प्रणाली काममा लगाउनुभयो।

**ई)** उहाँले रोटी र माछा लिएर तिनमा आशिष दिनुभयो; उहाँले रोटी भाँच्नुभयो। उहाँको आशिषविना यी थोकहरूको के काम हुनेथियो? रोटीहरू नभाँचिएका भए यी कसरी पर्याप्त हुनेथिए? यी रोटीहरूचाहिँ कदापि पुग्नेथिएनन्। *'प्रभुले हामीलाई किन बढ़ी मात्रामा मानिसहरूको बीचमा रोटीका टुक्राहरूझैं स्वतन्त्रपूर्वक बाँड़चूड़ गर्नुहुन्न? यसको कारण हामीले आफूचाहिँ उचित ढङ्गले नभाँचिएकोमा खोज्नुपर्छ।'*

**उ)** प्रभु येशूचाहिँ यो भोजन आफैले बाँड़चूड़ गर्नुभएन। उहाँले आफ्ना चेलाहरूलाई यसो गर्न दिनुभयो; किनभने आफ्ना मानिसहरूको हातबाट संसारलाई खुवाएर तृप्त पार्नुचाहिँ उहाँको योजना हो।

**ऊ)** सबै मानिसहरूका निम्ति खानेकुरा पर्याप्त थियो। मेरो विचारमा, आज ख्रीष्ट-विश्वासीहरूले दैनिक आवश्यकताहरूका निम्ति चाहिएको कुराबाहेक अरू सबै थोकहरू प्रभुको काममा लगाएका भए यस पुस्तामा सारा संसारका मानिसहरूले ख्रीष्टको सुसमाचार सुन्न पाउनेथिए।

**ओ)** चेलाहरूले बाह्र डालाभरि टुक्राहरू उठाए। यसर्थ उहाँसँग यस कामको शुरुमा जति रोटी थिए, तीभन्दा बढ़ी टुक्राहरू उब्रिएका थिए। परमेश्वर प्रशस्त दिनुहुने दाता हुनुहुन्छ; ता पनि एक टुक्रा पनि खेर गएन।

यो कुरा याद गरौं ! जे उब्रिएको थियो, त्यो सबका सब उठाइयो । खेर फाल्नु पनि पाप हो ।

**औ)** प्रभुका चेलाहरूले पहिले विचार गरेको योजनाअनुसार विश्राम लिएका भए यो अचम्मको काम, जो सबैभन्दा आश्चर्य कर्महरूमा एक गनिन्छ, कहिल्यै घट्नेथिएन । अहह, हामीमा बार-बार यो कुरा कति सत्य ठहरिन्छ !

## च) प्रभु येशू समुद्रको पानीमाथि-माथि हिँड्नुभयो (मर्कूस ६:४५-५२)

**मर्कूस ६:४५-५०:** मुक्तिदाता प्रभुले आफ्ना सेवकहरूको आहार/भोजनको मात्र बन्दाबस्त गर्नुहुन्न; उहाँले उनीहरूलाई सुरक्षा पनि दिनुहुन्छ ।

चेलाहरूलाई डुङ्गामा चढ़ाएर उनीहरूलाई समुद्रको पश्चिमी किनारमा फिर्ता पठाउनुभएपछि प्रभु येशू प्रार्थना गर्न एउटा पहाड़ चढ्नुभयो । रातको अन्धकारमा उहाँले उनीहरूलाई बतास उनीहरूको विपरीत चलिरहेको हुनाले नाउ खियाउन गाह्रो परिरहेको देख्नुभयो । उनीहरूलाई सहायता गर्न उहाँ समुद्रको पानीमाथि-माथि हिँड्दै उनीहरूकहाँ आउनुभयो । तर उहाँलाई देखेर पहिले ता भूत हो भन्ठानेर उनीहरू तर्से । तब 'साहस गर, मै हुँ; नडराओ' भनेर उहाँ उनीहरूसँग बोल्नुभयो, र डुङ्गामा चढ्नुभयो । तुरुन्तै बतास थामियो ।

**मर्कूस ६:५१-५२:** यस घटनाको बयानको अन्तमा हामी यसो पढ्छौं: **'अनि आपसमा उनीहरू अत्यन्तै छक्क परे र अचम्म माने; किनभने उनीहरूले रोटीहरूको विषयमा बुझेनन्, किनकि उनीहरूको हृदय कठोर भएको थियो ।'** यी शब्दहरूको मतलब यही थियो होला: प्रभुले पाँच रोटी लिएर गर्नुभएको अचम्मको काममा परमेश्वरको शक्ति देखेर पनि उनीहरूले अझ बुझेनन्: प्रभुका निम्ति कुनै कुरा असम्भव हुँदैन । यसैले प्रभु येशू पानीमाथि-माथि हिँड्नुभएको देखेर उनीहरू अचम्म मान्नुपर्दैनथियो । प्रभुले रोटीहरू लिएर गर्नुभएको अचम्मको काम, जो उनीहरूले भर्खरै केही घण्टाअघि देखेका थिए, र अहिले यहाँ

प्रभु येशू पानीमाथि-माथि हिँड्नुभएकोमा के भिन्नता छ र? यी दुईमा कुन आश्चर्य कर्मचाहिँ ठूलो थियो होला? तर विश्वासको कमीले हृदयलाई कठोर पार्दो रहेछ, र आत्मिक समझशक्तिलाई बोधो तुल्याउँदो रहेछ।

प्रभुको मण्डलीले उक्त अचम्मको काममा के अर्थ लुकेको देख्छ भने, यस आश्चर्य कर्मले वर्तमान् युग र त्यसको अन्तको स्पष्ट चित्रण दिन्छ। प्रभु येशू पहाड़मा प्रार्थना गर्नुभएको मतलबचाहिँ उहाँले हालैमा स्वर्गमा आफ्ना मानिसहरूका निम्ति अन्तर्विन्ती गर्नुभएको उहाँको स्वर्गीय सेवकाइ बुझाउँदछ। अनि उहाँका चेलाहरूले उहाँका सेवक-सेविकाहरूलाई सङ्केत गर्छन्, जसले जीवनमा आइपर्ने आँधीबेह्रीहरू र नाना प्रकारका परीक्षाहरूको सामना गर्नुपर्दछ, संघर्ष गर्नुपर्दछ। अब चाँड़ै मुक्तिदाता प्रभु आफ्ना जनहरूकहाँ फर्केर आउनुहुनेछ, र उनीहरूलाई सबै खतराहरू र दुःखकष्टहरूबाट छुटकारा दिई उनीहरूलाई लगेर सुरक्षासाथ स्वर्गीय घररूपी किनारमा उतार्नुहुनेछ।

## छ) परमेश्वरका दासले गेन्नेसरेतको मुलुकमा बिरामी-हरूलाई निको पार्दै हुनुहुन्छ (मर्कूस ६ः५३-५६)

पश्चिमी किनारमा आइपुग्नसाथ प्रभु येशूलाई बिरामी मानिसहरूले घेरे। उहाँ जहाँ-जहाँ जानुहुन्थ्यो, त्यहाँ-त्यहाँ मानिसहरूले बिरामी-हरूलाई खाटहरूमा बोकेर ल्याउँथे। शहरहरूमा होस् वा गाउँहरूमा होस्, जहाँ उहाँ पुग्नुहुन्थ्यो, त्यहाँ चोक र सड़कहरू तात्कालिक अस्पतालहरू बने; सबै मानिसहरू उहाँको नजिकै पुग्न चाहन्थे; उहाँको वस्त्रको किनार मात्र भए पनि तिनीहरूले छुन पाए हुन्थ्यो। अनि जतिले उहाँलाई छोए, तिनीहरू सबै निको भए।

## ज) परमेश्वरको वचनको विरुद्ध मानिसको रीतिथिति (मर्कूस ७ः१-२३)

**मर्कूस ७ः१ः** फरिसीहरू र शास्त्रीहरूचाहिँ यहूदी धर्मनेताहरू थिए, जसले मोशाको व्यवस्थामा आफ्ना परम्परागत रीतिहरू यतिसम्म बाटे,

कि ती रीतिथितिहरूले झन्डै-झन्डै पवित्र शास्त्रसित बराबर ठाउँ र अधिकार पाएका थिए। यसरी तिनीहरूले परमेश्‍वरको वचनमा क्रमबद्ध र व्यवस्थित धेरैभन्दा धेरै धर्म-नियमहरू थपेका थिए, र आफ्ना रीति-थितिहरू कड़ा कानुन बनाएका थिए, तिनलाई सबैका निम्ति लागू गराएर ती रीति मान्न सबैलाई करमा पार्दथे। यसो गर्दा तिनीहरूले पवित्र शास्त्रका कतिपय आज्ञाहरू खण्डन गरेका थिए, अथवा मोशाको व्यवस्थालाई कति ठाउँमा लुलो बनाएका थिए। यी धर्मनेताहरूचाहिँ यस्ता नियमहरू बनाएर अरूलाई ती मान्न लाउँदा प्रसन्न हुन्थे; अनि जनताका मानिसहरू यिनीहरूको सामु झुकेर सोझै ती नियमहरू मानिहाल्थे; तिनीहरूलाई वास्तविकता चाहिँदैनथियो, तिनीहरू मानिसका रीतिहरूमा सन्तोष रहन्थे ।

**मर्कूस ७:२-४:** फरिसीहरू र शास्त्रीहरूले येशूका चेलाहरूलाई नधोइएका हातले रोटी खाएका देखेर उहाँलाई दोष लगाइहाले। ती चेलाहरूले खाना खानभन्दा अगाड़ि आफ्ना हातहरू नधोएका होइनन्, तर उनीहरूले केवल परम्परागत विस्तृत रीतिअनुसार यसो गरेका थिएनन्। उदाहरणका निम्ति, कुहिनुसम्म आफ्ना हातहरू नधुनुचाहिँ विधिवत दृष्टिले अशुद्ध गनिन्थ्यो। जो मानिस बजार घुमेर घर फर्क्यो, त्यो तिनीहरूको विधिअनुसार नुहाउनुपर्थ्यो। एक पेचिलो नियममाथि अर्को जटिल नियम थप्दै आफ्ना धुने-पखाल्ने रीतिहरू तिनीहरूले कहाँसम्म पुर्‍याए, सो आफैले विचार गर्नुहोस्! कचौरा, लोहोटा र अरू भाँड़ाबर्तनहरू तिनीहरूले हरदम पानीमा चोपाएर चोख्याउनुपर्थ्यो।

यी फरिसीहरूको विषयमा श्री ई. स्टान्ली जोन्स्ले यसो लेखेः

*'यी फरिसीहरू प्रभु येशूलाई भेट्न टाढ़ाबाट यरूशलेमबाटको लामो बाटो काटेर आए; तर तिनीहरूको मनोभावना यति साह्रो बिग्रेको थियो, कि तिनीहरूले सबै कुरा नकारात्मक दृष्टिले हेर्दथे, र सधैं अरूमा भूलदोषहरू मात्र भेट्टाउँदथे; यसैले यहाँ आएर तिनीहरूले केवल येशूका चेलाहरूका नधोइएका हातहरू देख्न सके। यस धरतीमा हामी मानिसहरूलाई छुटकारा दिलाउने सबैभन्दा महान् यो*

*अभियान, अँ, मानिसहरूको आत्मा, मन र शरीरलाई शुद्ध पार्ने कहिल्यै नभएको यो महान् अभियान भइरहेको तिनीहरूले चालै पाएनन् । ... सानातिना, नगण्य कुराहरू देख्न तिनीहरूका ठूला-ठूला आँखाहरू सधैं खुला रहन्थे, तर ठूलाभन्दा ठूला कुरा नदेख्न तिनीहरू कति अन्धा थिए, कति ! ! यसैकारण तिनीहरूलाई नकारात्मक कुरा सम्झेर इतिहासले पनि तिनीहरूलाई बिर्सिदियो; ख्रीष्ट येशूको सकारात्मक प्रभावचाहिँ अझ बढ़ी स्पष्ट पार्नलाई तिनीहरूले यहाँ, यस ठाउँमा पृष्ठिकाको/पृष्ठभूमिको भूमिका मात्र खेल्छन् । तिनीहरूले हाम्रा निम्ति अरूलाई झूटो दोष लगाउने नराम्रो नमुना छोड़े, जब प्रभु येशूले हाम्रा निम्ति जीवन परिवर्तन गर्ने उपाय छोड्नुभयो । तिनीहरू अरू मानिसहरूमा केवल भूलदोष भेट्टाउँथे, जब प्रभु येशूचाहिँ मानिसहरूको बीचबाट उहाँको देखासिकी गर्ने अनुयायीहरूलाई भेट्टाउनुहुन्थ्यो ।'* [८]

**मर्कूस ७ :५-८ :** तिनीहरूको यस प्रकारको व्यवहार कति कपटपूर्ण हुंदो रहेछ, सो कुरा प्रभु येशूले तत्कालै भन्डाफोर गर्नुभयो । भविष्यवक्ता यशैयाले अघि जस्तो भनेका थिए, यी मानिसहरू ठीक त्यस्तै रहेछन् । तिनीहरू मुखैले परमप्रभुको खूबै भक्ति गरेको भइटोपल्थे, तर तिनीहरूको मन भ्रष्ट थियो । आफ्ना विस्तृत रीतिथितिहरू पालन गरेर तिनीहरूले परमेश्वरको उपासना/श्रद्धा गरेका धाक पिट्थे, तर वास्तवमा तिनीहरूले पवित्र बाइबलका शिक्षाहरूको सट्टामा आफ्ना रीतिहरू मान्ने गर्दथे । विश्वास र नैतिक कुराहरूको सम्बन्धमा परमेश्वरको वचनचाहिँ एकमात्र मापदण्ड हुन्छ भन्ने कुरामा पूरा मान्यता दिनुको बदलीमा तिनीहरू आफ्नो रीतिथितिद्वारा पवित्र शास्त्रले सफासँग आज्ञा गरेका कुराहरू नदेख्यै गरी तर्केर पार गर्थे, अथवा परमेश्वरको वचनमा आफ्नो अर्थ लगाउँदा-लगाउँदै उहाँको आज्ञा बेकामको तुल्याउँथे ।

**मर्कूस ७ :९-१० :** तिनीहरूले आफ्नो रीतिथितिद्वारा परमेश्वरको आज्ञालाई कसरी रद्द तुल्याएका थिए, सो कुरा प्रभु येशूले एउटै उदाहरणबाट देखाउनुभयो । दस आज्ञाहरूमा चौथो आज्ञाले चाहिँ ***'आफ्ना बुवा र आफ्नी आमालाई आदर गर'*** भन्ने आदेश दिन्छ । यस आज्ञाभित्र

आफ्ना बुवाआमालाई खाँचो-गाह्रो पर्दा तिनीहरूको स्याहार-सुसार गर्ने अर्थ पनि पर्छ। ***'जसले बुवा वा आमालाई सराप्छ, त्यसलाई निश्चय नै मृत्युदण्ड दिनुपर्छ।'***

**मर्कूस ७ः११-१३ः** तर 'कुरबान' नामक यहूदी रीति कतै शुरु भयो; कुरबानको अर्थ 'दिइसकेको' वा 'समर्पण गरिसकेको' हुन्छ। मानिलिऔं, कुनै यहूदी परिवारका बुवाआमा ठूलो खाँचोमा परेका छन्; अनि तिनीहरूको स्याहार-सुसार गर्न तिनीहरूको छोरासँग रुपियाँपैसा छ, तर त्यसले त्यो तिनीहरूमा खर्च गर्न चाहेन भने त्यसले केवल 'कुरबान' भन्नुपर्थ्यो; यसबाट त्यसको पैसा परमेश्वरलाई वा मन्दिरका निम्ति अर्पण गरिसकेको बुझिन्थ्यो। यसो गर्दा त्यो आफ्नो कर्तव्यबाट उम्क्यो र आफ्ना बुवाआमालाई हेरविचार गर्ने त्यसको जिम्मेवारीमा केही पनि बाँकी रहँदैनथियो। त्यसले त्यो पैसा अनिश्चित समयसम्म बचत गर्दा भयो वा त्यो कुनै व्यापार-धन्धामा लगाउँदा पनि भयो। त्यसले त्यो पैसा मन्दिरमा दियो कि दिएन, यसको केही परवाह/वास्ता हुँदैनथ्यो।

श्री विलियम केल्लीले भन्छन्ः

*'यी अगुवाहरूले यस प्रकारको प्रणाली वा युक्ति रचेका थिए, जसद्वारा तिनीहरू आफ्ना धर्मका परियोजनाहरूका निम्ति अरूको जायजात हात पार्न सफल भए; किनकि जुन-जुन ठाउँमा परमेश्वरको वचनले गर्दा कसै-कसैको विवेकले घोच्थ्यो, त्यहाँ-त्यहाँ यस युक्तिले सबै मानसिक पीड़ा हटाइदियो। ...। मानिसहरूलाई 'आफ्ना बुवाआमाको आदर गर्नू' भन्ने आज्ञा दिनुहुनेचाहिँ परमेश्वर आफै हुनुहुन्थ्यो। उहाँले कुनै हालतमा बुवाआमाहरूलाई तुच्छ ठान्न दिनुहुँदैनथ्यो। तर यहाँ, यस ठाउँमा मानिसहरूले धर्मको नाममा परमेश्वरका यी दुई आज्ञाहरू उल्लङ्घन गरे। प्रभु येशूको विचारमा, 'कुरबान' मात्र भन्नुपर्ने यस रीतिले चाहिँ बुवाआमाहरूलाई अन्याय मात्र गरेको हुँदैन, तर परमेश्वरको प्रत्यक्ष, स्पष्ट आज्ञाको विरुद्ध विद्रोह गरेको पनि हुन्छ।'* [७]

**मर्कूस ७ः१४-१६ः** यस चौधा पदबाट शुरु गरेर प्रभु येशूले 'मानिसको मुखबाट भएर उसभित्र पस्ने कुनै कुराले पनि (अर्थात्

नधिइएका हातहरूले खाइएको कुनै पनि खानेकुराले) उसलाई अशुद्ध पार्न सक्दैन' भन्ने क्रान्तकारी घोषणा गर्नुभयो। 'तर जुन कुराहरू मानिसबाट बाहिर निस्कन्छन्, तिनैले (अर्थात् परमेश्वरको वचनलाई खारिज गर्ने वा पर सार्ने रीतिथितिहरूले) उसलाई अशुद्ध पार्छन्।'

**मर्कूस ७:१७-१९:** प्रभु येशूले भन्नुभएको यो कुराचाहिँ चेलाहरूका निम्ति पनि रहस्यमय थियो। पुरानो नियमका शिक्षाहरूमा हुर्केका हुनाले उनीहरूले सुँगुर, खरायो र झिँगे माछाजस्तै जानवरहरू सधैं अशुद्ध सम्झन्थे, र ती चीज खाँदाखेरि आफैचाहिँ अशुद्ध हुन्छौं भन्ने उनीहरूको धारणा छँदैथियो। तर अब प्रभु येशूले सफासँग भन्नुभयोः बाहिरबाट मानिसभित्र पस्ने कुनै कुराले पनि मानिसलाई अशुद्ध पार्दैन। यसको तात्पर्य के थियो भने, यसो भनेर उहाँले मोशाको व्यवस्थाको युग खतम भएको सङ्केत गर्नुभयो।

**मर्कूस ७:२०-२३: 'मानिसबाट जे बाहिर निस्कन्छ, त्यसैले मानिसलाई अशुद्ध पार्दछ; किनभने भित्रबाट मानिसको हृदयबाट नै खराब विचार, परस्त्रीगमन, व्यभिचार, हत्या, चोरी, लोभ, दुष्टता, छल, कामुकता, कुदृष्टि, निन्दा, घमण्ड, मुर्खता आदि निस्कन्छन्।'** हाम्रो विचारमा, प्रभुले बोल्नुभएको सन्दर्भअनुसार यहाँ मानिसहरूको रीतिथिति पनि यस सूचिमा थप्नुपर्थ्यो। 'कुरबान' नामक रीतिचाहिँ हत्यासित बराबर थियो; किनकि यो भाकल तोड्नुभन्दा बरु यस दुष्ट भाकलले गर्दा कसैको बुवाआमा भोकले मर्न सक्थे।

यस खण्डबाट हामीले ठूला-ठूला पाठहरू सिक्न सक्छौं, तीमध्ये एउटा मुख्य पाठ यो होः हामीले सुनेका सबै शिक्षाहरू र अरू मानिसहरूले बनाएका सबै रीतिथितिहरू परमेश्वरको वचनरूपी कसीले जाँच्नुपर्छ। यसो गर्दा परमेश्वरबाट भएको जतिचाहिँ हामीले पालन गरौं र मानिसहरूबाट मात्र आएको जुनसुकै कुराचाहिँ इन्कार गरौं।

शुरुमा कुनै प्रचारकले बाइबल आधारित प्रचार गरेर र विशुद्ध, खाँटी शिक्षा दिएर पवित्र बाइबललाई मान्यता दिने विश्वासीहरूको बीचमा आफूलाई ग्रहणयोग्य तुल्याउलान्। आफूलाई विश्वस्त तुल्याइसकेपछि तिनले आफ्नो प्रचारमा मानिसबाटको शिक्षा हाल्न थाल्दछन्। यी

प्रचारकको पछि लाग्ने तिनका भक्त समर्थकहरूको विचारमा तिनले कुनै गल्ती गर्दैनन्, कुनै भूल गर्नै सक्दैनन्; यसैले यिनीहरू अन्धा धुनमा तिनको पछि लाग्दैछन्; तब पनि तिनको पछि लाग्दैछन्, जब तिनले परमेश्वरको वचनरूपी तरवारको धार बोधो पारेका हुन्छन् र बाइबलको खास अर्थ बङ्ग्याउँदै वचन फ्याल्लो र पन्यालो तुल्याएका हुन्छन्।

ठीक यस प्रकारले शास्त्रीहरू र फरिसीहरूले बाइबलका शिक्षक, अँ, धर्म-गुरुहरूको रूपमा मान्यता पाएका थिए। तर अब यस अधिकारको स्थानमा पुगेपछि तिनीहरूले परमेश्वरको वचनको खास अर्थ र उद्देश्य शून्य/सुन्ना तुल्याए। यसैले प्रभु येशूले यहाँ मानिसहरूलाई चेताउनी दिएर भन्नुपर्‍योः परमेश्वरको वचनले मानिसलाई सिफारिस गर्दछ, अधिकार दिन्छ, मानिसहरूले परमेश्वरको वचनलाई सिफारिस गर्ने होइन, वचनलाई अधिकार दिने होइन। यसैले सबै कुरा जाँच्ने हाम्रो महान् कसी सधैं यो हुनुपर्छः *'परमेश्वरको वचनले के भन्दो रहेछ।'*

## फ) एउटी गैरयहूदी, कनानी स्त्री आफ्नो विश्वासमा आशिषित भई (मर्कूस ७ः२४-३०)

**मर्कूस ७ः२४-२५ः** अघिको घटनामा प्रभु येशूले सबै खानेकुरा शुद्ध हुन्छन् भन्ने कुरा देखाउनुभयो। यहाँ, यस खण्डमा उहाँ गैरयहूदी, अन्यजातिका मानिसहरूचाहिँ अबदेखि उसो तुच्छ वा अशुद्ध गनिँदैनन् भन्ने कुरा स्पष्ट पार्नुहुन्छ। अब प्रभु येशूले उत्तर-पश्चिम दिशामा यात्रा गर्दै टायर र सिडोनको इलाकामा जानुभयो। यस इलाकाको नाम 'सुरोफोनिसिया' पनि भनिन्छ। उहाँले कसैले चाल नपाउने गरी एउटा घरमा पस्न खोज्नुभयो। तर उहाँको कीर्ति अघिबाट यस मुलुकमा पुगिसक्यो, र उहाँको उपस्थिति कहीं पनि छिप्न सक्दैनथियो। एउटी कनानी स्त्री, जसकी सानी छोरीलाई अशुद्ध, दुष्ट आत्मा लागेको थियो, उहाँको गोहार माग्न आइपुगी।

**मर्कूस ७ः२६ः** यहाँ हामीले जोड़ लाउन खोजेको कुरा के हो भने, त्यो स्त्री ग्रीक थिई, यहूदी होइन। परमेश्वरको दृष्टिमा यहूदीहरू अर्थात् उहाँको चुनिएको जातिचाहिँ उहाँको विशेष सौभाग्य प्राप्त गरेका

मानिसहरू थिए। उनीहरूसँग परमेश्वरले अद्‌भुत-अद्‌भुत करारहरू/ वाचाहरू बाँध्नुभयो; पवित्र शास्त्रहरू उहाँले उनीहरूको जिम्मामा सुम्पिदिनुभयो; उनीहरूको साथमा उहाँ पहिले भेट हुने पालमा र पछि मन्दिरमा वास गर्नुहुन्थ्यो। यता अन्यजातिहरूको विषयमा भनौं भने, तिनीहरूचाहिँ इस्राएलीहरूले पाएको नागरिकताबाट अलग थिए, उहाँका प्रतिज्ञामा आधारित वाचाहरूदेखि पराई थिए; तिनीहरू ख्रीष्टविहीन थिए; तिनीहरू यस संसारमा आशा नभएका, परमेश्वररहित मानिसहरू थिए (एफेसी २:११-१२)। प्रभु येशू विशेष इस्राएली जातिकहाँ आउनुभयो। त्यस जातिका मानिसहरूकहाँ उहाँले आफूलाई राजाको रूपमा प्रस्तुत गर्नुभयो। इस्राएलको घरानालाई नै पहिले सुसमाचार प्रचार गरियो। यी कुरा जान्न महत्त्वपूर्ण छ, नत्र ता यस सुरोफोनिसी स्त्रीसँग प्रभुले देखाउनुभएको व्यवहार बुझिँदैन। किनभने जब उसले 'मेरी छोरीबाट दुष्ट आत्मा निकालिदिनुहोस्' भनेर उहाँलाई विन्ती गरी, तब उहाँले उसलाई बेवस्ता, अँ, अस्वीकार गर्नुभएको देखिन्छ।

**मर्कूस ७:२७:** प्रभु येशूले उसलाई भन्नुभयोः 'पहिले इस्राएली जातिरूपी छोराछोरीहरूलाई तृप्त हुन देऊ न! छोराछोरीहरूलाई हुने रोटी अन्यजातिहरूरूपी कुकुरहरूको अघि फ्याँक्नु ठीक होइन नि!!' उहाँको जवाफले उसको विन्ती अस्वीकार गरेको होइन। पहिले छोराछोरीहरूलाई तृप्त हुन देऊ भनेर उहाँले मात्र भन्नुभएको हो। यी शब्दहरू कसैलाई रूखा लाग्न सकिन्छ, तर वास्तवमा, उहाँले यी शब्दहरूले उसलाई ऊ कति पश्चात्तापी छे, र उसको विश्वास कतिको छ, सो जाँच्नुभएको थियो। अघि हामीले भनिसक्यौंः त्यस बेला उहाँको सेवकाइ विशेष यहूदीहरूकै निम्ति थियो। ऊचाहिँ अन्यजातिकी स्त्री भएको नाताले उहाँमा वा उहाँको अनुपम अनुग्रहमा उसको केही हक थिएन। के ऊ यस तथ्यलाई स्वीकार गर्न तयार थिई?

**मर्कूस ७:२८:** हो, ऊ यसो गर्न तयार भई; किनभने उसले खास के भनी भने, 'हो, प्रभु! म ता अन्यजातिरूपी कुकुर मात्र हुँ; तर मलाई याद छ, कुकुरका बच्चाहरूले छोराछोरीहरूबाट टेबलमनि खसेका रोटीका टुक्राहरू खाँदा रहेछन्। अनि मैले मागेकी यति मात्र होः

यहूदीहरूको बीचमा गर्नुभएको तपाईंको सेवकाइबाट उब्रेका रोटीका ससाना टुक्राहरूरूपी आशिष मात्र मलाई दिनुहोला !'

**मर्कूस ७ः२९-३०ः** उसको विश्वास प्रशंसनीय छ। यस विश्वासको इनाम हेर्नुहोस्ः तुरुन्तै प्रभु येशूले उसको विश्वासलाई कदर गरीकन टाढ़ाबाटै उसकी छोरीलाई निको पार्नुभयो अर्थात् यस छोरीबाट दुष्ट आत्मा निकाल्नुभयो। जब त्यो स्त्री घर पुगी, तब उसकी छोरी पूरा निको भइसकेकी थिई।

## ञ) बहिरो र गुँगो मानिस निको भएको

**(मर्कूस ७ः३१-३७)**

**मर्कूस ७ः३१-३२ः** भूमध्यसागरको किनाराबाट प्रभु येशू गालीलको समुद्रको पूर्वपट्टिको किनारमा फर्कनुभयो। यस इलाकाको नाम 'डेकापोलिस' थियो। यहाँ एउटा घटना घटियो, जो मर्कूसको सुसमाचारको पुस्तकमा मात्र उल्लेख गरिएको छ। तिनीहरूले उहाँकहाँ एउटा बहिरो र राम्ररी बोल्न नसक्ने गुँगो मानिसलाई ल्याए। हुन सक्छ, त्यसको शारीरिक अङ्ग भङ्ग भएकोले त्यसले राम्ररी बोल्न नसकेको थियो होला, अथवा बोलेका आवाजहरू कानले स्पष्ट गरी नसुनेर त्यसले शब्दहरूको उच्चारण गर्न नसकेको थियो होला। जे भए पनि, त्यस मानिसमा हामी एउटा पापी मानिसको चित्रण देख्छौं, जसका कानहरूले परमेश्वरको सोर सुन्न सक्दैनन्, र यसैले त्यसले अरू मानिसहरूलाई उहाँको विषयमा केही पनि भन्न/बताउन सक्दैन।

**मर्कूस ७ः३३-३४ः** पहिले प्रभु येशूले त्यस मानिसलाई अगल लानुभयो। त्यसपछि उहाँले आफ्ना औंलाहरू त्यसका कानहरूमा हाल्नुभयो, थुक्नुभयो र त्यसको जिब्रो छुनुभयो। इसाराले उहाँले 'म तिम्रा कानहरू खोल्न र तिम्रो जिब्रो बन्धनबाट फुस्काउन लागेको छु' भन्ने कुरा त्यस मानिसलाई भन्नुभयो। त्यसपछि प्रभु येशू स्वर्गतिर हेर्नुभयो। यस कुराले उहाँको शक्ति परमेश्वरबाटको हो भन्ने कुरा सङ्केत गर्छ। उहाँले सुस्केरा हाल्नुभयो। यसरी उहाँले पापले मानिसका सन्तानहरूमाथि ल्याएको दुःष्टकष्टहरूको बारेमा आफ्नो अफसोस प्रकट गर्नुभयो।

अन्तमा उहाँले 'एफ्फाथा !' भन्नुभयो; यो एक अरामी भाषाको शब्द हो, जसको अर्थ 'खोलिजा' हुन्छ।

**मर्कूस ७:३५-३६ः** तुरुन्तै त्यो मानिस अरूले जस्तै सुन्ने र अरूले जस्तै सफासँग बोल्ने भयो। प्रभुले तिनीहरूलाई 'कसैलाई नभन्नू' भन्ने आज्ञा दिनुभयो; तर तिनीहरूले उहाँको यो आदेश मानेनन्। अनाज्ञाकारिता कुनै हालतमा पनि ठीक ठहरिँदैन, चाहे यी मानिसहरूको अभिप्राय र मनसाय जति राम्रो किन नहोस्।

**मर्कूस ७:३७ः** उहाँका अचम्मका कामहरू देखेर मानिसहरू अति नै छक्क परे। तिनीहरूले स्वीकार गरेर भनेः 'उहाँले सबै कुराहरू के बढ़िया गर्नुभएको छ! उहाँले बहिरालाई सुन्ने र गुँगालाई बोल्ने तुल्याउनुहुँदो रहेछ।' तिनीहरूले यहाँ जे स्वीकार गरे, त्यस तथ्यको खास अर्थ तिनीहरूले बुझेनन्; किनभने यो ता गलगथा हुनुभन्दा अघिको समयको स्वीकार थियो। तर ती मानिसहरू गलगथा भइसकेपछि जिउने मानिसहरू भएका भए तिनीहरूले पक्कै पनि यस उत्तम स्वीकारमा अझ विश्वासको गम्भीरता र भक्तिको आवेग थप्नेथिए।

*हाम्रो अन्तरात्मादेखि हामीले उहाँको प्रेमको स्वाद जान्दछौं; किनभने उहाँको अनुपम कृपा र अनुग्रह हामीले चाखेका छौं;*

*उहाँको अपार कृपाको प्रशंसा हामी केले गरौं? यसो गर्न हाम्रै शब्दहरू पुग्दैनन्।*

*यसैले हाम्रो स्वीकार यो होः हाम्रा प्रभु येशूले सबै कुराहरू अति बढ़िया गर्नुभएको रहेछ!!* शमूएल मेद्ली

पाँच हजारः

**अ)** रोटी खाने मानिसहरू प्रायः सबै यहूदी थिए (यूहन्ना ६:१४-१५)।

**आ)** उक्त भीड़का मानिसहरू प्रभु येशूसँग एक दिन रहेका थिए (यूहन्ना ६:३५)।

**इ)** पाँच रोटी र दुई माछा लिएर उहाँले यो अचम्मको काम गर्नुभयो (मत्ती १४:१७)।

**ई)** स्त्रीहरू र केटाकेटीहरूलाई छोड़ेर प्रायः पाँच हजार पुरुषहरूले खाएका थिए (मत्ती १४:२१)।

**उ)** ती रोटीबाट उब्रेका टुक्राटाक्रीले बाह्र डाला भरिए (मत्ती १४:२०)।

चार हजारः

**अ)** खाने मानिसहरू प्रायः डेकापोलिसका बासिन्दाहरू थिए; यसैले हुन सक्छ, तिनीहरू प्रायः गैरयहूदी थिए (मर्कूस ७:३१)।

**आ)** भीड़का मानिसहरू प्रभुसँग तीन दिन रहेका थिए (मर्कूस ८:२)।

**इ)** सातवटा रोटी र मसिना माछाहरू लिएर उहाँले यो अचम्मको काम गर्नुभयो (मर्कूस ८:५-७)।

**ई)** स्त्रीहरू र केटाकेटीहरूलाई छोड़ेर खानेहरूचाहिँ चार हजार मानिसहरू थिए (मत्ती १५:३८)।

**उ)** रोटीका उब्रेका टुक्राटाक्रीहरूले सात टोकरी भरिए (मर्कूस ८:८)।

## ट) परमेश्वरका दासले चार हजारलाई खुवाउनुभयो (मर्कूस ८:१-१०)

**मर्कूस ८:१-९:** यहाँ, यस अचम्मको काम र प्रभुले पाँच हजारलाई खुवाउनुभएको घटना उस्तै-उस्तै देखिन्छन्। तर यी दुई घटनाहरूमा भएका भिन्नताहरू उक्त सूचिमा प्रस्तुत गरिएका छन्।

प्रभु येशूसित काममा लगाउने चीजहरू जति कम्ती थिए, त्यति नै बढ़ी काम उहाँले ती चीजहरूद्वारा पूरा गर्नुहुन्थ्यो, अनि त्यति नै बढ़ी थोकहरू उब्रिन्थे। सात अध्यायमा हामीले एउटी कनानी स्त्रीका निम्ति रोटीका ससाना टुक्राहरू टेबलबाट खसेको देख्यौं। यहाँ गैरयहूदी भीड़का मानिसहरूले प्रशस्तसँग खान पाए।

यस सम्बन्धमा श्री चार्लस् आर. एर्डम्यान्ले निम्न टिप्पणी गर्छन्:

*'यही समयभित्र परेको पहिलो आश्चर्य कर्मले के सङ्केत दिन्छ भने, टेबलबाट खसेका रोटीका ससाना टुक्राहरूरूपी आशिष खाँचोमा*

*परेका अन्यजातिका कोही मानिसहरूले पाउँदछन्; तर यहाँ यस आश्चर्य कर्ममा यी रोटीका उब्रेका टुक्राटाक्रीहरूको सङ्केतात्मक अर्थचाहिँ यो हुन सक्छः आफ्ना यहूदी मानिसहरूद्वारा तिरस्कार हुनुभएको प्रभु येशू अब सारा संसारका निम्ति आफ्नो प्राण दिनुहुन्छ र सबै देश र जातिका मानिसहरूका निम्ति जीवन दिने रोटी बन्नुभएको छ।'* [ङ]

यहाँ प्रभु येशूले चार हजारलाई खुवाउनुभएको घटनाजस्तै उल्लेख गरिएका अन्त वृतान्तहरूमा ध्यान नदिने र यसलाई बित्थैमा दोहोरिएको महत्त्वहीन कुरा मात्र ठान्ने खतरा छ। हर पल्ट जब हामी पवित्र बाइबलको अध्ययन गर्न थाल्छौं, तब पवित्र शास्त्र बाइबलको एक-एक शब्दमा आत्मिक सत्यताले पूर्ण हुन्छ भन्ने विश्वास र धारणा लिएर त्यसको अध्ययन गर्नुपर्छ। हालै हाम्रो बुझ्ने क्षमता कम भएका हुनाले हामी कतिपय कुरा बुझ्न सक्दैनौं, देख्न सक्दैनौं, ता पनि हामी यस प्रकारको दृढ़ विश्वास लिएर परमेश्वरको वचन अध्ययन गर्नुपर्छ।

**मर्कूस ८:१०:** डेकापोलिसबाट प्रभु येशू आफ्ना चेलाहरूको साथमा गालीलको समुद्र तारेर पश्चिमी किनारमा अवस्थित भएको डालमानुथा भन्ने ठाउँमा आउनुभयो (मत्ती १५:३९ अनुसार उहाँ मग्दलामा आउनुभयो)।

## ठ) प्रभु येशूबाट फरिसीहरूले स्वर्गबाटको एउटा चिन्ह देख्न खोजे (मर्कूस ८:११-१३)

**मर्कूस ८:११:** त्यति बेला फरिसीहरू उहाँका निम्ति पर्खिरहेका थिए। तिनीहरूले उहाँबाट स्वर्गबाटको एउटा चिन्ह देख्न चाहे। तिनीहरूको अन्धोपन कति धेर र तिनीहरूको दुस्साहस कत्रो ! ! उहाँ जो तिनीहरूको सामु उभिनुभयो, उहाँचाहिँ सबैभन्दा महान् चिन्ह हुनुहुन्थ्यो। वास्तवमा स्वर्गबाटको चिन्हचाहिँ प्रभु येशू स्वयम् हुनुहुन्थ्यो। तर तिनीहरूले उहाँलाई चिन्न सकेनन्, उहाँको गुण मूल्याङ्कन गर्न सकेनन्। तिनीहरूले आफ्नै कानले उहाँका अनुपम वचनहरू सुने; तिनीहरूले आफ्नै आँखाले उहाँका अद्भुत अचम्मका कामहरू देखे; तिनीहरूको

सम्पर्क यी पूर्णतया पापरहित मानिससित भएको थियो, अँ, यहाँ देहदारी परमेश्वर स्वयम् उपस्थित हुनुहुन्थ्यो; रपनि तिनीहरूले आफ्नो अन्धोपनमा स्वर्गबाटको एउटा चिन्ह खोजे ।

**मर्कूस ८ः१२-१३ः** प्रभु येशूले सुस्केरा हाल्नुभयो । यसमा अचम्म मान्नुपर्ने केही पनि छैन । मानव इतिहासमा कुनै पुस्ताले विशेष सौभाग्य प्राप्त गरेको हो भने यो यही यहूदी पुस्ताले पाएको थियो, जसमा यी फरिसीहरू पनि परेका थिए । मसीह देखा परिसक्नुभएको कुरा सफासँग देखाउने छरलङ्ग प्रमाणहरू नदेख्नु कत्रो अन्धोपन ! यसैले यी फरिसीहरूले पृथ्वीमा होइन, तर आकाशमा स्वर्गबाटको एउटा चिन्ह मागे । यसैले प्रभु येशूले तिनीहरूलाई भन्नुभयोः 'बस, तिमीहरूले यति चिन्हहरू देखिसके, भइगयो ; अब तिमीहरूले फेरि कुनै चिन्ह देख्न पाउनेछैनौ ।' उहाँले तिनीहरूलाई छोड्नुभयो; डुङ्गामा पसेर उहाँ फेरि पारिपट्टि जानुभयो ।

## ड) फरिसीहरू र हेरोदको खमीर (मर्कूस ८ः१४-२१)

**मर्कूस ८ः१४-१५ः** यो समुद्रको यात्रा गर्दा चेलाहरूले के चाल पाए भने, उनीहरूले रोटीहरू लैजान बिर्सेका रहेछन् । तर प्रभु येशूको विचार/ध्यान अझ ती फरिसीहरूसितको भेटमा अड्डिरहेको थियो; यसैले उहाँले उनीहरूलाई चेताउनी दिएर भन्नुभयोः 'सचेत रहो ! फरिसीहरूको खमीर र हेरोदको खमीरदेखि होशियार बस !' पवित्र बाइबलभरि खमीर सधैं यस्तो दुष्टताको प्रतीक हो, जो हल्ला नगरीकन, चाल नपाउने गरी बिस्तारै फैलिएर जान्छ र आफ्नो सम्पर्कमा आउने सबै थोक नराम्रो असर पार्छ । फरिसीहरूको खमीर अन्तर्गत कपट, रीतिवाद, धर्मको दम्भन र कट्टरता थियो । फरिसीहरूको बाहिरी पवित्रता देखाउने ठूलो खोक्रो रवाफ ता थियो, तर तिनीहरू मनभित्र पापले भ्रष्ट र अपवित्र थिए । हेरोदको खमीरमा संदेहवाद, अविश्वास, व्यभिचार र सांसारिकता थियो । हेरोदीहरूमा यी विशिष्ट पापहरू व्यापक थिए ।

**मर्कूस ८ः१६-२१ः** प्रभुका चेलाहरूले उहाँले भन्न चाहनुभएको कुरा अलिकति पनि बुझेनन् । उनीहरूको ध्यान केवल खानेकुरामा

अड़िरहन्थ्यो। यसैले उहाँले एकै लहरमा उनीहरूलाई नौवटा प्रश्नहरू गर्नुभयो। पहिला पाँच प्रश्नहरूले उनीहरूको बोधोपनलाई हप्काए; अनि अन्तिम चार प्रश्नहरूले उनीहरूको फिक्रीलाई हकारे; किनभने उनीहरू आफ्नो दैनिक खाँचोका निम्ति कसरी प्रबन्ध गरौं भन्ने चिन्ताले ग्रस्त भएका थिए, जब उनीहरूको साथमा ती प्रभु हुनुहुन्थ्यो, जसले पाँचवटा रोटीले पाँच हजार मानिसहरूलाई खुवाउनुभएको थियो; त्यस बेला बाह्र डालाभरि रोटीका टुक्राहरू उब्रेका थिए, होइन र? के उहाँले सातवटा रोटीले ती चार हजारलाई खुवाउनुभएको थिएन? हो, उहाँले यसो गर्नुभएको हो, र त्यस बेला सात टोकरीभरि रोटीका टुक्राहरू उब्रेका थिए। तब उनीहरूले कसरी बुझेनन्? उहाँ एउटा सानो डुङ्गामा बसिरहेका एक मुट्ठी चेलाहरूको खाँचो प्रशस्त गरी पूरा गर्नुहुन्छ नै। सृष्टिकर्ता परमेश्वर र सारा सृष्टिका मालिक पालनकर्ता उनीहरूसित यस डुङ्गामा बस्नुभएको कुरा के उनीहरूले जानेनन्?

## ढ) बेथसैदामा अन्धा मानिस निको भएको (मर्कूस ८:२२:२६)

यो अचम्मको काम मर्कूसको सुसमाचारको पुस्तकमा मात्र उल्लेख गरिएको छ। यसबाट कति चाखलाग्दा प्रश्नहरू उब्जन्छन्। पहिलो प्रश्नः प्रभु येशूले त्यस अन्धा मानिसलाई निको पार्नुभन्दा अघि त्यसलाई किन गाउँबाट बाहिर लैजानुभयो? दोस्रो प्रश्नः उहाँले त्यस मानिसलाई केवल एकै स्पर्शमा किन निको पार्नुभएन? तेस्रो प्रश्नः निको पार्न उहाँले आफ्नो थुक, यस्तो असाधारण वस्तु, किन प्रयोग गर्नुभयो? चौथो प्रश्नः त्यस अन्धा मानिसले तुरुन्तै आफ्नो दृष्टि किन पाएन?[३] (सुसमाचारका चारै पुस्तकहरूमा उल्लेख गरिएका चङ्गाइहरूमा यो मात्र कदम-कदममा पूरा भएको हो)। अन्तमा, यस अचम्मको कामको विषयमा 'गाउँमा कसैलाई यो कुरा नबताऊ' भनेर प्रभु येशूले त्यस मानिसलाई किन आज्ञा गर्नुभयो? यी सबै प्रश्नको जवाफमा हामी यो भनौंः हाम्रा प्रभु सर्वाधिकारी हुनुहुन्छ; उहाँले आफ्ना कामहरूको विषयमा उहाँले ती किन र कसरी गर्नुभयो, सो हामीलाई बताउनुपर्दैन। उहाँले जे-जे गर्नुभयो, सो

हामीले नबुझे ता पनि उहाँको एक-एक कामका निम्ति सदा यसको उचित कारण हुन्थ्यो। प्रभुको हरेक चङ्गाइको काम भिन्नै हुन्थ्यो भने, हरेक मानिसको मुक्तिको अनुभव पनि भिन्नै हुन्छ। कतिले प्रभुकहाँ फर्कनसाथ अचम्म प्रकारको आत्मिक दृष्टि पाउँछन् भने अरूले शुरुमा धमिला देख्छन्, त्यसपछि केही समयपछि मात्र मुक्तिको पूरा निश्चयता प्राप्त गर्छन्।

## ण) येशू 'ख्रीष्ट' हुनुहुन्छ भन्ने पत्रुसको महान् अङ्गीकार (मर्कूस ८:२७-३०)

यस अध्यायका अन्तिम दुई अनुच्छेदहरूले हामीलाई यी बाह्र प्रेरितहरूको चेला-तालिमको उच्च तहमा ल्याइपुऱ्याउँदछन्। पहिले यी चेलाहरूले प्रभु येशूलाई उहाँ को हुनुहुन्छ, सो गहिरो, व्यक्तिगत रूपले चिन्नु र गुणज्ञ/कृतज्ञ हुनुपर्छ, त्यसपछि मात्र उहाँले उनीहरूलाई उहाँको अघि तयार भएको बाटो देखाउन सक्नुहुन्छ, र उनीहरूलाई एउटा श्रद्धाभक्ति र त्यागले पूर्ण जीवन जिउनका निम्ति उहाँको पछि आउने आह्वान गर्न सक्नुहुन्छ। यस खण्डले हामीलाई चेलापनको मुटुमा ल्याइपुऱ्याउँछ। मलाई लाग्छ, सबैभन्दा बढ़ी बेवस्ता गरेको क्षेत्र यो नै होला; किनकि इसाईहरूले न यस कुरामा आफ्नो विचार पुऱ्याउन चाहन्छन्, न यसको शिक्षा व्यवहारमा ल्याउन चाहन्छन्।

**मर्कूस** ८:२७-२८: प्रभु येशू र उहाँका चेलाहरू सुदूर उत्तर प्रान्तमा गएर एकान्त ठाउँ खोज्नुभयो। सिजरिया फिलिप्पीतिर यात्रा गर्दै उहाँले चेलाहरूलाई 'मेरो विषयमा सर्वसाधारण मानिसहरूले के भन्छन्' भन्ने प्रश्न सोधेर बातचितको तरङ्ग एउटा नयाँ विषयतिर लानुभयो। प्रायः सबै मानिसहरूले उहाँमा एउटा महात्मा देख्थे। तिनीहरूले उहाँलाई बप्तिस्मा दिने यूहन्ना, एलिया वा अरू कुनै अगमवक्तासित समान ठान्थे। तर मानिसहरूले उहाँलाई दिएको आदरचाहिँ अनादर थियो; किनभने प्रभु येशू परमेश्वर हुनुहुन्थ्यो; होइन भने, उहाँ एक ठगाहा, एक पग्लाहा वा एक अनुश्रुत शूरवीर मात्र हुनुहुन्थ्यो। उहाँ अरू त के हुन सक्नुहुन्थ्यो र?

**मर्कूस ८ः२९-३०ः** त्यसपछि उहाँले निशाना ताकेर आफ्ना चेलाहरूलाई सोध्नुभयोः 'तिमीहरूले चाहिँ नि कसो ? मेरो विषयमा तिमीहरूले के भन्दछौं ?' पत्रुसले झट्टै जवाफ दिइहालेः 'तपाईं ख्रीष्ट हुनुहुन्छ।' ख्रीष्ट वा मसीहको अर्थ अभिषिक्त जन हो। अघि पनि पत्रुसले यो कुरा दिमागले जानेका थिए; तर बीचमा उनको जीवनमा केही न केही कुरा घटेको हुनुपर्छ; किनकि अब उनमा यो कुरा एक व्यक्तिगत गहकिलो दृढ़ विश्वास हुन गएको छ। अबदेखि उसो उनको जीवन फेरि पहिलेको जस्तो हुनै सक्दैन। आफ्नो स्वार्थसिद्ध जीवनदेखि पत्रुस अघाइसके; यस प्रकारको जीवनले अब उनलाई कुनै सन्तुष्टि दिन सक्दैन। प्रभु येशूचाहिँ मसीह अर्थात् ख्रीष्ट हुनुहुन्छ भने पत्रुसले सबै कुराहरू त्यागेर पूरा समर्पित भई उहाँकै निम्ति जिउनुपर्छ।

## त) परमेश्वरका दास आफ्नो मृत्यु र पुनरुत्थानको भविष्यवाणी गर्नुहुन्छ (मर्कूस ८ः३१-३८)

यहाँसम्म हामी परमप्रभुका दासले निरन्तर अरू मानिसहरूको सेवामा आफ्नो जीवन खर्च गर्नुभएको हेर्दै-हेर्दै आयौं। उहाँका शत्रुहरूले उहाँलाई घृणा गरेका र उहाँका साथीहरूले उहाँलाई गलत सम्झेका कुरा पनि हामीले देखिसक्यौं। हामीले उहाँको ईश्वरीय शक्तिले पूर्ण जीवन, उहाँको पापरहितको सुन्दर नैतिक शुद्ध सिद्ध जीवन, उहाँको पूरापूर प्रेम र नम्रताले सुशोभित भएको जीवन नियाल्न पायौं।

**मर्कूस ८ः३१ः** तर परमेश्वरको सेवामा समर्पित भएको जीवनको मार्गले दुःखकष्ट र मृत्युमा पुऱ्याउँदो रहेछ। यसैकारण मुक्तिदाता प्रभुले अब आफ्ना चेलाहरूलाई स्टष्टसँग भन्नुभयोः **अ)** उहाँले धेरै दुःख भोग्नुपर्छ; **आ)** उहाँ रद्द गरिनुपर्छ; **इ)** उहाँ मारिनुपर्छ र **ई)** उहाँ बौरिउठ्नुपर्छ। उहाँलाई महिमामा पुऱ्याउने मार्गले पहिले उहाँलाई क्रूसमा, त्यसपछि चिहानमा लाँदैथियो। श्री एफ. डब्ल्यू. ग्राण्टले भनेझैं *'बलिदानले नै सेवाको मर्म प्रकट गर्दछ।'*

**मर्कूस ८ः३२-३३ः** तर पत्रुसले यो कुरा ग्रहण गर्न सकेनन्। 'मेरा प्रभुले दुःख भोग्नुपर्ने, मेरा स्वामी मर्नुपर्ने ? कदापि हुँदैन ! !' मसीहको

विषयमा उनको मनले कोरेको नक्सासित यस कुराले पटक्कै मेलै खाएन। 'मेरा प्रभु र स्वामीलाई उहाँका शत्रुहरूले मार्ने ? !' यस प्रकारको विचार उनले सहन सकेनन्। यसैले येशूले यस्तो कुरा सङ्केत गर्दा उनले आफ्ना प्रभुलाई हप्काए। त्यस बेला येशूले पत्रुसलाई भन्नुभयोः **'हे शैतान, मेरो पछिल्तिर गइहाल् ! किनकि तँ परमेश्वरका कुराहरूमा होइन, तर मानिसका कुराहरूमा ध्यान लगाउँछस्।'** तपाईं बुझ्नुहोस्ः प्रभु येशूले पत्रुसलाई यहाँ शैतान सम्झनुभएन, न पत्रुसलाई दुष्ट आत्मा लागेको छ भन्न चाहनुभयो। उहाँले भन्न खोज्नुभएको कुरा यो होः 'तिमी शैतानले जस्तै कुरा गर्छौ; किनकि त्यसले हामीलाई सधैं निराश पार्न र परमेश्वरप्रति पूरा आज्ञाकारी हुनदेखि रोक्न खोज्दैछ। त्यसले हामीलाई परीक्षामा पारेर महिमाको सिंहासनमा पुग्न हामीलाई सजिलो बाटो/चोरबाटो अपनाउन लाउन चाहन्छ।' पत्रुसका शब्दहरू शैतानबाटका थिए; यी शब्दहरूको सुझाउ शैतानिक थियो; यसैले प्रभु रिसाउनुभयो। श्री विलियम केल्लीले यसको टिप्पणी गरेर भन्छन्ः

*'यहाँ, हाम्रा प्रभुको रिस उठाउने खास कुरा के थियो त ? यहाँ, एउटा यस्तो पासो छ, यहाँ एउटा यस्तो खतरा छ, जसमा हामी सबैजना यति सजिलोसँग पर्न सक्छौंः आफूलाई बचाउन खोज्ने चाहनाको एक फन्दा छ यहाँ, क्रूसको बाटो त्यागेर सजिलो बाटोलाई पहिलो स्थान दिने अभिलाषाको एक पासो छ यहाँ। के सङ्कष्ट, अपमान र तिरस्कारदेखि हामी स्वभावैले उम्कन खोज्दैनौं र ? के यो हाम्रो विषयमा सत्य नहोला ? हो, योजस्तो दुष्ट संसारमा परमेश्वरको इच्छा पालन गर्दा हामीले दुःखकष्ट उठाउनैपर्छ; तर यस्ता दुःखकष्टदेखि हामी हट्न खोज्दैछौं। स्वर्गको लाभ पनि उठाउने र पृथ्वीको पनि नगुमाउने किसिमले के हामी आफ्ना निम्ति शान्ति र सम्मान पाउने बाटो रोज्दैनौं र ? कति सजिलोसँग यसको पासोमा परिँदो रहेछ। मसीहचाहिँ किन होला यी सबै कष्टहरू भएर जानुपर्ने हो, सो कुरा पत्रुसले बुझ्नै सकेनन्। हामी उनको ठाउँमा भएका भए हामीले झन् खराब कुरा मनमा सोच्नेथियौं वा प्रभुलाई भन्नेथियौं होला। पत्रुसले आफ्नो आपत्ति प्रकट गर्दा उनको मनमा प्रभुप्रति*

*कत्रो माया थियो होला; किनभने उनले मुक्तिदाता प्रभुलाई प्रगाढ़ प्रेम गर्दथे । तर कहाँबाट होला, उनलाई थाहा पनि छैन, विवेकले नजाँची संसारको आत्मा उनको मनबाट उठ्यो, उठ्यो ।'*[ण]

याद गर्नुहोस्ः पहिले प्रभु येशूले आफ्ना चेलाहरूलाई हेर्नुभयो, त्यसपछि मात्र उहाँले पत्रुसलाई हप्काउनुभयो । मानौं 'म क्रूससम्म जादिनँ भने यिनीहरू मेरा चेलाहरूले कसरी मुक्ति पाउलान् ?' के उहाँले यसो भन्न चाहनुभएन र ?

**मर्कूस ८ः३४ः** त्यसपछि प्रभु येशूले यहाँ उनीहरूलाई भन्नुभएको कुराको भावअर्थ यस्तो थियोः 'मानिसहरूले मुक्ति पाऊन् भन्ने हेतुले म दुःखकष्ट पाउन अघि बढ्दैछु, र मर्नेछु । तिमीहरू मेरो पछि आउने इच्छा गर्दछौ भने तिमीहरूले हरेक स्वार्थी मनको भावनालाई त्याग्नुपर्छ; तिमीहरूले निन्दाको पात्र बनिने, दुःखकष्ट उठाउनुपर्ने र मृत्युसमेत सहनुपर्ने बाटो खुशीसाथ अपनाउनुपर्छ; तिमीहरूले मलाई पछ्याउनुपर्छ । तिमीहरूले मेरा निम्ति आफ्ना सुखसुविधाहरू, सांसारिक मोजमज्जाहरू, पारिवारिक र समाजिक प्रेमका बन्धनहरू, व्यक्तिगत उच्च-उच्च उद्देश्य र आकाङ्क्षाहरू, भौतिक धनसम्पत्ति र आफ्नो जीवन/प्राणसमेत त्याग्नुपर्ला ।' यीजस्ता वचनहरू पढ्दाखेरि मलाई अनौठो के लाग्छ भने, हामी कसरी एक ऐस-आरामको जीवन जिउन सक्छौं भन्ने विचार कहाँबाट आयो त ? भौतिक कुरामा मात्र राखेको रुचि, आफ्नै मात्र मतलब राख्ने स्वार्थ र आफ्नो मनको चिसोपनको विषयमा हामीले आफूलाई कसरी निर्दोष ठहराऔं ? प्रभु येशूका शब्दहरूमा ध्यान दिऔं ! किनकि उहाँले हामीलाई स्वार्थ-त्यागको जीवन, समर्पणको जीवन, दुःखकष्ट र बलिदानले पूर्ण जीवन जिउनलाई बोलाउँदै हुनुहुन्छ ।

**मर्कूस ८ः३५ः** सुखी जीवन जिउन खोज्दा, भविष्यका निम्ति प्रबन्ध गरिदिँदा, आफ्नै इच्छा र उद्देश्यहरू पूरा गर्दा, हर कुरामा आफूलाई केन्द्र तुल्याउँदा हामी जहिले पनि आफ्नो प्राण बचाउने परीक्षामा पर्न सक्छौं । निश्चय नै, आफ्नो प्राण गुमाउन यीजस्ता उत्तम उपायहरू नै हुँदैनन् । ख्रीष्ट येशूले हाम्रो आत्मा, प्राण र शरीर उहाँमा समर्पण गर्दै उहाँका निम्ति र उहाँको सुसमाचारका निम्ति आफ्नो सारा जीवन

अर्घबलिझैं उहाँको वेदीमाथि खन्याउन भनी हामीलाई बोलाउँदै हुनुहुन्छ। संसारका सबै मानिसहरूले उहाँको सुसमाचार सुन्न पाऊन् भन्ने हेतुले हामी उहाँको पवित्र सेवामा सबै कुराहरू खर्च गर्न र आफू पनि सम्पूर्ण रूपले खर्चिएर जान, खाँचो परे भने आफ्नो ज्यानसमेत सुम्पिदिन तयार हुनुपर्छ। प्रभुको माग यही हो। उहाँका निम्ति आफ्नो प्राण गुमाउनुको अर्थ यो हो। निश्‍चय नै आफ्नो प्राण बचाउन योजस्तो उत्तम उपाय नै हुँदैन।

**मर्कूस ८ः३६-३७ः** यदि एउटा ख्रीष्ट-विश्‍वासीले आफ्नो जीवनकालमा सारा संसारको धन प्राप्त गर्न सके, त्यसबाट उसलाई के लाभ हुनेथियो? यसो गरेर उसले परमेश्‍वरको महिमाका निम्ति र मानिसहरूको मुक्तिका निम्ति आफ्नो जीवन सदुपयोग गर्ने सुनौलो मौका गुमाइपठाउँछ। यस प्रकारको मोलतोलमा उसलाई कुनै फाइदा हुँदैन, उसको हानि मात्र हुन्छ। हाम्रो जीवन सारा संसारका थोकहरूभन्दा मूल्यवान् हो। हामीले आफ्नो यो अमूल्य जीवन ख्रीष्ट येशूका निम्ति सदुपयोग गरौं! नभई हामी यसलाई आफ्नै निम्ति मात्र प्रयोग गर्ने नै छौं।

**मर्कूस ८ः३८ः** हाम्रा प्रभुलाई थाहा थियोः उहाँका चेलाहरूमध्ये कतिजना नयाँ छन्, विश्‍वासमा जवान छन्, जसले शर्ममा पर्ने डरले गर्दा येशूको चेला भई जीवन जिउने मार्गमा हिँड्दा ठेस खालान्। यसैले प्रभुले यस्ताहरूलाई के सम्झना दिलाउन चाहनुभयो भने, जो उहाँका निम्ति निन्दा भोग्न तयार छैनन्, तिनीहरूले त्यस दिनमा झन् ठूलो शर्ममा पर्नेछन्, जब प्रभु येशू बड़ो शक्ति र महिमाको साथ फेरि यस संसारमा फर्केर आउनुहुनेछ। यो सोच्नीय कुरा हो! अब चाँड़ै हाम्रा प्रभु यस संसारमा फर्केर आउनुहुनेछ। तर यस पालि उहाँ नम्र रूप धारण गर्नुहुन्न, तर उहाँ पवित्र स्वर्गदूतहरूको साथमा आफ्ना पिताको महिमामा आउनुहुनेछ – यो आँखै तिरमिराउने कत्रो प्रतापले पूर्ण दृश्य! त्यस बेला उहाँ तिनीहरूसित लजानुहुनेछ, जो अहिले उहाँसित लजाउँछन्। **'यस व्यभिचारी र पापी पुस्तामा जो म र मेरा वचनहरूसँग लजाउँछ'** भन्ने वचनलाई हाम्रो हृदयलाई प्रभावित पार्न, हामीलाई स्पर्श गर्न, हामीसँग बोल्न दिऔं! यस्तो अविश्‍वासी र पापी संसारमा हाम्रा मुक्तिदाता प्रभुसित लजाउनु कति असुहाउँदो कुरा हो!!

# ४) मर्कूस ९-१०ः यरूशलेमतर्क परमेश्वरका दासको यात्रा

## क) परमेश्वरका दासको रूप-परिवर्तन (मर्कूस ९ः१-१३)

अघि प्रभु येशूले आफ्ना चेलाहरूका आँखाको सामु उहाँले आफैले हिँड्नुपर्ने, निन्दा र मृत्युसम्म दुःखकष्टहरू सहनुपर्ने त्यस मार्गको नक्सा कोर्नुभएको थियो; अनि उहाँबाट उनीहरूले उहाँको पछि लागेर आत्म-त्याग र समर्पणको जीवन जिउने आह्वान पाएका थिए। अब प्रभु येशूले परलोकरूपी अर्को नक्सा कोर्दै हुनुहुन्छः हो, यस जीवनमा उहाँको चेला भई जिउनेहरूले ठूलो दाम चुकाउनुपरेको छ; तर यस प्रकारको जीवनले अब चाँड़ै ठूलो महिमारूपी इनाम पाउने रहेछ।

**मर्कूस ९ः१-७ः** शुरुमा प्रभु येशूले यहाँ भन्नुभयोः **'यहाँ उभिरहेकाहरूमध्ये कतिजना छन्, जसले परमेश्वरको राज्य शक्तिसित आइरहेको नदेखुन्जेल कुनै रीतिले मृत्युको स्वाद चाख्नेछैनन्।'** यसो भनेर उहाँले पत्रुस, याकूब र यूहन्नालाई सङ्केत गर्नुभयो; किनकि यिनीहरूले उहाँको रूप परिवर्तन भएको त्यस पहाड़माथि परमेश्वरको राज्य शक्तिको साथ देखे। यस खण्डमा हामीले बुझ्नुपर्ने मुख्य बुँदा यो होः हालैमा हामी ख्रीष्ट येशूका निम्ति जेजति दुःखकष्ट सहन्छौं, यसका निम्ति हामीले त्यस दिन प्रशस्त इनाम पाउनेछौं, जब प्रभु फर्केर आउनुहुनेछ र उहाँका सेवकहरूचाहिँ उहाँको साथमा महिमामा देखा पर्नेछन्। त्यस पहाड़मा येशूको रूप परिवर्तन हुँदा देखिएका लक्षणहरूले ख्रीष्ट येशूको हजार वर्षको राज्यमा हुने अवस्थाहरूको पूर्वसङ्केत गर्दछन्।

**अ)** येशूको रूप परिवर्तन भयो; उहाँबाट आँखै तिरिमिरी पार्ने प्रतापको चमक फैलिरहेको थियो। उहाँका वस्त्रहरूधरि चम्किरहेका थियो, यति सेता, कुनै चीजले पनि तिनलाई यसरी सेता पार्न सक्दैनथ्यो।

ख्रीष्ट येशूको पहिलो आगमनमा उहाँको महिमामा घुम्टो हालिएको थियो। उहाँ नम्र भएर 'शोकहरूका पुरुष'को रूप लिनुभयो, जो दुःखहरूसँग परिचित हुनुहुन्थ्यो। तर प्रभु येशू महिमामा फर्केर आउनुहुनेछ। त्यस बेला उहाँलाई नचिन्ने कोही पनि हुनेछैन। सबैले उहाँलाई, राजाहरूका महाराजालाई र प्रभुहरूका परमप्रभुलाई देख्नेछन्।

**आ)** मोशा र एलिया त्यस पहाड़मा देखा परे। उनीहरूले **क)** पुरानो नियमको समयका जम्मै विश्वासीहरूलाई, साथै **ख)** मोशाको व्यवस्था र अगमवक्ताहरूलाई, र **ग)** मरेका पवित्र जनहरूलाई र उठाइलगिएका पवित्र जनहरूलाई प्रतिनिधि गर्छन्।

**इ)** पत्रुस, याकूब र यूहन्ना त्यहाँ उपस्थित थिए। उनीहरूले नयाँ नियमको समयमा जिउने सबै ख्रीष्ट-विश्वासीहरूलाई प्रतिनिधि गर्छन्, साथै ती विश्वासीहरूलाई सङ्केत गर्छन्, जो परमेश्वरको राज्य यस संसारमा स्थापित गर्दा जीवित हुनेछन्।

**ई)** प्रभु येशू त्यस पहाड़माथि प्रमुख व्यक्ति हुनुहुन्थ्यो। तीनवटा डेरा बनाऔं भन्ने पत्रुसको सुझाउ थियो। तर त्यस बादलभित्रबाट सुनिने स्वर्गबाट आएको आवाजले उनको यस प्रस्तावलाई हप्कायो। हर कुरामा ख्रीष्ट येशूलाई प्रथम स्थान दिइएको हुनुपर्छ। उहाँ नै 'इम्मानुएलको देश'को महिमा हुनुहुनेछ।

**उ)** त्यो बादलचाहिँ 'शेकिना' नामक महिमाको तेजले पूर्ण बादल हुन सक्छ, जो पुरानो नियमको समयमा पहिले भेट हुने पालमा र पछि परमेश्वरको मन्दिरमा पनि महापवित्र स्थानमा अड़िरहेको थियो। अदृश्य परमेश्वरको उपस्थिति स्पष्टसँग प्रकट गर्ने एकमात्र साधन/माध्यम यही बादल हुन्थ्यो।

**ऊ)** जुन आवाज सुनियो, त्यो पिता परमेश्वरको सोर/वाणी थियो। उहाँले ख्रीष्ट येशूलाई आफ्ना प्रिय पुत्र हुनुहुन्छ भन्ने अङ्गीकार गर्नुभयो।

**मर्कूस** ९:८ः जब त्यो बादल हटेर गयो, तब यी तीनजना चेलाहरूले आफ्नो साथमा येशूलाई बाहेक अरू कसैलाई देखेनन्। जब

परमेश्वरको राज्य पूरा शक्तिको साथ आउनेछ, तब प्रभु येशूलाई अद्वितीय स्थान, महिमाले भरपूर स्थान, सबैभन्दा पहिलो स्थान दिइनेछ, सो कुरा यस दृश्यले चित्रण गर्दछ। यस प्रकारको आदरनीय स्थान उहाँलाई वर्तमान समयमा हामी उहाँका अनुयायीहरूको हृदयमा दिइएको हुनुपर्छ।

**मर्कूस ९ः९-१०ः** उहाँहरू त्यस पहाड़बाट आर्लदै गर्नुहुँदा उहाँले यी तीनजनालाई उहाँ मरेकाहरूबाट बौरेर नउठुन्जेल उनीहरूले देखेका कुराहरू कसैलाई नबताउनू भन्ने कड़ा आज्ञा दिनुभयो। तर यस अन्तिम कुराले उनीहरूलाई अकमक्याएको थियो। प्रभु येशू मारिनु र बौरि-उठ्नुपर्छ भन्ने कुरा के उनीहरूले अझै बुझेका थिएनन्? किनकि उनीहरू मरेकाहरूबाट बौरेर उठ्ने वाक्यांशको विषयमा दोधारमा थिए। यहूदीहरू भएका नाताले उनीहरूलाई यो सत्यता थाहा थियोः एक दिन सबै मानिसहरू बौरिउठ्नेछन्। तर प्रभु येशूले यहाँ छुट्टै पुनरुत्थानको कुरा गर्नुभयो। उहाँचाहिँ मरेकाहरूको बीचबाट बौरेर उठ्नुहुनेछ अर्थात् जब उहाँ बौरिउठ्नुहुनेछ, तब अरू सबै मरेकाहरू होइन, तर उहाँ मात्र बौरिउठ्नुहुनेछ। यो तथ्य नयाँ नियममा मात्र प्रकट भएको हो।

**मर्कूस ९ः११ः** तर ती चेलाहरूसँग अझ अर्को समस्या थियो। उनीहरूले भर्खरै परमेश्वरको राज्यको पूर्वझलक पाएका थिए। तर के अगमवक्ता मलाकीले एलिया पहिले आउनैपर्छ भनी भनेका थिएनन् र (मलाकी ४ः५)? हो, एलिया मसीहका अग्रदूत भएर आउनेछन्, उनले सबै कुराहरू पुनर्स्थापना गर्न शुरु गर्नेछन्, र ख्रीष्टको विश्वव्यापी राज्य स्थापित गर्न बाटो तयार पार्नेछन्। तर ती एलिया को हुन्? के शास्त्रीहरूले भनेअनुसार उनी पहिले आउनेछन् त?

**मर्कूस ९ः१२-१३ः** प्रभु येशूको जवाफको भावअर्थ यस्तो थियोः 'हो, यो सय कुरा होः साँच्ची नै एलिया पहिले आउनैपर्छ। तर यसभन्दा महत्त्वपूर्ण कुराको विषयमा केकसो? तत्कालिक प्रश्न अर्को छः के पुरानो नियममा पवित्र शास्त्रहरूले म, मानिसका पुत्रको विषयमा मैले धेरै दुःख भोग्नुपर्छ र तुच्छ ठहरिनुपर्छ भनेर भविष्यवाणी गरेका थिएनन् र? अनि एलियाको सम्बन्धमा कुरा यस्तो छः एलिया आइसके (बप्तिस्मा दिने यूहन्नाको जीवन र सेवकाइमा)। उहिलेका मानिसहरूले जसरी

एलियासित व्यवहार गरेका थिए, ठीक त्यस्तै मानिसहरूले आफ्नो मनपरीअनुसारै तिनीसित कुव्यवहार गरे। बप्तिस्मा दिने यूहन्नाको हत्याचाहिँ मानिसहरूले म, मानिसका पुत्रसित केजस्तो व्यवहार गर्नेछन्, त्यसको पूर्वलक्षण हो। तिनीहरूले मसीह राजाका अग्रदूतलाई रद्द गरे; तिनीहरूले ख्रीष्ट राजालाई पनि रद्द गर्ने नै छन्।'

## ख) दुष्ट आत्मा लागेको केटा निको भएको (मर्कूस ९:१४-२९)

**मर्कूस ९:१४-१६:** यी तीनजना चेलाहरूले त्यस पहाड़को महिमित टाकुरामाथि रहन पाएनन्। तल, बेंसीमा सुस्केरा हालिरहेका, विलाप र ऐयाआत्था गरिरहेका मानिसहरू थिए। तल, उनीहरूका पाउमा खाँचो परेको संसार थियो। जब प्रभु येशू र उहाँका यी तीनजना चेलाहरू त्यस पहाड़को फेदमा आइपुग्नुभयो, तब शास्त्रीहरू, अन्य मानिसहरूको भीड़ र प्रभुका अरू बाँकी चेलाहरूको बीचमा झर्को तर्कवितर्क चलिरहेको थियो। प्रभु येशू देखा पर्नसाथ त्यो बातचित/छलफल थामियो, र तुरुन्तै सबै मानिसहरू दगुरेर उहाँकहाँ आए। उहाँले सोध्नुभयोः 'तिमीहरूले मेरा चेलाहरूसँग के विवाद/बहस गरिरहेका छौ?'

**मर्कूस ९:१७-१८:** गुँगा आत्मा लागेको छोराका आकुल-व्याकुल भएको बुवाले पूरा आवेगमा प्रभुलाई आफ्नो छोराको नमीठो कहानी सुनाइदियो। दुष्ट आत्माले यस केटालाई पक्रन्थ्यो र भुइँमा पछार्थ्यो। त्यसले उसलाई दाह्रा किट्न लाउँथ्यो, र उसले मुखमा फींज काढ्थ्यो। आत्माले उसलाई बेसरी मड़ारमुड़ुर पारेका बेलामा त्यो छोरा पूरा सुकेर जान्थ्यो। त्यसका बुवाले चेलाहरूसित सहायता माग्यो, तर उनीहरूले त्यो दुष्ट आत्मा निकाल्न सकेनन्।

**मर्कूस ९:१९:** प्रभु येशूले चेलाहरूलाई उनीहरूको अविश्वासको खातिर गाली गर्नुभयो। के उहाँले उनीहरूलाई दुष्ट आत्माहरूमाथि अधिकार दिनुभएन र? कहिलेसम्म उहाँ उनीहरूसँग रहनुपर्थ्यो, र कहिले उनीहरूले उहाँले उनीहरूलाई दिनुभएको यो अधिकार प्रयोग गर्नेथिए?

कहिलेसम्म उहाँले उनीहरूको शक्तिहीन अवस्था र उनीहरूको हार सहनुपरेको थियो ?

**मर्कूस ९:२०-२३:** मानिसहरूले त्यस केटालाई प्रभुकहाँ ल्याए; त्यति बेला दुष्ट आत्माले उसलाई एकैचोटिमा बेसरी मड़ारमुडुर पाऱ्यो, उसलाई साह्रै सिकिस्त पारिहाल्यो । येशूले त्यसका बुवालाई सोध्नुभयोः 'कहिलेदेखि यसलाई यस्तो भइरहेको छ ?' 'बालककालदेखि नै,' उसका बुवाले जवाफ दियो । उसको कक्र्याक्ककुक्रुक्क पारेको अवस्थामा ऊ घरिघरि आगोमा, घरिघरि पानीमा खसेको थियो । कतिपल्ट ऊ मुस्किलले मृत्युको मुखमा पुगेर बाँच्यो । त्यसपछि उसका बुवाले प्रभुलाई 'कृपया तपाईंले सक्नुभयो भने मेरो छोरालाई सहायता गर्नुहोस्' भनेर विन्ती गऱ्यो । यस अनुरोधमा वर्षौं निराश र हतासले मड़ारिएको त्यस बुवाको मनबाट निस्केर आएको हृदय विदारक यो चिच्च्याहट सुन्नुहोस् ! प्रभु येशूमा यस केटालाई निको पार्ने क्षमता नभएको हुँदै होइन, तर के उसको बुवाले विश्वास गर्न सक्छ के ? यसैमा सब निर्भर हुन्छ भन्ने कुरा उहाँले त्यस बुवालाई बताउनुभयो । जीवित परमेश्वरमाथि कहिल्यै व्यर्थैमा विश्वास राखिँदैन नै, तर सदा यसको इनाम पाइन्छ । अनि परमेश्वरका निम्ति कुनै कुरा पनि असम्भव वा कठिन हुँदैन ।

**मर्कूस ९:२४:** 'प्रभु, म विश्वास गर्छु; मेरो अविश्वास जित्न सहायता गर्नुहोस् !' त्यस बुवाको यस भनाइमा त्यसको मनमा विश्वास र अविश्वास पनि भएको विरोधाभास भएको बुझिन्छ; यो कुनै नयाँ कुरा होइन, यस्तो विरोधाभासचाहिँ सबै युगका परमेश्वरका जनहरूले अनुभव गरेका छन् । हामीले विश्वास गर्न चाहँदा-चाहँदै पनि हाम्रो मनभरि शङ्का छ । हामीभित्र उठिरहेको त्यो तर्कसँगत नभएको विवाद हामीले घृणा गर्छौं; ता पनि हामीले त्यसलाई पूरा रूपले जित्न सकेका छैनौं ।

**मर्कूस ९:२५-२७:** जब प्रभु येशूले त्यस अशुद्ध आत्मालाई यस केटाबाट निस्कने आज्ञा दिनुभयो, तब यस केटाबाट निस्किँदा त्यस आत्माले उसलाई फेरि पनि जोड़ले मड़ारमुडुर पारिदियो । तर अन्तमा यस केटाको शरीर लमतन्न भयो, त्यो मरेको जस्तो देखियो । तब

मुक्तिदाता प्रभुले उसलाई भुइँबाट उठाउनुभयो र उसलाई त्यस बुवाको जिम्मामा लगाउनुभयो ।

**मर्कूस ९ः२८-२८ः** पछि घरभित्र प्रभु येशू आफ्ना चेलाहरूसँग एकलै भएको बेलामा उनीहरूले उहाँलाई सुटुक्क सोधेः 'प्रभु, हामीले चाहिँ त्यो दुष्ट आत्मा निकाल्न सकेनौं; किन होला ?' उहाँले जवाफमा भन्नुभयोः कतिपय अचम्मका कामहरू गर्न प्रार्थना र उपवास नै चाहिन्छ । हामीमध्ये कोचाहिँ होला, जसले बेला-बेलामा ख्रीष्ट येशूका निम्ति गरेको सेवामा हार खाएको वा निराश भएको अनुभव गरेको छैन ? हामीले बड़ो होशियारसाथ अथक परिश्रम गर्दा-गर्दै परमेश्वरका आत्माले शक्तिसाथ काम नगर्नुभएको, किन ? तब हामीले पनि मुक्तिदाता प्रभुले भन्नुभएका यी शब्दहरू सुन्नुपर्छ, जसले हामीलाई सम्झाउँछन्ः 'यही किसिमको चाहिँ प्रार्थना र उपवासद्वारा बाहेक अरू कुनै उपायले निकाल्न सकिँदैन ।'

## ग) प्रभु येशूले आफ्नो मृत्यु र पुनरुत्थानको दोस्रो पूर्वसूचना दिँदै हुनुहुन्छ (मर्कूस ९ः३०-३२)

**मर्कूस ९ः३०ः** यति बेला सिजरिया फिलिप्पीको हाम्रा प्रभुको भ्रमण सिद्धिएको थियो । अब उहाँहरू गालीलबाट भएर जाँदै हुनुहुन्थ्यो; यो यात्रा यरूशलेममा, अँ, क्रूसमा टुङ्गिनेथियो । कसैले यसको बारेमा थाहा नपाओस् भनी उहाँले चाहनुभएको थियो । यहाँसम्म मानिसहरूको बीचको प्रभुको सेवकाइ प्रायः सकिएको थियो । बाँकी समय उहाँ आफ्ना चेलाहरूसँग बिताउन चाहनुहुन्थ्यो; उहाँले उनीहरूलाई अब सामना गर्नुपर्ने कुराहरूको विषयमा शिक्षा दिनुहुन्छ र उनीहरूलाई तयार पार्नुहुन्छ ।

**मर्कूस ९ः३१-३२ः** मानिसका पुत्रलाई चाहिँ मानिसहरूको हातमा सुम्पाइनेछ; तिनीहरूले उनलाई मार्नेछन् र मरेको तेस्रो दिनमा उनी बौरिउठ्नेछन् भन्ने कुरा येशूले चेलाहरूलाई बताएर स्पष्ट पार्नुभयो । तर उनीहरूले यो कुरा बुझेनन् । उनीहरू उहाँलाई सोध्न डराए । हामी पनि घरिघरि प्रभुलाई सोध्न धक मानिरहेछौं; यसरी नै हामी कतिपय आशिष गुमाइपठाउँछौं ।

## घ) स्वर्गको राज्यमा हुने महानताको विषयमा के हो ? (मर्कूस ९ः३३-३७)

**मर्कूस ९ः३३-३४ः** उहाँहरू कपर्नहुममा, त्यस घरमा आइपुग्नुभयो, जहाँ उहाँहरूले केही समय बस्न चाहनुभएको थियो । प्रभु येशूले उनीहरूलाई बाटोमा आउँदा-आउँदै उनीहरूले आपसमा कुरा गरिरहेको र बहस गरिरहेको त्यो विषय के थियो, सो सोध्नुभयो । यो भन्न उनीहरूलाई लाज लाग्यो; किनकि उनीहरूमध्ये सबैभन्दा ठूलो को होला भनेर उनीहरूले आपसमा तर्कवितर्क गरिरहेका थिए । हुन सक्छ, प्रभुको रूप परिवर्तनले उनीहरूमा अब चाँड़ै परमेश्वरको राज्य आउँदैछ है भन्ने आशा जगाएको थियो होला; अनि त्यस राज्यमा उनीहरूले आफ्ना निम्ति उच्च-उच्च पदहरू पाउने किसिम-किसिमका कल्पनाहरू गर्दैथिए। मनमा अफसोस लाग्ने कुरा के हो भने, प्रभु येशूले उनीहरूलाई आफ्नो चाँड़ै हुने मृत्युको विषयमा बताइरहनुभएको बेलामा उनीहरूले आफूलाई अरूभन्दा महान् सम्भिरहेका थिए। भविष्यवक्ता यर्मियाले भनेभैं मानिसको हृदय सबै कुराहरूभन्दा पनि छली र असाध्य दुष्ट हुँदो रहेछ !

**मर्कूस ९ः३५-३७ः** उनीहरूले केको विषयमा कुरा गरिरहेका थिए, सो प्रभु येशूलाई थाहै थियो। यसैले उहाँले उनीहरूलाई नम्रताको विषयमा एउटा पाठ सिकाउनुभयो । उहाँले भन्नुभयोः उनीहरूमध्ये जो पनि होस्, जसले पहिलो हुने इच्छा गर्दछ, उसले खुशीसाथ अरूको सेवा गर्ने नीच स्थान लिनुपर्छ; उसले आफ्ना निम्ति होइन, तर अरूका निम्ति जिउनुपर्छ। त्यसपछि प्रभु येशूले एउटा नानीलाई लिनुभयो, त्यसलाई माभमा उभ्याउनुभयो; त्यसलाई अँगालेर प्रभु येशूले एउटै कुरामा जोड़ दिएर भन्नभयोः यस्ता नगण्य, तुच्छा मानिएकाहरूका निम्ति येशूको नाममा गरिएको जुनै पनि उपकारचाहिँ एक महान् काम गनिन्छ। यस प्रकारको उपकारचाहिँ उहाँलाई गरिएको, होइन, अभ बढ़ी, पिता परमेश्वरलाई गरिएको ठहर्दछ। 'हे परमधन्य प्रभु येशू, तपाईंको यस शिक्षाले मलाई जाँच गर्दछ, र मेरो स्वार्थी हृदयको शारीरिक भावनालाई प्रकट गरिरहेको छ। मलाई र मेरो यस अहङ्कारी हृदयलाई तोड़्नुहोस् ! तपाईंको जीवन ममा देखा परोस् ! तपाईं मद्वारा जिउनुहोस् !'

## ङ) परमेश्वरका दासले जुनै किसिमको दलबन्दी पनि मनाही गर्दै हुनुहुन्छ (मर्कूस ९:३८-४२)

यस अध्यायभरि मानिसहरूका कमजोरीहरू देखा परेका छन्। पाँच र छ पदमा प्रभुको रूप परिवर्तन भएको त्यस पहाड़माथि पत्रुसले सोचविचार नगरीकन बोलेछन्। अठार पदमा चेलाहरूले त्यस गुँगा दुष्ट आत्मालाई निकाल्न सकेनछन्। चौतीस पदमा उनीहरूले सबैभन्दा ठूलो को हो भन्ने कुराको विषयमा तर्कवितर्क गरेछन्। अनि यहाँ, अठतीस पददेखि चालीस पदसम्म उनीहरूले आफ्नो दलबन्दीको भावना प्रकट गर्दा रहेछन्।

**मर्कूस ९:३८:** हामी यहाँ प्रभु येशूका प्यारा चेला यूहन्नाले प्रसङ्ग/सन्दर्भ उठाएको पाउँछौं। उनीहरूले येशूको नाममा दुष्ट आत्माहरू निकाल्ने एउटा मानिसलाई भेट्टाएका थिए। उनीहरूले उसलाई यसो गर्न मनाही गरे; किनभने ऊ उनीहरूसित लागेर यसो गरेको थिएन। त्यस मानिसले न झूटो शिक्षा सिकाउँदैथियो, न त्यो कुनै पापमा जिइरहेको थियो। त्यो उनीहरूसँग नलागेको मात्र थियो।

*तिनीहरूले एउटा गोलो रेखा ताने र मलाई त्यस रेखादेखि बाहिर राखे;*

*तिनीहरूले मलाई विद्रोही, झूटो शिक्षक भन्ने नाम दिए, तिनीहरूले मलाई निन्दाको पात्र सम्झे;*

*तर प्रेमसँग र मसँग तिनीहरूलाई जित्ने बुद्धि भएछ;*

*किनकि प्रेम र म, हामी दुवै मिलेर तिनीहरूलाई भित्र पार्ने गरी तिनीहरूको वरिपरि एउटा गोलो रेखा तानिहाल्यौं।*

**मर्कूस ९:३९:** येशूले भन्नुभयोः 'उसलाई नरोक! मेरो नाममा दुष्ट आत्माहरू निकाल्न यदि उससँग ममाथिको यत्रो विश्वास छ भने, ऊ मेरो पक्षमा छ; उसले शैतानको विरोधमा काम गर्दैछ। ऊ चटारो मेरो विरुद्ध जान सक्दैन, ऊ मेरो विरोधमा खराबी बोल्न सक्दैन; ऊ मेरो शत्रु हुन सक्दैन नि!'

**मर्कूस ९:४०:** यस पदले मत्ती १२:३० पदमा येशूले भन्नुभएको कुरासित मेल खाँदैन जस्तो लाग्छ, जहाँ उहाँले भन्नुभयोः ***'जो मसँग छैन,***

***त्यो मेरो विरोधमा छ; अनि जसले मसँग बटुल्दैन, त्यसले छरपुस्ट पार्छ।'*** तर यहाँ नमिल्ने कुरा केही पनि छैन। येशू परमेश्वरका पुत्र हुनुहुन्छ वा उहाँलाई दुष्ट आत्मा लागेको हुनुपर्छ भन्ने सन्दर्भ मत्तीको सुसमाचारको पुस्तकको थियो। यस आधारभूत कुरामा दुई मत हुन सकिँदैनः कि ता हामी उहाँसँग छौं, नत्र ता हामी उहाँको विरुद्धमा हुन्छौं।

यहाँ, मर्कूसको सुसमाचारको पुस्तकमा न प्रभुको व्यक्तित्व, न उहाँको काम यसको सन्दर्भ हो, तर प्रभुको सेवामा कोही हामीसँग लाग्छ कि लाग्दैन, यो कुराचाहिँ यसको पृष्ठभूमि हो। यस सम्बन्धमा हामीमा प्रेम, उदारता र सहने शक्ति हुनुपर्छ। सेवामा जोसुकै व्यक्ति किन नहोस्, जब ऊ ख्रीष्ट येशूको विरोधमा छैन, तब ऊचाहिँ शैतानको विरोधमा हुन्छ; यसैले ऊ ख्रीष्ट येशूको पक्षमा हुन्छ नै।

**मर्कूस ९:४१:** याद रहोस्: ख्रीष्ट येशूको नाममा गरिने जति सानो उपकारको काम किन नहोस्, यसको इनाम अवश्य हुन्छ नै। येशूको कुनै चेलालाई ऊ ख्रीष्टको हो भनेर एक गिलास पानी दिएको हिसाब परमेश्वरमा पनि रहन्छ। उहाँको नाममा दुष्ट आत्माहरू निकाल्ने काम असाधारण काम हो। एक गिलास पानी दिने काम सबैले गर्न सक्ने साधारण काम हो। तर प्रभुका महिमाका निम्ति गरिएका यी दुवै कामहरू उहाँको दृष्टिमा बहुमूल्य हुन्छन्। 'तिमीहरू ख्रीष्टका हौ' भन्ने कुरा त्यो सुत्र हो, जसले सबै ख्रीष्ट-विश्वासीहरूलाई एक-अर्कासित आत्मीय एकतामा बाँध्नुपर्छ। प्रभुका यी शब्दहरू हामीले आफ्नो सामु राखेका भए तिनैले हामीलाई हाम्रो बीचमा भइरहेको हर किसिमको दलबन्दी राख्ने भावना, सानातिना कुरामा गरिरहने झगड़ारगड़ाहरू र प्रभुको सेवाको सम्बन्धमा एक-अर्कालाई गरिरहने डाहाबाट छुटकारा दिनेथिए।

**मर्कूस ९:४२:** प्रभुका दासहरूले आफ्ना शब्दहरू र आफ्ना कामहरूमा तिनैले अरू मानिसहरूलाई कसरी प्रभाव पार्दछन् भन्ने कुराको सम्बन्धमा बड़ो होशियारीसाथ ध्यान दिनुपर्छ। आफ्नो सँगी-विश्वासीलाई ठेस खुवाउन सम्भव छ। उसलाई जीवनभरिसम्मका निम्ति आत्मिक हानिरूपी चोट पुऱ्याउन सम्भव छ। यी सानाहरूमध्ये एउटालाई ठेस खुवाएर उसलाई प्रभुको पवित्र र सत्य मार्गबाट भड्काउनुभन्दा घिच्रोमा

एउटा जाँतो झुन्ड्याएर समुद्रभित्र फालिएर र डुबेर मर्नु हाम्रा निम्ति बढ़िया हुनेथियो ।

## च) आफैलाई मायादया नगरी अति आत्मसंयमी हुनुपर्छ भन्ने विषयमा प्रभुको गम्भीर चेताउनी (मर्कूस ९:४३-५०)

**मर्कूस ९:४३:** यस अध्यायका अन्तिम पदहरूमा प्रभु येशूले हामीमा आत्मसंयम र आत्मत्याग अति आवश्यक छ भन्ने कुरामा जोड़ लाउनुहुन्छ। साँचो चेलाको रूपमा प्रभुको बाटो अपनाउन चाहनेहरूले आफ्नो पापी स्वभावबाट उठ्न खोज्ने कुइच्छा र अभिलाषाहरूसँग निरन्तर संघर्ष गर्दै सधैंभरि तिनलाई वशमा पार्नुपर्छ। तिनका निम्ति प्रबन्ध गर्नुहोस्, र तपाईंको विनाश अवश्य हुने नै छ। तिनलाई वशमा पार्नुहोस्, र तपाईंको आत्मिक विजय निश्चय हुनेछ।

प्रभु येशूले यहाँ हाम्रा हात, हाम्रा खुट्टा र हाम्रा आँखाको विषयमा कुरा गर्नुभयो। यस सम्बन्धमा उहाँले के बताउनुभयो भने, हाम्रो शरीरको कुनै अङ्गले हामीलाई ठेस खुवाएर हामीलाई नरकमा पुऱ्याउनुभन्दा हाम्रा अङ्गहरूमा एउटा नष्ट हुनु उत्तम हो; किनभने हामीले जेजस्तो त्याग्नुपरे पनि हामी जुनै हालतमा पनि त्यस स्वर्गीय लक्ष्यमा पुग्नुपर्छ।

हुन सक्छ, यहाँ यस पदमा बताइएको त्यस हातले हाम्रा कामहरूलाई सङ्केत गर्ला, त्यस खुट्टाले हाम्रो चालचलन र व्यवहारलाई सङ्केत गर्ला, अनि त्यस आँखाले चाहिँ हामीले लालच गरेका कुराहरूलाई सङ्केत गर्ला। यी तीन क्षेत्रहरूबाट चाहिँ खतराहरू आउन सक्छन्। हामीले आफूलाई अलि कति पनि मायादया नगरीकन ती खतरनाक कुराहरूसित कठोर व्यवहार गरेनौं भने, पक्का पनि ती कुराहरूले हामीलाई अनन्त विनाशमा पुऱ्याउनेछन्।

तर के यस खण्डमा प्रभु येशूले सच्चा ख्रीष्ट-विश्वासीहरू अन्तमा नाश हुनु सम्भव छ र उनीहरू अनन्त-अनन्तसम्म नरकमा पर्नेछन् भन्ने कुरा सिकाउनुभयो र? यस खण्डमा मात्र ध्यान दिँदा यस्तो लाग्न सकिन्छ। तर नयाँ नियमभरि यस सम्बन्धमा दिइएको शिक्षासित तुलना गर्दा हामीले के निष्कर्षमा पुग्नुपर्छ भने, होइन, कोही मानिस नरकमा पर्न जान्छ भने,

त्यो कदाचित कुनै हालतमा पनि साँचो इसाई भएकै थिएन। कुनै मानिसले मुखले 'मैले मुक्ति पाएँ, मैले नयाँ जन्म पाएँ' भनेर स्वीकार गर्ला र केही समयसम्म असल इसाईझैं देखा पर्ला, तर त्यसले आफ्ना शरीरका अभिलाषाहरू मात्र पूरा गरिरहन्छ, र त्यो यिनमा प्रसन्न रहन्छ भने यसैबाट स्पष्ट हुन्छः त्यस्तो व्यक्तिले कहिल्यै मुक्ति पाएकै हुँदै होइन।

**मर्कूस ९:४४-४८ः** यहाँ प्रभु येशूले घरिघरि[७] नरकको विषयमा बोल्नुहुँदा नरक यस्तो ठाउँ हो, 'जहाँ तिनीहरूको कीरा मर्दैन र आगो निभ्दैन' भनी भन्नुभएको हो। यो अति नै भयानक, अत्यन्तै गम्भीर कुरा हो। के हामीले यो विश्वास गर्छौं? हामीले भयानक नरकमा विश्वास गरेका भए हामी नाश हुने कुराहरूका निम्ति होइन, तर कहिल्यै नमर्ने अमर आत्माहरूका निम्ति जिउनेथियौं। 'हे दयालु प्रभु येशू, मलाई हराएका आत्माहरूका निम्ति संवेदना दिनुहोस्! तिनीहरूका निम्ति मलाई आफ्नै ईश्वरीय प्रेमले विवश पार्नुहोस्!'

प्रभुलाई धन्यवाद होस्, नैतिक हिसाबले हामीले कहिल्यै साँचो हुने गरी आफ्नो हात वा आफ्नो खुट्टा काटेर फाल्नुपर्दैन, न ता आफ्नो आँखा झिकेर फाल्नुपर्दछ। प्रभु येशूले हामीले आफ्नो शरीरसित यस प्रकारको अति गरेर आफूलाई अपाङ्गधरि तुल्याउने सुझाउ दिनुभएन। तर उहाँले के भन्नुभयो भने, शरीरका यी अङ्गप्रत्यङ्गहरू बेप्रयोग गरेर तिनका प्रभावले घिसारिँदा-घिसारिँदै नरकमा पुग्नुभन्दा यी अङ्गप्रत्यङ्गहरूको प्रयोग त्याग गर्नु *उत्तम* हो।

**मर्कूस ९:४९ः** उन्चास र पचास पदहरूको व्याख्या गर्नु अति गाह्रो छ। यसैले हामी ती पदहरू अब वाक्य-वाक्य हुने गरी केलाएर हेर्दैछौं।

**'किनकि हरेक जन आगोद्वारा नुनिलो पारिनेछ।'** यसमा तीनवटा समस्या देखा पर्छन्ः **अ)** कुनचाहिँ आगोसित यो सम्बन्धित छ? **आ)** नुनिलो पारिनुको अर्थ के होला? अनि **इ)** यहाँ 'हरेक जन' भनेको शब्दको अर्थले कसलाई सङ्केत गरेको होला? के त्यसले मुक्ति पाएकोलाई, मुक्ति नपाएको व्यक्तिलाई वा यी दुवैलाई सङ्केत गर्छ?

आगोको अर्थ नरक हुन सक्छ, जस्तै ४४, ४६ र ४८ पदमा यसको अर्थ यही हो; अथवा आगोको अर्थ न्याय पनि हुन सक्छ। न्याय भन्नाले

जुनै पनि न्याय बुझ्न सकिन्छः ख्रीष्ट-विश्वासीका कामहरूको जाँच गर्ने परमेश्वरको न्याय र हामीले आफ्नो विवेचना गरेको पनि यस न्यायको अर्थ हुन सकिन्छ।

नुनले चाहिँ त्यस वस्तुको सङ्केतात्मक अर्थ लिन्छ, जुन वस्तुले कि त सड्नदेखि रोक्छ, कि त शुद्ध पार्छ, कि त स्वादिलो तुल्याउँछ। पूर्वीय देशहरूमा नुनचाहिँ विश्वासयोग्यता र मित्रताको प्रतीक, साथै प्रतिज्ञापालनको बन्धकको रूपमा पनि प्रयोग गरिन्थ्यो।

'हरेक जन'को अर्थ मुक्ति नपाएका मानिसहरूमा लाग्छ भने, तब यी शब्दबाट तिनीहरूचाहिँ नरकको आगोमा भस्म हुँदैनन्, तर तिनीहरूले अनन्त-अनन्तसम्म आफ्ना पापको सजाय भोग्नेछन् भन्ने अर्थ निस्कन्छ।

तर 'हरेक जन' भन्दाखेरि ख्रीष्ट-विश्वासीहरूलाई बुझिन्छ भने, यस खण्डले के सिकाउँछ भने, **अ)** यस जीवनमा उनीहरू परमेश्वरका आगोरूपी ताड़नाद्वारा खारिन्छन्; **आ)** आत्मसंयमी भई उनीहरूले आत्मत्यागको व्यवहार अपनाएर आफूलाई भ्रष्ट हुनदेखि बचाउँछन्; अथवा **इ)** एक दिन उनीहरूको न्यायको जाँच ख्रीष्टको न्यायआसनको सामु हुनेछ।

**'र हरेक बलि नुनद्वारा नुनिलो पारिनेछ।'** यही वाक्यचाहिँ[॥] लेवी २:१३ पदबाट उद्धृत गरिएको हो। (गन्ती १८:१९ र २ इतिहास १३:५ पद पनि हेर्नुहोला।) नुनचाहिँ परमेश्वर र उहाँका मानिसहरूको बीचमा बाँधिएको वाचा/करारको चिन्ह थियो। त्यो नुनचाहिँ परमेश्वरको यो वाचा/करारचाहिँ एक गम्भीर सम्झौता हुँदो रहेछ, र हामीले यसलाई कुनै हालतमा पनि उल्लङ्घन गर्नुहुँदैन रहेछ भन्ने कुरा स्मरण गराउने स्मृति-चिन्ह थियो। हाम्रो शरीर परमेश्वरका निम्ति जिउँदो बलिदानको रूपमा समर्पण गर्दा हामीले यो बलिदान नुनले नुनिलो पार्नुपर्छ अर्थात् यो सुपुर्दगी कुनै परिस्थितिमा पनि फिर्ता लिनेछैनौं भन्ने प्रण गर्नुपर्छ (रोमी १२:१-२)।

**मर्कूस ९:५०: 'नुन असल हो;'** ख्रीष्ट-विश्वासीहरूचाहिँ पृथ्वीका नुन हुन् (मत्ती ५:१३)। उनीहरूचाहिँ संसारमा मानिसहरूको बीचमा आत्मिक स्वास्थ्य बढ़ाउने र वातावरण शुद्ध पार्ने प्रभाव हुन्छन् भन्ने आशा

र भरोसा परमेश्वरले उनीहरूमाथि राख्नुभएको छ। जबसम्म ख्रीष्टका चेलाहरूले चेलापनका सर्तहरू पूरा गर्छन्, तबसम्म उनीहरू सबैका निम्ति आशिषको कारण हुन्छन्।

'तर नुनले आफ्नो स्वाद गुमायो भने त्यसलाई तिमीहरूले केले स्वादिलो पार्नेछौ ?' नुन, जसको स्वाद उड्यो, केही कामको हुँदैन, त्यो विनामूल्यको हुन्छ। आफ्ना कर्तव्यहरू पूरा नगरेर साँचो चेला भएर नजिउने हरेक ख्रीष्ट-विश्वासी निस्फल र प्रभावहीन हुन्छ। यसैले इसाई जीवनमा असल शुरुवात गरेको पुग्दैन। हरेक परमेश्वरको जनले आफूलाई लगातार पूरा रूपले र उग्र किसिमले जाँचिरहनुपर्छ; उसले यसो गरेन भने जुन उद्देश्यका निम्ति परमेश्वरले उसलाई बचाउनुभयो, उसले त्यो उद्देश्य कहिल्यै पूरा गर्न सक्नेछैन।

**'आफू-आफूमा नुन राख !'** यसको अर्थ यो होः हामी यस संसारमा परमेश्वरका निम्ति शक्तिशाली यन्त्रहरू बन्नुपर्छ। ख्रीष्ट येशूका महिमाका निम्ति हामीले आफ्नो जीवन प्रयोग गर्नुपर्छ र आफ्नो जीवनले कसै-कसैलाई तिनीहरूको भलाइका निम्ति प्रभाव पार्नुपर्छ। प्रभुका निम्ति प्रभावशाली हुनुदेखि हामीलाई बाधा पार्ने जुनसुकै कुरा हामीले आफ्नो जीवनमा रहन दिनुहुँदैन, तर त्यसलाई हटाउनुपर्छ।

**'र एक-अर्कासित मेलमिलापमा बस !'** यस वाक्यले हामीलाई तेत्तीस र चौतीस पदमा फर्केर लान्छ; त्यहाँ चेलाहरूले उनीहरूमध्ये सबैभन्दा ठूलो को होला भनेर आपसमा बहस गरेका थिए। हामीले अहङ्कार हटाउनुपर्छ, र त्यसको सट्टामा नम्र भई अरूका सेवा गर्नुपर्छ।

अन्तमा उन्चास र पचास पदहरूको सार हामी यस प्रकारले प्रस्तुत गर्छौंः मलाई के लाग्छ भने, यी पदहरूले एउटा ख्रीष्ट-विश्वासीलाई चित्रण गर्छन्, जसले परमेश्वरका निम्ति आफ्नो जीवन जिउँदो बलिदानको रूपमा अर्पण गर्छ। उसको जीवन आगोले नुनिलो पारिएको हुन्छ; किनकि उसले निरन्तर आत्मजाँच र आत्मत्यागको जीवन अपनाएको हुन्छ। उसको जीवन नुनले नुनिलो पारिएको हुन्छ; किनकि उसको सुपुर्दगीमा प्रकट गरेको भक्तिचाहिँ आफ्नो प्रतिज्ञा कहिल्यै फिर्ता नलिने किसिमको सम्पूर्ण समर्पण हो। कुनै ख्रीष्ट-विश्वासीले आफ्ना

प्रतिज्ञाहरू पूरा गर्दैन, तर तिनैदेखि पछि हट्छ भने, अथवा उसले आफ्नो पापी स्वभावबाट उठिरहने अभिलाषाहरूसित कड़ा त्यागको व्यवहार गर्दैन भने उसको जीवन स्वादहीन हुन्छ, मूल्यहीन हुन्छ, अर्थहीन हुन्छ। यसकारणले उसले यस ईश्वरीय बोलावट र यस दिव्य उद्देश्यसित मेल नखाने जुनसुकै कुरा आफ्नो जीवनबाट हटाउनुपर्छ, रद्द गर्नुपर्छ, जरासमेत उखेलेर निर्मूल पार्नुपर्छ। अनि उसले अरू सबै ख्रीष्ट-विश्वासीहरूसित मेलमिलापमा बस्नुपरेको छ।

## छ) विवाह र विवाहको सम्बन्ध-विच्छेद

**(मर्कूस १०:१-१२)**

**मर्कूस १०:१:** गालीलबाट दक्षिण-पूर्वको दिशामा यात्रा गर्दै प्रभु येशू पेरियामा आउनुभयो; पेरियाचाहिँ यर्दन नदीको पूर्वपट्टिको प्रान्त थियो। प्रभुको सेवकाइ मर्कूस १०:१ पददेखि १०:४५ पदसम्म यहीं ठाउँमा भएको थियो।

**मर्कूस १०:२:** फरिसीहरूले उहाँलाई खोजे, र उहाँलाई छिट्टै फेला पारिहाले। तिनीहरूले उहाँलाई व्याँसाहरूको झुण्डले झैं आफ्नो घेरामा हाले, किनभने तिनीहरूले उहाँलाई मार्न चाहेका थिए। कुरै-कुरामा उहाँलाई फसाउने हेतुले तिनीहरूले उहाँलाई विवाहको सम्बन्ध विच्छेद गर्न उचित वा वैध/वैधानिक हो कि होइन भन्ने प्रश्न गरे। तब प्रभु येशूले तिनीहरूलाई मोशाको व्यवस्थामा लेखिएको कुरामा लाँदै तिनीहरूलाई सोध्नुभयो: 'मोशाले तिमीहरूलाई के आज्ञा दिए?'

**मर्कूस १०:३-९:** तिनीहरूले उहाँको प्रश्नको उत्तर दिएनन्, तर उहाँको कुरा तर्काएर मोशाले त्याग-पत्र लेखेर पत्नीलाई त्यागिदिने अनुमति दिए भन्ने कुरा गरे। तर यो पत्नीलाई त्यागिदिने कुराचाहिँ परमेश्वरको आदर्श र नमुनाअनुसारै थिएन। मानिसहरूको हृदयको कठोरताले गर्दा उहाँले यसो गर्ने अनुमति दिनुभयो, बस यति। परमेश्वरको योजनाअनुसार एक पुरुष र एउटी स्त्री विवाहद्वारा यस प्रकारले एक-अर्कासँग एकसाथ जोड़िन्छन्, कि तिनीहरू जीवनभरि नै यस विवाहको सम्बन्धमा मिलिरहून्। यस कुराले हामीलाई सृष्टिको

शुरुमा लान्छ, जब परमेश्वरले मानिसलाई नर र नारी भएर सृष्टि गर्नुभएको थियो। यही कारणले एउटा पुरुषले आफ्ना बुवाआमालाई छोड्नेछ, र एउटी स्त्रीसित विवाहको बन्धनमा पसेर त्यो मानिस आफ्नी पत्नीसँग एक जोड़ा हुनेछ; विवाहद्वारा त्यो मानिस र उसकी पत्नी, ती दुवै एउटै शरीर भएका हुन्छन्। यसरी परमेश्वरद्वारा एकसाथ जोड़िएको यस दम्पतीलाई चाहिँ कुनै हालतमा कसैले पनि र कुनै कानुनले पनि नछुटाओस्!

**मर्कूस १०:१०:** प्रभुका चेलाहरूका निम्ति पनि यो कुरा ग्रहण गर्न गाह्रो परिरहेको रहेछ; किनकि त्यस समयमा स्त्रीहरूले समाजमा आदरको ठाउँ पाएनन्, न ता तिनीहरूलाई सुरक्षा मिल्दथियो। तिनीहरूलाई प्रायः तुच्छ दृष्टिले हेरिन्थ्यो। एउटा लोग्नेले आफ्नी पत्नीसँग बेखुशी थियो भने त्यसले उसलाई सजिलोसँग त्याग्न पाउँथ्यो। यस प्रकारले त्यागिएकी स्त्रीको शरण लिने सहारा केही पनि रहँदैनथियो। धेरैपल्ट स्त्री जातिलाई लोग्नेहरूको सम्पत्ति सम्झिन्थ्यो।

**मर्कूस १०:११-१२:** प्रभुका चेलाहरूले उहाँलाई यस सम्बन्धमा अझ पनि सोधिरहे; तब उहाँले उत्तरमा के भन्नुभयो भने, चाहे पुरुष, चाहे स्त्री होस्, जसको विवाहको सम्बन्ध विच्छेद भएको छ, त्यस्तोलाई फेरि विवाह गर्दा व्यभिचार गरेको पाप लाग्दछ। यी दुई पदहरूमा मात्र नजर राख्दा जुनै परिस्थितिमा पनि आफ्नो विवाहित जीवन-साथीलाई त्याग्नुहुँदैन, यो सख्त मनाही गरिएको बुझिन्छ। तर मत्ती १९:९ पदमा प्रभु येशूले यस नियमभित्र नपरेको एकमात्र अवस्था बताउनुभयो, अर्थात् लोग्ने-स्वास्नीमा कुनै एकजनाले कुनै परस्त्री वा परपुरुषसँग अनुचित सम्बन्ध राखेको हुनाले त्यो व्यभिचार गरेको दोष साबित भएको छ भने निर्दोष व्यक्तिले दोषी जीवन-साथीलाई त्याग्न पाउँछ, र फेरि विवाह गर्न ऊ अनुमत हुन्छ। १ कोरिन्थी ७:२५ पदमा विवाहको सम्बन्ध विच्छेद गर्ने दोस्रो कारण पनि बताइएको देखिन्छः जब अइसाई विवाहित जीवन-साथी छुट्टिन्छ, र त्यसले आफ्नो ख्रीष्ट-विश्वासी जीवन-साथीलाई छोड़ेको हुन्छ, तब त्यस भाइले छुटानाम पाउन सक्छ अथवा त्यस बहिनीले छुटानाम पाउन सक्छे।

निश्चय नै विवाहको सम्बन्ध-विच्छेद र पुनर्विवाहको सम्बन्धमा विभिन्न समस्याहरू देखिन्छन्। कति मानिसहरूको विवाहको सम्बन्ध-विच्छेदमा झमेलाहरू यति अप्ठ्यारा र जटिल हुन्छन्, यति गाँठो परेका हुन्छन् कि तिनलाई खुट्ट्याउँदा वा सुल्झाउँदा सुलेमानको बुद्धि चाहिन्छ। यी लन्ठाहरूबाट बाँच्नु हो भने विवाहको सम्बन्ध-विच्छेद नगर्नु नै यसको सबैभन्दा उत्तम उपाय हो। जस-जसको विवाहको सम्बन्ध विच्छेद भएको छ, तिनीहरूको जीवनमा कालो बादल लागेको हुन्छ, तिनीहरूको विषयमा शङ्का उठिरहेको हुन्छ। जब विवाहको सम्बन्ध विच्छेद भएका व्यक्तिहरूले स्थानीय मण्डलीमा सँगति गर्न खोज्छन्, तब त्यस मण्डलीका एल्डरहरूले परमेश्वरको डरमा एक-एक व्यक्तिको निजी जीवनसँग सम्बन्धित तथ्य के हो, सो केरकार गरेर बुझ्नुपर्छ। हरेक व्यक्तिको कहानी अर्कै छ, र एक-एक व्यक्तिमाथि विशेष विचार पुऱ्याउनुपर्छ।

यस अनुच्छेदमा ख्रीष्ट येशूले विवाहको सम्बन्धचाहिँ पवित्र रहेको कुरामा मात्र ध्यान दिनुभएन, तर उहाँले स्त्रीहरूले अथवा पत्नीहरूले आफूले पाउनुपर्ने अधिकार पाऊन् भन्ने कुरामा पनि वास्ता गर्नुभएको हो। इसाई धर्ममा स्त्रीहरूले आदरको स्थान पाउँछन्, जुन स्थान अरू कुनै धर्मले तिनीहरूलाई दिएकै छैन।

## ज) बालबालिकाहरूलाई हुने आशिष

**(मर्कूस १०:१३-१६)**

**मर्कूस १०:१३:** यहाँ, हामी प्रभु येशूले ससाना बालबालिकाहरूलाई कति ख्याल गर्नुहुन्छ, सो कुरा देख्दैछौं। नानीहरूका बुवाआमाहरूले आफ्ना बालबालिकाहरूलाई तिनीहरूले उहाँबाट आशिष पाऊन् भनेर गुरु-गोठाला येशूकहाँ ल्याउँदैथिए, तर उहाँका चेलाहरूले यिनीहरूलाई फर्काए।

**मर्कूस १०:१४-१६:** यो देखेर येशू साह्रै नाराज हुनुभयो, र उनीहरूलाई भन्नुभयोः परमेश्वरको राज्यचाहिँ यस्तै ससाना नानीहरूकै हो, साथै तिनीहरूको पनि हो, जसको विश्वास र नम्रता यी नानीहरूको

जस्तै हुन्छ। परमेश्वरको राज्यमा पस्नु हो भने प्रौढ़ मानिसहरूचाहिँ ससाना नानीहरूजस्तै बन्नुपर्छ।

श्री जर्ज म्याक्डोनाल्डले के भन्ने गर्थे भने, *'म त्यस मानिसको इसाई-विश्वास पत्याउँदिनँ, जसको घरको दैलाको वरिपरि नानीहरू कहिल्यै खेलेरै बस्दैनन्।'* निश्चय नै, यी पदहरूले प्रभुका जुनसुकै दास-दासीलाई यति प्रभावित पार्नुपर्छ, कि उनले परमेश्वरको वचन लिएर बालबालिकाहरूकहाँ जानैपर्छ भन्ने महत्त्व बुझ्छन्। किनकि नानीहरूको मन अति कमलो, मुलायम हुन्छ, र तिनीहरू छिट्टै वचन ग्रहण गर्न तयार छन्। श्री ग्र्याह्याम स्क्रोगीले भनेका छन्ः *'नानीहरूलाई तिम्रो सबैभन्दा असल चरित्र देखाऊ ! तिनीहरूलाई तिम्रो सबैभन्दा उत्तम कुरा देऊ !'*

### फ) धनी जवान शासक (मर्कूस १०ः१७-३१)

**मर्कूस १०ः१७ः** एकजना धनी मानिस बीचमा आएर इमानदारपूर्वक प्रभु येशूलाई सोधनी गरे। 'असल गुरुज्यू' भन्ने सम्बोधन गर्दै तिनले अनन्त जीवनको हकदार हुन आफूले के गर्नुपर्छ भन्ने प्रश्न गरे।

**मर्कूस १०ः१८ः** प्रभु येशूले तिनलाई तिनले 'असल गुरुज्यू' भनेर चलाएको तिनको शब्दमा पक्रनुभयो। उहाँले यो उपाधि ठीक छैन, यसो भन्न मिल्दैन भनेर भन्नुभएन, तर उहाँले ती मानिसको विश्वास केकस्तो छ, सो जाँच्न चाहनुभयो। के तिनी प्रभु येशूलाई परमेश्वर भनी मान्न र स्वीकार गर्न तयार थिए ? अहँ, तिनी यसो गर्न तयार भएनन्।

**मर्कूस १०ः१९-२०ः** त्यसपछि प्रभु येशूले मोशाको व्यवस्था लिएर तिनलाई तिनकै पापलाई चिन्ने ज्ञान दिन खोज्नुभयो; किनभने ती मानिसको भूलधारणा यसैमा थियोः तिनले काम गरेर स्वर्गको राज्यको हक पाउन चाहेका थिए। यस्ता मानिसले व्यवस्था पालन गरून्; किनभने व्यवस्थाले तिनलाई तिनले गर्नुपर्ने कामहरू बताइदिन्छ। हाम्रा प्रभुले दस आज्ञाहरूमध्ये ती पाँचवटा आज्ञाहरू उद्धृत गर्नुभयो, जसको खास बरताव आफ्नो साथमा रहने छिमेकीसँग हाम्रो व्यवहार केकस्तो हुनु छ, सो कुरासित सम्बन्धित छन्। यी पाँचवटा आज्ञाहरूको निचोड़ होः ***'तिमीले आफ्नो छिमेकीलाई आफूलाई झैँ प्रेम गर्नू।'*** ती मानिसले 'यी सबै आज्ञाहरू ता मैले बालककालदेखि नै पालन गर्दै आएको हुँ' भने।

**मर्कूस १०:२१-२२:** तर के तिनले साँच्चै आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गरेथे ? तिनले आफ्नो छिमेकीलाई साँच्चै प्रेम गरे भने तिनले यो कामले देखाइदिऊन् ! आफ्नो सारा सम्पत्ति बेचेर यसको जम्मै पैसा गरिबहरूलाई दिएर तिनले यसको प्रमाण दिऊन् ! अहह, यो ता अर्कै कुरा हो रहेछ ! तिनी दुःखित भई गइहाले; किनकि तिनको धेरै धन-सम्पत्ति थियो ।

आफ्नो सारा सम्पत्ति बेचेर र त्यसको सबै पैसा दानपुण्य गरेर यही मानिसले मुक्ति कमाउन सक्छ भन्ने कुरा प्रभु येशूले यहाँ भन्नुभएन । उहाँले भन्नुभएको कुराको अर्थ यो होइन । मानिसका निम्ति मुक्ति पाउने एकमात्र उपाय छः मानिसले प्रभु येशूमाथि विश्वास गर्नुपर्छ । तर मुक्ति पाउन जुनै मानिसले पनि 'म पापी मानिस हुँ; परमेश्वरका पवित्र मागहरू मैले पूरा गरिनँ, र म कुनै हालतमा पनि पूरा गर्न सक्दिनँ' भन्ने कुरा मानिलिनुपर्छ । प्रभु येशूले ती धनी मानिसलाई दस आज्ञाहरूकहाँ फर्काएर लानुभयो; किनभने तिनलाई आफ्ना पापहरूको विषयमा कायल हुनु बाँकी थियो । ती धनी मानिसले आफ्नो सम्पत्ति गरिबहरूलाई बाँड्न चाहेनन्; यसर्थ तिनले आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्दैनथिए । यसैले तिनले भन्नुपर्नेथियोः 'प्रभु, तपाईंको माग यही हो भने, म ता एउटा पापी रहेछु ! म आफ्नो कोशिशले आफूलाई बचाउन सक्दिनँ; यसैले म तपाईंलाई विन्ती गर्दछुः तपाईंको निगाहमा मलाई बचाउनुहोस् !' तर तिनले आफ्नो सम्पत्तिलाई खूबै माया गरेका थिए । तिनी आफ्नो सम्पत्ति दिइहाल्न तयार भएनन् । आफैंचाहिँ तोड़िनु, अहँ, तिनले टुक्रिएर चूर्ण हुन मानेनन् ।

जब प्रभु येशूले ती मानिसलाई तिनको सबै थोक बेच्ने आदेश दिनुभयो, तब उहाँले तिनलाई मुक्तिको बाटो देखाउनुभएन । होइन, यसो गर्दा प्रभुले तिनलाई तिनले परमेश्वरको नियम उल्लङ्घन गरेका र यसैले तिनलाई मुक्ति पाउनु आवश्यक थियो भन्ने कुरा पो देखाउनुभएको हो । मुक्तिदाता प्रभुको यो शिक्षा तिनले मानेका भए उहाँले तिनलाई मुक्तिको बाटो पनि देखाउनुहुनेथियो ।

तर यहाँ एउटा समस्या देखा परेको छ। के हामी ख्रीष्ट-विश्वासीहरूले आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्नुपर्दैन र? के प्रभु येशूले हामीलाई 'तिमीसँग जे छ, सो बेचेर गरिबहरूलाई देऊ, र तिमीले स्वर्गमा धन पाउनेछौ; अनि आऊ, क्रूस उठाएर मेरो पछि लाग' भन्नुहुन्न र? हामी हरेकले यसको जवाफ उहाँलाई दिनुपर्छ। तर यसो गर्नुभन्दा अघि हामीले निम्न अनिवार्य कुराहरूमा ध्यान दिनुपर्छः

**अ)** दिन प्रतिदिन हजारौं मानिसहरूले खान नपाएर भोकले मर्दैछन्।

**आ)** अहिलेसम्म यस संसारका आधाभन्दा बढ़ी मानिसहरूले प्रभु येशूको सुसमाचार कहिल्यै सुनेका छैनन्।

**इ)** हाम्रा भौतिक सम्पत्ति मानिसहरूको आत्मिक र शारीरिक खाँचोहरू टार्ने काममा लगाउने बेला अहिले हो।

**ई)** हाम्रो गरिबीद्वारा अरू मानिसहरूले धनवान् हुन पाऊन् भन्ने उद्देश्यले हामी गरिब बन्नुपरेको छ भनेर प्रभु येशूले हामीलाई आफ्नै उदाहरण छोड्नुको साथ-साथै आफ्नै उदाहरणबाट हामीलाई यही शिक्षा पनि दिनुभयो (२ कोरिन्थी ८ः९)।

**उ)** हाम्रो जीवन छोटो छ, र प्रभु येशूको आसन्न दोस्रो आगमन नजिकै छ; यस कुराले हामीलाई के शिक्षा दिन्छ भने, हामीले अहिले नै आफ्नो धन प्रभुका निम्ति काममा लगाउनुपर्छ, अँ, उहाँकै काममा लगाउनुपर्छ। प्रभु येशू आइसक्नुभएपछि हामीले फेरि पनि यसो गर्ने मौका कहिल्यै पाउनेछैनौं।

**मर्कूस १०ः२३-२५ः** प्रभु येशूले ती धनी मानिसलाई मानिसहरूको भीड़भित्र लोप/अलप भएको देख्दा-देख्दै यसो भन्नुभयोः 'धनी मानिसचाहिँ परमेश्वरको राज्यमा पस्न साह्रै कठिन छ।' प्रभुको यस वचनले गर्दा चेलाहरू छक्कै परे; किनकि उनीहरूले धन-सम्पत्तिचाहिँ परमेश्वरको आशिष सम्झेका थिए। यसैकारण प्रभु येशूले कुरा दोहोर्‍याएर भन्नुभयोः 'हे नानीहरूहो, धन-सम्पत्तिमाथि भरोसा

गर्नेहरूलाई[८] परमेश्वरको राज्यभित्र पस्नु कति कठिन छ!' उहाँ भन्दै जानुभयोः **'धनी मानिसलाई परमेश्वरको राज्यभित्र पस्नुभन्दा ऊँटलाई सियोको नाथ्रीबाट छिरेर जानु सजिलो हुन्छ।'**

**मर्कूस १०:२६-२७:** 'त्यसो भए मुक्ति कसले पाउन सक्छ त' भन्दै चेलाहरूले साह्रै अचम्म माने। मोशाको व्यवस्थाको अधीनमा जिउने यहूदीहरू भएका नाताले उनीहरूले धन-सम्पत्तिचाहिँ परमेश्वरको आशिषको प्रमाण सम्झन्थे। यो ठिक्क पनि थियो; किनभने मोशाको व्यवस्थामा परमेश्वरले उहाँको आज्ञापालन गर्नेहरूलाई समृद्धिको प्रतिज्ञा गर्नुभयो। यसैबाट होला, धनी मानिस परमेश्वरको राज्यमा पस्दैन भने अरू कोही पनि पस्नै सक्दैन भन्ने चेलाहरूको तर्क उठेको थियो। तर प्रभु येशूले उनीहरूलाई यसो भन्दै जवाफ दिनुभयोः 'मानिसहरूका निम्ति जुन कुरा असम्भव छ, त्यो कुरा परमेश्वरका निम्ति सम्भव छ।'

यस खण्डमा प्रस्तुत गरिएको शिक्षाबाट हामी के-के निष्कर्ष निकालौं त?

पहिलो कुराः धनी मानिसहरूका निम्ति मुक्ति पाउन साँच्चै अति कठिन रहेछ (पद २३); किनभने धनी मानिसहरूले परमेश्वरलाई भन्दा आफ्ना धन-सम्पत्तिलाई बढ़ी प्रेम गर्छन्। तिनीहरूले आफ्ना रुपियाँ-पैसालाई त्याग्नुभन्दा बरु परमेश्वरलाई त्याग्छन्। तिनीहरूले प्रभुमाथि भरोसा गर्नुको सट्टामा आफ्नो धनमाथि भरोसा राख्छन्। जबसम्म तिनीहरूसँग हालत यस्तै छ, तबसम्म तिनीहरूले मुक्ति पाउन सक्दै-सक्दैनन्।

दोस्रो कुराः हो, पुरानो नियममा धन-सम्पत्तिचाहिँ परमेश्वरको निगाह प्राप्त भएको चिन्ह र लक्षण थियो। तर यो कुरा अब बदलिएको छ। अब धन-सम्पत्तिचाहिँ प्रभुको आशिषको प्रतीक होइन, तर मानिस कसको सेवामा निष्ठावान् रहन्छ, सो कुरा जाँच गर्ने कसी हो।

तेस्रो कुराः धनी मानिस परमेश्वरको राज्यभित्र पस्ने दैलोबाट/ढोकाबाट भएर जानुभन्दा बरु ऊँटलाई सियोको नाथ्रीबाट छिरेर जानु सजिलो रहेछ। तब मानिसको दृष्टिकोणले हेर्नु हो भने कुनै धनी मानिसले पनि मुक्ति पाउन सक्दै-सक्दैन। त्यस कुराको खण्डन गरेर

कसैले भन्लाः होइन, मानिसको हिसाबले त कुनै पनि मानिसले मुक्ति पाउन सक्दैन नि । हो, यो कुरा साँचो हो । तर जुन कुरा सबै मानिसहरूका निम्ति सत्य हुन्छ, त्यो कुरा धनी मानिसहरूका निम्ति झन् बढ़ी सत्य ठहरिन्छ । मुक्ति पाउन धनी मानिसले धेरै बाधा र रोकावटहरू सामना गर्नुपर्छ, जसको विषयमा गरिब मानिसलाई अलिकति पनि थाहै हुँदैन । पहिले धनी मानिसको हृदयरूपी सिंहासनबाट धनरूपी देवी निकालेर हटाउनैपर्छ, अनि ऊचाहिँ परमेश्वरको सामु कङ्गाल भई उभिनुपर्छ । उसको जीवनमा यस प्रकारको परिवर्तन ल्याउन मानिसका निम्ति असम्भव नै छ । परमेश्वरले मात्र यो गर्न सक्नुहुन्छ ।

चौथो कुराः धेरैजसो पृथ्वीमा धन थुपार्ने ख्रीष्ट-विश्वासीहरूले आफ्नो यस अनाज्ञाकारिताका निम्ति ठूलो मूल्य चुकाउनुपरेको छ । प्रायः तिनीहरूका छोराछोरीहरूले यसका निम्ति तिर्नुपरेको हुन्छ । यस्ता परिवारहरूका छोराछोरीहरू अति कम मात्रामा प्रभुमा अघि बढ़िरहेका हुन्छन् ।

**मर्कूस १०ः२८-३०ः** पत्रुसले मुक्तिदाता प्रभुको शिक्षाको तात्पर्य बुझिहाले अर्थात् येशूले 'सबै कुरा त्यागेर मेरो पछि लाग' भन्नुभएको हो रहेछ । यही कुरा प्रभु येशूले अझ पुष्टि गर्नुभयो, जब उहाँले यिनीहरूलाई, जसले उहाँका निम्ति र सुसमाचारका निम्ति सबै कुराहरू त्याग्छन्, यस वर्तमान जीवनमा इनाम र पछिको जीवनमा अनन्त इनामको प्रतिज्ञा गर्नुभयो ।

**क)** वर्तमान जीवनमा उहाँले दिनुहुने इनाम नगदमा होइन, तर निम्न कुराहरूको १०'००० प्रतिशत हुनेछः

***अ) घरहरूः*** प्रभुको दास भएका नाताले यिनीहरूले अरू धेरै मानिसहरूका घर-घरमा वासस्थान पाउनेछन् ।

***आ) दाजुभाइहरू, दिदीबहिनीहरू, आमाहरू र छोराछोरीहरूः*** यिनीहरूले थुप्रै इसाई साथीहरू पाउनेछन्, जसको आत्मीय सङ्गतिले यिनीहरूको सम्पूर्ण जीवन सिँगार्छ र धनी तुल्याउँछ ।

***इ) जग्गा-जमिनहरूः*** यिनीहरूले ख्रीष्ट राजाका निम्ति संसारका देश-देशहरू दाबी गर्नेछन् ।

***ई) सतावटहरूः*** सतावट पनि वर्तमान युगको इनामको अंश गनिन्छ; किनकि प्रभु येशूको खातिर दुःख भोग्नुको योग्य ठहरिनुचाहिँ आनन्दको कारण सम्झिनुपर्छ ।

**ख)** भविष्यमा उनीहरूलाई दिइने इनाम अनन्त जीवन हो । यसमा जसले सबै कुरा त्याग्छ, उसले अनन्त जीवन कमाउन सक्छ भन्ने अर्थ बुझ्नुहुँदैन । अनन्त जीवन एक दान हो । तर यस भनाइको तात्पर्य यही होः जसले सबै कुरा त्याग्छ, उसले स्वर्गमा अनन्त जीवनका आशिषहरू बढ़ी मात्रामा उपभोग गर्न सक्नेछ । स्वर्गको बढ़ता आनन्द लिन सक्ने त्यो ठूलो क्षमता उसको इनाम हो । सबै ख्रीष्ट विश्वासीहरू अनन्त जीवनमा सहभागी हुनेछन्, तर सबैले उस्तै र बराबर किसिमले यस अनन्त जीवनको आनन्द र मिठास उपभोग गर्नेछैनन् ।

**मर्कूस १०ः३१ः** त्यसपछि हाम्रा प्रभुले चेताउनीको वचन थपेर भन्नुभयोः 'तर धेरैजना, जो पहिला छन्, तिनीहरू पछिल्ला हुनेछन्, र पछिल्लाहरूचाहिँ पहिला हुनेछन् ।' यसैले बुझ्नुहोस्ः प्रभुको चेला हुने जीवनको मार्गमा असल शुरु मात्र गरेको पुग्दैन; हामी यो 'दौड़' कसरी अन्त्याउनेछौं, सबै कुरा यसैमा निर्भर रहन्छ ।

यस विषयमा श्री ह्यरी आइरनसाइडले भनेका छन्ः

*'जस-जसले "म प्रभुप्रति विश्वासी रहनेछु र उहाँको भक्त अनुयायी भएर जिउनेछु" भन्ने प्रण दिएका छन्, तिनीहरूमध्ये हरेक जन ख्रीष्ट येशूको नामको महिमाका निम्ति आफूलाई इन्कार गर्नुपर्ने जीवनको बाटोमा अघि बढ्दैन । फेरि यस्ता विश्वासीहरू पनि छन्, जो विश्वासमा पछाड़ि परेका देखिन्छन् र जसको भक्ति छ कि छैन भएझैं अति कम भएको देखा पर्दछ; तर उनीहरूचाहिँ जाँचको बेलामा सच्चा र परिपक्व ठहरिनेछन्, जसले आत्मप्रशंसकले झैं यसको श्रेय आफूलाई कहिल्यै दिनेछैनन् ।'* [ध]

## ञ) परमेश्वरका दासको मृत्युको विषयमा उहाँको तेस्रो पूर्वसूचना (मर्कूस १०:३२-३४)

**मर्कूस १०:३२:** अब माथि यरूशलेम जाने समय आइपुगेको छ। प्रभु येशूका निम्ति यसको मतलब गेत्समनीमा शोक र वेदनाले व्याकुल हुनु अनि क्रूसमा अपमान र शर्म सहनु र घोर व्यथामा तड्पनु थियो।

यति बेला उहाँको अनुभूति केकस्तो थियो होला? के हामीले येशू उनीहरूको अघि-अघि गइरहनुभएको शब्दमा उहाँको मनमुद्रा कस्तो थियो, सो अनुमान गर्न सक्दैनौं र? उहाँमा परमेश्वरको इच्छा पूरा गरेर छोड्दिने अठोट भएको देख्छौं; यसो गर्न कत्रो मूल्य चुकाउनुपरेको छ, सो पूरा रूपले जानेर पनि उहाँ परमेश्वरको इच्छा पूरा गर्न तयार हुनुहुन्थ्यो। यति बेला प्रभु येशूलाई एकलोपन भएको हामी महसुस गर्छौं; किनभने उहाँ चेलाहरूकै सामु उनीहरूभन्दा निक्कै आगड़ि एकलै हिँड्नुभयो। उहाँमा आनन्द थियो; किनकि आफूलाई पिताको इच्छाभित्र पाउँदा यस प्रकारको गहिरो र मनलाई राज गर्ने आनन्द पाइँदो रहेछ। आउनेवाला महिमाको मीठो प्रतीक्षाबाट उठ्ने आनन्द, आफ्ना निम्ति एउटी दुलहीलाई उद्धार गर्न पाउने हर्षोल्लास उहाँमा थियो। उहाँको सामु राखिएको आनन्दका निम्ति शर्मलाई पनि तुच्छ ठानेर उहाँले क्रूसको शासना भोग्नुभयो।

सबैको सामु लामा-लामा फुटका हान्दै गर्नुभएको हाम्रा प्रभुलाई नियाल्दा चेलाहरूलाई मात्र होइन, हामीलाई पनि अचम्म लाग्दैछ। यहाँ हाम्रा निर्भीक अगुवा, हामीमा विश्वास पैदा गर्नुहुने हाम्रा कर्ता र हाम्रो विश्वास परिपूर्ण पार्नुहुने हाम्रा सिद्धिदाता, हाम्रा महिमित स्वामी र ईश्वरीय राजकुमार हिँड्दै हुनुहुन्छ।

यस सम्बन्धमा श्री चार्ल्स आर. एर्डम्यान्ले लेख्छन्:

*'परमेश्वरका पुत्रको यस चेहरामा र डगमग नगरीकन क्रूसतिर अघि बढ़िरहनुभएको हाम्रा प्रभुको यो दृश्य निहार्न केही समय विराम गरौं! के त्यस दृश्यले उहाँको पछि लाग्दा हामीमा नयाँ वीरता पैदा*

*गर्दैन र? के त्यसले हामीमा नयाँ प्रेमको भावना जगाउँदैन र, जब हामी उहाँले हाम्रा निम्ति त्यो क्रूसको मृत्यु कति इच्छापूर्वक सहनुभएको देख्दैछौं? तर के हामी उहाँको त्यस मृत्युको अर्थ र रहस्यमा अचम्म मानिरहेका छौं कि, छैनौं कि?'* [१]

उहाँको पछि-पछि आउनेहरू डराइरहेका थिए; किनकि यरूशलेममा भएका धर्मनेताहरूले उहाँलाई मारेर छाड्ने सुदृढ़ मतो गरिसकेछन् भनी तिनीहरूलाई थाहा थियो।

**मर्कूस १०:३३-३४:** तेस्रो पल्ट प्रभु येशूले आफ्ना चेलाहरूलाई आउँदा घटनाहरूको विस्तृत जानकारी दिनुभयो। यस भविष्यवाणीरूपी रूपरेखाबाट स्पष्ट बुझिन्छः प्रभु येशू केवल मानिस मात्र हुनुहुन्नथियो।

अ) **'हेर, हामी माथि यरूशलेमतिर गइरहेछौं'** (मर्कूस ११:१-१३:३७)

आ) **'मानिसका पुत्र मुख्य पूजाहारीहरू र शास्त्रीहरूको हातमा पक्राउ पर्नेछन्'** (मर्कूस १४:१-२ र १४:४३-५३)

इ) **'तिनीहरूले उनलाई मृत्यु-दण्डको योग्य ठहराउनेछन्'** (मर्कूस १४:५५-६५)

ई) **'र उनलाई अन्यजातिहरूको हातमा सुम्पिनेछन्'** (मर्कूस १५:१)

उ) **'यिनीहरूले उनलाई गिल्ला गर्नेछन्, उनलाई कोर्रा लाउनेछन्, उनलाई थुक्नेछन् र उनलाई मार्नेछन्'** (मर्कूस १५:२-३८)

ऊ) **'तर तेस्रो दिनमा उनी बौरेर उठ्नेछन्'** (मर्कूस १६:१-११)

## ट) सेवा गर्नुचाहिँ महानता हो (मर्कूस १०:३५-४५)

**मर्कूस १०:३५-३७:** प्रभु येशूको अब चाँड़ो हुन लागेको क्रूसको मृत्युको विषयमा यस्तो हृदयस्पर्षी पूर्वसूचना सुनेपछि याकूब र यूहन्ना उहाँकहाँ आए, र उनीहरूले एउटा उच्च, तर बेसमयमा पेस गरेको विन्ती टक्राए। यस विन्तीमा एक उच्च कुरा थियो; किनकि उनीहरूले ख्रीष्ट

येशूको छेवैमा रहन चाहेका थिए। तर आफ्ना निम्ति ठूला-ठूला कुराहरू खोज्न यो समय अति असुहाउँदो थियो। हो, ख्रीष्ट येशूले अब आफ्नो राज्य स्थापित गर्नुहुन्छ भन्ने करामा उनीहरूको विश्वास रहेछ। तर यही बेलामा उनीहरूले उहाँको चाँड़ै आउनै लागेको यस्तो दर्दनाक मृत्युमा आफ्नो विचार पुऱ्याउनुपर्थ्यो।

**मर्कूस १०:३८-३९:** प्रभु येशूले उनीहरूलाई सोध्नुभयोः 'जुन कचौरा म पिउन लागेको छु, त्यो कचौरा तिमीहरूले पिउन सक्छौ के?' अनि उहाँले अब चाँड़ै अनुभव गर्नुपर्ने त्यस बप्तिस्माको विषयमा केकसो? के उनीहरूले त्यसमा सहभागी हुन सक्छन् त? कचौराचाहिँ उहाँको दुःखकष्टलाई सङ्केत गर्ने शब्द हो भने बप्तिस्माचाहिँ उहाँको मृत्युलाई सङ्केत गर्ने शब्द हो। 'हामी सक्छौं' भन्ने उनीहरूको जवाफ थियो। अनि उहाँले 'यो सय कुरा हो; हो, तिमीहरू सक्छौ' भनेर भन्नुभयो। उनीहरूले उहाँको निष्ठभक्ति गरेको हुनाले उहाँका निम्ति दुःख भोग्नेथिए। याकूबचाहिँ शहीद हुनुपरेको थियो (प्रेरित १२:२)।

**मर्कूस १०:४०:** तर यति भन्नुभएपछि प्रभु येशूले उनीहरूलाई बुझाउनुभयोः परमेश्वरको राज्यमा आदरका स्थानहरू कसैलाई मन परेर दिइने कुरा होइन, तर यी उच्च स्थानहरू कमाउनुपरेको छ। यहाँ, यस ठाउँमा, परमेश्वरको राज्यभित्र पस्ने प्रवेशचाहिँ विश्वासको आधारमा अनुग्रहले, सित्तैंमा दिइन्छ भन्ने कुरा आफूलाई सम्झाउनु राम्रो होला; तर उहाँको राज्यका पदहरू र स्थानहरू पाउनुचाहिँ ख्रीष्ट येशूप्रति हामी कतिको विश्वासयोग्य रह्यौं, यसैमा निर्भर रहन्छ।

**मर्कूस १०:४१-४४:** अरू दसजना प्रेरितहरू याकूब र यूहन्नासित निक्कै रिसाए; किनकि यी दुईजनाले उनीहरूलाई उछिनेर अगाड़ि हुन खोजेका थिए। तर यी दसजनाको रिसले के प्रकट गऱ्यो भने, यी दसजनाको भावना पनि उस्तै रहेछ। प्रभु येशूले मौका छोपेर आफ्ना चेलाहरूलाई महानताको विषयमा उनीहरूलाई अति सुन्दर र क्रान्तिकारी पाठ सिकाउनुभयो। मुक्ति नपाएका मानिसहरूको बीचमा ठूला मानिसहरू भनेर तिनलाई मानिन्छ, जसले मन परी आफ्नो अधिकार चलाउँछन्, जसले अरूलाई दमन गर्छन् र जो रवाफी र तानाशाही हुन्छन्।

तर ख्रीष्ट येशूको राज्यमा सेवाचाहिँ महानताको प्रतीक हो । **'जो ठूलो हुने इच्छा गर्छ, ऊचाहिँ तिमीहरूको *सेवक* बनोस् ! .. जो पहिलो हुने इच्छा गर्छ, ऊचाहिँ सबैको *दास* बनोस् !'**

**मर्कूस १०:४५ः** उपरोक्त कुराका सर्वोत्तम उदाहरण मानिसका पुत्र येशू आफै हुनुहुन्छ । उहाँ सेवा गरिन होइन, तर सेवा गर्न र धेरैको सट्टामा छुटकाराको दामको रूपमा आफ्नो प्राण दिन आउनुभयो । यो कुरा मनन गर्नुहोस् ! उहाँको अद्‌भुत जन्म विचार गर्नुहोस् ! उहाँ आउनुभयो; उहाँले आफ्नो जीवनभरि सेवा गर्नुभयो; अनि आफ्नो प्रतिनिधिक मृत्यु हुँदा उहाँले आफ्नो प्राण दिनुभयो ।

हामीले अघि भनिसक्यौंः सारा सुसमाचारको चाबीरूपी मूलसार दिने मुख्य पदचाहिँ यही मर्कूस १०:४५ पद हो । यहाँ धर्मविज्ञानको लघुरूप प्रस्तुत गरिएको हो; यसमा संसारले कहिले जान्न र चिन्न सक्ने सबैभन्दा महान् जीवनको लघुचित्र पेस गरिएको हो ।

## ठ) अन्धा बर्तिमै निको भयो (मर्कूस १०:४६-५२)

**मर्कूस १०:४६ः** अब घटनास्थल पेरियादेखि यहूदियामा सरेको छ। प्रभु येशूले आफ्ना चेलाहरूको साथमा यर्दन नदी तार्नुभयो, र यरियोमा आइपुग्नुभयो। त्यहाँ उहाँले अन्धा बर्तिमैलाई भेट्नुभयो। बर्तिमैको घोर आवश्यकता थियो; उसले आफ्नो खाँचो बुझेको थियो; उसमा आफ्नो आवश्यकता पूरा भएको हुनुपर्छ भन्ने दृढ़ संकल्प पनि थियो ।

**मर्कूस १०:४७ः** बर्तिमैले प्रभु येशूलाई चिनिहाल्यो, र हाम्रा प्रभुलाई दाऊदका पुत्र भनेर सम्बोधन गर्‍यो । यहाँ विडम्बी कुरा के थियो भने, इस्राएली जाति मसीहको उपस्थिति थाहा नपाउने गरी अन्धो भएको रहेछ, तर अन्धा बर्तिमैमा साँचो आत्मिक दृष्टि भएको रहेछ ।

**मर्कूस १०:४८-५२ः** 'दया पाऊँ, दया पाऊँ' भनेर लगातार चिच्च्याइरहने बर्तिमैको विन्ती खेर गएन। 'देख्न पाऊँ' भन्ने उसको विन्तीको एकमात्र निश्चित विषयवस्तु थियो, जसले निश्चित उत्तर पाइहाल्यो । प्रभु येशूप्रति ऊ कति धन्यवादी भएको थियो ? यो कुरा

उसले प्रभुको यरूशलेमतर्फको अन्तिम यात्रामा उहाँको विश्वासी चेला भई उहाँको पछि-पछि हिँड़ेर प्रकट गर्‍यो। यरिहो शहरमा बर्तिमैको जस्तै विश्वास पाउँदाखेरि प्रभुको हृदय अवश्य पनि खुशी भयो; निश्चय यसैबाट क्रूसतर्फको यात्रामा उहाँलाई प्रेरणा र उत्साह मिल्यो। बर्तिमैका निम्ति त्यस दिनमा प्रभुको खोजी गरेको असल भयो; किनभने मुक्तिदाता प्रभु त्यही बाटो भएर फेरि कहिल्यै जानुहुनेथिएन।

# ५) मर्कूस ११-१२ः यरूशलेममा परमेश्वरका दासको सेवकाइ

## क) जयजयकारको साथ यरूशलेममा प्रभु येशूको प्रवेश (मर्कूस ११ः१-११)

**मर्कूस ११ः१-३ः** प्रभु येशूको जीवनको अन्तिम हप्ताको बयान यहाँबाट शुरु हुन्छ। जैतुन डाँड़ाको पूर्वीय पाखामा प्रभु येशू एकक्षण बिसाउनुभयो। यो जग्गा बेतफागे र बेथानीको नजिकै थियो। बेतफागेको अर्थ नपाकेका नेभाराको घर हो भने बेथानीको शाब्दिक अर्थ दीन-दुःखीहरूको घर हो। प्रभुका निम्ति आफूलाई यहूदीहरूकहाँ मसीह राजाको रूपमा प्रस्तुत गर्ने त्यो घड़ी आइपुगेको थियो। यसरी एउटा गधाको बच्चामाथि बसेर उहाँले अब जकरियाको भविष्यवाणी पूरा गर्नुहुनेथियो (जकरिया ९ः९)। यसैले बेथानीबाट उहाँले आफ्ना चेलाहरूमध्ये दुईजनालाई बेतफागेमा पठाउनुभयो, यो अघिदेखि पूरा जानेर कि उनीहरूले त्यहाँ एउटा बाँधिराखेको गधाको बच्चा भेट्टाउनेछन्, जसलाई कुनै ताड़ना दिइएको थिएन। त्यसलाई ल्याउनू भनेर उहाँले उनीहरूलाई पूरा अधिकारको साथ अह्राउनुभयो। कसैले बाधा दिएर उनीहरूलाई रोक्न खोज्यो भने, उनीहरूले **'प्रभुलाई त्यसको खाँचो छ'** भन्नू। हाम्रा प्रभु सर्वज्ञत हुनुहुँदो रहेछ भन्ने कुरा यहाँ देखा पर्छ। यस कुराबाट कसैले प्रेरणा पाई यसो भनेका छन्ः *'यहाँ आधुनिकतावादले कोरेको ख्रीष्टलाई होइन, तर ऐतिहासिक ख्रीष्टलाई, वास्तविक ख्रीष्टलाई, अँ, स्वर्गका ख्रीष्टलाई पो प्रस्तुत गरिएको रहेछ।'*

**मर्कूस ११:४-६:** प्रभु येशूले अघि जस्तै भन्नभएको थियो, ठीक त्यस्तै सबै कुराहरू हुन आए। उनीहरूले त्यस गाउँको मुख्य दोबाटोमा त्यस गधाको बच्चालाई बाँधिएको अवस्थामा भेट्टाए। 'यस गधाको बच्चालाई फुकालेर तिमीहरू के गरिरहेका छौ' भन्दै कसैले उनीहरूलाई बाधा दिँदा उनीहरूले त्यसलाई येशूले आज्ञा गर्नुभएअनुसार जवाफ दिए। तब त्यहाँका मानिसहरूले उनीहरूलाई जान दिए।

**मर्कूस ११:७-८:** यसभन्दा पहिले त्यस गधाको बच्चामाथि कोही पनि चढ़ेको थिएन; ता पनि त्यसले आफ्नो ढाड़ कुप्र्याएन, तर आफ्नो सृष्टिकर्तालाई यरूशलेमसम्म बोक्यो। बिछ्याइएका लुगाहरू र खजुरका हाँगाहरूरूपी गलैंचामाथि सवार हुँदै प्रभु येशू शहरतर्फ जानुभयो; उहाँका कानहरूमा मानिसहरूको जयजयकार गुँजिरहेका थियो। केही क्षणका निम्ति मात्र भए पनि तिनीहरूले उहाँलाई राजाको रूपमा स्वीकार गरे।

**मर्कूस ११:९-१०:** मानिसहरूले उद्घोषका शब्दहरू यस प्रकारका थिएः

**अ) 'होसन्ना !'** होसन्नाको मौलिक अर्थ होः 'अब बचाउनुहोस् !' पछिबाट यो शब्द प्रशंसारूपी उद्घोष हुन गयो। हुन सक्छ, मानिसहरूले यसो भन्न चाहेः 'हाम्रा रोमी दमनकर्ताहरूबाट हामीलाई बचाउनुहोस् !'

**आ) 'परमप्रभुको नाममा आउनुहुने धन्य हुनुहुन्छ।'** यस वाक्यद्वारा यी मानिसहरूले प्रभु येशूलाई प्रतिज्ञा गरिनुभएको मसीह हुनुहुन्छ भन्ने कुरा सफासँग स्वीकार गरे (भजन ११८:२६)।

**इ) 'हाम्रा पिता दाऊदको राज्य, जो परमप्रभुको नाममा आउँछ, धन्य होस् !'** यी मानिसहरूको विचारमा, अब ख्रीष्ट येशूले दाऊदको सिंहासनमाथि आफ्नो आसन ग्रहण गर्नुहुन्छ; यसर्थ तत्कालै परमेश्वरको राज्य स्थापित गर्न लागेको थियो।

**ई) 'परमधाममा होसन्ना !'** यी शब्दका दुईटा अर्थ हुन सक्छन्। यसलाई सर्वोच्च स्वर्गमा परमप्रभुको प्रशंसा गर्ने आह्वानको रूपमा बुझ्न सकिन्छ, कि ता उहाँलाई चढ़ाइएको 'सर्वोच्च स्वर्गबाट आएर बचाउनुहोस्' भन्ने विन्ती हुन सक्छ।

**मर्कूस ११:११:** यरूशलेममा पस्नसाथ प्रभु येशू मन्दिरमा जानुभयो। उहाँ पवित्रस्थानभित्र होइन, तर त्यस मन्दिरको आँगनमा जानुभयो। मानिसहरूको बीचमा त्यो मन्दिर परमेश्वरको घरको रूपमा मानिन्थ्यो। तर प्रभु येशूले त्यस मन्दिरलाई आफ्नो घर सम्झनुभएन; किनभने यहूदी मानिसहरूलगायत त्यसका पूजाहारीहरूले उहाँलाई दिनुपर्ने स्थान, सम्मान दिएनन्। एकै नजरले चारैतिर सबै कुरा हेर्नुभएपछि मुक्तिदाता प्रभु मन्दिरबाट निस्कनुभयो र आफ्ना चेलाहरूको साथ बेथानी जानुभयो। यति बेला आइतबारको साँझ थियो।

## ख) फल नफल्ने नेभाराको रूख (मर्कूस ११:१२-१४)

मुक्तिदाता प्रभुले भर्खरै यरूशलेममा पाउनुभएको धुमधामसित गरिएको स्वागत् उहाँले कुन अर्थमा लिनुभयो, सो कुरा यस घटनाले बुझाउँछ। उहाँले त्यस फलहीन नेभाराको रूखमा इस्राएली जातिलाई देख्नुभयो, जसको मुखको स्वीकार त्यस रूखका हरिया पातहरूजस्तै ताजा थियो, तर जसमा एउटै फल पनि थिएन। होसन्नाको उद्‌घोषको सट्टामा अब चाँडै ती मानिसहरूले 'त्यसलाई क्रूसमा टाँगिदिनुहोस्' भन्दै रगत जम्ने आवाज उठाएर कराउनेथिए।

यहाँ, यस खण्डमा एउटा समस्या देखिन्छ। 'नेभाराहरूको फल्ने समय थिएन' भनेर यसको बयानमा स्पष्टसँग लेखिएको हुँदा-हुँदै पनि उहाँले त्यस नेभाराको रूखमा के दोष भेट्टाउनुभयो? यस कुरामा मुक्तिदाता प्रभु रिसाउनुभएको र न्यायसँगत काम नगर्नुभएको देखिन्छ। तर यो सत्य होइन; यसको अर्थ यो हुनै सक्दैन। तब यो सजिलोसँग बुझ्न नसकिने कुरा हामी कसरी बुझाइदिऔं त?

पवित्र बाइबलमा उल्लेख गरिएका देशहरूमा नेभाराका रूखहरूले पातहरू देखा पर्नुभन्दा अघि अगौटे फल उत्पन्न गर्छन्, जुन पहिलोफल एकदम मीठो छ र खान लायकको हुन्छ। त्यो अगौटे फलचाहिँ पछि हुने नियमित फसलको अग्रदूत हो। यस फसललाई यहाँ नेभाराहरूको फल्ने समय भनिएको छ। नेभाराहरूमा अगौटे फलहरू देखा पर्दैनन् भने त्यसको लक्षण यो होः यस पालि हुने नियमित नेभाराहरू पनि फल्नेछैनन्।

जब प्रभु येशू नेभाराको रूखरूपी इस्राएली जातिकहाँ आउनुभयो, तब उहाँले तिनीहरूमा पातहरू मात्र भेट्टाउनुभयो, अर्थात् तिनीहरूको मुखको स्वीकार, त्यो ओठे भक्ति मात्र थियो; तर उहाँले तिनीहरूमा परमेश्वरका निम्ति एउटै पनि फल पाउनुभएन। तिनीहरू आस देखाउनेहरू ता थिए, तर तिनीहरूमा कुनै फल लागेन; तिनीहरूको मुखको स्वीकार ता थियो, तर त्यो कामहरूबिनाको, मिथ्या थियो। प्रभु येशूले त्यस जातिबाट फल पाउने आशाले भोकाउनुभएको थियो। तर तिनीहरूमा कुनै अगौटे फल थिएन; यसर्थ पछि पनि यस अविश्वसी जातिबाट नियमित फसलरूपी कुनै फल पनि लाग्दैन भन्ने कुरा येशूलाई थाहा थियो। यसैले उहाँले त्यस नेभाराको रूखरूपी इस्राएललाई सराप्नुभयो। यो घटनाचाहिँ इस्वी संवत् ७० सालमा पूरा भएको इस्राएल देशमाथि आइपरेको परमेश्वरको न्यायको पूर्वचित्रण हो।

तैपनि इस्राएल जातिचाहिँ सदाका निम्ति श्रापित भएको र फलहीन अवस्थामा रहिरहनेछ भन्ने कुरा यस घटनाले सिकाउँदैन। केही समयका निम्ति मात्र यहूदीहरू त्यागिए। तर जब ख्रीष्ट येशू यस संसारमा राज्य गर्न फर्केर आउनुहुनेछ, तब यो जाति फेरि जन्मिनेछ, फेरि स्थापित हुनेछ, र परमेश्वरको निगाहमा आफ्नो आदरको स्थानमा फर्केर आउनेछ।

प्रभु येशूले गर्नुभएका अचम्मका कामहरूमध्ये यस एउटैमा मात्र उहाँले आशिष होइन, तर श्राप दिनुभयो, जीवित पार्नुभएन तर नष्ट गर्नुभयो। कतिले यस कुरामा एउटा ठूलो समस्या देख्न खोज्छन्। तर यहाँ तिनीहरूको आपत्ति के हो त? के सृष्टिकर्ता परमेश्वर सारा सृष्टिका मालिक हुनुहुन्न र? एउटा निर्जीव वस्तु नाश गरेर हामीलाई एउटा महत्त्वपूर्ण आत्मिक पाठ सिकाउने उहाँको अधिकार छैन र? अनि जब यसो गरेर उहाँले धेरै अमूल्य मानिसहरूलाई अनन्त दण्डमा पर्नुदेखि बचाउनुहुन्छ, तब नि कुरा केकस्तो भयो?

हो, यस खण्डको अर्थ प्रायः इस्राएली जातिसित सम्बन्धित छ; यसो भए पनि यसको मतलब सबै युगका मानिसहरूका निम्ति पनि हो; विशेष गरी तिनीहरूका निम्ति, जसले मुखले ठूला-ठूला कुरा गर्छन्, तर जसको आत्मिक जीवन अल्पविकसित भएको हुन्छ।

## ग) परमेश्वरका दासले मन्दिरलाई शुद्ध पार्नुभयो (मर्कूस ११:१५-१९)

**मर्कूस ११:१५-१६:** आफ्नो सेवकाइको शुरुमा प्रभु येशूले मन्दिरको चोकबाट त्यहाँ व्यापार गर्नेहरूलाई लखेटेर तिनीहरूलाई निकाल्नुभयो (यूहन्ना २:१३-२२)। अब उहाँको सेवकाइको अन्त हुन लागेको बेलामा उहाँ फेरि पनि मन्दिरको चोकमा पस्नुभयो, र धार्मिक गतिविधिहरूबाट मुनाफाखोरी गर्नेहरूलाई धपाउनुभयो। उहाँले कसैलाई पनि मन्दिर-क्षेत्रको बीचबाट भएर कुनै भाँड़ाबर्तन बोकेर लान दिनुभएन।

**मर्कूस ११:१७:** यशैया र यर्मियाका दुवै पुस्तकबाट केही वचन उद्धृत गरेर प्रभु येशूले मन्दिरलाई अपवित्र तुल्याउने, धर्मको नाममा व्यापार गर्ने र ऐकान्तिकवाद अपनाउनेहरूलाई दोषी ठहराउनुभयो। परमेश्वरको उद्देश्यअनुसार त्यो मन्दिरचाहिँ इस्राएलका निम्ति मात्र होइन, तर सबै जातिका मानिसहरूका निम्ति हुने प्रार्थना भवन हुनुपर्छ (यशैया ५६:७)। तर तिनीहरूले त्यसलाई धर्मको हाटबजार, अँ, लुटाहा-धुताहाहरूको ओड़ार तुल्याएका थिए (यर्मिया ७:११)।

**मर्कूस ११:१८:** प्रभुका हप्कीहरूको गहिरो प्रहारले शास्त्रीहरू र मुख्य पूजाहारीहरूको मुटु फट्ट छेड़ियो। यसैले तिनीहरूले उहाँलाई नाश गर्न चाहे, तर तिनीहरूले यसो गर्न आँटै गरेनन्; किनकि जनताका सर्वसाधारण मानिसहरूले उहाँलाई अझ बड़ो श्रद्धाको साथ आदर गर्थे।

**मर्कूस ११:१९:** साँझ परेपछि उहाँ शहरदेखि बाहिर जानुभयो। मूलभाषाको क्रियापदको कालबाट के सुझाउ मिल्छ भने, शहरदेखि बाहिर जाने उहाँको बानी थियो; शायद आफ्नो सुरक्षाका निम्ति उहाँ यसो गर्नुहुन्थ्यो होला। म मर्छु भनेर उहाँ डराउनुभएन। तर हामीले याद राख्नुपर्छः आफ्ना भेड़ाहरूरूपी चेलाहरूलाई रक्षा गर्ने जिम्माचाहिँ उहाँको सेवकाइको एक भाग पनि थियो (यूहन्ना १७:६-१९)। अनि परमेश्वरद्वारा अघिबाटै ठहराइएको समयभन्दा पहिले उहाँले आफूलाई आफ्ना शत्रुहरूको हातमा सुम्पनु पनि न्यायसँगत नभएको देखिन्छ।

## घ) फल नफल्ने नेभाराको रूखबाट सिक्नुपर्ने पाठ (मर्कूस ११ः२०-२६)

**मर्कूस ११ः२०-२३ः** उहाँले त्यस नेभाराको रूखलाई सराप्नुभएको भोलिपल्ट बिहानै उहाँका चेलाहरू त्यहाँबाट भएर यरूशलेम जाँदैथिए। त्यो रूख जरैदेखि सुकेको रहेछ। जब पत्रुसले यो कुरा प्रभु येशूलाई भन्नुभयो, तब उहाँले जवाफमा केवल 'परमेश्वरमा विश्वास राख!' भन्नुभयो। तर प्रभुका यी शब्दहरू र त्यस नेभाराको रूखको बीचमा के सम्बन्ध छ? यसपछिका पदहरूले के देखाउँछन्? यिनमा प्रभु येशूले केको विषयमा उत्साह दिन चाहनुभयो? परमेश्वरमाथि राखिएको विश्वासचाहिँ समस्याहरू हटाउन सक्ने एकमात्र साधन हुँदो रहेछ। उहाँका चेलाहरूसँग परमेश्वरमाथि राखिएको विश्वास छ भने उनीहरूको फलहीन जीवनजस्तो समस्या हल हुन्छ, र उनीहरूले पहाड़रूपी अर्जन र बाधाहरू हटाउन सक्छन्।

तर यस सम्बन्धमा याद राखौं! यी पदहरूले कसैलाई आफ्नै सुविधाका निम्ति वा आफ्नै प्रशंसाका निम्ति प्रार्थनामा अलौकिक शक्ति माग्ने अधिकार दिँदैनन्। हरेक विश्वासको काम परमेश्वरको कुनै प्रतिज्ञामाथि बसालिएको हुनुपर्छ। कुनै समस्या वा कुनै कठिनाइको विषयमा हामीले त्यसलाई हटाउनुचाहिँ परमेश्वरको इच्छा हो रहेछ भनी जान्यौं भने हामीले पूरा निश्चयतासाथ प्रार्थना गर्न सक्छौं, र त्यस्तै भइहाल्नेछ। वास्तवमा, जब हामीले माग्न लागेको कुरा परमेश्वरको इच्छाअनुसार हुन्छ भनी जान्दछौं, तब हामी जहिले पनि र जुनै कुराको सम्बन्धमा पनि पूरा हिम्मतसाथ प्रार्थना गर्न सक्छौं। परमेश्वरको इच्छाअनुसारको कुराको बारेमा निश्चित हुनु हो भने हामीले जहिले पनि त्यो कुरा पवित्र बाइबलमा प्रकट गरिएको वा हामीभित्र पवित्र आत्माले गवाही दिनुभएको कुरासँग मेल खान्छ कि खाँदैन, सो हेर्नुपर्छ।

**मर्कूस ११ः२४ः** प्रभुसँग खूबै मिलेर हामी उहाँसित नजिकको सम्बन्ध राखेर जिउँछौं र आत्मामा प्रार्थना गर्छौं भने हामीले प्रार्थनामा मागेको विषयमा त्यसको उत्तर पाउनुअघि नै मागेको कुरा पाउने सम्बन्धमा पूरा निश्चयता पाउन सक्छौं।

**मर्कूस ११ः२५-२६ः** प्रार्थनाको उत्तर पाउनु हो भने त्योचाहिँ सर्तहरूमध्ये एउटै आधारभूत कुरामा अर्थात् पापको क्षमा दिने भावनामा निर्भर रहन्छ। अरू मानिसहरूप्रति हामी रूखो, निर्दय हुन्छौं र अरूमा दोष भेट्टाउने तर आफूमा कहिल्यै दोष नभेट्टाउने भावना राखिरह्यौं भने हाम्रो प्रार्थनाको सुनाइ हुन्छ भन्ने आशा नराख्दा पनि भयो। हामीले पापको क्षमा पाउन चाहन्छौं भने हामीले अरूलाई क्षमा दिनुपर्छ। हामीले मुक्ति पाएको दिनमा पाएको पापको क्षमाको कुरा गरिएको छैन यहाँ। त्यसलाई न्यायको हिसाबले गरिएको पापहरूको क्षमा भनिन्छ। यस प्रकारको पापको क्षमा केवल विश्वासद्वारा परमेश्वरको अनुग्रहले सित्तैंमा पाइन्छ। तर यहाँ, यी पदहरूमा कुरा गरिएको पापको क्षमाचाहिँ परमेश्वर पिताले आफ्ना छोराछोरीहरूसित केकस्तो व्यवहार गर्नुहुन्छ, सो सम्बन्धभित्र पर्ने कुरा हो। कुनै ख्रीष्ट-विश्वासी भाइ वा बहिनीको मनमा पापको क्षमा नदिने भावना भयो भने यही कारणले स्वर्गमा हुनुहुने परमेश्वर पिता-सँगको उसको सँगति टुट्छ, र उसको जीवनमा बगिरहेको आशिषको प्रवाह रोकिएको हुन्छ।

## ङ) परमेश्वरका दासको अधिकारको विषयमा उठेको प्रश्न (मर्कूस ११ः२७-३३)

**मर्कूस ११ः२७-२८ः** भर्खरै मन्दिर-क्षेत्रभित्र आउनुभएको प्रभुलाई भेटेर धर्मनेताहरूले उहाँलाई निम्न दुईवटा प्रश्न सोधेर उहाँको अधिकारको विषयमा उहाँलाई चुनौती दिएः **अ) 'कुन अधिकारले तिमी यी कुराहरू गर्दछौ?'** र **आ) 'यी कुराहरू गर्न कसले तिमीलाई यो अधिकार दियो?'** यी कुराहरू भन्नाले मन्दिरलाई शुद्ध पार्नुभएको, त्यस नेभाराको रूखलाई सराप्नुभएको र यरूशलेममा जयजयकारको साथमा सवार गर्नुभएको आदि कुराहरू बुझिन्छन्। उहाँले जे-जस्तो जवाफ दिनुभए पनि यसरी तिनीहरूले उहाँलाई आफ्नो पासोमा पार्ने आशा गरेका थिए। 'परमेश्वरको पुत्र म नै हुँ' भन्ने कुरा गरेर उहाँले आफूमा त्यो अधिकार छ भनेर दाबी गर्नुभयो भने, तिनीहरूले उहाँलाई ईश्वर-निन्दा गर्नुभएको दोष लाउनेथिए। 'मैले यो अधिकार मानिसहरूबाट पाएको हुँ'

भनी उहाँले दाबी गर्नुभयो भने, तिनीहरूले त्यो कुरा अस्वीकार गर्नेथिए। 'मेरो अधिकार परमेश्वरबाटको हो' भनेर उहाँले दाबी गर्नुभयो भने, तिनीहरूले उहाँलाई 'हामीलाई यसको प्रमाण देऊ' भनेर चुनौती दिनेथिए; किनकि तिनीहरूले आफूलाई जनताका मानिसहरूमाथि परमेश्वरको नियुक्ति प्राप्त गरिएका धर्माधिकारीहरू सम्झे।

**मर्कूस ११:२९-३२:** तर प्रभु येशूले उत्तरमा तिनीहरूलाई पनि एउटा प्रश्न सोध्नुभयो: 'बप्तिस्मा दिने यूहन्नाको नियुक्ति परमेश्वरबाटको थियो कि थिएन ?' यूहन्नाको बप्तिस्मा भन्नाले बप्तिस्मा दिने यूहन्नाको पूरा सेवकाइ बुझ्नुपर्छ। तिनीहरू जेजस्तो जवाफ दिए पनि तिनीहरू लाजमा पर्नुदेखि उम्कन सक्नेथिएनन्। यूहन्नाको यो सेवकाइ परमेश्वरको नियुक्तिअनुसारको थियो भने तिनीहरूले पश्चात्ताप गर्न उनको आह्वान स्वीकार गर्नुपर्नेथियो, तिनीहरूले त्यसको आज्ञापालन गर्नुपर्नेथियो। तर तिनीहरूले यूहन्नाको सेवकाइको निन्दा र अपमान गरेमा जनसाधारणको रिस आफूमाथि निम्त्याउने डर थियो; किनकि मानिसहरूले यूहन्नालाई अझै पनि परमेश्वरका अगमवक्ता सम्झेका थिए।

**मर्कूस ११:३३:** 'हामीलाई थाहा छैन' भनेर तिनीहरूले आफूलाई अज्ञात तुल्याएर उहाँलाई उहाँको प्रश्नको उत्तर दिन मानेनन्। यस्तो अवस्थामा प्रभु येशूले तिनीहरूसित आफ्नो अधिकारको तर्क गर्न पनि अस्वीकार गर्नुभयो। जबसम्म तिनीहरू मसीह राजाका अग्रदूतको सिफारिस गर्ने प्रमाणहरू स्वीकार गर्न राजी भएनन्, तबसम्म तिनीहरूले पक्का पनि राजालाई सिफारिस गर्ने उहाँको उच्च अधिकारका प्रमाणहरू स्वीकार गर्नेथिएनन्।

## च) दाखबारीका दुष्ट किसानहरूको दृष्टान्त (मर्कूस १२:१-१२)

**मर्कूस १२:१:** धर्माधिकारीहरूले प्रभु येशूको प्रश्नको उत्तर दिन नचाहे ता पनि उहाँले तिनीहरूलाई दिनुभएको जवाफ अझ सकिएको छैन। तिनीहरूले परमेश्वरका पुत्रलाई इन्कार गरे; यसैले उहाँले अहिले

दृष्टान्तहरू प्रयोग गरेर यहाँ तिनीहरूलाई घोच्ने अभियोग पेस गर्दै हुनुहुन्छ। यस दृष्टान्तमा दाखबारी लगाउने मानिसचाहिँ परमेश्वर आफै हुनुहुन्थ्यो। दाखबारीको अर्थ परमेश्वरको निगाह प्राप्त हुने सौभाग्यशाली स्थान हो, जुन आदरको स्थान इस्राएल जातिले ओगटेका थियो। त्यो बारचाहिँ मोशाको व्यवस्था थियो, जसले इस्राएलीहरूलाई अन्यजाति-हरूबाट अलग पार्‍यो, र जसले तिनीहरूलाई परमप्रभुको विशेष जातिको रूपमा रक्षा गर्‍यो। दाखबारीका किसानहरूचाहिँ फरिसीहरू, शास्त्रीहरू र बूढ़ा प्रधानहरूजस्तै यहूदीहरूका धर्मनेताहरू थिए।

**मर्कूस १२:२-५:** परमेश्वरले घरिघरि आफ्ना दासहरू अर्थात् आफ्ना अगमवक्ताहरूलाई इस्राएलीहरूकहाँ पठाउनुभयो; किनभने उहाँले तिनीहरूबाट सँगति, पवित्रता र प्रेमजस्ता फलहरू खोजिरहनुभएको थियो। तर मानिसहरूले अगमवक्ताहरूलाई सताउँथे, र तिनीहरूमध्ये कतिलाई मारे।

**मर्कूस १२:६-८:** अन्तमा परमेश्वरले यसो भन्दै आफ्ना प्यारा पुत्रलाई पठाउनुभयोः 'निश्चय तिनीहरूले मेरा छोरालाई आदर गर्नेछन्।' तिनीहरूले उहाँलाई आदर गरेनन्। तिनीहरूले उहाँको विरोधमा षड्यन्त्र रचे, र अन्तमा उहाँलाई मारे। यस दृष्टान्तद्वारा प्रभु येशूले आफ्नो मृत्युको पूर्वसूचना दिनुभयो र उहाँलाई मार्नेहरूको दोष प्रकट गर्नुभयो।

**मर्कूस १२:९:** परमेश्वरले यी दुष्ट मानिसहरूलाई के गर्नुहुनेछ? उहाँले तिनीहरूलाई नाश पार्नुहुनेछ, र त्यो दाखबारीरूपी सौभाग्यशाली आदरको स्थानचाहिँ अरूहरूलाई दिनुहुनेछ। अरूहरूलाई भनेको अन्य-जातिहरूलाई बुझिन्छ, अथवा अन्तका दिनहरूमा जिउने इस्राएलीहरूबाट बाँकी रहेका ती मानिसहरूलाई बुझिन्छ, जसले त्यति बेला पश्चात्ताप गरेर परमेश्वरकहाँ फर्कनेछन्।

**मर्कूस १२:१०-११:** यी सबै कुराहरू पुरानो नियमका पवित्र शास्त्रहरूका वचन पूरा गर्नलाई भएका हुन्। उदाहरणका निम्ति, भजन ११८:२२-२३ पदहरूमा भविष्यवाणीको रूपमा बताइएको छ, कि मसीहलाई चाहिँ रद्द गरिनेछ; यहूदी धर्मनेताहरूको निर्माण-परियोजनामा ख्रीष्टरूपी ढुङ्गाका निम्ति कुनै ठाउँ नभएको हुनाले तिनीहरूले उहाँलाई

तिरस्कार गरे। तर ख्रीष्ट येशूको मृत्यु भएपछि उहाँ परमेश्वरद्वारा मरेकाहरूबाट बौराएर उठाइनुभयो, र परमेश्वर पिताद्वारा उहाँलाई सर्वोच्च स्थान, उहाँलाई प्रथम स्थान दिइयो। यसरी परमेश्वरको वासस्थानरूपी भवनमा उहाँ कुनाको शिर-ढुङ्गा बन्नुभयो।

**मर्कूस १२:१२:** यहूदी नेताहरूले प्रभुले भन्न खोज्नुभएको कुरा बुझिहाले। भजन ११८:ले मसीहको विषयमा बताउँदैछ भन्ने कुरामा तिनीहरूको विश्वास थियो। अब प्रभु येशूले त्यही कुरा आफूमा लागू गराउनुभएको तिनीहरूले सुने। तिनीहरूले उहाँलाई पक्रन खोजे, तर उहाँको समय अझ आइपुगेको थिएन। मानिसहरूको भीड़ले अझ येशूको पक्ष लिएको थियो। यसैले यस बेला ती धर्मनेताहरूले उहाँलाई छोड़े।

## छ) सिजरका कुराहरू सिजरलाई र परमेश्वरका कुराहरू परमेश्वरलाई दिने सम्बन्धमा प्रभुको जवाफ

**(मर्कूस १२:१३-१७)**

यस बाह्र अध्यायमा फरिसीहरू, हेरोदीहरू र सदुकीहरूले प्रभु येशूलाई तीन पल्ट आक्षेप गरेको बयान समावेश गरिएको छ। यस अध्यायभरि प्रश्नमाथि प्रश्न सोधिएको पाइन्छ, जस्तै मर्कूस १२:९, १०, १४, १५, १६, २३, २४, २६, २८, ३५ र ३७ पद।

**मर्कूस १२:१३-१४:** फरिसीहरू र हेरोदीहरू – यी दुई दलहरू एक-अर्काका घोर विरोधी थिए; तर मुक्तिदाता प्रभुप्रतिको घृणाले गर्दा तिनीहरू अब थोरै समयका निम्ति एक भए। तिनीहरूले उहाँकै शब्दहरूमा उहाँलाई आरोप लगाउने कुनै न कुनै कारण भेट्टाउँछौं कि भनेर उहाँलाई केही अनुचित कुरा बोल्ने पासोमा फसाउन सकभर प्रयास गरे। यसैले तिनीहरूले उहाँलाई 'के रोमी सरकारलाई कर तिर्नु उचित छ कि छैन' भन्ने प्रश्न सोधे।

अन्यजातिका शासनमनि जीवन जिउनुपर्ने कुराचाहिँ कुनै यहूदी मानिसका निम्ति आनन्दको कारण थिएन। फरिसीहरूले यस कुरालाई घोर घृणाले घृणा गर्थे; तर हेरोदीहरूले यसमा यिनीहरूको भन्दा खुला,

मिलनसार दृष्टिकोण अपनाए। प्रभु येशूले सिजरलाई कर तिर्नुहुन्छ भन्ने कुरा खुल्लमखुल्ला अनुमोदन गर्नुभयो भने उहाँले यहूदीहरूमध्ये धेरैजनालाई आफ्ना शत्रु तुल्याउनुहुनेथियो। तर उहाँ सिजरको विरोधमा बोल्नुभयो भने तिनीहरूले उहाँलाई झट्टै रोमी अधिकारीहरूको हातमा उहाँलाई थुनामा राख्न र उहाँको विरोधमा राजद्रोहको अभियोग लगाउन सुम्पिनेथिए।

**मर्कूस १२ः१५-१६ः** प्रभु येशूले आफूकहाँ एउटा दीनार ल्याउने आदेश दिनुभयो। (उहाँसँग एक दीनार पनि थिएन रहेछ भन्ने कुरा यसैबाट स्टष्टसँग बुझिन्छ)। दीनारमा सिजर तिबेरियसको आकृति छापिएको थियो; यस कुराले यहूदीहरूलाई 'हामी पराजित भएका र गैरसरकारको अधीनमा बस्ने मानिस रहेछौं' भन्ने सम्झना दिलाउँथ्यो। तिनीहरू किन यस्तो दुर्दशामा परेका थिए? यो ता तिनीहरूको अविश्वासयोग्यता र पापको फल थियो। तिनीहरूलाई यो मानिलिन कर लागेको थियोः हो, जुन मुद्रा/सिक्का तिनीहरूले चलाउँदैथिए, त्यसमा अन्यजातिका तानाशाहको आकृति छापिएको रहेछ; यस कुराले तिनीहरूलाई विनम्र तुल्याउनुपर्नेथियो।

**मर्कूस १२ः१७ः** प्रभु येशूले तिनीहरूलाई भन्नुभयोः **'सिजरका कुराहरू सिजरलाई र परमेश्‍वरका कुराहरू परमेश्‍वरलाई देओ!'** तिनीहरूको भूलचूकचाहिँ खास सिजरलाई दिनुपर्ने कुराहरूमा होइन, तर परमेश्‍वरलाई दिनुपर्ने कुराहरूमा थियो। तिनीहरूले इच्छा नभई-नभईकन रोमी सरकारलाई कर तिर्दैथिए, तर तिनीहरूको जीवनमा परमेश्‍वरको हक छ भन्ने कुरा वास्ता गर्दैनथे। दीनारको सिक्कामा सिजरको आकृति छापिएको थियो; यसैले त्यो सिक्का सिजरको थियो। तर मानिसचाहिँ परमेश्‍वरको स्वरूप हो; किनभने परमेश्‍वरले मानिसलाई आफ्नो स्वरूपमा सृष्टि गर्नुभयो (उत्पत्ति १ः२६-२७)। यही कारणले हरेक मानिसचाहिँ परमेश्‍वरकै हो।

ख्रीष्ट-विश्‍वासीले जुन सरकारको अधीनमा ऊ जिउँदछ, त्यस सरकारको नियमकानुन मान्नैपर्छ, अनि त्यसको काम-कुरामा सघाउ र सहयोग पुऱ्याउनुपर्छ। उसले आफ्ना शासकहरूको विरोधमा कुनै खराबी

बोल्न पाउँदैन; उसले सरकारको पतन गराउने कुनै काम गर्नुहुँदैन, कुनै क्रान्तिकारी कार्यक्रममा भाग लिनुहुँदैन। उसले कर तिर्नुपर्छ, र उच्च पदाधिकारीहरूका निम्ति प्रार्थना गर्नुपर्छ। कसैले उसलाई परमेश्वरको इच्छाको विरोधमा केही आदेश दिन्छ र ख्रीष्टप्रति उसको स्वामीभक्तिमा बाधा पार्न वा उसको विश्वास बिगार्न खोज्छ भने उसले नाइँ भन्न सक्नुपर्छ, र खाँचो पर्‍यो भने ऊ त्यसका निम्ति सजाय भोग्न पनि तयार हुनुपर्छ। हामीले परमेश्वरका कुराहरूलाई पहिलो स्थान दिनुपर्छ। परमेश्वरको इच्छालाई प्रथम स्थान दिँदाखेरि पनि ख्रीष्ट-विश्वासीले सधैं संसारका मानिसहरूको सामु एउटा असल साक्षी कायम राख्नुपर्छ।

## ज) सदुकीहरू र पुनरुत्थानको सम्बन्धमा तिनीहरूले थापेको अड्को (मर्कूस १२ः१८-२७)

**मर्कूस १२ः१८ः** सदुकीहरूचाहिँ त्यस समयका उदारवादी र हेतुवादीहरू थिए। तिनीहरूले शरीरको पुनरुत्थानमा विश्वास नगरी त्यसको खुला निन्दा गर्दथे। यसैले तिनीहरू प्रभुकहाँ आएर उहाँलाई एउटा बनावटी अड्कोरूपी कथा सुनाए, जसद्वारा तिनीहरूले पुनरुत्थानको कुरा हँसीठट्टामा उड़ाउन खोजेका थिए।

**मर्कूस १२ः१९ः** तिनीहरूले येशूलाई मोशाको व्यवस्थामा इस्राएलका विधवाहरूका निम्ति गरिने विशेष बन्दोबस्तको कुरा सम्झाएर यसको प्रसङ्ग उठाए। कुनै पुरुष सन्तान नभई मर्‍यो भने, उसको भाइले आफ्ना दाजुकी यस विधवा पत्नीलाई विवाह गर्नुपर्थ्यो, यसो गर्दा उसको पारिवरिक नाम मेटिनेछैन र उसको पैतृक सम्पत्तिचाहिँ आफ्नो परिवार-भित्र रहिरहनेछ (व्यवस्था २५ः५-१०)।

**मर्कूस १२ः२०-२३ः** तिनीहरूको काल्पनिक कथामा एउटी स्त्री थिई, जसको विवाह सातजना दाजुभाइहरूसँग एकपछि अर्कोसँग हुँदै सातपल्ट भएको थियो। अन्तमा त्यो स्त्री पनि मरी। अब तिनीहरूको छट्टू प्रश्न सोध्न ठाउँ तयार भयोः 'यसकारण पुनरुत्थानमा त्यो स्त्री ती सातजना दाजुभाइहरूमध्ये कसकी स्वास्नी हुनेछ?'

**मर्कूस १२ः२४ः** तिनीहरूले आफूलाई बाठै सम्झेका थिए। तर पुनरुत्थानको कुरा सफासँग सिकाउने पवित्र शास्त्रहरूको विषयमा, साथै मरेकाहरूलाई बौराएर उठाउने परमेश्वरको शक्तिको सम्बन्धमा तिनी-हरूको अज्ञानता अथाह छ भन्ने कुरा मुक्तिदाता प्रभुले तिनीहरूलाई बताउनुपर्‍यो।

**मर्कूस १२ः२५ः** पहिले तिनीहरूले जान्नुपरेको थियोः विवाहको सम्बन्धचाहिँ स्वर्गमा रहिरहँदैन रहेछ। स्वर्गमा विश्वासीहरूले एक-अर्कालाई चिन्न त चिन्नेछन्, र पुरुषचाहिँ पुरुष र स्त्रीचाहिँ स्त्री रहने नै छन्; तर उनीहरू न विवाह गर्छन्, न विवाह गराइन्छन्। तर यस कुराको सम्बन्धमा उनीहरू स्वर्गमा हुने स्वर्गदूतहरूजस्तै हुनेछन्।

**मर्कूस १२ः२६-२७ः** त्यसपछि हाम्रा प्रभुले ती सदुकीहरूलाई प्रस्थानको पुस्तकमा जल्दै गरेको पोथ्राको विषयमा मोशाले लेखेको बयानमा लानुभयो (प्रस्थान ३ः६); किनभने तिनीहरूले पुरानो नियमका अरू बाँकी पुस्तकहरूमा भन्दा मोशाले लेखेका पाँच पुस्तकहरू अर्थात् व्यवस्थामा बढ़ी मान्यता दिन्थे। त्यस बखत परमप्रभु परमेश्वर स्वयम्ले यसो भन्दै बोल्नुभयोः ***'म अब्राहामको परमेश्वर, इसहाकको परमेश्वर र याकूबको परमेश्वर हुँ।'*** मुक्तिदाता प्रभुले यस दिव्य वाणीबाट परमेश्वर मरेकाहरूका परमेश्वर होइन, तर जीवितहरूका परमेश्वर हुनुहुन्छ भन्ने कुरा स्पष्ट पार्नुभयो।

यस प्रकारको अर्थ कसरी यहाँबाट निस्केर आयो? जब यस पोथ्रामा परमेश्वर मोशाकहाँ देखा पर्नुभयो, तब के अब्राहाम, इसहाक र याकूब मरेका थिएनन्? हो, यिनीहरूका लासहरू हेब्रोन शहरनेर मकपेलाको ओड़ारमा गाड़िए। तब परमेश्वरचाहिँ जीवितहरूका परमेश्वर कसरी हुनुभयो त?

प्रभुको तर्क यस प्रकारको भएको देखिन्छः

**अ)** प्रतिज्ञा गरिएको देश र मसीहको सम्बन्धमा परमेश्वरले यी कुलपतिहरूलाई अर्थात् यी अब्राहाम, इसहाक र याकूबजस्ता इस्राएली पुर्खाहरूलाई विभिन्न प्रतिज्ञाहरू दिनुभएको थियो।

**आ)** जुन प्रतिज्ञाहरू उहाँले उनीहरूलाई दिनुभयो, ती प्रतिज्ञाहरू उनीहरूका जीवनकालहरूमा पूरा भएनन् ।

**इ)** जुन बेला जल्दै गरेको पोथ्रामा परमेश्वरले मोशासित बोल्नुभयो, त्यस बेला यी इस्राएली कुलपतिहरूका लासहरूचाहिँ चिहानमा थिए ।

**ई)** ता पनि परमप्रभु परमेश्वरले भन्नुभयोः 'म जीवितहरूको परमेश्वर हुँ ।'

**उ)** यसर्थ उहाँले अब्राहाम, इसहाक र याकूबलाई दिनुभएका ती प्रतिज्ञाहरू उहाँले उनीहरूका निम्ति पूरा गर्नुपर्छ ।

**ऊ)** निचोड़मा विश्वासयोग्य परमेश्वरको सद्गुणमा नजर राखेर हामीलाई के भन्नु कर लाग्छः पुनरुत्थान अनिवार्य छ, पुनरुत्थान हुनैपर्छ ।

अनि यसैले होला प्रभुले अन्तमा ती सदुकीहरूबाट छुट्टिने बेलामा तिनीहरूलाई भन्नुभयोः **'यसकारण तिमीहरू साह्रै भूलमा परका छौ ।'**

## फ) ठूलो आज्ञा (मर्कूस १२ः२८-३४)

**मर्कूस १२ः२८ः** प्रभु येशूले उहाँमा दोष भेट्टाउन खोज्ने ती सदुकीहरूका प्रश्नहरूको उत्तर दिँदा कत्रो निपुणता देखाउनुभयो, यस कुराले शास्त्रीहरूमध्ये एकजनालाई खूबै प्रभावित पार्‍यो । यसैले तिनले प्रभु येशूलाई **'सबैभन्दा महत्त्वपूर्ण आज्ञा कुनचाहिँ हो'** भन्ने प्रश्न सोधे । यो एक इमानदार प्रश्न थियो; अनि यसो विचार गर्दा यो ता जीवनको एक अति आधारभूत प्रश्न पनि हो । वास्तवमा, मानिसका निम्ति जीवनको सबैभन्दा मुख्य उद्देश्य के हो, सो सम्बन्धमा यी शास्त्रीले प्रभुबाट एक संक्षिप्त सार सुन्न खोजे ।

**मर्कूस १२ः२९ः** प्रभु येशूले यहूदीहरूको 'शेमा' नामक विश्वासको सारबाट उद्धृत गर्दै व्यवस्था ६ः४ पद लिएर आफ्नो उत्तर शुरु गर्नुभयो, जहाँ यसो लेखिएको छः **'हे इस्राएल सुन ! परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ ।'**

**मर्कूस १२ः३०ः** त्यसपछि उहाँले परमेश्वरप्रति मानिसको कर्तव्य के हो, सो विषयमा यस प्रकारको सार दिनुभयोः **'अनि तिमीले परमप्रभु**

**आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले, आफ्नो सारा मनले र आफ्नो सारा शक्तिले प्रेम गर!'** यसर्थ हरेक मानिसको जीवनमा परमेश्वरले सर्वोच्च स्थान पाउनुपर्छ। परमेश्वरमाथि लगाइएको प्रेमलाई जारको काम गर्ने जुनै कुरालाई र जुनसुकै व्यक्ति र भावनालाई हामीले आफ्नो परमशत्रु ठानेर आफ्नो जीवनमा सहनुहुँदैन।

**मर्कूस १२ः३१ः** दस आज्ञाहरूका बाँकी छ आज्ञाहरूले हामीलाई आफ्नो छिमेकीलाई आफूलाई झैं प्रेम गर्न सिकाउँछन्। परमेश्वरलाई चाहिँ हामीले आफूलाई भन्दा *बढ़ी* प्रेम गर्नुपर्छ, र आफ्नो छिमेकीलाई आफूलाई *झैं* प्रेम गर्नुपर्छ। यसो भए कुनचाहिँ जीवन अर्थपूर्ण जीवन गनिन्छ त? एउटा अर्थपूर्ण गनिने जीवनमा परमेश्वरले पहिलो स्थान पाउनुहुन्छ, त्यसपछि अरू मानिसहरूले आफ्नो ठाउँ पाउँछन्। भौतिक कुराहरूको नामनिशान छैन यहाँ। यिनका निम्ति कुनै ठाउँ रहँदैन; किनभने केवल परमेश्वर महत्त्वपूर्ण हुनुहुन्छ, र अरू मानिसहरू महत्त्वपूर्ण हुन्छन्।

**मर्कूस १२ः३२-३३ः** प्रभुले दिनुभएको उत्तरसित यी शास्त्री हृदयदेखि सहमत थिए; किनकि तिनले अति स्पष्टसँग भनेः सबै रीतिविधिहरूभन्दा अति महान् कुरा परमेश्वरलाई प्रेम गर्नु र आफ्नो छिमेकीलाई प्रेम गर्नु नै हो रहेछ; तिनको यो उत्तर प्रशंसनीय छ। मानिसहरूले धर्मका सबै रीतिविधिहरू पालन गरेर र सबैको सामु भक्तिको भेष र स्वाङ देखाएर पनि भित्र खोक्रा, अँ, व्यक्तिगत पवित्रतारहित हुन सक्दा रहेछन् भन्ने कुरा तिनले बुझेको हुनुपर्छ। मानिसको दुवै रूपमा, उसको भित्र र उसको बाहिरी रूपमा परमेश्वरले बराबर चासो राख्नुभएको कुरा तिनले यहाँ मानिलिए।

**मर्कूस १२ः३४ः** यी शास्त्रीले एक ध्यान दिनु योग्यको टिप्पणी दिएका देखेर प्रभु येशूले तिनलाई यसो भन्नुभयोः **'तिमी परमेश्वरको राज्यदेखि टाढ़ा छैनौ।'** परमेश्वरको राज्यका सच्चा नागरिकहरूले कहिल्यै धर्मको स्वाङले परमेश्वरलाई धोका दिन खोज्दैनन्, न ता अरू मानिसहरूलाई न आफूलाई यसरी नै ठग्न खोज्छन्; यो जानेर कि परमेश्वरले उनीहरूको हृदयको अवस्था नियाल्नुहुन्छ। यसैले उनीहरू

परमेश्वरको शरणमा पर्छन्, आफ्नो पाप स्वीकार गरेर हरेक अधर्मको कलङ्क धुइमाग्छन्। उनीहरूले परमेश्वरबाट उहाँलाई हर प्रकारले खुशी पार्ने जीवन जिउने शक्ति माग्छन्।

त्यसपछि प्रभु येशूलाई फसाउन अरू कसैले उहाँलाई फेरि यस प्रकारको छट्टू प्रश्न गर्ने आँटै गरेन।

## ञ) दाऊदका पुत्रचाहिँ दाऊदका प्रभु हुनुहुँदो रहेछ (मर्कूस १२ः३५-३७)

मसीहचाहिँ दाऊदको वंशागत सन्तान हुनुपर्छ भन्ने कुरा शास्त्रीहरूले सधैं सिकाउने गर्थे। यो कुरा सत्य थियो, तर यस कुराको पूरा सत्यता थिएन। मन्दिरको चोकमा प्रभु येशूको वरिपरि भेला भएका मानिस-हरूको सामु उहाँले अहिले एउटा समस्या पेस गर्नुहुन्छ। भजन ११०:१ पदमा दाऊदले मसीहको विषयमा कुरा गर्दा उहाँलाई प्रभु भनेका थिए। यो कसरी हुन सक्छ? एकैजना मसीहचाहिँ दाऊदका पुत्र हुने र दाऊदका प्रभु पनि हुने, कसरी? हाम्रा निम्ति यसको उत्तर स्पष्ट हुन्छः मसीहचाहिँ एकैसाथ मानिस पनि र परमेश्वर पनि हुनुहुन्छ। दाऊदका सन्तानको साइनुमा उहाँ मानिस हुनुहुन्छ र परमेश्वर हुनुभएकोले उहाँ दाऊदका प्रभु हुनुहुन्छ।

सर्वसाधारण मानिसहरूले उहाँको वचन खुशीसाथ सुने; यसर्थ तिनीहरू उहाँको यस तर्कको तथ्व ग्रहण गर्न तयार भएको देखिन्छ; तर शायद तिनीहरूले यस कुराको गहन अर्थ पूरा बुझेनन् होला। तर फरिसीहरू र शास्त्रीहरूको विषयमा यहाँ यस्तो केही बताइएको छैन। तिनीहरू चुप लागे; यसमा एक अशुभ लक्षण देखिन्छ।

## ट) शास्त्रीहरूदेखि होशियार! (मर्कूस १२ः३८-४०)

**मर्कूस १२ः३८-३९ः** बाहिरबाट हेर्दा शास्त्रीहरूचाहिँ धर्मी मानिसहरू थिए। तिनीहरू लामा-लामा फ्राकहरूमा आफ्नो रवाफ देखाउन खूब रुचाउँथे। यी पोशकहरूले तिनीहरूलाई साधारण जनताका मानिसहरूबाट अलग पारे र तिनीहरूलाई एक प्रकारको धर्मध्वज रूप

दिए। बजारहरूहुँदो उच्च इज्जतपूर्ण नामहरू कहलाई-कहलाईकन अरू मानिसहरूले तिनीहरूलाई अभिवादन गरेका तिनीहरू खूबै मन पराउँथे। त्यो त तिनीहरूको अहमको आहारा हुन्थ्यो। सभाघरहरूमा मानौं ईश्वर-भक्तिको सम्बन्धमा शारीरिक स्थानको पनि भूमिका खेलेझैं तिनीहरू मुख्य-मुख्य आसनहरू ग्रहण गर्थे, त्यसकै खोजीमा भइरहन्थे। धार्मिक हिसाबले मात्र होइन, तर समाजमा पनि प्रथम स्थानहरू पाउने तिनीहरूको चाहना हुन्थे। भोजहरूमा तिनीहरूलाई नै उच्च-उच्च स्थानहरू दिइनु-पर्थ्यो।

**मर्कूस १२:४०:** तर ती शास्त्रीहरूको भित्र लोभलालच थियो; तिनीहरू इमानदार थिएनन्। तिनीहरू विधवाहरूको सम्पत्ति लुट्थे। मानौं विधवाले जेजति तिनीहरूलाई दिन्छे, त्यो ता प्रभुलाई दिएझैं पारेर तिनीहरू विधवाहरूको जीविका चल्ने आधारसमेत लैजान्थे। यसरी नै तिनीहरू आफूलाई धनी तुल्याउँथे। तिनीहरूका प्रार्थनाहरू लामा-लामा थिए। प्रार्थनाहरूमा तिनीहरू ठूला-ठूला व्यर्थका शब्दहरू चलाउने गर्थे। तिनीहरूका प्रार्थनाहरू बकबकाउने शब्दहरू मात्र हुन्थे। छोटकारीमा भन्नु हो भने, तिनीहरू लामा-लामा लुगा लगाएर विशेष हुन, उच्च-उच्च अभिवादन पाएर प्रख्यात हुन, मुख्य-मुख्य आसन ग्रहण गरेर महान् हुन, विधवाका घरहरू लुटेर धनी हुन र लामा-लामा प्रार्थना गरेर आत्मिक देखा पर्न चाहन्थे।

## ठ) विधवाको भेटी (मर्कूस १२:४१-४४)

ती शास्त्रीहरू रुपियाँपैसाको घोर लोभी थिए, विचार गर्नुहोस्! तिनीहरूको लोभको ठीक विपरीत यहाँ यस विधवाको साँचो भक्ति कति भिन्न देखा परेको छ। तिनीहरूले विधवाहरूका घरघरहरू लुट्दथे भने यहाँ यस विधवाले ऊसँग जेजति थियो, त्यो सबै परमप्रभुलाई दिएर भेटीमा हाली। यस घटनाले प्रभु येशू सर्वज्ञानी हुनुहुन्छ भन्ने कुरा देखाउँछ। ढुकुटीको सामु बसेर प्रभु येशूले मानिसहरूले त्यसमा के-के भेटी हाल्दा रहेछन्, सो हेरिरहनुहुन्थ्यो; त्यति बेला उहाँले धनी मानिस-हरूले मन्दिरको कन्तुररूपी बाकसमा गतिला-गतिला भेटीहरू हालेका

देख्नुभयो; तिनीहरूले चढ़ाएका भेटीहरू त्यागपूर्ण, बलिदानयुक्त थिएनन्, सो उहाँलाई थाहा थियो; किनभने तिनीहरूले आफ्नो भरपूरीबाट चढ़ाएका थिए। यस विधवाले चढ़ाएका दुई पैसामा चाहिँ उसको सम्पूर्ण जीविका चल्नु थियो भन्ने कुरा प्रभुले पनि जान्नुभएको थियो। यसैले उहाँले घोषणा गरेर भन्नुभयोः भेटी हाल्ने अरू सबैले भन्दा ज्यादा यस विधवाले चाहिँ सबैभन्दा बढ़ी हालेकी थिई। दुई पैसाको मोल कति पनि छैन; यसैले यस विधवाले थोरै दिएकी भन्छौं। तर प्रभुको दृष्टि अर्को छ। हामीले कुन मनसायले दिन्छौं, दिँदा हामीसँग कति छ, र दिएपछि हामीसँग कति बाँकी रहेको छ, सो कुरामा उहाँ ध्यान लगाएर हाम्रो दिने काम मूल्याङ्कन गर्नुहुन्छ। यस कुराले उनीहरूलाई ठूलो उत्साह दिन्छ, जससित प्रभुका निम्ति दिने जहाँसम्म मन त हुन्छ, तर जससँग सम्पत्तिचाहिँ थोरै हुन्छ।

मलाई अचम्म के लाग्छ भने, हामीले यस विधवाले गरेको कामको सह्नी गर्छौं र मुक्तिदाता प्रभुको विचार सठीक हो भनेर यसमा पूरा सहमत हुन्छौं, तर यस विधवाको उदाहरणको देखासिकी गर्दै-गर्दैनौं। हाम्रो विश्वासचाहिँ हाम्रा ओठहरूले स्वीकार गरेको विश्वासअनुसार एक साँचो विश्वास भएको भए हामीले उसले गरेकी जस्तैको ठीक त्यस्तै गर्नेथियौं। उसको भेटीचाहिँ सबै थोकहरू प्रभुका हुन्, उहाँ सबै थोकहरू पाउनुको योग्य हुनुहुन्छ र उहाँले सबै थोकहरू पाउनैपर्छ भन्ने उसको दृढ़ विश्वास देखाउने प्रतिबिम्बक हो। धेरै इसाईहरूले यस विधवामा दोष भेट्टाउन खोजेर के भन्छन् भने, उसले आफ्नो भविष्यका निम्ति केही पनि प्रबन्ध गरिन। 'उसमा टाढ़ासम्म देख्ने क्षमता थिएन, उसको समझ थिएन', मानिसहरूले तर्क गरेर यसो भन्लान्। तर वर्तमान समयमा आफूसँग भएका सबै थोकहरू परमेश्वरको काममा दिएर भविष्यका निम्ति उहाँमा भर परेर विश्वासको भरमा जिउने जीवन यस्तै हुन्छ। परमेश्वरको राज्य र उहाँको धार्मिकता पहिले खोजी गर्नेहरूका निम्ति के उहाँले प्रबन्ध गर्छु भन्ने प्रतिज्ञा दिनुभएको छैन र (मत्ती ६:३३)?

यस्तो कुरालाई हामी के भनौं? 'अति भयो' भनौं? क्रान्तकारी भनौं? ख्रीष्ट येशूको शिक्षामा हामीले केही क्रान्तकारी उग्रवादको कुरा

देख्दैनौं भने हामीले उहाँको सेवकाइको उद्देश्य के थियो र त्यसमा उहाँको जोड़ केमा थियो, सो अझ फेला पारेका छैनौं।

# ६) मर्कूस १३ः परमेश्वरका दासले जैतुन डाँड़ामा उपदेश दिँदै हुनुहुन्छ

## क) प्रभु येशूले मन्दिर नष्ट हुने भविष्यवाणी दिनुहुन्छ (मर्कूस १३ः१-२)

**मर्कूस १३ः१ः** आफ्नो मृत्यु हुनुअघि प्रभु येशूले अन्तिम पल्ट मन्दिरबाट निस्केर जानुभयो। त्यत्ति बेला उहाँका चेलाहरूमध्ये एकजनाले मन्दिरको भव्य भवन र वरिपरि त्यसको सुन्दर बनावटमा उहाँको ध्यान खिज्न र उहाँको चासो बढ़ाउन खोजे। चेलाहरूको ध्यान मन्दिर बनाउने काममा देखाएको सीप र त्यसमा प्रयोग गरिएका बड़े-बड़े ढुङ्गाहरूमाथि अड़िरहेको थियो।

**मर्कूस १३ः२ः** मुक्तिदाता प्रभुले सोझै भन्नुभयोः चाँड़ै यी सबै भवनहरू नष्ट हुनेछन्; यसो हुँदा एउटा ढुङ्गा अर्को ढुङ्गामाथि रहनेछैन नै; किनकि इस्वी संवत् ७० सालमा रोमी सेनाहरूले यरूशलेमलाई आक्रमण गरेर कब्जा गर्नेछन्। बितिजाने छायाजस्तो हुने कुराहरूमा ध्यान किन दिऊँ?

## ख) सङ्कटकालको शुरू (मर्कूस १३ः३-८)

जैतुन डाँड़ामा आफ्नो उपदेशमा प्रभु येशूले आफ्ना चेलाहरूको ध्यान यी कुराहरूभन्दा महत्त्वपूर्ण घटनाहरूतिर खिच्दै हुनुहुन्छ। त्यसमा कति भविष्यवाणीहरू छन्, जो इस्वी सम्वत् ७० सालमा पूरा भएको यरूशलेमको विनाशसित सम्बन्धित छन्। तर यस उपदेशमा समावेश भएका अरू प्रायः सबै भविष्यवाणीहरू त्यो मिति नाघेर सङ्कष्टकाल र ठूलो शक्ति र महिमाको साथ हुने ख्रीष्ट येशूको दोस्रो आगमनसित सम्बन्धित छन्। यस उपदेशमा निम्न शब्दहरू सतर्क गराउने शब्दहरू

हुन्ः **अ)** *होशियार बस !* (५, २३ र ३३ पदमा), **आ)** *नआत्तिओ !* (७ पदमा), **इ)** *सहनु* (१३ पदमा), **ई)** *प्रार्थना गर !* (१८ र ३३ पदमा) अनि **उ)** *जागा रहो !* (३३, ३५ र ३७ पदमा)। प्रभुका यी चेताउनीहरू सबै युगहरूमा जिउने ख्रीष्ट-विश्‍वासीहरूका निम्ति लागू हुन्छन्।

**मर्कूस १३ः३-४ः** पत्रुस, याकूब, यूहन्ना र अन्द्रियासले उहाँलाई प्रश्‍न गरेका हुनाले उहाँको यो उपदेश शुरु भएको हो। किनकि उनीहरूले सोधेः त्यो मन्दिर कहिले नष्ट हुनेछ? भविष्यवाणी गरिएको यो उक्त घटना घट्नुअघि केकस्तो चिन्ह हुनेछ? यहाँ आफ्नो उत्तरमा उहाँले पछि हुने मन्दिरको विनाशको कुरा पनि हाल्नुभयो, जुन मन्दिरको विनाशचाहिँ उहाँको दोस्रो आगमनको ठीक अगाड़ि, महासङ्कष्टको समयमा पूरा हुनेछ।

**मर्कूस १३ः५-६ः** पहिले, उनीहरू भूटा ख्रीष्टहरूदेखि सचेत रहनु, होशियार हुनुपरेको थियो; किनभने थुप्रै भूटा मसीहहरू उठ्नेछन्, र धेरैलाई धोका दिनेछन्। हालैमा धेरै भूटा समुदायहरू खड़ा भइरहेका छन् र तिनीहरूमा एक-एक समुदायको आ-आफ्नो ख्रीष्टको नकल गर्ने ख्रीष्ट-विरोधी गुरु हुँदो रहेछ, सो हामी देख्दछौं।

**मर्कूस १३ः७-८ः** दोस्रो, उनीहरूले लड़ाइँहरू र लड़ाइँका होहल्लाहरू अन्तका दिनहरूको चिन्हको रूपमा हेरेर लिनुपरेको थियो। यस पूरा अन्तराल समयभरि नै अन्तराष्ट्रीय भगड़ाहरू भइरहनेछन्, साथै भुइँचालोहरू, अनिकालहरू र अरू विभिन्न कष्टहरूजस्तै ठूला-ठूला प्राकृतिक प्रकोपहरू आइपर्नेछन्। यी कुराहरूचाहिँ जन्माउने सुत्केरी-व्यथाको थालनी मात्र हुँदा रहेछन्, जसले मानिसहरूलाई कहिल्यै नभएको र फेरि कहिल्यै नहुने कष्टैकष्टले पूर्ण अवधिको मुखसम्म लैजानेछन्।

## ग) ख्रीष्टका चेलाहरूमाथि आइपर्ने सतावट (मर्कूस १३ः९-१३)

**मर्कूस १३ः९ः** तेस्रो, पछि नहट्ने गरी उहाँका निम्ति दृढ़ साक्षीको रूपमा खड़ा रहनेहरूचाहिँ ठूलो जाँचरूपी व्यक्ति-व्यक्तिको आत्मिक

परीक्षामा पर्नेछन् भन्ने कुराको विषयमा प्रभु येशूले पूर्वसूचना दिनुभएको छ। उनीहरू विश्वासको मुद्दामा घरिघरि धर्मको अड्डामा र घरिघरि सरकारको अदालतको सामु उभिनुपर्छ।

यस खण्डमा उल्लेख गरिएका कुराहरू प्रभुका निम्ति साक्षी दिन सक्ने सारा युगका ख्रीष्ट-विश्वासीहरूका निम्ति लागू हुन्छन्; ता पनि हामीलाई के लाग्छ भने, यी कुराहरू विशेष गरी ती एक लाख चवलीस हजार यहूदी विश्वासीहरूका निम्ति लेखिएका हुन्, जसले ख्रीष्ट येशू संसारमा राज्य गर्न आउने ठीक अगाड़िको समयमा राज्यको सुसमाचार लगेर पृथ्वीका सबै जातिका मानिसहरूकहाँ पुऱ्याउनेछन्।

**मर्कूस १३ः१०ः** यो पद लिएर कसैले *ख्रीष्ट-विश्वासीहरू उठाइ-लगिनुभन्दा अघि* सुसमाचारचाहिँ पहिले सबै जातिहरूमा प्रचार गरिनुपर्छ भन्ने कुरा सिकाउनुहुँदैन। हो, हामीले ख्रीष्टको सुसमाचार प्रचार *गर्नैपर्छ,* अनि हुन सक्छ, यो सुसमाचारको प्रचार सबै जातिहरूकहाँ *पुग्ला;* तर र्‍याप्चरको अघि सुसमाचारचाहिँ सबै जातिहरूकहाँ प्रचार गरिनुपर्छ भन्ने कुरा पवित्र बाइबलले कहीं पनि सिकाउँदैन, यहाँ पनि सिकाउँदैन। ख्रीष्ट येशू आफ्ना पवित्र जनहरूका निम्ति आउँदै हुनुहुन्छ। यसो हुनुभन्दा अगाड़ि पवित्र बाइबलको अरू कुनै भविष्यवाणी पूरा हुन आवश्यक छैन नै। उहाँ जुनै घड़ी, जहिले पनि आउन सक्नुहुन्छ।

**मर्कूस १३ः११ः** सतावटमा परेका ख्रीष्ट-विश्वासीहरू जब प्रभुका निम्ति कुनै मुद्दामा पर्नेछन्, त्यत्ति बेला उनीहरूलाई आफ्नो प्रतिवाद गर्नलाई परमेश्वरको पट्टिबाट सहायता मिल्नेछ भन्ने प्रतिज्ञा प्रभु येशूले यहाँ गर्नुभएको छ। यस अवस्थामा के भन्नुपर्ने हो, सो उनीहरूले अघिबाट तयार गर्नुपर्दैन; यसका निम्ति उनीहरूले शायद समय पनि नपाउलान्। त्यस बेला पवित्र आत्माले उनीहरूलाई सठीक जवाफ दिने शब्दहरू दिनुहुनेछ। आज यो प्रतिज्ञा लिएर प्रवचन तयार नगर्ने र सुसमाचार प्रचारको सन्देश सुनाउनका निम्ति कुनै तयारी नगर्ने बहानाको रूपमा प्रयोग गर्नुहुँदैन। तर यो प्रतिज्ञा आपत्कालीन समयहरूका निम्ति दिइएको हो; त्यत्ति बेला परमेश्वरको सहायता अवश्य पाइनेछ, यसमा

कुनै शङ्का छैन। तर यो प्रतिज्ञा शहीदहरूका निम्ति दिइएको प्रतिज्ञा हो, मण्डलीका पाष्टरहरूका निम्ति दिइएको प्रतिज्ञा होइन।

**मर्कूस १३ः१२-१३ः** सङ्कटकालको अवधिको अर्को विशेषताचाहिँ मुक्तिदाता प्रभुप्रति विश्वासयोग्य रहनेहरूको चारैतिर भइरहेको विश्वास-घात हो। परिवारकाहरूले ख्रीष्ट-विश्वासीहरूलाई पोल लगाइदिनेछन्। भयानक ज्वार उठ्नेछ, अँ, संसारै उर्लेर इसाईहरूको घोर विरोध गर्नेछ। त्यत्ति बेला प्रभु येशूप्रति विश्वासयोग्य रहनु कठिन पर्नेछ, यसका निम्ति ठूलो हिम्मत चाहिनेछ; तर **'जसले अन्तसम्म सहन्छ, उसकै उद्धार हुनेछ।'** अन्तसम्म स्थिर रहेको कारणले उनीहरूले अनन्त मुक्ति प्राप्त गर्नेछन् भन्ने अर्थ यस भनाइको हुन सक्दैन। त्यस्तो कुरा त झूटो सुसमाचार ठहरिनेथियो। सङ्कटकालको अवधिमा विश्वासयोग्य ख्रीष्ट-विश्वासीहरू शारीरिक मृत्युबाट बचाइनेछन् भन्ने मतलब यो पनि हुन सक्दैन; किनभने धेरै जनाले आफ्नो विश्वासको साक्षीमा आफ्नो रगतरूपी छाप लगाउनेछन् भन्ने कुरा हामी अन्य ठाउँमा पढ्दछौं। अन्तसम्म स्थिर रहने कुराचाहिँ प्रभुमाथि विश्वास गरेको वास्तविक प्रमाण हो; यस भनाइको अर्थ यही हुनुपर्ला; अन्तसम्मको स्थिरताचाहिँ ती मानिसहरूको सद्‌गुणको प्रतीक हो, जसले साँच्चीकै मुक्ति पाएका छन्।

## घ) महासङ्कष्ट (मर्कूस १३ः१४-२३)

**मर्कूस १३ः१४-१८ः** चौध पदले अब त सङ्कटकालको ठीक बीचमा पुगिगएको, त्यसको आधा समय भइसकेको कुरा बुझाउँछ। यत्ति बेला महासङ्कष्ट शुरु हुनेछ। यो खण्ड दानियल ९ः२७ पदसँग तुलना गर्दा हामीलाई यो कुरा थाहा लागेको छ; किनकि यत्ति बेला यरूशलेममा अवस्थित मन्दिरमा त्यो ठूलो घिनलाग्दो मूर्ति राखिनेछ। सबै मानिस-हरूलाई त्यस मूर्तिको पूजा गर्न कर लगाइनेछ, त्यस मूर्तिलाई नढोग्ने हरेकलाई मारिनेछ। सच्चा ख्रीष्ट-विश्वासीहरूले त्यस मूर्तिलाई पुज्ने-छैनन्, पूजा गर्न अस्वीकार गर्नेछन्।

त्यो मूर्ति खड़ा गरिने क्षणचाहिँ अब ठूलो सतावट शुरु हुन्छ भन्ने कुरालाई सङ्केत गर्ने जानकारी-चिन्हको रूपमा लिन सकिन्छ। जति

जनाले पवित्र बाइबल पढ्छन् र विश्वास गर्छन्, अब यहूदियाबाट निस्केर भाग्ने घड़ी आइसक्यो भनेर उनीहरूलाई थाहा लाग्नेछ। उनीहरूलाई आफ्ना व्यक्तिगत सरसामानहरू लिन जाने समय मिल्नेछैन। गर्भवती स्त्रीहरू र दूध खुवाउने आमाहरूलाई ज्यादै असुविधा हुनेछ। भाग्ने समय हिउँदमा परेमा अझ अरू तकलिफहरू थापिनेछन्।

**मर्कूस १३ः१९ः** किनकि यस्तो भारी सङ्कष्ट हुनेछ, यस्तो त अहिलेसम्म कहिल्यै भएकै थिएन, न ता भविष्यमा फेरि कहिल्यै हुनेछ। योचाहिँ महासङ्कष्ट हो। प्रभु येशूले यहाँ एउटा सामान्य सङ्कष्टको विषयमा बोल्नुभएन; यस्तो सङ्कष्ट त सबै युगहरूका विश्वासीहरूले अनुभव गरेका थिए र अनुभव गरेका छन्। होइन, यो ता यस्तो भारी आपतविपतको समय हुनेछ, जो अति तीव्र, अद्वितीय प्रचण्ड र ज्यादा झर्को हुनेछ।

याद गर्नुहोस्ः महासङ्कष्टको सन्दर्भचाहिँ प्रायः यहूदीहरू हुने रहेछ। चौध पदमा हामी तिनीहरूको मन्दिर र यहूदियाको बारेमा पढ्छौं (मत्ती २४ः१५); यस अवधिको नाम 'याकूबको सङ्कष्ट' पनि भनिन्छ (यर्मिया ३०ः७)। प्रभुको मण्डली यहाँ देखिँदैन, यहाँ भेटिँदैन; किनकि 'परमप्रभुको दिन' शुरु हुनुभन्दा अगाड़ि नै प्रभु येशूको मण्डली स्वर्गमा उठाइसकेको हुनेछ (१ थेस्सलोनिकी ४ः१३-१८ र ५ः१-३)।

**मर्कूस १३ः२०ः** यी दिनहरूमा परमेश्वरको क्रोधका कचौराहरू संसारमाथि खन्याइनेछन्। यो ता विपत्ति, गोलमाल र रक्तपातको समय हुनेछ। वास्तवमा, काटमार यति भयानक हुनेछ, यसैले परमेश्वरले दिनको उज्यालो हुने समय अलौकिक प्रकारले घटाउनुहुनेछ, नत्र ता कोही पनि बाँच्नेछैन।

**मर्कूस १३ः२१-२२ः** महासङ्कष्टमा फेरि पनि झूटा मसीहहरू खड़ा हुनेछन्। मानिसहरू यति साह्रै व्याकुल हुनेछन्, कि तिनीहरूले तिनीहरूलाई सुरक्षा दिने प्रण गर्ने जुनै पनि मानिसतिर ढल्कनेछन्। तर विश्वासीहरूलाई थाहै छः ख्रीष्ट येशू सुटुक्कै देखा पर्नुहुनेछैन नै; उहाँको आगमन चुपचापसित हुनेछैन, घोषणा नगरी हुनेछैन। यी झूटा ख्रीष्टहरूले अवश्य आश्चर्य कर्महरू देखाउनेछन्; तर तिनीहरूले अद्‌भुत चिन्ह

र चमत्कारहरू देखाए ता पनि चुनिएकाहरूचाहिँ धोकामा पर्नेछैनन्। यी आश्चर्य कर्महरू शैतानिक शक्तिले गरिएका हुन्छन् भन्ने कुरा तिनीहरूले थाहा पाउनेछन्।

सबै आश्चर्य कर्महरू परमेश्वरबाटका होइनन्। यी अचम्मका कामहरू मानवीय पनि होइनन्; किनकि ती कुराहरू मानिसहरूका सबै क्षमताहरू नाघेर जान्छन्। तर प्राकृतिक नियमहरूभित्र नरहने सबै कामकुराहरू ईश्वरीय, दैविक भन्न मिल्दैन; ती कामहरू शैतानबाटका हुन सक्छन्, त्यसका दूतहरूको काम हुन सक्छन्, दुष्ट आत्माहरूको खेल हुन सक्छन्। किनकि त्यस पापको पुरुषले शैतानको शक्तिअनुसार चिन्हहरू र भूटा चमत्कारहरू गर्ने नै छ (२ थेस्सलोनिकी २:९)।

**मर्कूस १३:२३:** यसैकारणले ख्रीष्ट-विश्वासीहरू होशियार बस्नुपर्छ; किनकि उनीहरूलाई अघिबाट त्यसको विषयमा चेताउनी दिइएकै हो।

## ङ) ख्रीष्ट येशूको दोस्रो आगमन (मर्कूस १३:२४-२७)

**मर्कूस १३:२४-२५:** त्यस महासङ्कष्टपछि आकाशमा डरलाग्दा-डरलाग्दा गोलमालहरू मच्चिनेछन्। दिनरात पृथ्वी अन्धकारले पर्दाले भैं ढाकिनेछ। आकाशका ताराहरू खस्नेछन्, र आकाशका शक्तिहरू हल्लाइनेछन्। आकाशका शक्तिहरू भन्नाले ग्रहहरूचाहिँ आ-आफ्ना परिक्रमा-पथलाई छोड़ेर नजाऊन् भन्ने हेतुले ती ग्रहहरूलाई सँभाल्ने र स्थिर पार्ने शक्तिहरू बुझिन्छन्।

**मर्कूस १३:२६-२७:** तब संसारका भयत्रस्त मानिसहरूले मानिसका पुत्रलाई यस पृथ्वीमा फर्किंदै गर्नुभएको देख्नेछन्। यसपालि उहाँले नासरतका येशूको दीन रूप लिनुहुनेछैन, तर उहाँ महिमाले भरपूर विजेता भएर आउनुहुनेछ। उहाँ बादलहरूको सवारीमा आउनुहुनेछ, अनगिन्ती स्वर्गदूतहरू र महिमा प्राप्त पवित्र जनहरूको साथमा उहाँ आउनुहुनेछ। कत्रो अत्यधिक प्रताप र आँखै तिरिमिरी पार्ने तेजले पूर्ण दृश्य! त्यत्ति बेला उहाँले आफ्ना दूतहरूलाई पठाउनुहुनेछ र तिनीहरूले उहाँका चुनिएकाहरूलाई बटुल्नेछन्। उहाँका चुनिएकाहरूमा उनीहरूलाई

बुझिन्छ, जसले सङ्कटकालमा उहाँलाई प्रभु र मुक्तिदाताको रूपमा स्वीकार गर्नेछन्। यी मानिसहरू पृथ्वीको एक छेउदेखि त्यसको अर्को छेउसम्मका हुन्छन्। उनीहरू आएर हजार वर्षसम्म यस संसारमा उहाँको अद्‌भुत राज्यका आशिषहरू उपभोग गर्नेछन्। तर उहाँको दोस्रो आगमनमा उहाँका शत्रुहरू नष्ट हुनेछन्।

## च) नेभाराको रूखको दृष्टान्त (मर्कूस १३ः२८-३१)

**मर्कूस १३ः२८ः** नेभाराको रूखचाहिँ इस्राएली जातिलाई सङ्केत गर्ने प्रतीक हो। प्रभु येशूले यस सम्बन्धमा के सिकाउनुभयो भने, उहाँको दोस्रो आगमन हुनुभन्दा अघि त्यो नेभाराको रूखरूपी जातिले 'पालुवाहरू हाल्नेछ'। इस्वी संवत् १९४८ सालमा इस्राएलचाहिँ एउटा स्वतन्त्र राष्ट्रको रूपमा फेरि स्थापित भयो। इस्राएल देश सानो भए पनि त्यसको अन्तरराष्ट्रीय प्रभाव जगत्‌रूपी संसारका कामकुरामा निक्कै ठूलो छ। यो कुरा लिएर नेभाराको रूखरूपी इस्राएल देशले पालुवा हालेको भन्न सकिन्छ। यस कुरालाई त्यसमा फल लागेको भन्न मिल्दैन; किनभने मसीहचाहिँ इस्राएलका मानिसहरूकहाँ नफर्कुन्जेल र तिनीहरूले उहाँलाई ग्रहण नगरुन्जेल त्यसमा कुनै फल लाग्नेछैन।

**मर्कूस १३ः२९ः** इस्राएल देशको स्थापना र त्यसको वृद्धिले चाहिँ तिनीहरूका ख्रीष्ट राजा[४] नजिकै, अँ, ढोकाहरूमै हुनुहुँदो रहेछ भन्ने कुरा हामीलाई बताइदिन्छ। ख्रीष्ट येशूको राज्य गर्ने समय यति नजिक आइसकेको छ भने मण्डलीका निम्ति आइपुग्ने उहाँको घड़ी झन् कति नजिकै आइसकेको हुनुपर्छ!!

**मर्कूस १३ः३०ः** यो पद लिएर यसमा यस तेह्र अध्यायभरि भविष्यवाणी गरिएका सबै कुराहरू ख्रीष्ट येशूको समयमा जिउने मानिसहरूकै पुस्ताभित्र पूरा हुनेछन् भन्ने अर्थ धेरजसो लगाइँदो रहेछ। तर यस पदको अर्थ यो हुनै सक्दैन; किनभने धेरै घटनाहरू, अँ, विशेष गरी १३ः२४-२७ पदमा उल्लेख गरिएका घटनाहरू त्यस समयभित्र पूरा भएनन्। अरूले यो पद यस प्रकारले बुझेका छन्ः जब नेभाराको रूखले आफ्ना पालुवाहरू हाल्दछ, अर्थात् जुन समय, सन् १९४८ मा, इस्राएल

देश एउटा राष्ट्रको रूपमा स्थापित भयो, त्यस समयदेखि एकै पुस्ताभित्र मानिसहरूले प्रभु येशूको दोस्रो आगमन देख्न पाउनेछन् अरे। तर यसको विषयमा तेस्रो दृष्टिकोण पनि छ, जो हामीलाई ठीक लाग्छः 'यो पुस्ता'को अर्थ 'यो जाति' हुन सक्छ। हाम्रो विश्वास छः यो पुस्ता भनेको यो यहूदी जाति हो, जसले मसीह राजालाई इन्कार गऱ्यो र जो आफ्नो अविश्वासमा अडिग रहेर बसेको छ। इतिहास यसको साक्षी छः यो पुस्ता कुनै रीतिले बितिगएको छैन। यहूदीहरू छुट्टै जाति भएर टिकिरहेका छन्; यति मात्र होइन, तिनीहरूमा प्रभु येशूप्रतिको वैरभाव पनि त्यत्तिकै जरा गाड़िएको हुन्छ। प्रभु येशूको दोस्रो आगमन नभएसम्म यो इस्राएली जाति रहिरहनेछ र त्यसको जातिगत विशेषता पनि यथावत् रहनेछ भन्ने कुरा उहाँले यहाँ भविष्यवाणी गर्नुभएको हो।

**मर्कूस १३ः३१ः** प्रभु येशूले आफ्ना भविष्यवाणीहरूमध्ये एक-एक वाणी अवश्य अक्षरशः पूरा हुनेछ भन्ने कुरामा जोड़ लाउनुभयो। हो, वायुमण्डलरूपी आकाश र तारामण्डलरूपी आकाश बितेर जानेछन्। पृथ्वी पनि बितिजानेछ। तर प्रभु येशूले बोल्नुभएको एक-एक वचन पूरा हुने नै छ।

## छ) त्यस दिन र त्यस घड़ीको विषयमा कसैलाई थाहा छैन (मर्कूस १३ः३२-३७)

**मर्कूस १३ः३२ः** प्रभु येशूले भन्नुभयोः **'तर त्यस दिन र त्यस घड़ीको विषयमा कसैले जान्दैन, न ता स्वर्गका दूतहरूले, न पुत्रले, तर पिताले मात्र।'** हामीलाई राम्ररी थाहै छ, कि सुसमाचारका शत्रुहरूले यो पद लिएर प्रभु येशूचाहिँ केवल हामीजस्तै सीमित ज्ञान भएको मानिस मात्र हुनुहुन्थ्यो भन्ने कुरा प्रमाणित गर्न खोजिरहेछन्। भूलमा परेका इमानदार विश्वासीहरूले पनि यस पदमा मानिस भएर यस संसारमा आउनुभएको बेलामा प्रभु येशूले आफूलाई ईश्वरीय शक्ति, स्वभाव र गुणहरूबाट रित्त्याउनुभएको अर्थ लगाएका छन्।

तर यी दुवै अर्थहरू बेठीक छन्, पूरा गलत छन्। प्रभु येशू मानिस हुनुहुन्थ्यो र मानिस हुनुहुन्छ; उहाँ परमेश्वर हुनुहुन्थ्यो र परमेश्वर हुनुहुन्छ

नै । उहाँ पूरा रूपले ईश्वरीय शक्ति, स्वभाव र गुणहरूले युक्त हुनुहुन्थ्यो; अनि उहाँमा सिद्ध मानवीय स्वभाव र गुणहरू पनि थिए । हो, उहाँको ईश्वरीय स्वभाव र स्वरूपमा उहाँको मानवीय शरीररूपी घुम्टो हालिएको थियो, यो ता सत्य हो; तर उहाँमा सधैं सारा ईश्वरत्व नै रहेको थियो । उहाँ परमेश्वर नहुनुभएको कुनै समय नै छैन ।

तब उहाँले आफ्नो दोस्रो आगमनको घड़ी जान्नुहुन्न भनेर उहाँको विषयमा यसो किन लेखिएको छ त ? हामीलाई विश्वास छ, यसको उत्तर हामी यूहन्ना १५ ः १५ पदमा पाउँछौं, जहाँ लेखिएको छः **'किनकि त्यसका मालिकले के गर्दछन्, सो दासले जान्दैन ।'** प्रभु येशू ती परमेश्वरका सिद्ध दासलाई आफ्नो आगमनको घड़ी जान्न दिइएन (यूहन्ना १२ः५० र १७ः८) । परमेश्वर हुनुभएको नाताले उहाँले त्यो घड़ी पक्का पनि जान्नुहुन्छ । तर दासको रूपमा उहाँलाई यो घड़ी जान्न दिइएन, यस हेतुले कि उहाँले त्यो कुरा अरू कसैलाई नबताइदिऊन् ।

यस सम्बन्धमा श्री जेम्स् एच. ब्रूक्स्ले यसको स्पष्टीकरण यसरी दिन्छन्ः

*' **"न ता पुत्रले"** भन्ने यस उक्त भनाइले हाम्रा प्रभु सर्वज्ञानी परमेश्वर हुनुभएको कुरा कुनै प्रकारले काट्दैन, तर यसले यति मात्र निश्चयतासाथ भन्न खोजेको होः **"पिताले आफ्नै अधिकारमा राख्नुभएका समयहरू वा घड़ीहरूको विषयमा जान्न"** येशूलाई दिइएकै थिएन (प्रेरित १ः७); किनकि यो कुरा मानिसहरूको मुक्तिको प्रबन्ध गर्नका निम्ति जान्न आवश्यक पनि थिएन । आफूचाहिँ फेरि यस संसारमा फर्केर आउने कुरा प्रभु येशूलाई राम्ररी थाहा थियो; किनकि उहाँले आफ्नो दोस्रो आगमनको विषयमा धेरै पल्ट बोल्नुभएको थियो । तर परमेश्वरका पुत्र हुनुभएको नाताले आफ्नो दोस्रो आगमनको मिति तोक्नुचाहिँ उहाँको काम थिएन । यसैले प्रभु येशूका अनुयायीहरूले सदैव उहाँको त्यस आगमनको प्रतिक्षा गरिरहून् र सधैंभरि त्यसको बाटो हेरिरहून्, अनि सदा त्यो घटना अति प्रिय मानून् भन्ने उद्देश्यले उहाँले त्यो कुरा उनीहरूको सामु यस प्रकारले राख्न सक्नुभयो ।'* [फ]

**मर्कूस १३ः३३-३७ः** यस अध्यायको अन्तमा प्रभुको आगमनचाहिँ नजरमा राखेर येशूले हामीलाई **'होशियार बस, जागा रहो र प्रार्थना गर'** भन्ने अर्तीउपदेश दिनुभयो । हामीले उहाँको आगमनका निम्ति तोकिएको समय र घड़ी नजानेका हुनाले हामी सधैं सतर्क रहनुपरेको छ ।

दैनिक जीवनमा कुरा पनि उस्तै छः कुनै एकजना मानिस लामो यात्रा गर्न घर छोड़ेर हिँड्छन्; निस्कने बेलामा उनले आफ्नो नोकरलाई विभिन्न कामहरू अह्राउँछन्, साथै चौकीदारलाई 'तँ सावधान रहिरहनू र मेरो आगमनको बाटो हेर्दै बस्नू है' भनेर आज्ञा गर्छन् । प्रभु येशूले आफूलाई यस प्रकारको यात्रा गर्ने मानिससित तुलना गर्नुभयो । उहाँ रातको जुनै घड़ीमा पनि आउन सक्नुहुन्छ । उहाँका जनहरू राति जागा रहने चौकीदारहरू हुन् । उनीहरू निदाउनुहुँदैन । यसैले प्रभु येशूले आफ्ना सबै लोकहरूलाई त्यो 'जागा रहो' भन्ने आदेश छोड़िदिनुभयो ।

## ७) मर्कूस १४-१५ः परमेश्वरका दासको कष्ट र मृत्यु

### क) प्रभु येशूलाई मार्ने षड्यन्त्र (मर्कूस १४ः१-२)

यस भाग्य-विधायी हप्ताको बुधबारको दिन थियो । अबको दुई दिनमा निस्तार-चाड़ थियो; त्यसपछि सात दिने अखमिरी रोटीहरूको चाड़ शुरु हुनेथियो । प्रभु येशूलाई नष्ट गर्ने आफ्नो निर्णयमा दृढ़ भएका धर्मका नेताहरूले उहाँलाई मार्ने उपाय खोजिरहेका थिए । तर तिनीहरूले चाड़का दिनहरूमा यसो गर्न चाहेनन्; किनभने मानिसहरूमध्ये धेरैले येशूलाई अझ पनि अगमवक्ता सम्झेका थिए ।

मुख्य पूजाहारीहरू र शास्त्रीहरूले उहाँलाई चाड़को बेलामा नमारौं भन्ने विचार लिए ता पनि परमेश्वरले आफ्नो प्रबन्धअनुसार तिनीहरूको यो कुरा काट्नुभयो, अनि परमेश्वरका पाठा येशूचाहिँ निस्तार-चाड़कै दिनमा मारिनुभयो (मत्ती २६ः२) ।

## ख) बेथानीमा येशूको शिरमा बहुमूल्य तेलको अभिषेक (मर्कूस १४ः३-९)

जसरी जुहारीले हीराको सुन्दरता देखाउन खोज्दा त्यसलाई एउटा कालो लुगामा राखेर देखाउँछ, त्यसरी नै पवित्र आत्माले, साथै मर्कूस उहाँको लेखकले बड़ो निपुणतासाथ धर्माधिकारीहरूको दुष्ट युक्ति र यहूदा इस्करयोतीको विश्वासघातको पृष्ठभूमिको ठीक बीचमा एउटी स्त्रीमा हाम्रा प्रभु येशूप्रतिको प्रेमको प्रशंसा गर्दै त्यसको अति सुन्दर चमक देखाइदिनुभयो ।

**मर्कूस १४ः३ः** कोरी शिमोनले मुक्तिदाता प्रभुका निम्ति एउटा भोज लगाइदिए । हुन सक्छ, प्रभुद्वारा तिनी निको पारिएको हुनाले तिनले आफ्नो कृतज्ञता प्रकट गर्दै यसो गरे होलान् । एउटी अकथित स्त्रीले प्रभु येशूको शिरमाथि साह्रै दामी सुगन्धित तेल खन्याएर उहाँलाई अभिषेक गरिन् (हुन सक्छ, यूहन्ना १२ः३ पदअनुसार ती स्त्री बेथानीकी मरियम थिइन्) । प्रभुप्रति तिनको प्रेम कति ठूलो रहेछ ! !

**मर्कूस १४ः४-५ः** अतिथिहरूमध्ये कतिजनाले यसलाई ठूलो बरबादी सम्झे । तिनीहरूको विचारमा तिनी दुःसाहसी थिइन्, फजुलखर्ची थिइन् । त्यो सुगन्धित तेल तीन सय दीनारभन्दा बढ़ी दाममा बेचिएर गरिबहरूलाई किन नदिइएको ? तीन सय दीनार भन्नाले कामदारको एक वर्षको कमाइ बुझिन्छ । अचेल मानिसहरूको विचार पनि त्यस्तै छ; तिनीहरूले एक वर्षको तलब अथवा आफ्नो जीवनको एक वर्ष प्रभुलाई दिएको अझ ठूलो बरबादी सम्झन्छन् । तब झन् तिनीहरूले आफ्नो सम्पूर्ण जीवन प्रभुलाई दिँदा तिनीहरूको कति ठूलो बरबादी हुनेथियो होला ? विचार गर्नुहोस् !

**मर्कूस १४ः६-८ः** तिनीहरूको गनगनमा दोष भेट्टाएर प्रभुले तिनीहरूलाई हप्काउनुभयो । यी स्त्रीले मुक्तिदाता प्रभुलाई आफ्नो श्रद्धा देखाउने आफ्नो यो सुनौलो मौका छोपिहालिन् । तिनीहरूले साँच्चै गरिबहरूको चिन्ता-वास्ता गरेका भए तिनीहरूले जहिलेतहिले गरिबहरूलाई सहायता र उपकार गर्न सक्नेथिए; किनकि गरिबहरूचाहिँ

सधैं तिनीहरूको साथमा थिए। तर प्रभु येशूचाहिँ चाँड़ै मर्नुहुनेथियो र उहाँलाई दफन गरिनेथियो। समय छँदै ती स्त्रीले आफ्नो यो कृतज्ञता देखाउन चाहिन्। येशूको मृत्युमा शायद तिनले उहाँको लासका निम्ति कुनै बन्दोबस्त गर्न सक्नेथिइनन्; तर अहिले प्रभु जीवित हुनुहुँदा नै तिनले उहाँलाई आफ्नो प्रेम देखाउन खोजिन्।

**मर्कूस १४:९:** यस सुगन्धित तेलको सुवासचाहिँ हाम्रो पुस्तासम्म महकाउँदै आइरहेको छ। सारा संसारभरि नै तिनको सम्झना गरिनेछ भन्ने कुरा प्रभु येशूले भन्नुभयो। अनि सुसमाचारका पुस्तकहरूमा तिनले गरेको सुकर्मको बयानले गर्दा यस्तै भइरहेको पनि छ।

## ग) यहूदा इस्करयोतीको विश्वासघात (मर्कूस १४:१०-११)

उता मुक्तिदाता प्रभुको शिरमा त्यो बहुमूल्य तेल खन्याइदिने स्त्रीले उहाँलाई अति मूल्यवान् सम्झिन्; तर यता यहूदा इस्करयोतीले उहाँलाई तुच्छ, अति तुच्छ ठान्यो। त्यसले प्रभु येशूको साथमा कम्तीमा एक वर्ष बिताए ता पनि र उहाँबाट कृपा र भलाइ मात्र पाइरहेको ता पनि त्यो सुटुक्कै मुख्य पूजाहारीहरूकहाँ गयो; त्यसले तिनीहरूलाई परमेश्वरका पुत्रलाई तिनीहरूको हातमा पक्राइदिने कबुल गर्‍यो। त्यसको यो प्रस्ताव तिनीहरूले खुशीसाथ स्वीकार गरे, र यस विश्वासघातका निम्ति रकम दिन तय गरे। अब त्यसका निम्ति यति रह्योः त्यसले प्रतिज्ञा गरेको यो दुष्ट युक्तिको एक-एक कुरा त्यसले काममा परिणत गर्नु थियो।

## घ) निस्तार-चाड़को तयारी (मर्कूस १४:१२-१६)

घटनाहरूको सठीक क्रम हामीलाई निश्चित थाहा छैन; तर अहिले यहाँ हामी शायद निस्तार-चाड़को हप्ताको बिहीबारमा आइपुग्यौं होला। बितेका समयहरूमा जति निस्तार-चाड़हरू मनाइन्थे, ती सबै निस्तार-चाड़हरूको चरमबिन्दु र हर दृष्टिकोणले तिनको अर्थ पूर्ति गर्ने पूर्णता यही निस्तार-चाड़ हुनेथियो। तर येशूका चेलाहरूलाई यसको बारेमा केही पनि थाहा थिएन। उनीहरूले 'निस्तार-चाड़को भोज कहाँ तयार गरौं'

सोधेर यसका निम्ति उहाँबाट आदेशहरू पाउन खोजे। 'शहरमा जाओ, त्यहाँ पानीको गाग्रा बोकिरहने मानिसले तिमीहरूलाई भेट्नेछ' भनेर उहाँले उनीहरूमध्ये दुईजनालाई अह्राएर यरूशलेम पठाउनुभयो। पुरुषले पानीको गाग्रा बोक्नुचाहिँ विरलै देखिन्थ्यो; किनकि पानीको गाग्रा बोक्ने काम दिदीबहिनीहरूको थियो। यही मानिसले उनीहरूलाई जानुपर्ने घरमा पुऱ्याउनेछ। त्यहाँ पुगेपछि उनीहरूले घरका मालिकलाई 'हामीलाई त्यो कोठा देखाइदिनुहोस्, जहाँ गुरुज्यूले आफ्ना चेलाहरूसँग निस्तार-चाड़को भोज खानुहुनेछ।'

प्रभु येशूले यस प्रकारले ठाउँ छानेर त्यसको विषयमा यसरी अह्राउनुभएको देख्दा हामीलाई अचम्म लाग्दैछ। हामीलाई यहाँ मानिस-हरू र चल-अचल सम्पत्तिहरूमाथि सर्वाधिकार प्राप्त शासकले झैं उहाँले काम गर्नुभएको लाग्दैछ। यहाँ जवाफी हृदय भएका मानिसहरूले आफूलाई र आफ्नो सम्पत्ति उहाँको इच्छामा सुम्पेका देख्दा हामीलाई फेरि पनि अचम्म लाग्दैछ। त्यस कोठाको उदाहरण लिई यो पनि भनौं: हाम्रो जीवनको कोठारूपी हर क्षेत्रमा प्रभु येशूलाई तयारी मनले तत्कालै प्रवेश गर्ने अनुमति दिनु हाम्रा निम्ति उत्तम हुँदो रहेछ।

## ङ) प्रभु येशूले यहाँ आफूचाहिँ विश्वासघात गरेर सुम्पिइनुभएको पूर्वसूचना दिनुहुन्छ (मर्कूस १४:१७-२१)

त्यही दिनको साँझमा प्रभु येशू बाह्रजना प्रेरितहरूको साथमा त्यस माथिल्लो कोठामा आउनुभयो, जो उहाँहरूका निम्ति तयार गरिएको थियो। उहाँहरू बसेर खाना खाँदै गर्नुहुँदा उहाँले यसो भन्नुभयो: 'तिमीहरूमध्ये एकजनाले मलाई विश्वासघात गरेर पक्राइदिनेछ।' यतिमै उनीहरू सबैले आफ्नो पापी स्वभावमा कस्ता-कस्ता दुष्ट झुकाउहरू पाइँदा रहेछन्, सो महसुस गरे। उनीहरू शोकित भएर प्रभुलाई सोध्न थाले: 'के त्यो घोर अपराधी म हुँ?' यसमा हामी उनीहरूले आफूप्रति एक प्रकारको उम्दा, खाँटी शङ्का गरेका देख्छौं। प्रभु येशूले विश्वासघात गर्नेलाई यसो भन्दै प्रकट गर्नुभयो: 'जसले मसँग रोटीको टुक्रा मासुको झोलमा चोप्छ, त्यो उही हो।' अर्थात् विश्वासघात गरेर सुम्पिने त्यो नै

थियो, जसलाई उहाँले त्यो रोटीको टुक्रा दिन लाग्नुभएको थियो। हो, मानिसका पुत्र उहाँको विषयमा अघिबाटै लेखिएअनुसार मृत्युतिर अघि बढ्दै हुनुहुन्थ्यो; तर हाय त्यस व्यक्तिलाई, जसले उहाँलाई विश्वासघात गरेर सुम्पिदिनेछ; त्यसको दण्ड र विनाश ठूलो हुनेछ। **'त्यो मान्छे कहिल्यै नजन्मेको भए त्यसका निम्ति असल हुनेथियो।'** यो कुरा सत्य हो।

## च) पहिलो प्रभु-भोज (मर्कूस १४:२२-२६)

**मर्कूस १४:२२-२५:** त्यो रोटीको टुक्रा लिइसकेपछि यहूदा इस्करयोती बाहिर अँध्यारोमा निस्क्यो; किनभने रात परिसकेको थियो (यूहन्ना १३:३०)। यही बेला प्रभु येशूले प्रभु-भोज स्थापित गर्नुभयो। यस नामले हामी सबैले यो भोज चिन्दछौं। प्रभु-भोजको अर्थ तीनवटा शब्दमा सुन्दर प्रकारले देखा पर्छः **अ)** उहाँले *लिनुभयो* अर्थात् उहाँले मानिसको रूप लिनुभयो, **आ)** उहाँले *भाँच्नुभयो*, अर्थात् उहाँ क्रूसमा भाँचिनुभयो, र **इ)** उहाँले *दिनुभयो* अर्थात् उहाँले हाम्रा निम्ति आफूलाई दिइहाल्नुभयो।

रोटीचाहिँ उहाँको शरीरलाई सङ्केत गर्छ, जो हाम्रा निम्ति दिइएको थियो। कचौराचाहिँ उहाँको रगतलाई सङ्केत गर्छ, जो हाम्रा निम्ति बहाइएको थियो। उहाँको रगतचाहिँ त्यो नयाँ वाचा/करार समर्थन गर्ने दाम हो। अब उसो उहाँका निम्ति आनन्द मनाउने कुनै चाड़ बाँकी रहनेथिएन, त्यस दिनसम्म, जब उहाँ यस पृथ्वीमा आफ्नो राज्य स्थापित गर्न फर्केर आउनुहुनेछ।

**मर्कूस १४:२६:** यति बेला उहाँहरूले एउटा भजन गाउनुभयो; हुन सक्छ, त्यो भजन गीतचाहिँ 'महान् स्तुतिगान'को कुनै भाग अर्थात् भजन ११३-११८ भित्रको कुनै एक भजन थियो होला। त्यसपछि यरूशलेम छोड़ेर उहाँहरूले किद्रोन खोल्सा पार गरेर जैतुन-डाँड़ामा आउनुभयो।

## छ) आत्मविश्वासी पत्रुस (मर्कूस १४:२७-३१)

**मर्कूस १४:२७-२८:** बाटोमा जाँदै गर्नुहुँदा मुक्तिदाता प्रभुले चेलाहरूलाई चेताउनी दिएर भन्नुभयोः 'अब चाँड़ै आउन लागेका

घड़ीहरूमा मेरा अनुयायीहरूको रूपमा चिनिनुदेखि तिमीहरू सबका सब सर्माउँछौ र डराउँछौ ।' अगमवक्ता जकरियाले भविष्यवाणी गरेझैं हुनेछः ***'म गोठालालाई हिर्काउनेछु, र भेड़ाहरू तितरबितर हुनेछन्'*** (जकरिया १३:७)। तर उहाँले उनीहरूलाई आफ्नो अनुग्रहमा आश्वासन दिनुभयोः 'म तिमीहरूलाई कहिल्यै इन्कार गर्नेछैनँ, कहिल्यै छोड्नेछैनँ; मरेका-हरूबाट बौरिउठेपछि म तिमीहरूका निम्ति गालीलमा पर्खनेछु।'

**मर्कूस १४:२९-३०:** 'हँ, मैले प्रभुलाई इन्कार गर्नु, कसरी? असम्भव!' भनेर पत्रुस झोकिए। 'अरूले शायद प्रभुलाई इन्कार गर्न सक्लान्, तर मचाहिँ होइनँ, यो कदापि हुँदै-हुँदैन!' तर प्रभु येशूले उनलाई सुधार्नुभयो र उनको 'मैले, यो ता असम्भव, यो हुँदै-हुँदैन' भन्ने कुरा 'चाँड़ै तिमीले मलाई तीनपल्ट इन्कार गर्ने नै छौ' पार्नुभयो। भाले दुईपल्ट बास्नुभन्दा पहिले पत्रुसले मुक्तिदाता प्रभुलाई तीन चोटि इन्कार गरिसकेका हुनेथिए।

**मर्कूस १४:३१:** 'अहँ, असम्भव!' पत्रुस बम्कन थाले। 'म तपाईंलाई कुनै हालतमा पनि इन्कार गर्नेछैनँ; यसो गर्नुभन्दा म बरु मर्न तयार छु।' पत्रुसले मात्र होइन, अरू सबैले डीङ मारेर आफ्नो सोर उचालेर यस प्रकारले भने। आफ्नो ढिपीमा यी आत्मविश्वासी चेलाहरू सबै अति निश्चित थिए, एकै मतका थिए। हामी कुनै किसिमले उनीहरूभन्दा केही कम हुँदैनौं भन्ने कुरा हामी कहिल्यै नभुलौं। हाम्रो मनचाहिँ कति काँतर, पानीआन्द्रे र दुर्बल हुन्छ, सो पाठ हामी सबैले कुनै न कुनै दिनमा सिक्नुपरेको छ।

## ज) गेत्समनीमा प्रभु येशूको घोर व्यथा (मर्कूस १४:३२-४२)

**मर्कूस १४:३२:** सारा देश रातको अन्धकारमा डुबेको थियो। बिहीबारको रात काटिँदै गएको र शुक्रबार बिहान हुनै लागेको थियो। उहाँहरू गेत्समनी भन्ने जग्गामा आइपुग्नुभयो; त्यो जमिन ढुङ्गाको बारले घेरिएको थियो। प्रभु येशूले चेलाहरूमध्ये आठजनाहरूलाई त्यहाँ, बगैंचाभित्र पस्ने दैलोमा छोड्नुभयो।

**मर्कूस १४ः३३-३४ः** उहाँले पत्रुस, याकूब र यूहन्नालाई साथमा लिएर बगैंचाको भित्री भागमा जानुभयो। त्यहाँ उहाँले अगाड़िबाट अब आफूचाहिँ हाम्रा निम्ति पाप-बलि हुन लाग्नुभएको कुरा महसुस गर्नुभयो, तब उहाँले आफ्नो पवित्र मनलाई साह्रै ठूलो, बोक्न नसकिने गह्रौं बोझले थिचेको अनुभव गर्नुभयो। येशूजस्तै पापरहित व्यक्तिका निम्ति हाम्रा निम्ति पाप बनिनुको अर्थ के थियो होला, सो हामीले कल्पना गर्न सक्दैनौं। उहाँले यी तीनजना चेलाहरूलाई 'यहाँ बस र जागा रहो' भन्ने आदेश दिएर त्यहाँ छोड्नुभयो। उहाँ एकलै त्यस बगैंचाभित्र अलि परसम्म अगाड़ि बढ्नुभयो। यसरी नै उहाँ क्रूसमा पनि एकलै जानुहुनेथियो। त्यहाँ उहाँले परमेश्‍वरको भयानक न्यायको सजाय, जो हाम्रा पापहरूको विरोधमा थियो, एकलै भोग्नुहुनेथियो।

**मर्कूस १४ः३५ः** हामी प्रभु येशूलाई भुइँमा लम्पसार पर्नुभएको अवस्थामा परमेश्‍वर पितालाई प्रार्थना गर्दै गर्नुभएको देख्दछौं; कति विचित्र कुरा! कति आश्‍चर्यचकित कुरा! के उहाँले क्रूसमा जानु नपरोस् भन्ने हेतुले बहाना निकाल्नुभएको थियो? होइन, कदापि होइन! किनकि उहाँ यही उद्देश्य लिएर यस संसारमा आउनुभएको हो। पहिले, उहाँले यसो भन्दै प्रार्थना गर्नुभयोः **'सम्भव भए यो घड़ी मबाट टलेर जाओस्!'** के उहाँचाहिँ क्रूसमा नमरीकन, चिहानमा नगाड़िईकन र मरेकाहरूबाट बौरिनउठीकन पापी मानिसहरूलाई मुक्ति दिने अरू कुनै उपाय थियो? तब परमेश्‍वर पिताले त्यो उपाय प्रकट गरिदिऊन् भन्ने उहाँको प्रार्थनाको मतलब थियो। स्वर्ग चुप लाग्यो; किनभने हामी मानिसहरूलाई मुक्ति दिलाउने अरू कुनै उपाय नै थिएन।

**मर्कूस १४ः३६ः** उहाँले फेरि प्रार्थना गर्नुभयो र यसो भन्नभयोः 'हे अब्बा, पिता, तपाईंका निम्ति सबै कुरा सम्भव छन्; यो कचौरा मबाट हटाइदिनुहोस्! तै पनि मैले इच्छा गरेको कुरा होइन, तर तपाईंले इच्छा गर्नुभएको कुरा पूरा होस्!' याद गर्नुहोस्ः प्रभु येशूले परमेश्‍वरलाई आफ्ना प्रेमी बुवा सम्झेर सम्बोधन गर्नुभयो, जसका निम्ति सबै कुरा सम्भव छन्। भौतिक हिसाबले सबै कुरा सम्भवै थिए; तर के नैतिक दृष्टिकोणले के-कसो? के सर्वशक्तिमान् पिता परमेश्‍वरले अधम पापी

मानिसहरूलाई बचाउन, मुक्ति दिन क्रूसलाई छोड़ेर अरू कुनै धार्मिक आधार पाउन सक्नुहुनेथियो ? के यो कतै सम्भव थियो ? स्वर्ग चुप रह्यो; यसर्थ परमेश्वर पितासँग अरू कुनै उपाय रहेनछ; पापी मानिसहरूले पापबाट छुटकारा पाउनु हो भने परमेश्वरका पवित्र पुत्र येशूको बहुमूल्य रगत क्रूसमा बगाइनैपरेको थियो।

**मर्कूस १४:३७-४०:** यी तीनजना चेलाहरूकहाँ फर्केर आउँदा उहाँले उनीहरूलाई निदाइरहेका भेट्टाउनुभयो। यो दुःखलाग्दो विवरण साँचो हो; किनकि पतित मानिसको स्वभाव यस्तै छ। प्रभु येशूले 'पत्रुस, तिमी यस निर्णायक घड़ीमा निदाउनुहुँदैन है' भन्दै उनलाई चेताउनी दिनुभयो। के पत्रुसले थोरै समयअघि मात्र आफ्नो अमर दृढ़ताको विषयमा धाक पिट्दैनथिए र ? तर अहिले उनी जागा रहन सक्दैनथिए। कुनै मानिसले एकै घण्टा प्रार्थना गर्न सक्दैन भने, ऊ शायद पापको परीक्षामा पर्दा यस भारी करेपमा परेको क्षणमा पनि स्थिर रहन सक्दैन होला। त्यस मानिसको आत्माको जोश र उमङ्ग जति किन नहोस्, त्यसको केही पर्वाह छैन, उसले आफ्नो स्वभाविक कमजोरीको दाम अवश्य चुकाउनुपर्छ।

**मर्कूस १४:४१-४२:** प्रभु येशू तीन पल्ट फर्केर आउनुभयो, र तीनै पल्ट यी चेलाहरूलाई निदाइरहेका भेट्टाउनुभयो। तब उहाँले भन्नुभयोः 'के तिमीहरू अझ सुतिरहेका र आराम गरिरहेका हँ ? भयो; अब घड़ी आइसकेको छ; हेर, मानिसका पुत्र पापीहरूको हातमा पक्राइनेछन्।' यतिमा उनीहरू जुरुक्क उठे, र हिँडून लागेका मात्र थिए; उनीहरू टाढ़ा जानुपरेन; किनकि ...

## झ) विश्वासघात गरिनुभएको प्रभु येशू पक्राउ पर्नुभयो (मर्कूस १४:४३-५२)

**मर्कूस १४:४३:** ... किनकि मानिसहरूको हूलको साथ यहूदा इस्करयोतीचाहिँ बगैंचाभित्र पसिसकेको थियो। त्यसको झुण्डमा आएका मानिसहरूले खतरनाक अपराधीलाई पक्रन आएझैं तरवारहरू र लाठाहरू बोकिरहेका थिए।

**मर्कूस १४:४४-४५:** येशूको विश्वासघात गर्नेले 'जसलाई म चुम्बन गर्छु, तिनलाई पक्र !' भनेर तिनीहरूलाई अघिबाट एउटा चिन्ह दिएको थियो। त्यो तुरुन्तै येशूकहाँ गयो, र उहाँलाई 'गुरुज्यू' भनेर सम्बोधन गऱ्यो; त्यसपछि त्यसले उहाँलाई जोरले चुम्बन गऱ्यो। मूलभाषाको ग्रीक शब्दको अर्थ 'जोरसँग चुम्बन गर्नु' वा 'घरिघरि चुम्बन गर्नु' हो। यहूदाले आफ्ना प्रभुलाई किन विश्वासघात गरेर पक्राइदियो ? के प्रभु येशूले शासनको अधिकार र कार्यभार आफ्नो हातमा नलिनु-भएकोमा त्यसले उहाँमा हरेश खाएको थियो ? ख्रीष्ट येशूको राज्यमा उच्च पद ओगट्नेछु भन्ने त्यसको आशा चकनाचूर भएको थियो कि ? के त्यो पैसाको लोभ र लालचमा फस्यो ? हुन सक्छ, यी सबै कुराले त्यसलाई त्यो कुख्यात कर्म पूरा गर्न प्रेरणा दिएका थिए होला।

**मर्कूस १४:४६-५०:** त्यस विश्वासघातीसँग आएका ती हात-हतियारहरू भिरेका पिछलग्गूहरू अघि बढ़े, र तिनीहरूले प्रभु येशूलाई पक्रिहाले। तत्कालै पत्रुसले आफ्नो तरवार थुते, र महापूजाहारीको दासको कान च्वाट्टै काटिदिए। पत्रुसले देखाएको यो प्रतिक्रिया आत्मिक थिएन, तर शारीरिक थियो। आत्मिक लड़ाइँमा पत्रुसले शारीरिक हातहतियारहरू चलाए। प्रभु येशूले पत्रुसलाई हप्काउनुभयो, र लूका २२:५१ पदअनुसार उहाँले त्यस दासको कान छोएर त्यसलाई अचम्म प्रकारले निको पार्नुभयो। तब बल-प्रयोग गरीकन उहाँलाई पक्रेर लैजानेहरूको यो काम कति असुहाउँदो र अनुचित थियो, सो कुरा उहाँले तिनीहरूलाई सम्झाउनुभयो। दिन-दिनै उहाँ तिनीहरूसँग हुनुहुन्थ्यो, र उहाँले मन्दिरमा शिक्षा दिँदै हुनुहुन्थ्यो। तब तिनीहरूले उहाँलाई त्यत्ति बेला किन पक्रेका थिएनन् ? उहाँसँग यस प्रश्नको उत्तर थियोः पवित्र शास्त्रका वचनहरू पूरा हुनु थियो, जसले भजन ४१:९ पदमा उहाँलाई विश्वासघात गरेर सुम्पिने, यशैया ५३:७ पदमा उहाँ पक्राउ पर्नुहुने, भजन २२:१२ पदमा उहाँसित रूखो, निर्दय व्यवहार गरिने र जकरिया १३:७ पदमा उहाँलाई त्यागिने कुराको विषयमा भविष्यवाणी गरेका थिए।

**मर्कूस १४:५१-५२:** यहाँ उल्लेख गरिएको घटना सुसमाचारका लेखकहरूमा मर्कूसले मात्र बयान गरेका छन्। जनविश्वासअनुसार ती

जवान मानिस मर्कूस आफै हुन्। यी सशस्त्र मानिसहरूदेखि भाग्न खोज्दा तिनको मन ठेगानमा रहेन; किनकि तिनले आफ्नो लुगा तिनीहरूको हातमा छोड़े, र फुट्ट उम्के। तिनले पहिराएको त्यो सुती लुगाचाहिँ लाउन समुचित वस्त्र नै थिएन; तर हतारमा तिनले यो कामचलाउ मात्र हुने कपड़ा आफ्नो जीउ ढाक्न लगाएका थिए।

श्री चार्लस् आर. एर्डम्यान्ले यस सम्बन्धमा यसो टिप्पणी गर्छन्ः

*'यो चित्रमय घटनाको विवरण यस ठाउँमा थपिने कारण यो हुन सक्छः प्रभु येशूले दुःखकष्ट सहनुपरेको, उहाँका निम्ति जोखिमपूर्ण यी घड़ीहरूमा उहाँ पूर्ण रूपले सबैबाट त्यागिनुभएको कुरा स्पष्ट पार्नु थियो होला; किनभने हाम्रा प्रभु एकलै दुःखकष्टहरू खप्नुमा पूरा अनुभवी हुनुहुन्थ्यो।'*

## ञ) प्रभु येशू महापूजाहारीको सामु (मर्कूस १४ः५३-५४)

प्रभुको धार्मिक जाँचको विवरण हामी मर्कूस १४ः५३ पददेखि १५ः१ पदसम्म पढ्छौं; यस धार्मिक जाँचका तीनवटा भागहरू छन्ः **अ)** महापूजाहारीको सामु उहाँको जाँच (मर्कूस १४ः५३-५४), **आ)** राति महासभाको बैठक (मर्कूस १४ः५५-६५), अनि **इ)** बिहान महासभाको नियमित सभा (मर्कूस १५ः१)।

**मर्कूस १४ः५३ः** मर्कूसले यहाँ कायफाको सामु भएको प्रभु येशूको जाँचको बयान गरेका छन् भन्ने कुरा प्रायः सबैले मान्दछन्। हन्नासको सामु भएको जाँच यूहन्ना १८ः१३ र १८ः१९-२४ पदमा बयान गरिएको छ।

**मर्कूस १४ः५४ः** यति टाढ़ामा रहँदा सुरक्षित हुन्छु भन्ने अनुमान गरेर पत्रुस टाढ़ाबाट प्रभु येशूलाई पछ्याउँदा-पछ्याउँदै महापूजाहारीको चोकसम्म गए। कसैले पत्रुसको पतनमा पुऱ्याउने कदमहरू यस प्रकारले दिएका छन्ः

**अ)** पहिले तरवार खिचेर लड्न खोज्दा पत्रुसले आफ्नो जोश र उमङ्ग देखाए, जसले बेठीक निसाना ताकेको थियो।

**आ)** त्यसपछि उनी भागे; काँतर भएर उनी पछि हटे।

**इ)** अन्तमा टाढ़ैबाट उनी पछ्याउँदैथिए; मनतातो हृदय लिएका येशूका यी चेलाले त्यस रातमा प्रभुलाई यस अवस्थामा पछ्याउन खोजेका थिए।

उनी अफिसरहरूसँग वा नोकरहरूसँग बसेर आगो तापिरहेका थिए। यसो गर्दा उनले प्रभुका शत्रुहरूको सँगतमा आफूलाई न्यानो पारेका थिए।

## ट) प्रभु येशू महासभाको सामु (मर्कूस १४:५५-६५)

**मर्कूस १४:५५-५९:** हुन त यहाँ पचपन्न पदमा यस्तो कुरा लेखिएको छैन; ता पनि महासभाको रात्रि-बैठक यहाँबाट शुरु भएको देखिन्छ। महासभाका सत्तरीजना धर्मनेतारूपी सदस्यहरूमाथि महापूजाहारी सभापति हुन्थे। यस रात महासभाका सदस्यहरूले अर्थात् फरिसीहरू, सदुकीहरू, शास्त्रीहरू र बूढ़ा प्रधानहरूले आफूले बनाएको यस कानुनका नियमहरू पूरा बेवास्ता र अवहेलना गरे। यस कानुन-अनुसार तिनीहरूले राति भेला हुनुहुँदैनथियो, न ता यहूदी चाड़का दिनहरूमा कुनै बैठक राख्नु थियो। न्याय बिगार्न तिनीहरूले कुनै साक्षीलाई घूस दिनुहुँदैनथियो। कसैको मृत्युदण्ड दिनुपरेमा तिनीहरूले एक रात बितेपछि मात्र त्यसलाई प्राणदण्ड दिन पाउँथे। तिनीहरू मन्दिरको क्षेत्रमा स्थित भएको 'कुँदुवा शिलागृह' नामक सभा-भवनमा भेला भएको बेलामा गरिएका फैसलाहरूबाहेक अरू कुनै फैसला लागू हुँदैनथियो।

हतार-हतारमा प्रभु येशूलाई हटाउन खोज्ने ती दुःसाहसी धर्माधिकारीहरू आफ्ना नियमहरूदेखि पतित भई तिनलाई उल्लङ्घन गर्न अलिकति पनि हिचकिचाएनन्। दुईवटा झूटा साक्षीचाहिँ येशूलाई मार्ने अठोटमा तिनीहरूका अथक प्रयासहरूको फल थियो; तर यसो गरेर पनि तिनीहरूले उहाँको विरोधमा मेल खाने कुनै गवाही पाएनन्। तिनीहरूले प्रभु येशूले भन्नुभएको कुरा बिगारेर 'म हातले बनाएको यो मन्दिर भत्काउनेछु, र तीन दिनभित्र अर्को, बिनाहातले बनिएकोचाहिँ खड़ा गर्नेछु' भन्नेसम्म पारे। येशूले भन्नुभएको वचनका खास शब्दहरू हामी यूहन्ना २:१९ पदमा पढ्न पाउँछौं। जानी-बुझी तिनीहरूले कुरा गलत

सम्झेर यरूशलेमको मन्दिर र प्रभुको शरीररूपी मन्दिरको बीचमा भूल गरे।

**मर्कूस १५ः६०-६२ः** जब महापूजाहारीले पहिलो पल्ट प्रभु येशूलाई जाँच गरे, तब उहाँले जवाफ दिनुभएन। तर 'के तँ परमधन्यका पुत्र ख्रीष्ट होस्' भनेर तिनले मुक्तिदाता प्रभुलाई शपथ खुवाएको अवस्थामा उहाँले 'म हुँ' भन्दै यो कुरा मानिलिनुभयो, र लेवी ५ः१ पद उल्लेख गरिएको आज्ञा पालन गर्नुभयो। त्यसपछि प्रभु येशूले आफ्नो विषयमा आफूले के-के दावी गर्नुभएको थियो, सो सम्बन्धमा सबै शङ्काहरू हटाईकन ती महापूजाहारीलाई अझ यसो भन्नुभयोः 'अनि तपाईंहरूले मानिसका पुत्रलाई शक्तिमान्को दाहिने हातपट्टि बसिरहेका र आकाशका बादल-हरूको सवारीमा फेरि पृथ्वीमा फर्किरहेका देख्नुहुनेछ।' यसर्थ महापूजाहारीले एक दिन उहाँलाई खुल्लमखुल्ला रूपले परमेश्वर भएर प्रकट हुनुभएको देख्नेथिए। उहाँको पहिलो आगमनमा उहाँको ईश्वरत्वको महिमा मानवीय शरीररूपी घुम्टोले ढाकिएको थियो। तर जब प्रभु येशू ठूलो शक्ति र महिमाको साथ फर्केर आउनुहुनेछ, तब त्यो घुम्टो हटाइनेछ, र हरेक मानिसले उहाँ जस्तो हुनुहुन्छ, उहाँलाई त्यस्तै देख्नेछ र चिन्नेछ।

**मर्कूस १४ः६३-६४ः** प्रभु येशूले भन्न खोज्नुभएको कुरा महा-पूजाहारीले बुझिहाले। तिनले आफ्ना लुगाहरू च्याते; यसो गरेर तिनले ईश्वर-निन्दा सुनेकोमा आफ्नो न्यायसँगत रिस प्रकट गरे। जे तिनले ईश्वर-निन्दा सम्झे, यो त्यसको विरुद्ध आफ्नो घोर विरोध जनाउने सङ्केत-चिन्ह थियो। इस्राएली मानिसहरूमा तिनीचाहिँ येशूमा मसीहलाई देख्न, चिन्न र ग्रहण गर्न प्रथम हुनुपर्ने थिए; यसो गर्नुको सट्टामा तिनी उहाँलाई आरोप लगाउनुमा महाघोषक भए। यसो गर्नुमा तिनी एकलै हुँदैनथिए; सम्पूर्ण महासभा[ब] एक मत भएः 'हो, त्यसले ईश्वर-निन्दा गरेको हो रहेछ'; यसैले तिनीहरू सबैले उहाँलाई मृत्युदण्डको योग्य ठहराए।

**मर्कूस १४ः६५ः** अब यो अत्यन्तै अनर्गल दृश्यमा ध्यान गर्नुहोस्ः महासभाका केही सदस्यहरूले परमेश्वरका पुत्रलाई थुक्न र उहाँको

अनुहार छोपेर उहाँलाई मुक्का हान्न थाले। 'लौ, तँलाई हान्ने को हो, सो अगमवाणी गरेर भन् त' भनेर तिनीहरूले उहाँलाई हाँके। हाम्रो प्रशंसा पाउनुको सुयोग्य मुक्तिदाता प्रभुले आफ्नै विरोधमा पापी मानिसहरूको यस प्रकारको उल्टो कुव्यवहार सहनुभयो, कसरी ? यो ता पत्यार गर्न नसक्ने कुरा हो। ती अफिसरहरू अर्थात् मन्दिरका प्रहरी-पालेहरूले यस अति अपमानपूर्वक काममा अरूलाई साथ दिएर उहाँलाई थप्पड़ लगाइहाले।

## ठ) पत्रुसले प्रभु येशूलाई इन्कार गर्छन्, र धुरुधुरु रुन्छन् (मर्कूस १४:६६-७२)

**मर्कूस १४:६६-६८ः** पत्रुसचाहिँ तल यस भवनको चोकमा पर्खिरहेका थिए। तब हेर, महापूजाहारीहरूका नोकरनीहरूमध्ये एउटी-चाहिँ त्यहाँबाट भएर गई। उनलाई नियालेर हेर्दा त्यसले भनीः 'हो, पक्का तिमी पनि नासरतको येशूको साथमा थियौ।' त्यसले भनेकी यस विषयमा ती बिचरा, दुःखी चेलाले केही नजानेको-नबुझेको जस्तो गरे; त्यसपछि उनी बाहिर दलानमा निस्के; ठीक त्यत्ति बेलै उनले भाले बासेको सुने। यो कस्तो चस्स झस्काउने क्षण थियो। अब पापको भयङ्कर हानि हेर्नुहोस् !

**मर्कूस १४:६९-७०ः** त्यही नोकरनीले उनलाई फेरि पनि देखेर त्यहाँ उभिएकाहरूलाई भनीः 'हेर, त्यहाँ त्यो येशूको चेला !' पत्रुसले फेरि ठिहिरिँदो इन्कार गरे। 'मानिसहरूले मलाई ख्याल गर्न किन छोड्दैनन्' भनेर शायद उनलाई निक्कै अनौठो लाग्दैथियो। तब नजिकैमा उभिरहेका मानिसहरूले उनलाई भनेः 'तिमी पक्कै पनि तिनीहरूमध्ये एक हौ; किनकि तिमी गालीली हौ, तिम्रो बोलीले यो बताउँछ।'

**मर्कूस १४:७१-७२ः** सराप्दै र शपथ खाँदै गरेका ढिठा पत्रुसले 'म त्यस मानिसलाई चिन्दै चिन्दिनँ' भने। उनको मुखबाट यी शब्दहरू निस्किसक्दा-नसक्दा भाले फेरि बास्यो। काँतर भएर बोलेको उनको यो झूटको विरुद्ध सारा प्रकृतिले यसरी आवाज उठाएको भान भयो। एकै

झलकमा पत्रुसलाई 'अहो, प्रभुले पहिले भन्नुभएको वचन पूरा भएछ' भन्ने सम्झना आयो। चूर्ण भई उनी डाँको छोड़ेर रोए।

सुसमाचारका जम्मै चारवटा पुस्तकहरूमा पत्रुसले प्रभुलाई इन्कार गरेको कुरा उल्लेख गरिएकोमा पनि अर्थ छ; किनकि आत्मविश्वास गर्ने मानिसले आफूमाथि आफ्नो अहम तोड्ने प्रतिक्रिया निम्त्याउँछ भन्ने पाठ हामी सबैले सिक्नुपरेको छ। हामीले आफूमाथि भरोसा नराख्न, तर सम्पूर्ण रूपले परमेश्वर र उहाँको शक्तिमा भर पर्न सिक्नुपर्छ।

## ड) प्रातःकालमा महासभाको कानुनी सभा (मर्कूस १५:१)

यस पदले बिहानै महासभाको कानुनी सभाको बयान गर्छ। हुन सक्छ, तिनीहरूले हिजो राति जुन अवैधानिक निर्णय गरेका थिए, त्यो पारित गर्न त्यो सभा बसेको थियो होला। फलस्वरूप तिनीहरूले प्रभु येशूलाई बाँधेर लगे, र उहाँलाई पिलातसको हातमा सुम्पिदिए। पिलातस-चाहिँ यहूदियाका रोमी राज्यपाल थिए।

## ढ) प्रभु येशू पिलातसको सामु (मर्कूस १५:२-५)

**मर्कूस १५:२ः** अहिलेसम्म प्रभु येशूको जाँचचाहिँ धर्मनेताहरूको सामु थियो; तिनीहरूले उहाँलाई ईश्वरनिन्दा गरेको अभियोग लगाएका थिए। तर अब उहाँलाई सरकारी अदालतमा उभ्याइयो, र राजद्रोहको अभियोगको विषयमा उहाँको जाँच हुँदैथियो। त्यो सरकारी जाँचका तीनवटा चरणहरू थिएः पहिलो चरण पिलातसको सामु, दोस्रो चरण हेरोदको सामु, अनि तेस्रो र अन्तिम चरणचाहिँ फेरि पिलातसको सामु।

पिलातसले प्रभु येशूलाई सोधेः 'के तिमी यहूदीहरूका राजा हौ ?' उहाँ यहूदीहरूका राजा हुनुहुँदो हो त उहाँ सिजरको राजसत्ता उल्टाउन खोज्ने राजद्रोही हुनुहुनेथियो, तिनको विचारमा; यसरी राजद्रोहको अभियोग सत्य ठहरिनेथियो।

**मर्कूस १५:३-५ः** यति बेला मुख्य पूजाहारीहरूले एक अभियोगमाथि अर्को अभियोग लगाउँदै प्रभु येशूमाथि दोषहरूको रास

थुपारे। यति बिघ्न दोषहरू सुनेर उहाँ कसरी शान्त रहन सक्नुभयो भन्ने कुराले पिलातसलाई अलमल्ल पाऱ्यो। यसैले तिनले उहाँलाई सोधेः 'तिमी किन चुप लाग्छौ, र आफ्नो प्रतिवाद किन गर्दैनौ ?' तर प्रभु येशूले यी अभियोग लगाउनेहरूलाई जवाफ दिन अस्वीकार गर्नुभयो।

## ण) येशू कि बराब्बा ? (मर्कूस १५ः६-१५)

**मर्कूस १५ः६-८ः** यस चाँड़को अवसरमा रोमी राज्यपालले कुनै एकजना यहूदी अपराधी कैदीलाई छोड़िदिने चलन रहेछ; योचाहिँ सन्तोष नमान्ने जनतालाई खुशी पार्ने राजनीतिक मिष्टान्न/मिठाई सम्झिनुहोस् ! यही अवसरमा छुटकारा पाउन लायकको कैदी बरब्बा थियो, जो राजद्रोह र हत्याको दोषमा साबित भई जेलमा बसेको थियो। डाहाले भरिएका यी मुख्य पूजाहारीहरूलाई लज्जित तुल्याउन खोज्ने पिलातसले प्रभु येशूलाई छोड़िदिने प्रस्ताव राखे, तर जनताका मानिसहरूलाई सिकाएअनुसार तिनीहरूले बरब्बालाई मागे। अचम्म, जुन मानिसहरूले प्रभु येशूलाई सिजरको विरोधमा राजद्रोह गरेको अभियोग लगाए, ती मानिसहरूले नै यस्तो अपराधीलाई कैदबाट छोड़िमाग्दैथिए, जसले साँच्चै राजद्रोह गरेको थियो ! ! मुख्य पूजाहारीहरूले लिएको यो विरोधको पक्ष असङ्गत र हाँसउठ्दो थियो; तर पापचाहिँ यस्तै हो। तिनीहरूले उहाँको लोकप्रियता सहन सकेनन्, र यसैले तिनीहरू डाहाले जले, बस यति।

**मर्कूस १५ः९-१४ः** 'तब जसलाई तिमीहरू यहूदीहरूका राजा भन्छौ, उससित म के गरौं त ?' भनेर पिलातसले सोधे। तब यी हिंसक मानिसहरूले 'त्यसलाई क्रूसमा टाँगिदिनुहोस् !' भन्ने नारा लगाए। पिलातसले यसको कारण मागे, तर येशूलाई मार्ने खास कारणै थिएन। उत्तेजित भीड़ अराजक भइजाने र जनतामा ठूलो उन्माद मच्चिरहेको थियो। 'त्यसलाई क्रूसमा टाँगिदिनुहोस्, त्यसलाई क्रूसमा टाँगिदिनुहोस्' भन्दै तिनीहरूको एकमात्र फलाको गुँजियो, र गुँजिरह्यो।

**मर्कूस १५ः१५ः** अनि पानीआन्द्रे पिलातसले तिनीहरूको माग-अनुसार गरेः तिनले तिनीहरूका निम्ति बरब्बालाई छोड़िदिए; तर प्रभु

येशूलाई चाहिँ तिनले कोर्रा लगाए र उहाँलाई क्रूसमा टाँग्न भनी सिपाहीहरूको जिम्मामा सुम्पे। यसरी नै तिनले सबैभन्दा ठूलो न्याय-हत्या गरे। तर तिनको यस कार्यमा हाम्रो मुक्तिको सम्बन्धमा हामी दृष्टान्तात्मक अर्थ देख्छौंः हामी दोषीहरू मुक्त हुन सकौं भन्ने हेतुले निर्दोषी प्रभुलाई यस क्रूसको मृत्युमा सुम्पियो।

## त) सिपाहीहरूले परमेश्वरका दासलाई गिल्ला गरेका (मर्कूस १५ः१६-२१)

**मर्कूस १५ः१६-१९ः** अब यी सिपाहीहरूले प्रभु येशूलाई राजभवनभित्र लगे। त्यसपछि सारा पल्टन भेला भयो। तिनीहरूले यहूदीहरूका राजालाई राज्याभिषेक गरेको ठट्यौली नकल गरे। अहह, तिनीहरूले जानेका भए!! किनकि तिनीहरूले ता परमेश्वरका पुत्रलाई बैजनी वस्त्र पहिराएका थिए। तिनीहरूले ता आफ्ना सृष्टिकर्तालाई काँड़ाको मुकुट लगाएका थिए। 'सलाम, यहूदीहरूका राजा' भन्दै तिनीहरूले ता सारा विश्व आफ्नो हातमा लिनुभएको पालनहारलाई हाँसोमा उड़ाएका थिए। तिनीहरूले ता जीवनका स्वामी र महिमाका प्रभुको शिरमा निगालोले हिर्काएका थिए। तिनीहरूले ता शान्तिका राजकुमारलाई थुकेका थिए। तिनीहरूले ता राजाहरूका महाराजा र प्रभुहरूका परमप्रभुको सामु घुँड़ा टेकेका थिए।

**मर्कूस १५ः२०-२१ः** उहाँको गिल्ला र दिल्लगी गरिसकेपछि तिनीहरूले फेरि उहाँका वस्त्रहरू उहाँलाई पहिराए, र उहाँलाई क्रूसमा टाँग्न बाहिर लगे। मर्कूसले यहाँ के बयान गरेका छन् भने, यी सिपाहीहरूले शिमोन नाम भएका कुरेनीका एकजना मानिसलाई, जो त्यहाँबाट भएर जाँदैथिए, उहाँको क्रूस बोक्न कर गरे। कुरेनी भन्नाले उत्तर अफ्रिकाको कुरेनिका शहरबाट आएको मानिस बुझिन्छ। हुन सक्छ, तिनी हब्सी थिए होला; तर मलाई लाग्छ, तिनीचाहिँ ग्रीकभाषी यहूदी थिए। तिनका दुईजना छोराहरू थिए, जसका नाम अलेकजान्डर र रूफस थिए। शायद तिनका यी दुई छोराहरू विश्वासी थिए; किनकि ती

रूफसको नाम फेरि रोमी १६:१३ पदमा छ; तिनी उही रूफस हुन्। शिमोनले प्रभु येशूको पछि-पछि क्रूस बोके; यसो गर्दा तिनले हामीलाई एउटा सुन्दर नक्सा कोरेः मुक्तिदाता प्रभुका चेलाहरू भएका नाताले क्रूस बोक्नुचाहिँ हाम्रो विशेषता र चिन्हारी हुनुपर्छ।

## थ) प्रभु येशूको क्रूसको मृत्यु (मर्कूस १५:२२-३२)

यहाँ पवित्र आत्माले प्रभु येशूको क्रूसको मृत्युको बयान एकदम सरल भाषामा र आवेगबिना गर्नुभएको रहेछ। यस प्रकारको मृत्यु-दण्ड दिने कार्यसित सम्बन्धित असह्य क्रूरता वा असाध्य कष्टमा ईश्वरीय लेखक केन्द्रित रहनुभएन।

आज त्यो क्रूसीकरणको खास ठाउँ कहाँ थियो, सो कसैले जान्दैन। परम्पराअनुसार त्यो जग्गाचाहिँ 'चर्च अफ् दी होली सेपल्कर' नामक गिर्जाको छेउमा थियो रे। तर त्यो गिर्जा यरूशलेमको पर्खालभित्र पर्दछ, जब उहाँको क्रूसको मृत्यु हुने ठाउँ पर्खालदेखि बाहिर भएको हुनुपर्छ भनेर कतिले त्यो कुरा खण्डन गर्छन्। 'श्री गोर्डनको कलभरी' नामक ठाउँ पनि सम्भव छ, जो शहरको उत्तरी भागमा पर्खालबाहिर छ। त्यसको नजिकै एउटा बगैंचा छ।

**मर्कूस १५:२२:** गलगथा अरामी भाषाको शब्द हो, जसको अर्थ खोपड़ी हुन्छ। कलभरीचाहिँ यसको ल्याटिन नाम हो। शायद त्यस जग्गाको आकार खोपड़ीजस्तै थियो कि? अथवा त्यो मृत्युदण्ड दिने ठाउँ भएको हुनाले त्यस जग्गाको नाम यो भयो कि?

**मर्कूस १५:२३:** यी सिपाहीहरूले उहाँलाई गन्धरस मिसाएको दाखमद्य पिउन दिए। त्यो एक प्रकारको लागू पदार्थ थियो; त्यसले ज्ञानेन्द्रियहरूलाई लट्ठ पार्थ्यो। तर उहाँले त्यो लिनुभएन; किनभने पूरा होशमा रहेर मानिसहरूका पापहरू बोक्ने उहाँको दृढ़ मनसाय थियो।

**मर्कूस १५:२४:** क्रूसमा टाँगिएका व्यक्तिहरूका वस्त्रहरूको बारेमा कसले कुनचाहिँ लैजान पाओस् भनेर यी सिपाहीहरूले गोला हाले। जब तिनीहरूले मुक्तिदाता प्रभुका वस्त्रहरू लगे, तब तिनीहरूले उहाँको जम्मै भौतिक सम्पत्ति लगे।

**मर्कूस १५ः२५-२८ः** जब तिनीहरूले उहाँलाई क्रूसमा टाँगे, तब समय नौ बजे भएको थियो । उहाँको शिरमास्तिर 'यहूदीहरूको राजा' भन्ने दोषपत्र लगाइयो । लेखक मर्कूसले दोषपत्रको पूरा रूप उल्लेख गर्दैनन्, तर त्यसको सार मात्र दिन्छन् (मत्ती २७ः३७, लूका २३ः३८ र यूहन्ना १९ः१९ हेर्नुहोला) । एकजनालाई उहाँको दाहिनेपट्टि र अर्कालाई उहाँको देब्रेपट्टि हुने गरी उहाँको साथमा दुईजना डाँकूहरू पनि क्रूसमा टाँगिए, ठीक त्यस्तै, जसरी यशैयाले भविष्यवाणी गरेका थिएः ***'उहाँ अपराधी-हरूसँग गनिनुभयो'*** (यशैया ५३ः१२)[ख] ।

**मर्कूस १५ः२९-३०ः** त्यहाँबाट भएर आउने-जानेहरूले प्रभु येशूलाई गिल्ला गरे (१५ः२९-३०) । मुख्य पूजाहारीहरू र शास्त्रीहरूले उहाँलाई गिल्ला गरे (१५ः३१-३२[क]) । उहाँको साथमा क्रूसमा टाँगिएका दुईजना डाँकूहरूले पनि उहाँलाई गिल्ला गरे (१५ः३२[ख]) ।

त्यहाँबाट भएर जानेहरूचाहिँ यहूदीहरू भएका हुनुपर्ला, जो यस यरूशलेम शहरभित्र पसेर निस्तार-चाड़ मान्न तयार थिए । तर शहरभित्र पस्नुभन्दा अघि तिनीहरूले एक क्षणका निम्ति समय भुले, प्रभु येशूरूपी निस्तारका पाठालाई अपमान गर्नलाई । 'मन्दिर भत्काउने र त्यसलाई तीन दिनमा बनाउने तँ !' भनेर तिनीहरूले आफ्नो प्रिय मानेको मन्दिरको विषयमा उहाँले बोल्नुभएको वचन बिगारेर उद्धृत गरे । यसमा थपेर तिनीहरूले 'तँ यति गर्न सक्षम छस् भने लु त क्रूसबाट ओर्लेर आइज, आफूलाई बचा !' भन्दैथिए ।

**मर्कूस १५ः३१ः** मुख्य पूजाहारीहरू र शास्त्रीहरूले उहाँलाई अरू मानिसहरूलाई बचाएको सम्बन्धमा खिसी गरेर भनेः 'हेर, यसले अरूलाई बचायो, तर आफैलाई चाहिँ यसले बचाउनै सक्दैन ।' तिनीहरूले उहाँको खिल्ली उड़ाउँदा तिनीहरूको दुष्ट मनको क्रूरता देखा पर्‍यो, तर अनजानमा तिनीहरूले सत्य कुरा भनेका रहेछन् । हो, प्रभुको जीवन यो कुरा सत्य थियो, अनि यो कुरा हाम्रो जीवनमा पनि सत्य ठहरिन्छः हरेक जसले आफूलाई बचाउन खोज्छ, त्यसले अरूलाई बचाउनै सक्दैन ।

**मर्कूस १५ः३२ः** धर्मनेताहरूले पनि उहाँलाई चुनौती दिएर भनेः 'तँ इस्राएली मसीह राजा होस् भने क्रूसबाट ओर्ली आइज !' तब तिनीहरूले

उहाँलाई" विश्वास गर्नेथिए अरे । 'पहिले हामी आँखाले देखौं, तब हामी हृदयले विश्वास गर्छौं ।' तर परमश्वरको क्रम अर्कै छः पहिले विश्वास गर, त्यसपछि तिमीले देख्नेछौ ।

अपराधी डाँकूहरूले पनि उहाँको निन्दा गरे ।

## द) तीन घण्टाको अन्धकार (मर्कूस १५ः३३-४१)

**मर्कूस १५ः३३ः** बाह्र बजेदेखि तीन बजेसम्म सारा देश अन्धकारले छोपियो । यति बेला हाम्रा पापहरूको विरोधमा परमेश्वरको न्यायको दण्ड जति हुनु थियो, त्यति नै, पूरा दण्ड प्रभु येशूले भोग्नुभयो । आत्मा बिलकुल शुष्क भएको/सुकेको र आफूचाहिँ परमेश्वर पिताबाट विच्छेद हुनुभएको अवस्थामा उहाँले असाध्य दुःख सहनुभयो । उहाँचाहिँ पाप-बलि हुनुभएको र उहाँको अमूल्य रगत बगेर पापको प्रायश्चित भएको बेलामा उहाँले सहनुपरेको अघोर व्यथा केजस्तो थियो, सो कुनै मरणशील मानिसले कहिल्यै बुझ्न सक्दैन ।

**मर्कूस १५ः३४ः** त्यो अथाह पीड़ा सहँदा-सहँदै अन्तमा ठूलो सोरले उहाँले अरामी भाषामा यसो भन्दै कराउनुभयोः **'एलोई, एलोई लामा सबकथनी ?' अर्थात् 'हे मेरा परमेश्वर, मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो ?'** परमेश्वरले उहाँलाई त्याग्नुभयो; किनकि परमेश्वर पवित्र हुनुहुन्छ, र यसैले पापबाट अलग रहनुपरेको थियो । प्रभु येशूले आफूलाई हाम्रा पापहरूसित एक तुल्याउनुभयो; अनि उहाँले हाम्रा पापहरूको दण्डरूपी दाम पूरा रूपले तिरिदिनुभयो ।

**मर्कूस १५ः३५-३६ः** जब उहाँले 'एलोई, एलोई' भनेर कराउनुभयो, तब त्यहाँ उभिएकाहरूमध्ये कतिले भनेः 'त्यसले एलियालाई बोलाउँदैछ ।' अन्तमा एकजनाले एउटा स्पन्जमा सिर्का भऱ्यो, त्यसलाई एउटा निगालोमा राख्यो र यसरी निगालोको टुप्पा उहाँतिर लम्काएर उहाँलाई पिउन दियो । त्यसले उहाँलाई दया गरेको त होइन, तर उहाँलाई अन्तिम पल्ट अनादर पो गरेको रहेछ ।

**मर्कूस १५ः३७ः** प्रभु येशू फेरि पनि ठूलो सोरले कराउनुभयो; यो अन्तिम चीत्कारचाहिँ शक्तिले पूर्ण जयघोष थियो । त्यसपछि उहाँले प्राण

त्याग्नुभयो। उहाँको मृत्युमा जबरजस्ति केही पनि थिएन, न ता यो उहाँ कमजोर हुनुभएको फल थियो; तर उहाँले स्वेच्छापूर्वक आफूलाई यस मृत्युमा सुम्पनुभयो।

**मर्कूस १५ः३८ः** त्यत्तिनैखेर मन्दिरको पर्दा टुप्पादेखि फेदसम्मै दुई भाग भई च्यातियो। यो परमेश्वरको काम थियो, जसको सङ्केतात्मक अर्थ यस प्रकारको थियोः ख्रीष्ट येशूको मृत्युले सबै ख्रीष्ट-विश्वासीहरूका निम्ति परमेश्वरको महा पवित्रस्थानभित्र पस्ने प्रवेश कमाएको छ। अबदेखि उसो यो प्रवेशचाहिँ सबै विश्वासीहरूले उपभोग गर्न पाउने सौभाग्य हो (हिब्रू १०ः१९-२२ हेर्नुहोस्!)। एउटा नयाँ महान् युग शुरु भएको छ। यस नयाँ युगको लक्षणचाहिँ परमेश्वरसितको नजिकपन हो, उहाँदेखिको टाढ़ोपन होइन।

**मर्कूस १५ः३९ः** रोमी सुबेदारले 'साँच्ची नै यी मानिस परमेश्वरका पुत्र रहेछन्' भन्दैमा प्रभु येशूलाई स्वीकार ता गरे, तर तिनले यस महान् अङ्गीकारले उहाँ परमेश्वरसित बराबर हुनुभएको कुरा मानेका वा नमानेका हुन सकिन्छ। जे होस्, ती अन्यजातिको सुबेदारले येशूलाई परमेश्वरका पुत्रको रूपमा मानिलिए। एउटा ऐतिहासिक घटना घटेछ भन्ने कुरा तिनले पक्का पनि थाह गरे। तर तिनको विश्वास कहाँसम्म साँचो थियो, सो हामी भन्न सक्दैनौं।

**मर्कूस १५ः४०-४१ः** यहाँ लेखक मर्कूसले केही स्त्रीहरूको वर्णन गर्छन्, जो क्रूसनेर रहिरहे। हामीलाई यसो भन्न उचित छः यी स्त्रीहरूचाहिँ सुसमाचारका पुस्तकहरूमा उज्याला ताराझैं चम्किरहेका छन्। नर-चेलाहरूले आफ्नो व्यक्तिगत सुरक्षाको आड़ खोजेर भागिहाले। तर यी स्त्रीहरूको श्रद्धाभक्ति हेर्नुहोस्! यिनीहरूले आफ्नो सुरक्षालाई भन्दा ख्रीष्ट येशूप्रतिको प्रेमलाई पहिलो स्थान दिए। यिनीहरू अन्तसम्म क्रूसको छेउमा रहिरहे; यिनीहरू पहिले चिहानमा आइपुगे।

## ध) अरिमथियाका यूसुफको चिहानमा येशूको दफन (मर्कूस १५ः४२-४७)

**मर्कूस १५ः४२ः** यस शुक्रबारको साँझमा घाम अस्ताएपछि

विश्राम-दिन शुरु भयो। तयारीको दिनचाहिँ विश्राम-दिनको अघिको दिन वा कुनै चाड़को अघि परेको दिन थियो।[य]

**मर्कूस १५:४३:** समय धेरै बितिसकेको थियो, र तत्कालिक काम जरुरत थियो; हुन सक्छ, यस कुराले अरिमथियाका यूसुफलाई साहससँग पिलातसकहाँ गएर येशूको शरीर माग्ने प्रेरणा दियो होला। यूसुफचाहिँ एक भक्त यहूदी थिए; शायद तिनी महासभाका सदस्य पनि थिए (लूका २३:५०-५१, मत्ती २७:५७ र यूहन्ना १९:३८ पनि हेर्नुहोला)।

**मर्कूस १५:४४-४५:** येशू अघि नै मरिसक्नुभएको कुरा पिलातसले पत्याउन सकेनन्। तर ती सुबेदारबाट राज्यपालले येशूको मृत्यु भइसकेको जानकारी पाएपछि तिनले उहाँको लास यूसुफलाई दिए। यहाँ, यस खण्डमा ग्रीक मूललिपिमा दुईवटा शब्दहरू प्रयोग गरिएका छन्। यूसुफले प्रभुको शरीर मागे, तर पिलातसले यूसुफलाई येशूको लास दिएका रहेछन्।

**मर्कूस १५:४६:** बड़ो प्रेम र जतनसाथ ती यूसुफले (अनि यूहन्ना १९:३८-३९ पदअनुसार निकोदेमसले पनि) उहाँको शरीरलाई सुगन्धित मसालाहरू घसिदिए, उहाँलाई सुती कपड़ामा लपेटे र उहाँलाई एउटा नयाँ चिहानमा राखे। त्यो चिहान यूसुफकै थियो, जो खास गरी चट्टानबाट खोपेर बनाइएको एउटा सानो कोठा थियो। त्यसको मुखमा चुस्त लगाइने ढोकाचाहिँ गोलो आकारको ढुङ्गा थियो। त्यो ढुङ्गा चट्टानबाट खोपेर बनाइएको कुलोजस्तो नालीमा गुड़ाइन्थ्यो।

**मर्कूस १५:४७:** अनि मरियम मग्दलिनी र योसेसकी आमा मरियमका नाम हामी यहाँ फेरि उल्लेख गरिएका पाउँछौं। यूसुफले येशूको लास चिहानमा राख्दा यिनीहरू त्यहाँ उपस्थित थिए। प्रभुका निम्ति यिनीहरूको प्रेम अलिकति पनि कम भएन; यिनीहरू निडर भइरहे। यो अति प्रशंसनीय छ। हामी सुन्दैछौं: अचेल मिशनरीहरूमा अधिक मात्रामा दिदीबहिनीहरू हुन्छन् रे। दाजुभाइहरूचाहिँ खोई, कहाँ छन्?

# ८) मर्कूस १६ः परमेश्वरका दासको विजय

## क) स्त्रीहरू चिहानमा पुग्दा त्यो रित्तो छ

**(मर्कूस १६ः१-८)**

**मर्कूस १६ः१-४ः** शनिबारको साँझ परेको थियो; विश्राम-दिन बित्लेबित्तिकै मरियम मग्दलिनी, याकूबकी आमा मरियम र सलोमी त्यस चिहानमा जान तयार भए। यिनीहरूले येशूको शरीरमा सुगन्धित मसालाहरू घस्न चाहेका थिए। यिनीहरूलाई थाहै थियोः यो काम सजिलो थिएन; किनभने त्यस चिहानको मुखमा ठूलो ढुङ्गा गुड़ाएर राखिएको थियो। अनि त्यस चिहानमा रोमी सरकारको मोहरछाप पनि लगाइएको थियो, र सिपाहीहरू पहरा बसेका थिए। यी सबै कुरा यिनीहरूले जान्दथिए। तर प्रेमचाहिँ कठिनाइहरूरूपी सबै पहाड़हरू नाघ्छ नै; हो, प्रेम आफ्नो प्रेम-पात्रकहाँ पुग्छ, पुग्छ।

आइतबार एकाबिहानै यिनीहरू घाम झुल्कँदा त्यस चिहानमा आइपुगे। 'हाम्रा निम्ति यस चिहानको ढुङ्गा कसले हटाइदेला?' भन्दै यिनीहरूले आपसमा विचारविमर्श गरे। आँखाहरू उठाएर हेर्दा यिनीहरूले त्यो ढुङ्गा अघिबाटै हटाइसकिएको भेट्टाए। कतिपल्ट हामीसँग पनि अनुभव यस्तै हुन्छः हामी मुक्तिदाता प्रभुको आदर खोजिरहेको बेलामा हामी समस्याहरूकहाँ पुग्नुअघि नै यी सबै हटिसकेछन्।

**मर्कूस १६ः५-६ः** त्यस चिहानभित्र पस्दै गर्दा यिनीहरूले एकजना स्वर्गदूतलाई देखे। उनको वस्त्र सेतो थियो, र उनी एक युवक थिए। तत्कालै उनले यिनीहरूलाई येशूचाहिँ बौरिउठ्नुभएको खबर सुनाएर यिनीहरूको मनबाट सबै डर हटाइदिए। चिहान रित्तो थियो।

**मर्कूस १६ः७ः** ती स्वर्गदूतले यिनीहरूलाई ख्रीष्टको पुनरुत्थानको सन्देश बोक्ने वाहकहरू सम्झेर यिनीहरूलाई निम्न काम अह्राएः यिनीहरू गएर उहाँका चेलाहरूलाई, साथै पत्रुसलाई भन्नु थियोः येशू प्रभुले उनीहरूलाई गालीलमा भेट्नुहुनेथियो। याद गरौंः पत्रुस, जसले आफ्ना प्रभुलाई इन्कार गरेका थिए, तिनको नाम स्वर्गदूतको यस

आदेशमा अलग्गै लिइएको रहेछ। बौरिउठ्नुभएको उद्धारकर्ता प्रभुले तिनलाई अस्वीकार गर्नुभएन, तर तिनलाई अझ पनि प्रेम गर्दै हुनुहुन्थ्यो; तिनलाई भेट्न प्रभुको ठूलो इच्छा थियो। एउटा विशेष काम गर्नु बाँकी थियोः प्रभुसँग तिनको सँगति पुनर्स्थापित गर्नु थियो। बाटो बिराएको भेड़ालाई असल गोठालाको सँगतिमा फर्काएर ल्याउनुपरेको थियो। विश्वासबाट पछि हट्नेचाहिँ परमेश्वरको घरमा फर्कनुपर्छ, तिनको फिरग्रहण हुनुपर्छ।

**मर्कूस १६ः८ः** यी स्त्रीहरू त्यस चिहानबाट भागे। यिनीहरूको मनमा ठूलो घत लागेको थियो, यिनीहरूलाई साह्रै डरत्रास पनि भइरहेको थियो। यसैले डरले आत्तिएर यिनीहरूले के भइरहेको थियो, सो विषयमा कसैलाई केही भनेनन्। यसमा अचम्म मान्ने केही पनि छैन। यिनीहरू अति साहसी र अति विश्वासयोग्य भईकन अति भक्तिसाथ यहाँसम्म प्रभुलाई पछ्याएकोमा हामीले ताजुप मान्नुपर्छ।

मर्कूसको सुसमाचारका दुईवटा पुराना मूख्य पाण्डुलिपिहरूमा मर्कूस १६ः९-२० पदको खण्ड नभएका हुनाले अचेलका आधुनिक धेरै विद्वानहरूले यो खण्ड सकली हो भनी मान्दैनन्। तर यो खण्ड मूललिपिमा समावेश गरेर यसलाई सकली ठान्न निम्न ठोस कारणहरू छन्ः

**अ)** ग्रीक भाषाका अरू सबै, त्यस पुस्तकका हजारौं पाण्डुलिपिहरूमा, साथै 'चर्च फाडर्स'हरूले लेखेका धेरै लेखहरूमा यो खण्ड समावेश गरिएको पाइन्छ।

**आ)** आठ पद पुस्तकको अन्त हो भने, यो कति अनौठो, असुहाउँदो हुन्छ। विशेष गरी ग्रीक भाषामा यस पदको अन्तिम शब्दचाहिँ 'किनकि' हो। अनि कुनचाहिँ वाक्य यसरी टुङ्गिन्छ र? तब एउटा सिङ्गै पुस्तकको अन्त यस्तो हुन्छ भन्ने कुरा पर जाओस्!

**इ)** कति मानिसहरूले सिकाउन खोजेझैं मर्कूसको सुसमाचारको पुस्तकको मूललिपिको अन्तिम भाग हरायो र मर्कूस १६ः९-२० पदको खण्ड पछि थपिएको सार मात्र हो अरे; यसो हो भने मत्ती २४ः३५ पदमा

आफ्नो वचन सुरक्षित रहने सम्बन्धमा प्रभु येशूले भन्नुभएका शब्दहरूले फेल खाए।

**ई)** मर्कूस १६:९-२० पदको खण्डमा उल्लेख गरिएका अन्तर्वस्तुहरू शास्त्रसँगत र शास्त्रसम्मत हुन्छन्, अर्थात् पवित्र शास्त्रका अरू भागहरूसँग मेल खान्छन्।

**उ)** यस खण्डको भाषाको शैली र प्रयोग गरिएका शब्दहरूमा ध्यान दियौं भने हामी पहिलो अध्याय र यस अन्तिम खण्डको बीचमा धेरै नजिकको सम्बन्ध भएको र समान्तर/समानान्तर भएको देख्छौं।[२] यस प्रकारको रचनाचाहिँ व्यतिक्रमण भनिन्छ, जसमा कुनै रचनाको शुरु र अन्तको बीचमा समानान्तरता पाइन्छ (उदाहरणः शुरुका व्याक्यहरू क, ख, ग, घ र अन्तका व्याक्यहरू घ, ग, ख, क)।

## ख) बौरिउठ्नुभएको प्रभु येशू मरियम मग्दलिनीकहाँ देखा पर्नुभएको (मर्कूस १६:९-११)

**मर्कूस १६:९:** बौरिउठ्नुभएको मुक्तिदाता प्रभु पहिले मरियम मग्दलिनीकहाँ देखा पर्नुभयो। बितेका दिनहरूमा तिनको प्रभु येशूसितको पहिलो भेट हुँदा उहाँले तिनीबाट सातवटा दुष्ट आत्माहरू निकाल्नुभएको थियो। त्यस समयदेखि उसो तिनले आफ्नो सम्पत्ति लिएर उहाँको प्रेमी सेवा गरिरहेकी थिइन्। तिनले आफ्नै आँखाले प्रभु येशूलाई क्रूसमा मर्नुभएको देखिन्, र उहाँको लास राख्ने चिहान/जग्गा पनि आफैले देखिन्।

अरू सुसमाचारका पुस्तकहरूबाट हामी के सिक्छौं भने, पहिले तिनी त्यस चिहानमा पुगिन्, र तिनले त्यो चिहान रित्तो भएको भेट्टाइन्; त्यसपछि दगुरेर तिनी पत्रुस र यूहन्नाकहाँ गइन्, र उनीहरूलाई त्यो कुरा बताइन्। उनीहरू तिनीसँग चिहानमा फर्केर उनीहरूले पनि त्यो चिहान तिनले उनीहरूलाई भनेझैं रित्तै भेट्टाए। उनीहरू घर फर्के, तर तिनीचाहिँ त्यस रित्तो चिहाननेर रहिरहिन्। यति बेला प्रभु येशू तिनीकहाँ देखा पर्नुभयो।

**मर्कूस १६:१०-११:** तिनी शहरमा फर्किन्, र शोकमा डुबेका चेलाहरूलाई यो खुशीको खबर सुनाइन्। तर उनीहरूले प्रभु जीवित हुनुहुन्छ, र मरियमकहाँ देखा पर्नुभयो भन्ने कुरा पत्याउन सकेनन्। तिनको यो समाचार उनीहरूले विश्वास गर्नदेखि बाहिरको कुरा थियो। यसैले उनीहरूले यो विश्वासै गरेनन्।

## ग) बौरिउठ्नुभएको प्रभु येशू दुईजना चेलाहरूकहाँ देखा पर्नुभयो (मर्कूस १६:१२-१३)

**मर्कूस १६:१२:** लूका २४:१३-३१ पदको खण्डमा हामीले यहाँ उल्लेख गरिएको घटनाको पूरा वृतान्त पाउँछौं, तर यहाँ, यस ठाउँमा प्रभु येशू अर्कै रूपमा इम्माउसको बाटोमा दुईजना चेलाहरूकहाँ देखा पर्नुभएको पढ्छौं। प्रभु येशूचाहिँ मालीको रूपमा मरियम मग्दलिनीकहाँ देखा पर्नुभयो। यहाँ उहाँले सँगी-यात्रीको रूप लिनुभएको देखिन्छ। तर सबै ठाउँमा उहाँचाहिँ उहीं प्रभु येशू हुनुहुन्थ्यो, जो आफ्नो महिमित शरीरमा देखा पर्नुभयो।

**मर्कूस १:१३:** यी दुईजना चेलाहरू यरूशलेममा फर्के, र यिनीहरू आफूले बौरिउठ्नुभएको जीवित मुक्तिदातासँग कस्तो किसिमले सँगति गरे, सो कुरा अरू बाँकीलाई सुनाए; तर उनीहरू जसले पहिले मरियमले सुनाएकी कुरा पत्याएनन्, उनीहरूले अहिले पनि यी दुईजनाले सुनाएका खबर पनि विश्वासै गरेनन्।

## घ) बौरिउठ्नुभएको प्रभु येशू एघारजनाकहाँ देखा पर्नुभयो (मर्कूस १६:१४-१८)

**मर्कूस १६:१४:** प्रभु येशू यहाँ एघारजनाकहाँ देखा पर्नुभएको समयचाहिँ त्यही आइतबार बेलुकाको समय थियो (लूका २४:३६, यूहन्ना २०:१९-२४ र १ कोरिन्थी १५:५)। यहाँ 'एघारजना' भनिएको छ, तर खास गरी दसजना चेलाहरू मात्र उपस्थित थिए, किनकि थोमाचाहिँ यस बेला अनुपस्थित थिए। उनीहरू खाना खान बसेको बेलामा उहाँ उनीहरूकहाँ देखा पर्नुभयो, र उहाँले उनीहरूलाई उनीहरूको

अविश्वासको खातिर हकार्नुभयो; किनभने उनीहरूले उहाँको पुनरुत्थानको सम्बन्धमा न मरियमले सुनाएकी खबर, न यी दुईजनाले सुनाएका खबर विश्वास गरे।

**मर्कूस १६:१५:** यस पदमा प्रभु येशूको स्वर्गारोहणको दिनको साँझमा उहाँले महान् आज्ञा दिनुभएको कुराको बयान गरिएको छ। यसो हो भने चौध पद र पन्ध्र पदको बीचमा केही दिनको अन्तराल भएको हुनुपर्छ। उहाँका चेलाहरूलाई सारा सृष्टिलाई सुसमाचार प्रचार गर्ने आज्ञा दिइयो। मुक्तिदाता प्रभुको लक्ष्यचाहिँ यही होः सारा संसारमा सुसमाचारको प्रचार हुनुपर्छ। उहाँले यी एघारजना चेलाहरूलाई नै आफ्नो यो उद्देश्य पूरा गर्ने माध्यम ठहराउनुभयो; किनकि उनीहरूले सबै थोक त्यागेर उहाँको पछि लागिरहेका थिए।

**मर्कूस १६:१६:** यस सुसमाचारको प्रचारमा दुई प्रकारका प्रतिक्रिया हुन्छन्ः कतिले विश्वास गर्नेछन्, बप्तिस्मा लिनेछन् र मुक्ति पाउनेछन्। तर कतिले विश्वास गर्नेछैनन्, र दोषी ठहरिनेछन्।

मुक्ति पाउनलाई पानीको बप्तिस्मा लिनुपर्छ भन्ने कुरा कतिले यस पदबाट सिकाउन खोज्छन्; तर हामीलाई थाहै छ, यसको अर्थ यो हुनै सक्दैन; निम्न कारणहरूले यस प्रकारको अर्थ लगाउन दिँदैनन्ः

**अ)** प्रभुको साथमा क्रूसमा टाँगिएको डाँकूले चाहिँ बप्तिस्मा लिएन, ता पनि उसैलाई 'आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ' भन्ने निश्चयता प्रभुको यस प्रतिज्ञामा दिइयो (लूका २३:४३)।

**आ)** सिजरियामा अन्यजातिका मानिसहरूले मुक्ति पाइसकेपछि बप्तिस्मा लिए (प्रेरित १०:४४-४८)।

**इ)** प्रभु येशू आफैले कसैलाई बप्तिस्मा दिनुभएन (यूहन्ना ४:१-२)। मुक्ति पाउनलाई बप्तिस्मा नलिई हुँदैन भने उहाँले बप्तिस्मा नदिनुभएकोमा अनौठो भूलचूक भएको देखिन्छ।

**ई)** प्रेरित पावलले परमेश्वरलाई धन्यवाद चढ़ाए; किनकि तिनले कोरिन्थमा थोरै विश्वासीहरूलाई बप्तिस्मा दिएका थिए (१ कोरिन्थी १:१४-१६)। बप्तिस्माचाहिँ मुक्ति पाउने माध्यम हुनु हो भने यस प्रकारले परमेश्वरलाई धन्यवाद चढ़ाउनु असम्भव छ।

**उ)** नयाँ नियममा लगभग एक सय पचास पदहरू छन्, जहाँ मुक्तिचाहिँ अरू केही पनि नगरेर केवल विश्वास गरेको आधारमा पाइन्छ भन्ने कुरा उल्लेख गरिएको हुन्छ। पवित्र बाइबलको कुनै एक पद लिएर वा केही पदहरू लिएर कसैले यो अत्यधिक गवाही काट्न वा रद्द गर्न सक्दैन।

**ऊ)** नयाँ नियमभित्र बप्तिस्माचाहिँ आत्मिक जन्म भएको चित्रण होइन, तर मृत्यु र दफनको चित्रण हो।

तब सोह्र पदको अर्थ के हो त? हामी विश्वास गर्छौं: बप्तिस्माचाहिँ हृदयभित्रको विश्वास बाहिर प्रकट गर्ने माध्यम हो। बप्तिस्मा लिने आज्ञा यहाँ उल्लेख गरिएको छः यसर्थ विश्वास गर्ने सबैले बप्तिस्मा लिनुपर्छ; तिनीहरूमाथि बप्तिस्मा लिने आशा राखिन्छ। तर बप्तिस्माचाहिँ मुक्ति पाउने सर्तको रूपमा लिनुहुँदैन, तर यो ता मुक्ति पाएको व्यक्तिको बाहिरी उद्‌घोषणा हो।

**मर्कूस १६:१७-१८:** यहाँ, यस खण्डमा प्रभु येशूले सुसमाचारमा विश्वास गर्नेहरूको बीचमा कस्ता-कस्ता चिन्हहरू हुनेछन् भन्ने कुरा बताउनुभयो। यी पदहरू पढ्दाखेरि हामीमा पक्का पनि यो प्रश्न उठ्छः 'के यी चिन्हहरू आज पनि हुन्छन् के?' यी चिन्हहरूचाहिँ प्रायः प्रेरितहरूको पालाका निम्ति निर्धारित गरिएका थिए, त्यस समयका निम्ति जबसम्म पवित्र बाइबल पूरा लिखित रूपले उपलब्ध हुँदैनथियो; किनकि यी चिन्हहरूमध्ये प्रायः सबै हामी प्रेरितको पुस्तकमा पाउँछौं।

**अ)** दुष्ट आत्माहरू निकालिएका (प्रेरित ८:७, १६:१८ र १९:११-१६)

**आ)** नयाँ-नयाँ भाषाहरूमा बोलिएको (प्रेरित २:४-११, १०:४६ र १९:६)

**इ)** साँप/सर्प उठाएको (प्रेरित २८:५)

**ई)** विषालु पिउने कुरा पिएर पनि कुनै हानि नभएको; यो कुरा मात्र प्रेरितको पुस्तकमा उल्लेख गरिएको पाइँदैन। तर इस्वी संवत् २६०-३४० सालभित्र जिउने मण्डलीका इतिहासकार श्री एउसेबियसले यूहन्ना र बर्नबासको जीवनमा यस प्रकारको घटना घटेको बताएका छन्।

**उ)** रोगीहरूमाथि हात राखेकोमा तिनीहरूको चङ्गाइ भएको (प्रेरित ३:७, १९:११ र २८:८-९)

यी आश्चर्य कर्महरूको उद्देश्य के थियो त ? यिनको विषयमा हामी विश्वास गर्छौं: यस प्रश्नको उत्तर हिब्रू २:३-४ पदमा छ। नयाँ नियमका जम्मै पुस्तकहरू उपलब्ध नभएसम्म मानिसहरूले प्रेरितहरू र अरू विश्वासीहरूबाट ख्रीष्टको सुसमाचार परमेश्वरबाटको हो भन्ने प्रमाण खोजेका थिए। उनीहरूको मुखको प्रचार दृढ़ गराउन, पुष्टि पार्न परमेश्वरले चिन्ह र अचम्मका कामहरूद्वारा, साथै पवित्र आत्माका दान-वरदानहरूद्वारा उनीहरूको साथमा गवाही दिनुभयो ।

आजभोलि यस्ता चिन्हहरूको दरकार हुँदैन; किनभने हामीसँग सम्पूर्ण पवित्र बाइबल छँदैछ। मानिसहरूले परमेश्वरको यस पवित्र वचनमा विश्वास गर्दैनन् भने तिनीहरूले जुनै हालतमा पनि, जेजस्तो भए पनि विश्वास गर्ने नै छैनन् । यी आश्चर्य कर्महरू यस युगभरि भइरहनेछन् भन्ने कुरा लेखक मर्कूसले भनेनन् । मत्ती २८:१८-२० पदमा भएझैं ***'यस युगको अन्तसम्म'*** भन्ने शब्दहरू हामी यहाँ पाउँदैनौं ।

तरै पनि यस सम्बन्धमा श्री मार्टिन लुथरले के सुझाव दिएका छन्, सो हेरौं:

*'यहाँ उल्लेख गरिएका चिन्हहरूको प्रयोगचाहिँ खाँचो परेअनुसार हुनुपर्छ। जब आवश्यकता पर्छ र प्रभुको सुसमाचार साह्रै दमन गर्ने परिस्थिति आइपर्छ, तब हामीले यी चिन्हहरू अवश्य देखाउनैपर्छ। हामीले कुनै हालतमा पनि सुसमाचारको निन्दा गर्ने वा त्यसलाई शेष पार्ने मौका दिनु हुँदै-हुदैन।'*

## ङ) परमेश्वरको दाहिने हातपट्टिको स्थानमा परमेश्वरका दासको स्वर्गारोहण भएको (मर्कूस १६:१९-२०)

**मर्कूस १६:१९:** हाम्रा प्रभु येशू बौरिउठ्नुभएको चालीस दिनपछि उहाँ स्वर्गतिर उठाइनुभयो र उहाँ परमेश्वरको दाहिने हातपट्टि बस्नुभएको छ। योचाहिँ उहाँको आदर र अधिकारको उच्च स्थान हो ।

**मर्कूस १६:२०:** प्रभुको आज्ञाअनुसार यी आज्ञाकारी चेलाहरू प्रदीप्त, रापिला अग्नि ज्वालाझैं निस्के, अनि उनीहरूले जहाँतहीं ख्रीष्टको सुसमाचार प्रचार गर्दै गरेका र मानिसहरूलाई मुक्तिदाता प्रभुकहाँ ल्याउँदै गरेका काम गरिरहे। प्रभु उनीहरूको साथमा रहनुभयो, र उनीहरूको साथमा उहाँले शक्तिको काम गर्दै हुनुहुन्थ्यो। उनीहरूको प्रचारको साथमा उहाँले प्रतिज्ञा गर्नुभएका चिन्हहरू भइरहन्थे; यसरी ख्रीष्ट येशूले उनीहरूले प्रचार गरेको वचन सुदृढ़/पुष्टि पार्नुहुन्थ्यो।

स्वर्गमा विराजमान् हुनुभएको ख्रीष्ट येशू र पृथ्वीमा महान् आज्ञामा पूरा समर्पित अल्पसङ्ख्यक चेलाहरूको कुरा लिएर यहाँ यो वृतान्त सिद्धिएको छ। सारा संसारमा ख्रीष्टको सुसमाचार प्रचार गर्ने कार्यभार उठाईकन अनन्त-अनन्तसम्म रहिरहने नतिजाहरू कमाउँदै यी चेलाहरू त्यस काममा लागिपरे।

हाम्रो पुस्तामा महान् आज्ञा पूरा गर्ने जिम्मेवारी हामीलाई नै सुम्पिइएको छ। हरेक व्यक्तिकहाँ मुक्तिको सुसमाचार पुऱ्याउने काम हाम्रो हो। शुरुदेखि अहिलेसम्म सबै युगहरूमा जिइरहेका जम्मै मानिसहरूको तीन भागको एक भाग मानिसहरू आज नै जिउँदैछन्। चाँड़ै यो समय आउँछ, जब संसारमा जन्म लिएका मानिसहरूको आधा भाग मानिसहरू जिउनेछन्। जनसङ्ख्या बढ़िरहेको छ, असीमित रूपले बढ़िरहेको छ। जनसङ्ख्या जति बढ़छ, त्यत्ति नै हाम्रो कर्तव्य पनि बढ़दै जान्छ। तर प्रभुको काम गर्ने तरिका सधैं एउटै होः ख्रीष्ट येशूप्रतिको अथक प्रेमले प्रेरित भएका समर्पित चेलाहरू, जसले ख्रीष्टका निम्ति जति ठूलो बलिदान र त्याग दिनुपरे पनि उनीहरूको दृष्टिमा त्यो कुनै ठूलो कुरा हुँदैन। यस्ताहरू प्रभुका निम्ति जे पनि दिन तयार छन्।

सारा संसारमा ख्रीष्ट येशूको सुसमाचार पुऱ्याउनु नै परमेश्वरको इच्छा हो। यस सम्बन्धमा हामीले के गरिरहेका छौं? कुनै कदम उठाइ-रहेका छौं कि?